CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश

(महाकाव्य)

वाल्मीकि क्याम्पस पुस्तकालयलाई सादर समर्पित।

महाकाव्यकारः-
पं. गुणराज उपाध्याय (रामदास)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्व. महाकविका प्रकाशित केही पुस्तकहरू

महाकाव्य

१. भरत मिलन

२. श्रीकृष्ण सन्देश

३. शाहवंश

खण्डकाव्य

१. काव्य संगम (काव्य संग्रह)

२. विचार लहरी

३. अश्रूपात

४. भगवद्भक्ति महिमा

कविता संग्रह

१. अमोघ दर्शन

नाटक

१. कलंक मोचन

विविध

१. मेघदूत (छायानुवाद)

२. रुक्मिणी परिणयम् (संस्कृतमा)

३. श्री रामचन्द्रको पदचिन्ह (अनुवाद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक:-
गुणराज स्मारक समिति

संस्करण— प्रथम
प्रकाशन मिति— २०३९ श्रावण
प्रकाशित प्रति— ५००
सर्वाधिकार सुरक्षित- प्रकाशकमा

मूल्य रू. १२।५०

मुद्रक:-
श्री बालकुमारी प्रिण्टिङ्ग प्रेस, वटु मूबहाल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश महाकाव्यको परिचय

गोरखामा द्रव्यसाहको शासन स्थापित प्रमुख घर (पाँडे, पन्त, अर्याल, खनाल, राना, बोहरा) मध्ये सर्वेश्वर खनालका सन्तति सत्कवि गुणराज खनालले लेखेको "शाहवंश" महाकाव्य ३ सर्गसम्म पढें, ३ सर्ग लेखकैबाट सुनें । प्रथम सर्गमा ३४५ श्लोक छन् । यस्तै सबै सर्गमा २।३ सय भन्दा बढी श्लोक छन् शास्त्रीय विविध मनोहर छन्द छन् । गोर्खाली शाहवंशका विषयमा पनि विस्तारले आलंकारिक र ऐतिहासिक दृष्टिकोणले लेखिएका राष्ट्रभाषामा महाकाव्य प्रकाशमा आएको पाइएन । "काव्यं यशसे ऽर्थकृते कान्ता सम्मिततयोपदेश युजे" भनेर पाञ्जल भाषामा गुणी कविले सर्व गुणपूर्ण पारेर लेखेको यो महाकाव्य विश्व विद्यालय आदि सबै शिक्षा केन्द्र तथा जन जीवनमा स्थान पाओस्, उपकार गरोस् र आफूसितै कविलाई पनि अमर गरोस् । यस्तै छ यसको परिचय यै छ मेरो भावना ।

पुनश्च, गुणराजजीले भरत मिलन महाकाव्य, कृष्ण सन्देश महाकाव्य, रूक्मिणी परिणयम्, मेघदूतावाद, कंलक मोचन, विचार लहरी, हिट्लरोदय, इत्यादि अरू महाकाव्य र खण्डकाव्य पनि लेखेका छन् ।

श्री शाहवंशचरितं गुणराज शर्मा
भाषा निवन्धमधुना बुध वर्ग पाठयम् ।
शुद्धैति हासिकमिमं विधिवद् विधाय
स्वान्तः सुखाय जनदेशहिताय भाति ।१।

योगी नरहरिनाथः
शाके १८८२-१-१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश

राम चरित्र, कृष्ण चरित्र, शक्ति चरित्र मात्र होइन आध्यात्मिक विषयका अनेक प्रसंगमा कलम चलाएर आफ्नो प्रतिभा र साधना सर्मपित गर्ने पूज्य पिताज्यू राजचरित्रमा पनि भगबान् अवतरित भएको देख्नुहुन्थ्यो । फलस्वरूप शाहवंश महाकाव्य रचिन थालियो । भरत मिलन महाकाव्य पूरा भएपछि २०१९ बैशाख देखि २०२४ जेठ २३ सम्ममा शाह वंश ८ सर्ग पूरा भयो । राम शाहको चरित्र पूरा भएपछि यो महाकाव्य त्यतिकै रह्यो । बेला मौकामा फुटकर कविता रचिए पनि प्रबन्धात्मक कृति त्यसपछि पिताज्यूले रच्नु भएन । स्व. श्री ५ महेन्द्र सम्म बृहद् आधारमा शाहवंश लेखिने उद्देश्य भए पनि रामशाहकै चरित्र सम्ममा यो महाकाब्य सीम्ति रह्यो ।

२०२० सालमा शाहवंशका ३ सर्ग सम्म २ भागमा प्रकाशित पनि भए बाँकी सर्गहरू त्यसबेला प्रकाशित भएनन् र पाण्डु लिपिनै रहेका थिए । शाहवंशका प्राप्त प्रकाशित र अप्रकाशित अंश संयुक्त रूपमा मिलाएर र परिशिष्टमा अरू 'हाम्रो नेपाल' फुटकर रचना पनि राखी गुणराज स्मारक समितिमार्फत प्रकाशित गरिएको छ । अरू रचना प्राप्त भएमा पनि यथासमय प्रकाशित गरिने छ ।

पिताज्यू शाहवंश रचना गर्दा प्राय: सन्ध्या गर्नु अगाडि ३ घण्टा जति र बिहान नित्यपूजा सकेपछि २ घण्टा रचना गरी भात खाए पछि आफूले रचेका श्लोकहरू माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(शेषकुमारी) ज्यू लाई नियमित रूपमा सुनाउने गर्नुहुन्थ्यो मातज्यूले न बुझेका शब्दहरू सच्याएर सरल बनाउनुहुन्थ्यो । पिताज्यूले लेखन थालेपछि केटाकेटी रोउन् कि कुनै हल्ला खल्ला होस् त्यसले कुनै असर गर्दैनथ्यो, पिताज्यूको कलम चलेकोचल्यै गर्थ्यो । यही प्रक्रियाले अनेक खण्डकाव्य महाकाव्य र फुटर कविता जन्मे । त्यस्तै प्रक्रियाबाटै शाहवंश तयार भयो । आज शाहवंशको प्राप्त अंश सम्पूर्ण रूपमा प्रकाशित गरेर स्व. पूज्य पिताज्यूमा समर्पण गर्न पाउँदा हर्ष लागेको छ । शाहवंश भित्र के छ पाठक र विवेचकले छुट्याउने कुरा हो । हामी त भन्दछौं— पिताज्यूको साधना प्रकाशित गर्न पायौं बश... ।

अन्तमा छपाइमा हुन गएका अशुद्धिहरू सच्याई पढ्न अनुरोध छ ।

माधवराज खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपत्पर्दा करुाई शरण त रसिलो संझिने जो छ नाम
जस्को त्यो काखमा गै न रहि डर कुनै दुःख छुट्छन् तमाम
हाम्रा ती आर्यसम्राट् भनिकन मनले भक्ति भावानुसार
लेखेको काव्य होस् यो चरणकमलमा प्रेमपुष्पोपहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्राणी भएर जब जन्मनुमर्नु पर्छ
त्यो दुःखबाट अनि उंकन खोज्नुपर्छ
कस्तो गरेर अब जन्म र मृत्यु टर्ला
भन्ने उपाय पनि संझनु सोच्नु पर्ला

स्व. पं. गुणराज उपाध्याय "रामदास"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश महाकाव्य

पहिलो – सर्ग

जशीलो कान्ति फैलाई राजा भैं लमजुंगमा
यशोब्रह्म उदाएथे प्रतापी – शाह – वंशमा ।१।

सानै भएपनी त्यो ता सिमाना लमजुंगको
राजाकै धर्मले गर्दा उज्यालो भै सुरम्य भो ।२।

राजा र रैतिको नाता पिता पुत्र समान भै
निर्धक्क भइ बस्थे ती त्यहाँका दुनियाँ सबै ।३।

खेती पाती गरी आफै चाहिंदो कपडा बुनी
परिश्रमी भै शोभिन्थे रैती सारा सुखी बनी ।४।

चोरी डकैती उत्पात पाप अन्याय शून्य भै
सुखी भै दुनियाँ बस्थे राजामानेर धन्य भै ।५।

आर्यराजा उदाएको पवित्र उस देशमा
आर्य धर्म बढेकोथ्यो फैलिएरै जहाँ — तहाँ ।६।

सारा भारत उसबेला विधर्मीकै अधिन भै
खोज्दै आश्रय हिंड्दैथे तपस्वीहरू खिन्न भै ।७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहीँ आएर सुस्ताई पहाडी कन्दरा तिर
धर्माचरणगर्थे ती तपस्वी भइ सुस्थिर ।८।

आर्य क्षत्रियराजाको छत्रच्छाया मिलेर ती
तपस्या गर्दथे आफ्नो तपस्वी खुसि भै अति ।९।

यो शाहवंशकै राजा प्रतापी भै बढुन् भनी
तपस्वीहरूले बोले आशीर्बाद दिँदैं, अनि ।१०।

तपस्वीहरूको त्यस्तो गुप्त — आशीषले गरी
अकस्मात् मन राजाको रमायो हर्षमा परी ।११।

त्यसैबेला महारानी गर्भिणी हुनु भैकन
तेस्रो गर्भ रहेकोथ्यो शाहा - वंशै उदाउन ।१२।

स्वप्नामा सूर्यको बिम्बै निलेको देख्नु भै अहो !
लंजुंगकी महारानी ज्यादै खुसि हुनू भयो ।१३।

त्यो गर्भबाट रानीको तेस्रो पुत्र भएपछि
राजा स्वयं यशो ब्रम्ह ज्यादै हुनु भयो खुसी ।१४।

ती राज पुत्र जन्मेको सुभ लग्न गुनी गुनी
ज्योतिषीहरूले बोले बयान रसिलो भनी ।१५।

कान्छा पूत्र तिनैलाई द्रब्यशाह भनी त्यहाँ
राजाले नाम राख्नू भो ठूलो उत्सव साथमा ।१६।

चन्द्र झैं बढ्न थालेर बाल राजकुमार तो
दुवै दाजूहरूलाई उछिन्दै थे जिती जितो ।१७।

श्री नारायण अर्याल नामका सिद्ध एउटा
बूढा ब्रम्हर्षि आएथे तीर्थ गर्दै अनि त्यता ।१८।

तेजिलो अनुहारैले बाल-राज-कुमारमा
आकर्षित भएथे ती बूढ़ा खुसि हुँदै त्यहाँ ।१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्य राजा खडा गर्ने हाम्रो इच्छा पुगोस् भनी
यी राजपुत्र जन्मेछन् भन्दैथे मनमा तिनी ।२०।

प्रेमले माथमा छोई सुंसुम्याएर हातले
आशीर्वाद दिंदै दूढा आफै खुसि हुँदै अडे ।२१।

ती राज पुत्रकै हात पक्रँदै प्रेमले तिनी
राजदर्बारमै आए ब्रम्हर्षि खुसिले अनि ।२२।

अकस्मात् भेट्न आएका त्यस्ता सिद्ध तपस्विको
योग्य स्वागत सन्मान राजाले पनि गर्नु भो ।२३।

राजन् ! धन्य हुनूहुन्छ यस्ता सत्पुत्रले भनी
चीन्हा कुंडलि मागेर हेर्न थाले त्यहाँ तिनि ।२४।

जन्म कुंडलि हेरेर तिनौंटै राज पुत्रको
कान्छा कुमारको मात्रै बोले भाग्य बिचित्रको ।२५।

यो राज वंशको नाम राख्ने हुन्छन् यिनै भनी
राजालाई सुनाएर ती तपस्वी हिंड़े अनि ।२६।

त्यस्तो ब्रम्हर्षिको बोली सुन्नु भै के हुने भनी
राजाको मनमा अर्कँ चिन्ता लागेछ है अनि ।२७।

दाज्यूको राज्य खोसेर यो राजा नबनोस् भनी
सशंक हुनु भो राजा ती कान्छा पुत्रमा अनि ।२८।

बृद्ध ब्राम्हणको बोली सत्य मानेर तैपनि
राजालाई पर्‍यो चिन्ता अनर्थै हुन्छ की भनि ।२९।

वंशै उज्ज्वल गर्नेले त्यस्तो गर्दैन हे ! भनी
उहाँले बुझ्नि बक्सेन भित्री मर्म कुनै पनि ।३०।

राजकाज नजानेर यो गोठालै बनोस् भनी
पठाई वक्स्यो गोठैमा द्रब्यशाहकनै अनि ।३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाल गोपाल जस्तो भैं बालराजकुमार ती
वस्तथे गोठमै आई राजाज्ञाले त्यहाँपछि ।३२।
तल फाले पनि आगो ज्वाला माथी उठेसरी
गोठैमा पनि देखिन्थ्यो तिन्को अद्‌भुत चातुरी ।३३।
बद्‌लिंदै गोठको रुपै सफा सुघ्घर भो सबै
गाई भैंसी पनी उस्तै शोभिए हृष्ट पुष्ट भै ।३४।
स्नेह — सन्मान पाएर बाल — राजकुमारको
गोठालाहरूको फेरि फूर्ति दोबर बढ्‌न गो ।३५।
दही दूध र नौनिको आम्दानी चौगुनै बढ़ी
ज्यूनारलाई राजाको पुग्न थाल्यो सँधै भरी ।३६।
त्यो बाहेक अरु फेरि जम्बा गर्दै घिउ पनी
पुग्दैथ्यो महिनै पिछे राज दरबारमै अनि ।३७।
खेलेर हिंड्‌ने बेलामा त्यस्तो काम गरेपछि
कान्छा कुमारमा राजा प्रसन्न हुनु थ्यो अति ।३८।
तिन्को त्यो काम देखेर प्रशंसा नै गरे पनि
शङ्कित हुनुभो राजा यस्ले के गर्छ है ! भनी ।३९।
राजगद्दी उपर्बस्ने जेठो ता फूर्तिलो नभै
कान्छोकै महिमा देखी राजा खिन्न हुने सँधै ।४०।
त्यसैले न पढाएर यो त मूर्खै रहोस् भनी
कान्छालाई त गोठैमा राजाले राख्नुभो त्यहीं ।४१।
राजाको त्यो अभिप्राय न जानेर कुनै पनि
कान्छा कुमार वस्तैथे गोठमा बालकै तिनी ।४२।
त्यहाँ यस्तै किसिमबाट दुईवर्ष बिते पछि
पाल्नुभो गोठमा आफै गुरू गोरखनाथजी ।४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलक् जगाउँदै – आई गुरू गोरखले त्यहाँ
भिक्षा माग्नु भएकोथ्यो तल गोठै नजीकमा ।४४।
उहाँको बोलि सुन्दैमा कान्छा राजकुमार ती
माना पाथी भरो देऊ भन्थे हत्पतले उठी ।४५।
भिक्षा पात्र उहाँको ता त्यतिकैमा गजब गरी
दूधको खँड्कुलो माथी नाचन थाल्यो उडी उडी ।४६।
त्यस्तो अचम्म देखेर प्रभावित हुँदै अति
दगुर्दै तल आएथे आफै नै राजपुत्र, ती ।४७।
धप् धप् आगै बले जस्तो तेज गोरखनाथको
देख्ना साथै परे पाउ हातजोर्दै तिमी छिटो ।४८।
हात तान्दै उठाएर माथमा सुम्सुम्याउँदै
उहाँले भन्न लाग्नुभो तिनि माथी खुसीहुँदै ।४९।
भिक्षा माग्न म आएको यहाँ ऐल्हे तिमीसित
के खान दिन्छौ लौ बोल ! सीधा लिन्न कुनै म, त ।५०।
पवित्र गाइको दूधै प्यूने इच्छा लिएर, म
तिम्रा नजीकमा आएँ राजपुत्र भनीकन ।५१।
गुरू गोरखले यस्तो आज्ञा गर्नु भए पछि
हात जोर्दै तिनीबोले भित्रै देखिन् हुँदै खुसी ।५२।
ठिटो हूं म त के जानूं हजुर्को महिमाहरू
मेरो भाग्य खुल्यो ऐल्हे जान्दछू यत्ति नै गुरू ।५३।
गाईको दूध प्यूनाको बहाना गर्नु भैकन
जनं मेरो सपार्नू भो माग्न आएर मैसंग ।५४।
इच्छा गर्नु भए पुग्थ्यो पर्थ्यो माग्न त के कुरा
तैपनि माग्न आएर तमासा गर्नु भो पुरा ।५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इच्छा भोजनको निम्तो निम्ता गर्दछु पाउमा
पाल्नुहोस् गुरू ! लौ जाऊँ माथी गोठ उपर्त्यहाँ ।५६।
यस्तै बिन्ति चढाएर हातमै पक्रँदै ति, ता
तान्नथाले उहाँलाई प्रेमले मातिंदै ठिटा ।५७।
ती कुमार सँगै आई गुरू गोरखजी पनि
सोही दूध तताएको ठाउँमै बस्नुभो त्यहीं ।५८।
सन्मानसाथ राखेर उहाँलाई अघिल्तिर
कुमार फेरि बोल्दैथे झुकाई पाउमै शिर ।५९।
हजुरलाई पिलाएर दूधमात्रै अलिकति
मेरो मन अघाउन्न सुन्नुहोस् प्रार्थना यति ।६०।
यो दूधमै मिसाएर मसला मिस्री चामल
मीठो पायस बन्नेछ तुरून्तै के छ मुस्किल ।६१।
यत्ति बिन्ति सुनाएर आज्ञापनि न पर्खंदै
तिनी तयार गर्दैथे त्यो पायस खुसी हुँदै ।६२।
सकेसम्मन् गरी चाँडो बनाई पायसं त्यहीं
थालमा पस्कँदै ल्याए लौ ज्यूनार हवस् भनी ।६३।
त्यो प्रेमले चढाएको खाँदै खीर मिठो भनी
तृप्तभै भन्नुभो फेरि गुरू गोरखले अनि ।६४।
गोठालो भइ बस्ने हो ? राजपुत्र भएर त
अब दर्बार मै जाउ पढ बिद्या छिटोसित ।६५।
पढ्न सक्छौं तिमी चाँडै मेरो यो बरदान छ
किनकि तिमीले मेरो गर्नु पर्नेछ, काम, त ।६६।
मलाई सम्झने गर्नू मैहूँ गोरखनाथ, त
भन्दै अलपभै योगी जानुभो है खुसीसित ।६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झल्यांस्स बिउँझे जस्तै द्रव्यशाह अनीपछि
फर्की दर्बार मै आए भित्र मान्दै ठूलो खुसी ।६८।
गुरु गोरख भेटेको बिन्ति गर्दै बुवासित
गोठमा जान्न पढ्छु म भन्दैथे द्रव्यशाह, त ।६९।
राजाले सुन्नुभै त्यस्तै कृपा गोरखनाथको
कान्छाको ठान्नुभो पवकै भाग्योदय हुने छिटो ।७०।
होनहार कुरा जानी खुसी मानेर नै अनि
तिनीलाई त भन्नुभो पढाई दिन्छु लौ भनी ।७१।
शुभ साइतमा तिन्को विद्यारम्भ गरीकन
पढाउनुभो राजाले विद्वान् गुरुहरू संग ।७२।
अक्षरै नचिनेको भै शुद्ध मूर्खै भएपनि
टिपेर गुरुको बोली पढ्न थाले छिटो तिनी ।७३।
गुरुजीले पढाएको सुन्नासाथ दुरुस्त भै
तिन्को कण्ठस्थनै हुन्थ्यो रट्नु पर्दैनथ्यो कतै ।७४।
परिश्रम पढाईमा परेन तिनिलाई त
थाक्थे गुरुहरू आफैं पढाएर तिनीसित ।७५।
बर्षौं देखी पढेका ती दुवै दाजुहरू कन
कान्छा भाई उछिन्दैथे हेर्दा हेर्दै छिटोसंग ।७६।
राजनीति समेतैको पढ्दै शास्त्र सबै अनि
धनु तर्बारमा उस्तै अद्वितीयै भए तिनी ।७७।
अठारवर्ष भित्रैमा पढाई पूर्ण भै अनि
व्रतबन्ध गरी फेरि बेद पढ्दै थिए तिनि ।७८।
दुवै दाज्यूहरूलाई पढाईमा जिते पनि
प्रेमले नम्रता राखी सँधै मान्दैथिए तिनी ।७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाल चापल्य तिन्को ता रतिभर न भैकन
गाम्भीर्य साथ शोभिन्थे विद्याले नम्र भैकन ।८०।
मामुली दुनियाँ देखिन् राजासम्म सबैजना
तिन्को स्वभाव देखेर मुग्ध पर्दथिए त्यहाँ ।८१।
विवाह गरि बक्सेर तिनौटै पुत्रको अनि
कृतकृत्य हुनूभो है ! राजा रानी खुसी बनो ।८२।
एवं प्रकारले फेरि केही वर्ष बिते गछि
राजाले सोच्न थाल्नुभो राम्रो राख्ने कुरा पछि ।८३।
भाई तिनौटै आफुस्मा झगडा न गरून् भनी
अंशबण्डा गरी बक्स्यो भाग छुट्याउँदै अनि ।८४।
जेठो छोरा त राजाभै गद्दि चढ्ने भईकन
कान्छा र माहिलालाई बिर्ता बक्स्यो दिंदै धन ।८५।
बिर्ता दिएको ठाउँमा बनाइ दिनु भै घर
कान्छा र माहिलालाई हटाइ दिनुभो पर ।८६।
मान्दै दाज्यूकनै राजा, दुवै भाईहरू तिमी
आम्दानी खाइ बिर्तांकै बस है ! भन्नुभो अनि ।८७।
पिताको यहि आज्ञाले बिदा पाई प्रसन्न भै
कान्छा र माहिला आए आफ्नो बिर्ता भए तिरैं ।८८।
कान्छा कुमारको बिर्ता रागीनास परेर त
त्यहीं आएर बस्थे ती रानीसाथै खुसीसित ।८९।
पर्तीं फाँड्न लगाएर अन्न उब्जा बढाउँदै
ती परिश्रम गर्दथे आफ्ना रैंती रसाउँदै ।९०।
दुधालू गाइ खोजेर गोठ जम्बा गरी गरी
गो-रसैको सुधा मथ्दै वगाए भल बेसरी ।९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुगा बुन्न लगाएर गाउँमा नैं वरी परी
इलं प्रचार गर्दैथे रैतीको दुःख नै हरी ।९२।

सुकुम्वासीहरूलाई दिंदै जग्गा कमाउन
भोका र नाङ्गा राखेनन् तिन्को त्यस्तै थियो मन ।९३।

पढाउन लगाएर गाउँका बाल – बालिका
शिक्षा प्रचार गर्दैथे इलाकाभरी नै त्यता ।९४।

सारा शास्त्र पढेको भै आफैं जान्ने भएर ती
बनाएर बुटीबाटै बाँड्दैथे दिव्य ओखती ।९५।

तिन्को परिश्रमैबाट गाउँ त्यो स्वर्ग झैं भयो
तैपनी मनमा तिन्को असन्तोषै ठुलो थियो ।९६।

बिर्ताको त्यति चौटोमा नरमाए सरी भई
तिन्को मन त घुंदैथ्यो के गरूँ के गरूँ भई ।९७।

षट् शास्त्र जान्ने बिद्वान् भै गर्दै ईश्वरको भर
गुरू गोरखको आज्ञा संझन्थे ती बराबर ।९८।

योग्य मानिसकै द्वारा सारा काम चलाउँदै
घरमै बस्न लागे ती मन ईश्वरमा दिंदै ।९९।

पुराणहरू पल्टाई घटाई मनको व्यथा
हेर्थे ती चाख मानेर राजर्षिहरू कै कथा ।१००।

यस्तै तरहले तिन्को दिन बित्दै थियो त्यहाँ
तिन्का जीवनको फेरि अध्याय सुरू भो नयाँ ।१०१।

तिन्को कुंडलि हेर्ने ती बूढा ब्राह्मण देवता
गोसाईं कुण्डमा जाँदै फेरि आई पुगे त्यता ।१०२।

द्रव्य शाह कहाँ छन् है भन्दै फेरि बुढ़ा ऋषि
ती नारायण अर्ज्याल त्यहीं आए हुँदै खुसी ।१०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महर्षिले चिनी हाले देख्ना साथैं तिनीकन
द्रब्य शाह त बिर्सेर घोरिंदैथे झुकीकन ।१०४।

बूढा ब्राह्मण देखेर तेजिला अनुहारका
नचिने पनि झुक्तैथे पाउमै राज पुत्रता ।१०५।

हात तान्दै उठाएर अङ्कमालै गरीकन
राजन् ! संचै छ भन्दै ती सोध्न थाले खुसी सँग ।१०६।

बूढा ब्रह्मर्षिको बोली सुन्दै अलमलिएर ती
द्रब्य शाह त भन्दै थे हात जोर्दै अनी पछि ।१०७।

गुरुले बिर्सनु भो की ? राजा होइन है ! म ता
कान्छो छोरो म राजाको भन्दै हाँसि रहे ति, ता ।१०८।

तिन्को त्यो नम्र बोलीले बूढा ज्यादै प्रसन्न भै
माथ छोएर भन्दै थे राजा तिमि त निश्चयै ।१०९।

मैले कुण्डलि हेरेको बिर्सेको छैन है कुरा
द्रब्य शाह तिमी नै हौ राजा हुन्छौ तिमी ठुला ।११०।

यस्तै कुरा सुनाएर हाँस्तै फेरि मुसुक्क ती
आऊ ! अब बसौं भन्दै आए आँगन मै पछि ।१११।

पुरानो घटना फेरि संझँदै द्रब्य शाहले
गुरु ! मैले चिनें भन्दै खुसी भै पाउमै परे ।११२।

राजन् ! बस यहाँ भन्दै राखेर नजिकै अनि
एकान्तमा कुरा गर्दै भन्न थाले बुढा तिनी ।११३।

राजा हुनै तिमी जन्म्यौ हाम्रो धर्म बचाउन
त्यसैले म त आएको हेर ! मेरो कुरा सुन ! ।११४।

आर्य धर्म बचाएर रक्षा गर्छु सँधै भनी
प्रतिज्ञा गर लौ, राजन्! राजा हुन्छौ तिमी अनि ।११५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मर्षिले भनेको त, यस्तो आज्ञा सुने पछि
नम्र भै हात जोडेर भन्दैथे द्रब्यशाह, ती ।११६।
आर्य क्षत्रिय राजाको कोखमा जन्म भैकन
प्राणै सम्म पनि दिन्छु आफ्नो धर्म बचाउन ।११७।
धर्म रक्षा गरी हर्दं राख्तै वंश परम्परा
मेरा सन्तान चल्ने छन् प्रतिज्ञा गर्छू यो कुरा ।११८।
गुरुको पाउमा मेरो तर यो प्रार्थना छ है !
दाज्युको राज्य खोसेर आफैं राजा म हुन्न है ।११९।
यस्तो बिन्ति चढाएर गुरुका पाउमा अनि
द्रब्य शाह झुकी राखे बोले ब्रह्मर्षिले त्यहीं ।१२०।
राजन ! यस्तो प्रतिज्ञाले धन्य छौ है, सरासरी
तिम्रो बंश त चल्नेछ धर्मरक्षा गरीगरी ।१२१।
दाज्यूको राज्य खोस्तैनौ तिमी धन्दा नमान है
तिम्रै साम्राज्य भित्रैमा पछी त्यो गाभिनेछ, गै ।१२२।
यस्तै कुरा सुनाएर फेरि मागेर कुण्डली
हेर्दै बिचार गर्दै ती भन्न थाले यसै गरी ।१२३।
अब, बेला हुनेलाग्यो तिम्रा उदयको, सुन !
घरमै पर्खिराखे है ! चाँडो खबर गर्छु, म ।१२४।
गुरू गोरखजी ऐल्हे समाधिस्थ भएर पो
तिमी राजा हुनालाई बेला पर्खनु पर्ने गो ।१२५।
केही महीना भित्रैमा पर्ने शुभ मुहूर्त भै
राज्याभिषेक तिम्रो ता त्यसैमा गर्नुपर्छ है ।१२६।
सम्झाउन म आएको तिमीलाई यिनै कुरा
सावधान भई बस्नू होश गर्दै पुरा पुरा ।१२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो राज्य कहाँको हो भन्ने खोजी नगर्नु यो
गुरु गोरखनाथैको त्यो त जिम्बा सबै रह्यो ।१२८।
गोसाइँकुण्ड जाँदैछू फर्कन्छू अनि गोरखा
गुरु गोरख भेटेर खबर्गछू अनि यता ।१२९।
त्यो खबर्पाउना साथै हितैषी मित्र साथमा
मलाई भेट्न आए है ! भलोहुन्छ सबै त्यहाँ ।१३०।
न जानू घर छोडेर अब मेरो खबर् नभै
भोलो म वाटो लाग्नेछू तिम्रो इच्छा पुग्यो सबै ।१३१।
त्यहाँ एकान्तमा यस्तो द्रब्य शाहकनै भनी
उहाँकी रानी बोलाई भन्थे फेरि बुढा तिनी ।१३२।
महारानी हजुर्लाई राम्रो चिन्ने महूं बुढो
त्यसैले विन्ति गर्दैछू सुन्नोस् कर्तव्यको कुरो ।१३३।
भाग्योदय हुनेबेला आएकोछ नजीकमै
गर्नु भै पतिको रक्षा बस्नुहोस् सावधान भै ।१३४।
यस्तैं कुरा सुनाएर दुवै दम्पतिलाई, त
बूढा ती चुप लागेथे दङ्गपर्दै खुसीसित ।१३५।
दुवै दम्पतिले फेरि बूढालाई अघिसरी
पाहुना मान्न पाएर खिलाए प्रेमले गरी ।१३६।
एकरात बिताएर यस्तै तरहले त्यहीं
आशीर्वाद दिंदै निस्के बूढा खुसिहूंदै अनि ।१३७।
ती नारायण अर्ज्याल सोझै आएर गोरखा
गणेश पाँडे नामैका भेटे चेला कनै त्यता ।१३८।
एकान्तमा तिनैलाई सम्झाएर सबै कुरा
गर्नू यसो यसो भन्दै अन्हाई भन्दथे बुढा ।१३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतापी धीर भै फेरि विद्वान धार्मिक भै अति
हाम्रो राजा हुनालाई योग्यछन् द्रव्यशाह, ती ।१४०।
निष्कलंक उदाएको उज्यालो शाह वंशमा
तिनी जन्मेर आएको हाम्रो राजा हुनै यहाँ ।१४१।
गुरू गोरखनाथैले गोरखा राज्य यो सबै
तिनैलाई दिने भन्ने गरेकोछ कि निश्चयै ।१४२।
महाकाली नदीदेखिन् पूर्वमा मेचिसम्मको
तिनैका बंशले भोग्छन् उत्तराखण्ड राज्य यो ।१४३।
स्त्री, बाल, व्रह्म, गोहत्या यसभित्र नहुने भई
तपस्वीहरू बस्नेछन् यहीं निर्विघ्न भै रही ।१४४।
यो राजमुकुटै यौटा आर्य क्षत्रियको रह्यो
संसार भित्र अन्यत्र आर्य राज्य खतम् भयो ।१४५।
राज्याभिषेकको बेला आयो तो द्रव्यशाहको
त्यसैले तिमीले केही काम देखाउनै पर्‍यो ।१४६।
गुरू गोरखको इच्छा बुझेरै यो भनें, सुन !
तिमी जशीला हुन्छौ है ! काम गर्नु छिटो सँग ।१४७।
पापी मगर यो राजा गोरखामा भएर त
तागाधारी बसेकाछन् दु:खले मुस्किलै सित ।१४८।
हाम्रो समाजको टेवा काट्न थाल्दै वरी परी
अत्याचार गरेकोछ यस्ले हेर ! थरी थरी ।१४९।
खान बोलाउँदै पापी ब्राह्मणैलाई नै पनि
अभक्ष्यै ख्वाउनालाई अघि सर्दछ लौ भनी ।१५०।
स्त्रीजातमा पनी यस्को अत्याचार भएर नी !
यस्लाई मार्न खोज्दैछन् यस्का आफन्तनै पनि ।१५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्को यस्तै कुराबाट चिढिंदै छन् प्रजाहरू
भड्काउनू तिमीले गै सबैलाई सुरू सुरू ।१५२।
मन्त्री भएर पालपाको बुझ्दैछौं राजनीति, ता
त्यहो बुद्धि फिजाएर भड्काऊ दुनियाँ, यता ।१५३।
तिम्रै प्रचारले गर्दा भित्र आगो बलोस् यही
म, आईपुग्छु उस्बेला तिम्रो काम पुरा भई ।१५४।
गुरू गोरखको ऐल्हे बेला भइ समाधिको
गोसाइँकुण्ड जाँदैछू फर्कनेछू यतै छिटो ।१५५।
त्यसैबेला जगाएर गुरू गोरखलाई त
उन्को आज्ञालिंदै फेरि भेट्नेछू म तिमीसित ।१५६।
तिम्रो सल्लाहले फेरि जो गर्ने निश्चयै गरी
आफ्नो काम म गर्नेछू इच्छा पूराहुने गरी ।१५७।
गणेश पाँड़ेकन यो अऱ्हाई कामको कुरा
गोसाइँकुण्ड जाँदै ती हिंड्न लागे छिटो बुढा।१५८।
आफ्नो तपो बलैबाट नथाक्ने झैं बुढा तिनी
चाँडो गर्दै पुगेकाथे गोसाइँकुण्डमा उनि ।१५९।
त्यहाँ शङ्करको पूजा अनुष्ठान गरी पुरा
गोरखा फर्कि आएथे महिना भित्र मै बुढा ।१६०।
त्यो गोरखा सहर्भित्र कुरा बुझ्दै घुमी घुमी
चेलाको बुद्धि हेर्दैथे कस्तो काम गऱ्यो भनी ।१६१।
ठुलाजात भएका त चिढिनू के अचम्म भो
राजाको वंशनैं सम्म बिरुद्धै नै त्यहाँ थियो ।१६२।
त्यस्तो गणेश पाँड़ेको कामहेर्दै बुढ़ा तिनि
गुरू गोरखनाथैको मन्दिरैमा गए अनि ।१६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरू गोरखको पूजा पूर्णगर्दै बिधानले
समाधिकस्तै आफै ती भित्र मन्दिरमैं अडे ।१६४।
पूरा सप्ताहनै सम्म टक्क अडदै समाधिमा
बधूँ झाए गोरखैलाई खुसी गर्दै अनो त्यहाँ ।१६५।
तिन्को समाधिमै आई गुरू गोरखले अनि
भन्नुभो लौ, छिटो ल्याऊ द्रब्यशाहकनै भनी ।१६६।
त्यस्तो आदेश पाएर गुरु गोरखको अनि
ध्यान छोड्दै उठे फेरि नारायण बुढा पनि ।१६७।
अनि बाहिर आएर गोरखामा घुमी घुमी
चेला गणेश पाँडेको खोजो गर्दै थिए तिनी ।१६८।
भेट्टाएर तिनीलाई घुम्दै मगर गाउँमा
इसारासाथ बोलाई लगे एकान्त ठाउँमा ।१६९।
गुरु चेला दुवै फेरि बसी एकान्तमा त्यहीं
आफ्नों आफ्नो बताएथे जो भएको कुरा भनी ।१७०।
जिम्बालिए जती सारा काम पूरा भयो भनी
दुवैले खुसि मानेथे बोल्दैथे गुरुजी अनि ।१७१।
ठूलो होस् अथबा सानो काम आँटेपछि सुन !
त्यसलाई पूर्ण गर्नामा मुख्यछन् दुई साधन ।१७२।
उद्योग साधनै पैल्हो आँटेको काम साध्न, ता
बिना उद्योग के फल्छ इच्छैमात्र गरेर ता ।१७३।
गर्नुपर्नें सबै आफ्नो उद्योग न चुकी यता
दोस्रो हो साधनै फेरि दैवकै अनूकूलता ।१७४।
दैव वक्र रहेसम्म उद्योगी भै मरे पनि
इच्छा गरेको पुग्दैन कार्य सम्पन्न हुन्न, नी ! ।१७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो इच्छा थियो हेर ! आर्य राजा बनाउनै
त्यस्मा लायक छानेर द्रव्यशाहकनै चुनें ।१७६।
गोरखा गढ जित्नामा उद्योगै चाहियो अनि
छानें तिमीकनैं त्यस्मा बुद्धि देखाउ लौ ! भनी ।१७७।
पापी मगर राजाको अत्याचारै भनी भनी
गोरखाको प्रजा सारा फुटायौं तिमीले पनि ।१७८।
राजाबाट फुटाएर त्यस्को मगर पाउँ, नै
हाम्रो पक्ष गराएछौ ठूलो बुद्धि फिंजाउंदै ।१७९।
तागाधारी त हाम्रै छन् अब, चिन्ता रह्यो कति
इसारा गरि बोलाऊ आफ्ना फौज भएजति ।१८०।
खुकुरी त भिरेकैछन् खाने सामल साथमा
तिम्रो उद्योग पुराभो अरु के चाहियो यहाँ ।१८१।
गुरु गोरखनाथैको आदेश हुनगै यता
हाम्रो उपरमाभैगो दैवको अनुकूलता ।१८२।
दुवै साधन पूराभै सन्देहै नरहीकन
अब जाउँ छिटो हामी हाम्रा राजाकनै लिन ।१८३।
गुरुले यति बोलेर जाऊँ हिंड भने पछि
गणेश पाँडे बोल्दैथे ज्यादै नम्र भएर तो ।१८४।
एकैसाथ सबै हामी निस्कनाले सुरुसुरु
बैरीले चर पाएमा बिग्नगर्ला ठूलो गुरु ! ।१८५।
त्यसैले बिन्ति गर्दैछू पाल्नुहोस गुरु ! एकलै
सोझै लिग्लिग नाघेर पर्खनुहोस् त्यतातिरैं ।१८६।
आफ्ना मानिस बोलाई दुई चार गरी गरी
पठाउँदै म आउनेछू न जानींदो गरी गरी ।१८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुकै पाउमा आई पर्खनेछन् तिनीहरु
सबैलाई पठाएर अनी निस्कन्छु है गुरु ।१८८।
म नआई पुगेसम्म गुरुले त्यहिं बस्नु भैं
द्रव्यशाहकनै छीटो खबर्बक्सनु पर्छ है ।१८९।
हाम्रो हम्ला हुनासाथै यहाँ बिद्रोह होस् भनी
अर्को प्रबन्ध गर्दैछू त्यो पनी हेर्नुपर्छ, नो ! ।१९०।
यहाँको सब यो काम मिलाएर सुरू सुरू
दुई चार दिनै भित्र पाउमै पुग्छु है ! गुरू ! ।१९१।
यस्तो गणेश पाँडेको नीतियुक्त सुनी कुरा
लौ हुन्छ भनि निस्केथे बाटो लाग्दै तिनी बुढा ।१९२।
आएर लिग्लिगे माथी पर्ख'दै हर्षले अनि
बाटो गणेश पाँडेकै हेर्न थाले त्यहाँ तिनी ।१९३।
विश्वासी मानिसैद्वारा द्रव्यशाहकनै पनि
बोलाएर पठाएथे तुरून्तै आउ लौ ! भनी ।१९४।
सन्देश पाई गुरूको द्रव्यशाह अनी पछि
गर्दै साइत निस्केथे मनाएर ठुलो खुसी ।१९५।
हाम्रा मालिक छोड्दैनौं जान्छौं हामी पनी भनी
विश्वासी रैति निस्केथे उहाँका साथमै अनि ।१९६।
लिग्लिगे माथि आएर गुरूका पाउमै झुकी
आईपुगें म भन्दैथे खुसीभै द्रब्यशाह ती ।१९७।
गणेश पाँडे पनि ता गोरखाबाट निस्कँदै
कामपूरा गरेकोछू भन्दै आए खुसी हुँदै ।१९८।
यिनै गणेश पाँडेहुन् भन्दैं गुरूजिले त्यहीं
द्रव्यशाहकनैं फेरि चिनाई दिनुभो अनि ।१९९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा राजा उहाँ भन्ने थाहपाएर नैं त्यहीं
मन्त्री गणेश पाँडे झुक्तै थे स्वस्तिहोस् भनी ।२००।
तिनैका साथ आएका गोरखाका प्रजा पनि
जय हाम्रा महाराज भन्दै दङ्गपरे अनि ।२०१।
नाङ्गो खुकुरी झल्काई जयहोस् जयहोस् भनी
सलामी दिन थालेथे तिनै सैनिकनै बनी ।२०२।
पहिलौं पल्टको त्यस्तो राज संमानले गरी
द्रब्यशाह झुकेकाथे गुरुका पाउमा परी ।२०३।
राज संमान यो तिम्रो नासिनेछैन है, भनी
जय राजन् ! भनी फेरि वोल्नथाले बुढा तिनो ।२०४।
यिनै गणेश पाँडेको बुद्धि चातुर्यले सुन !
गोरखाका प्रजा आए राजा तिमिकनै लिन ।२०५।
राजन् ! मगर राजाका आफन्तहरू नै पनि
तिम्रो स्वागत गर्नाको तयारी गर्दछन् त्यहीं ।२०६।
भिरेर खुकुरी आफ्नो झोलामा सामलै पनि
त्यहाँका रैंति आएका तिम्रै सैनिक हूँ भनी ।२०७।
गोरखाधीशको गद्दी तिमिलाई दिएँ भनी
गुरू गोरखले फेरि भन्नुभो मैसंगै पनि ।२०८।
गोरखातिर बढ्नूछ हम्लागर्दैं सरासर
तिम्रा फौज यिनैहुन्, है ! राजातिमो हुकुम्गर ।२०९।
यो आज्ञा गुरूजीबाट सुन्नुभै हुनुभैं खुसी
द्रब्यशाह महाराज भन्न लाग्नूभयो पछि ।२१०।
गुरूकै महिमा हो यो तारतम्य मिलाउने
म, ता निमित्त मात्रैहूँ आज्ञा मान्दै पछीहुने ।२११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाई गुरूहरूबाट आशीर्वाद बराबर
लाखौं सैन्य म हाँक्नेछू यो सेना हाँक्न के छ र ? ।२१२।

गुरुका वरदानैले पाई गोरखकों कृपा
गोरखा राज्य मेरैछ सन्देहै छैंन है, त्यता ।२१३।

तैपनि बिन्ति गर्दैछू गुरूका पाउमै म, त
नीति बमोजिमै चल्नू हुन्छ कल्याण दायक ।२१४।

दैवीशक्ति अघीसारे लड्न जानै पऱ्यो किन ?
लड्नैपर्छ भनेदेखी आफ्नो त्रुटि, त भन्छु म ।२१५।

हजारौं फौजछन् भन्ने गोरखामा म सुन्दछु
बढाउनु पऱ्यो हाम्रो फौज यो केहि भन्दछु ।२१६।

गुरूजीका अगाडीमा राजाले यति भन्नुभै
त्यो कुरानै बिचारेर ठीक हो भन्दथे सबै ।२१७।

यो लिग्लिगेको राजानै मिलाउनु पऱ्यो भनी
मन्त्री गणेश पाँडेले भन्नथाले यसैं अनि ।२१८।

स्थिति यो लिग्लिगेको छ टीकाकों दिनमागई
छेलो हान्दै हुने पैल्हो राजा त्यस बर्षको त्यही ।२१९।

त्यही स्थिति बमोजिनैं बान्हबर्ष भईसक्यो
यो खँड्का गुरूँगै राजा छेलो हानेर जित्छ जो ।२२०।

अन्यायी त्यो भई गुण्डा राजा भैकन निर्दयी
मनमानी गरी चल्छ मातिदै बलियो भई ।२२१।

चार पाँच सए जत्ती त्यस्का सैनिक छन् सब
त्यस्लाई गै मिलाऊँ, की?राजन्! हुकुम होस् अब ।२२२।

यती भनेर मन्त्रीले चुप लागे पछि त्यहाँ
राजाले भन्नु भो फेरि झिक्नु भै जोशिलो पना ।२२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्यायी त्यो त गुण्डा हो भन्नु हुन्छ तपाई नै
त्यो पापी सित मिल्नाले हुँन्न हैं फाइदा कुनै ।२२४।
छेलो हान्दै दुगुर्ने त्यो मूर्ख हो राजनीतिमा
त्यस्लाई दुगुराएरै भगाई दिन्छु है, यहाँ ।२२५।
गुरुजीको भए आज्ञा अहिले नै म बढदछु
लिग्लिगेमा गरी कब्जा त्यो फौज सब खिचदछु ।२२६।
राजाको यो कुरा सुन्दा धन्य छौ साहसी भनी
गुरूले दिनु भो आज्ञा राजा बढनु भयो अनि ।२२७।
तुरुन्तै लिगलिगेलाई घेरा दिइ सबैतिर
द्रब्यशाह स्वयं राजा बढनु भों है, अघिल्तिर ।२२८।
जय गोरखको भन्दै सिपाहीं द्रब्यशाहका
आफ्ना राजा संगै आई बढ्न थाले जतातता ।२२९।
अकस्मात त्यो त हंला भैं संल्हनै नसकेर ता
खँड्का राजा कुदी भाग्यो ज्यान टिप्तै कता कता ।२३०।
राजा भागी गएकोले फौजको साहसै नभै
घेरामा परि राख्तैथे हतियारहरू यसै ।२३१।
राजदर्बारमा सोझै द्रब्यशाह पसे पछि
ती फौज सब आएर राजा मान्दै थिए झुकी ।२३२।
कसैको नगरी हत्या प्रतापैले समाउँदै
उहाँले लिई बक्सेथ्यो लिग्लिगे त्यो तुरुन्तनै ।२३३।
लिग्लिगेमै गई आफ्नो किल्ला कायंगरी त्यहीं
पुग्यो पन्ध्रसए सेना उहाँको साथमा अनि ।२३४।
जय भन्दै महाकाली जय गोरखनाथको
त्यसपछि गोरखा माथी धाबा भो द्रब्यशाहको ।२३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखा माथो हम्ला भो भन्ने थाहभए पछि
आयो मगर राजा त्यो रीसले चुर्रिदै अति ।२३६।

भिडियो दुइटै सेना परस्पर अनी पछि
मारकाट चलीहाल्यो बढे शूराहरू जति ।२३७।

खुकुरी झलझलाएर झिलिक्क बिजुली सरी
वीर हुस्कार गर्दथे मेघै गड्गड् गरे सरी ।२३८।

छोटोले त्यो जबर्जस्ती भोगेको दोष झैं, धुन
गोरखाकी धरा लागिन् रगतैले नुहाउन ।२३९।

त्यसैबेला सहर्भित्र तागाधारीहरू जति
राजा मगर मान्दैनौं भन्नथाले यताउती ।२४०।

मौका हेर्दै सहर्बाट निष्कँदै गै तिनीहरू
फौजमा आर्य राजाको मिल्न पुग्थे सुरू सुरू ।२४१।

त्यसरी थपिंदै सेना राजा श्री द्रव्यशाहको
सारा मगर सेनामा खलबली हुन लागि गो ।२४२।

हार माने पनि भित्र चाम्रा जात तिनीहरू
भागेनन् रण छोड़ेर प्राण छोडदै मरे बरू ।२४३।

घनघोरै भएथ्यो त्यो गोरखाको लडाँयि त
पूरा चार दिनै सम्म चलेको अभ्दुतै सित ।२४४।

सारा मगर गाऊँमा असन्तोषै भएर पो
अरू मद्दत आएनन् त्यो फौज सकिंदै गयो ।२४५।

राजा मगर उसबेला हताश हुन गै अनि
बाँकी फौज लिई आफ्नो लुकेथ्यो दबिंदै त्यहीं ।२४६।

लडाँयि जितियो भन्दै हाम्रा फौजहरू अनि
जय भन्दै पसी हाले गोरखामा जहाँ तहीं ।२४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा मगरका सेना दबिंदै ठाउँ ठाउँमा
फेला पारे जतीलाई झुक्याई मार्दथे त्यहाँ ।२४८।
पापी मगरको त्यस्तो लुकुवा युद्धले गरी
कैयौं दिन बितेकोथ्यो यस्तै तरहले गरी ।२४९।
राज्याभिषेकको राम्रो मुहूर्त न टरोस् भनी
राजालाई त उस्बेला भन्नु भो गुरुले त्यहीं ।२५०।
गोरखा जितियो राजन्! अब यो युद्ध के छ र?
राज्याभिषेक दिन्छु म, फूर्तिलो भै अघीसर ।२५१।
राजालाई सुनाएर खुसी भै यो कुरा भनी
फेरी गणेश पाँडेको काम भन्दै थिए तिनी ।२५२।
भोलि बिहानको हाम्रो राम्रो शुभ मुहुर्तमा
राज्याभिषेकको लागी तयारी गर लौ यहाँ ।२५३।
गुरुको यो कुरा सुन्दा राजा खिन्न भएसरी
भन्न लाग्नु भएकोथ्यो उहाँलाई यसै गरी ।२५४।
गुरुको आशिषैबाट भएको यति सम्म हो
के को हत्पत यो फेरि मन मेरो अचम्म भो ।२५५।
लुक्तै मगरको राजा युद्ध गर्दैछ देख्नु भो
त्यसलाई न जितेसम्म मेरो के अभिषेक भो ।२५६।
परास्त गरि उस्लाई गोरखामा पसेर पो
गरेको खुसियालीले त्यो पो राज्याभिषेक हो ।२५७।
ज्यूँदै मगर राजा त्यो गोरखामा खडा छँदै
गोरखाको म के राजा मेरो के अभिषेक है ।२५८।
त्यसैले बिन्ति गर्दैछू के को हड्बड भो गुरु!
पहिले दुश्मनैलाई तहलाउँ सुरू सुरू ।२५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लडायिँ न जितेसम्म लिन्न यो अभिषेक म
भन्दै गुरू सँगै राजा अड्नु भो निश्चयै सँग ।२६०।
जिद्दि देखेर राजाको खिन्न भै गुरूजी बुढा
संझाएर उहाँलाई भन्नु हुन्थ्यो यही कुरा ।२६१।
राज्याभिषेकको लागी भोलीको जो मुहूर्त छ
त्यस्तो साइत ता राजन् ! भाग्यैले मात्र पर्दछ ।२६२।
त्यस्तो मुहूर्तमा राजन् ! अभिषेक लिए पछि
तिम्रो सन्तानको सम्झ ! राज्यस्थिर हुने पछि ।२६३।
त्यसैले म त भन्दैछू मेरो बोली न टार, यो
तिम्रो कल्याण होला है ! मेरो आज्ञानुसार पो ।२६४।
झर्के जस्तै गरी यस्तो गुरुजीले भने पछि
राजाले फन्नु भो फेरि नम्र भै सामुमा बसी ।२६५।
मैले त गुरुको आज्ञा न मानेको कहाँ छ र ?
मेरो भनाई बुझ्नु होस् आज्ञा गर्छू शिरोपर ।२६६।
जित्नै बाँकी रहेकोले गोरखा राज्य यो अनि
राज्याभिषेक यो हुन्न भनेको हूँ कुरा पनि ।२६७।
भोलिको शुभ यो बेला टार्छु हुन्न भने अनि
लिग्लिगेको म हूँ राजा अभिषेक दिनोस् त्यहीँ ।२६८।
राजाले यति बोल्नू भै चुप लाग्नू भए पछि
इतिहास बताएर गुरुले भन्नु भो पछि ।२६९।
तिमी क्षत्रियका बच्चा घमण्डी छौ बुझें कुरा
रिसाउन्न तिमी माथी खुसी छू है, पुरा पुरा ।२७०।
गोरखा न जिते सम्म लिन्न राज्याभिषेक यो
भन्ने भनाई यो तिम्रो तिम्रा लागि त योग्य हो ।२७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्यस्थिर गराएर तिम्रो बंश चलाउन
मैले चल्नु परेकोले त्यो कुरा मान्न सक्तिन ।२७२।

गोरखाधीशकै हुन्छ भोलिको अभिषेक त
ज्यूँदै होस् मगरै राजा त्यस्ले के बिघ्न गर्छ त ।२७३।

लङ्का जित्नै थियो बाँकी रामले कसरी अनि
बिभिषणकनै बक्स्यो अभिषेकै त्यहाँ पनि ।२७४।

आफ्नो शक्ति पुगेकाले दिएँ मैलै भने पछि
पाउनेले पनि पायो त्यस्मा सन्देह के पछि ।२७५।

रामले दिइ बक्से झैं लङ्का राज्य तिनीकन
गुरु गोरखले बक्स्यो गोरखा यो तिमीकन ।२७६।

उहाँको नै इशाराले भोलिको त्यो मुहूर्तमा
राज्याभिषेक दिन्छू म गोरखाधीशको यहाँ ।२७७।

सुन, राजान् ! यहाँ तिम्रो अभिषेक भएपछि
भोली मगर राजा त्यो पक्रिँदै मारिने छ, कि ।२७८।

यो कुरामा तिमी फेरि जिद्दी नगर है ! अब
गुरुको बात राखेर कल्याणै हुन्छ है ! सब ।२७९।

गुरुजिले कुरा खोली यस्तो भन्नु हुँदा अनि
राजाले मानि बक्सेथ्यो अभिषेक लिने भनि ।२८०।

राजाको मंजुरी पाई अभिषेक दिनाकन
मंत्री गणेश पाँड़े ती लागे तह मिलाउन ।२८१।

तीर्थको जल इत्यादि दुर्लभै बस्तु हो जति
गुरुले नै दिनु भो त्यो झोला बाटै! झिकी झिकी ।२८२।

अमूल्य मणि झल्केको किरीट सुनको पनि
झिक्नु भो गुरुजीले नै माथमा पैन्हिने भनी ।२८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखाधीशका निम्ती हार केयूर आदि ता
गुरु गोरखनाथैले पठाउनु भयो त्यता ।२८४।

त्यस्तै सुहाउने फेरि रेशमी कपडा पनि
आफ्नो तपोबलैबाट गुरुले झिक्नु भो त्यहीँ ।२८५।

खोस्तै मगर राजाको ल्याई सिंहासनै पनि
मंत्री गणेश पाँडेले ठिक्क पारे सबै त्यहीँ ।२८६।

यस्तैं तरहले सारा सामाग्रीहरू ठिक्क भै
राज्याभिषेकका निंती तयारी भो त्यहाँ सबै ।२८७।

सूर्योदय हुने बेला हुन लागे पछि अनि
आफै गुरुजी आएर तयार हुनु भो त्यहीँ ।२८८।

जयकार मनाएर फौज सारा खडा रही
राज्याभिषेक राजाको हेर्न लागे खुसी भई ।२८९।

खुसी खबर फैली त्यो गोरखामा जताततै
छोड्दै मगरको त्रास निस्केथे दुनियाँ सबैं ।२९०।

अग्निमा होम हालेर बेदका मन्त्रले अनि
मङ्गलं भन्न लाग्नू भो गुरु आफैं खुसी बनी ।२९१।

शुभ साइत भों भन्दै राजालाई लगीकन
राखो सिंहासनै माथी गुरुको बङ्ग भो मन ।२९२।

गोरखाधीशका माथो दिंदै राज्याभिषेक, तो
गुरुले मन्त्र पढ्नु भो हर्षले नं झुकी झुकी ।२९३।

गोरखाबाट आएका कैयौं ब्राह्मणले पनि
अभिषेक दिएकाथे जय राजन् ! भनी भनो ।२९४।

मन्त्री र सेनापतिको पालो आई अनी पछि
अभिषेक दिंदैथे ती बिधानै साथले झुकी ।२९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय भन्दै रमाएका गोरखामा प्रजा पनि
राज्याभिषेकको त्यस्तो हेर्दथे उत्सवै त्यहीं ।२९६।

सलामी दिन थाले झैं गोरखाधीशलाई, त
सिसिमे पानि बर्षाई गर्ज्यो मेघ नरंसित ।२९७।

पृथिवी पनि उसबेला रमाए झैं वरी परी
नयाँ दुलही जस्तो भै शोभिइन् हर्षले गरो ।२९८।

आर्यराजा उदाएको देखेर खुसिभै स्वयम्
वनकै पुष्प बर्षाई हावा बग्दै थियो नरम् ।२९९।

प्रसन्न भइ हाँसे झैं सूर्यको मण्डलै पनि
कलिलो घाम फैलाई शोभियो तेजिलो बनी ।३००।

हाम्रो ईच्छा पुग्यो भन्दै धर्मरक्षा हुने भई
अदृश्य भई हेर्दथे तपस्वी नभमा रहो ।३०१।

राज्याभिषेक सिध्याई गुरूजीले हुँदै खुसी
गोरखाधीशको वेष सजाउनु भयो पछि ।३०२।

किरीट सुनको पैन्हो हार केयूर साथमा
चढ्दै सिहासनै माथी राजा शोभिनुभो त्यहाँ ।३०३।

टीका तिलक पैन्हाई राजालाई निधारमा
मङ्गलं भन्न लाग्नूभो फेरि गुरूजिले त्यहाँ ।३०४।

दुनियाँको गरी न्याय तिम्रो बंश चलोस् भनी
दिनुभो न्याएको दण्डा गुरूले हातमा अनि ।३०५।

न्यायदण्डा उठाएर सिंहासन उपर्त्यहाँ
राजाको रूप शोभिन्थ्यो साक्षात् इन्द्रैसरी नयाँ ।३०६।

त्यसैबेला रमाएर फौजका साथमा मिली
सारा प्रजा कराएथे जय भन्दै वरी परी ।३०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राज्याभिषेक पूराभै यसरी द्रब्यशाहको
आफैं मगर सेना त्यो डराएर बिहोश भो ।३०८।

युद्धको अब के काम मेरो राज्य गयो भनी
त्यहाँ मगर राजा त्यो हतोत्साहै भयो अनि ।३०९।

लिएर साथमै आफ्नो बाँकी फौज भए जति
लुकेको ठाउँ छोडेर भाग्यो त्यो त अनि पछि ।३१०।

गोरखाधीशका शूरा सिपाहीहरूले पनि
त्यसको खबर पाएर लगारे मार्दछौं भनी ।३११।

भाग्नै पनि नपाएर घेरामा पर्नगै अनि
ज्यानको आश छोडेर लड्दै त्यो मारियो त्यहीं ।३१२।

बाँकी मगर सेना ती पर्छौं शरणमा भनी
राजा मानेर आएथे द्रब्यशाहकनै अनि ।३१३।

गोरखाभित्र पस्तै ती शाहीसेना जहाँ तहीं
रक्षा गरेर बस्तैथे सहर्मा शान्ति होस् भनी ।३१४।

आर्यराज पताका त्यो राजदर्बारमै अनि
फहराउन थालेर रमायो सहरै पनि ।३१५।

गुरूजीले त्यसैबेला गोरखाधीशलाइ त
राजन् ! बिजयभो भन्दैं भन्नुभो यस किसिसित ।३१६।

गोरखामा उदाएको देख्न पाई तिमीकन
आशा र इच्छा पूराभै मेरो हर्षितभो मन ।३१७।

तिम्रै साम्राज्यमा आई विघ्न बाधा नभैकन
तपस्या पूर्ण गर्नेछन् तपस्वीहरूले सुन ! ।३१८।

हिमवत् खण्ड मानेको पवित्र यस देशको
आर्यराजा उदाएर महिमा कायमै रह्यो ।३१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतापी बीर जन्मेर तिम्रै यो राज वंशमा
उज्यालो कीर्ति राख्नेछन् उत्तराखण्डको यहाँ ।३२०।
अघी लगाउँदै सेना गर्दै ठूलो महोत्सव
प्रवेशगर लौ राजन ! गोरखा भित्रनै अब ।३२१।
आफ्ना पछाडी लाग्नेको दुःख दर्द मिटाउँदैं
बर्षेर धन रत्नादि गर राज्य खुसीहुँदै ।३२२।
आफ्ना आफन्तको मान मौकामा राख्नु पर्दछ
राजा मान्दैं अनि पो त, दुनियाँ भक्ति गर्छ ।३२३।
वैरी मगर राजा त्यो मारिए पछि युद्धमा
अब तिम्रै भए रैती त्यस्का वंश सबै यहाँ ।३२४।
आफ्ना रैतीहरूको त मर्म बाधा बुझीकन
तिमीले याद राखेमा प्रजा झुक्छन् तिमीसंग ।३२५।
राजा त, सबका साझा भन्ने यस्तो उखान यो
तिमी माथी रहोस् ताजा अनि पो शुद्ध नाम भो ।३२६।
यस्तै कुरा सुनाएर गुरूजीले भने पछि
राजाले भन्नुभो फेरि उहाँकै पाउमा झुकी ।३२७।
गुरूजीकै कृपा हो यो मेरो भन्नु त, के छ र ?
दिनू भएको यो शिक्षा संधैगर्छू शिरोपर ।३२८।
यस्तो भनेर राजाले ढोग्नुभै गुरूजीकन
खुला पाल्की उपर्चढ्दै बस्नुभो है खुसीसँग ।३२९।
ओढेर झल्लरीछाता त्यो खुला पाल्कीमा चढी
गोरखा भित्र पस्नूको राजा अनि अघी सरी ।३३०।
शङ्ख ध्वनी गराएर वेदमन्त्र पढो पढी
सिंदूर यात्रा गर्दैथे ब्राह्मणले अघीसरी ।३३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखाधीशकै पाल्की घेरेर खुसी भैकन
फौज चल्दै थियो फेरि नङ्गा खुकुरि लीकन ।३३२।

मन्त्री र सेनापतिको चल्यो लस्कर्त्यहाँ पछि
जयकार मनाएर प्रजा सारा भए खुसी ।३३३।

शुभ साइत्त मानेर तोरण द्वारले गरी
दुनियाँले सजाएथे गोरखा सहरै भरी ।३३४।

गरीब गुरूवालाई धनरत्न लुटाउँदै
चल्यो सवारी राजाको प्रजा हेर्थे खुसी हुँदै ।३३५।

झ्याल झ्यालहरूबाट पुष्पाक्षत छरी छरी
नारीहरूले दर्शाए राज सन्मान बेसरी ।३३६।

आर्यराजा उदाएको त्यस्तो उत्सवले गरी
गोरखा सहरै नाच्यो त्यसबेला हर्षले गरी ।३३७।

पुगी यस्तै किसिबाट राजदर्वारमैं अनि
गोरखाधीश बस्नूभो सिंहासन उपर्त्यहीं ।३३८।

गुरू मन्त्रीहरू सारा योग्य आसनमा बसो
साक्षात् इन्द्रसभा जस्तै त्यो शोभा शोभियो अति ।३३९।

प्रतिष्ठितहरू आई सहरीयाहरू अनि
भेट राख्तै झुकेकाथे राजन् ! जय भनी भनी ।३४०।

झिकाई ढुकुटीबाट धन रत्नहरू त्यहीं
इनाम बाँड्न लाग्नूभो राजाले गुनिलो बनी ।३४१।

पहिले सैनिकैलाई दिंदै योग्य इनाम, त
मन्त्रीहरूकनै फेरि बिर्ता बक्स्यो खुसीसित ।३४२।

त्यहाँ मगर राजाको परिवारकनै पनि
खाने बिर्ता दिई बक्स्यो बैरी त्यो बीर हो भनी ।३४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुको पनि सन्मान राजाले राख्नुभों भनी
राजाको गुण देखेर प्रजा झुक्थे अहो ! भनो ।३४४।

यसरी खुसि गराई रैति आफ्ना तमाम
पृथिवि भरि फिंजाई कीर्तिकासाथ नाम
प्रकट हुनु भएथ्यो गोरखाधीश राजा
अझ पनि इतिहासै यो कुरा भन्छ ताजा ।३४५।

शाह वंश-महाकाव्य-पहिलो सर्ग
समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश महाकाव्य

दोश्रो-सर्ग

राजा नभैकन, त, शासन शान्तिसाथ
चल्दोरहेनछ भनी बुझिएछँदा, त ।
सारा महर्षिहरूले मनुलाई छानी
सुम्पे जगत् उसवखत् "नरदेव"-मानी ।१।

श्री सूर्य पुत्र हुनु भै मनु आदिराज
प्रारम्भ भो नियम-मङ्गल-राज-काज ।
उन्कै पवित्र कुलमा अनि सूर्य-वंशी
राजा उदाउन गए सब देव-अंशी ।२।

भूमण्डलै सकल यो गरि भाग-बण्डा
आफ्नो लिएर उहि उन्नत-आर्य-झण्डा ।
राजर्षि-वीरहरू ती, छरिएर सारा
पाए मनुष्यहरूले नृपको सहारा ।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठानेर निर्मल भनी यहि वंशलाई
नारायणै पनि त, राम बनेर आई ।
मारेर रावण, विनाश गरेर लंका
राजा हुँदै रहनुभो कि, जगन्नियन्ता ।४।

यो वंशको त्यति ठुलो महिमाछ भन्दै
त्यो एक एक गरि गिन्ति गरेर गन्दै ।
श्री व्यास बाल्मिकि र भास र कालिदास
कैयौं भए कविहरू कृत, कृत्य खास ।५।

त्यत्रो पवित्र कुलमा लिइ जन्म आई
राजा भएर झलमल्ल हुँदै उदाई ।
श्री द्रव्यशाह सजिए पछि गोरखामा
अर्कै भएछ मुलुकै स्थिति-सभ्यतामा ।६।

अन्याय कत्ति नपरोस् भनि रैति माथी
सर्वत्रनै सहज-कोमल-दृष्टि राखी ।
आफैं खडा रहनुभै प्रभु-गोरखेश
त्यो गोरखा भरि सबै स्थिति सुध्रिएछ ।७।

ठालू-ठुलाहरू मिलेर गरी फटाही
जो पिर्दथे गरिबलाई सँधै सताई ।
त्यस्ता ति-दुष्टहरूको मन काँप्न थाली
सोझा भएर निहुरे छलजाल छाडी ।८।

राजा उदाउनु हुँदा प्रभु गोरखेश
निर्धक्क साथ डरको नरहेर लेश ।
तारा सरो पुरवधूहरू जग्मगाई
फेरी त्यहाँ सहर भित्र घुमे रमाई ।९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारी र ओढनि पनी पुर-सुन्दरीको
सर्ला भनेर डरले नबगेर छीटो ।
हावा स्वयं अदबसाथ चल्यो त्यहाँ, त
को गर्दथ्यो तिनिहरू तिर दृष्टि-पात ।१०।

देखे पनी सडकमा गहना खसेकै
त्यो टिप्न आई अरूले न उठाउनेभै ।
त्यो ठाउँमा अनि त, के हुनगो र धोका
खुल्दै रहे घरघरै दिनरात ढ़ोका ।११।

केही जघन्य-अपराध हुनै नपाई
आनन्द साथ दुनियाँ रहँदा रमाई ।
जोडा मिलेर दुलहो सरहै नयाँ, ती
अर्कै भइन् चहकिली पृथिवी त्यहाँको ।१२।

यस्तै प्रताप भइ भूपतिको अनौठा
त्यो स्वर्ग झैं पृथिविखण्ड भएर यौटा ।
लागेन रोग र, बुढै नभए समान
सारा प्रजा हुन गए बलिया जवाँन ।१३।

जाडो र गर्मि पनि ठिक्क गरेर खेली
बर्सेर मेघ, अनिकाल परेन फेरि ।
उब्जा पनी पृथिविमा सब चौगुना भै
त्यो आर्य-राज-महिमा फिँजियो त्यहाँ गै ।१४।

दुःखो दरिद्र नरहुन् दुनियाँ तमाम-
भन्दै, यथा उचित बृत्ति दिएर खान ।
शिक्षा प्रबन्ध गरि बालक-बालिकाको
साक्षात् पिता हुनु भयो प्रभु नै प्रजाको ।१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदर्श-सद्गुण यही फिंजिदै उहाँको
हावा र पानि पनि शुद्ध हुँदै त्यहाँको ।
त्यो राजभक्त दुनियाँ पनि आफुलाई
सुम्मेर राज-पदमै खुसिभो रमाई ।१६।

राजा भएर म त रक्षक हूँ प्रजाको-
भन्ने, स्वधर्म यहि बुझ्नु भएर साँचो ।
श्री द्रव्यशाह पनि ता अति हर्ष साथै
हेर्नुहुने मुलुकको परिवन्ध आफैं ।१७।

राजा प्रजा यसरि एक हुँदै त्यहाँ, त
प्यारो भएर रहँदा सुख शान्ति साथ ।
पाएन छिद्र अरू दुश्मनले त्यहाँको
भो, एउटै मुलुक अभ्दुतकै नयाँ, त्यो ।१८।

कार्य गरेर मुलुकै यसरी तमाम
आफन्तलाई अनि बक्सनु भै इनाम ।
नारायणै गुरु तिनी अरयाललाई
मान्नू भयो गुरुजिको पदवी चढाई ।१९।

मन्त्री प्रधान भइ फेरि गणेश पाँडे
काजी बनीकन ठुलो पद थाम्न थाले ।
सर्बेश्वरै तिनि खनाल बने पुरोधा
ती बोहरा फउज तालिम गर्न जोधा ।२०।

ती पन्थजो चुनिइ हाकिम कोश-पट्टी
राना भए मगर ती नगराभिरक्षी ।
सोझा यिनै छ थरलाई दिएर मान
राजा खुसी हुनु भयो करुणानिधान ।२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफन्त सेवक भनी त्यति मान राखी
फेरी तिनै छथरलाई अगाडि राखी।
हाम्रो परस्पर यहाँ अनुराग जे छ
सन्तानमा त्यहि रहोस् भनिबक्सिएछ ।२२।

प्यारो हुकुं नृपतिको त्यति सुन्न पाई
आनन्दले हृदय गद्गद्‌भै रमाई।
नारायणैं गुरू बुढा अघिसर्न थालो
भन्दै थिए त्यसबखत् यहि बिन्ति पारी ।२३।

आफन्त जानिकन योग्यदया जनाई
जो बक्सियो यसरि इज्जत हामीलाई।
त्यस्ले कृतज्ञ भई हामिहरू तमाम
भन्छौं, सदा जय रहोस्, करुणानिधान ।२४।

जो आश राखिकन पाउ पछाडि पर्दै
हामी चल्यौं दिन र रात अगाडि सर्दै
त्यो पूर्ण भैं हुनु भयो प्रभु गोरखेश
अर्को थिएन अभिलाष कुनै बिशेष ।२५।

सन्तानमा अलिकती ममता हुनाले
चिन्ता थियो तिनिहरू प्रति जो कुराले।
त्यसमा पनी वचन यो प्रभुबाट पाई
निर्धक्क भो यस बखत अब हामीलाई ।२६।

यो राज-वंशकन मालिक मानि मानी
सन्तान हामीहरूका भइ भाग्यमानी।
सेवा गरून् मुलुकको पछि सम्म भन्दै
हामीहरू हुन गयौं कृत कृत्य जम्बै ।२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हर्षाश्रुले नजर टल्वल पारि-पारी
आशीष साथ गुरुले यति भन्न थाली ।
राजा खुसी हुनु हुँदैं अडि बक्सिएछ
भन्थ्यो सभा अनि सबै जय गोरखेश ।२८।

प्राणै समर्पण गरीकन आफुलाई
जस्तो गरे छथरले अधिको भलाई ।
त्यो संझँदै नृपतिबाट कदर्भएको
देखेर धन्य भनि देश खुसो भएथ्यो ।२९।

राजो गराइ दुनियाँ यसरी त्यहाँका
श्री द्रब्यशाह खुसो भै रहिबक्सँदा, ता ।
दाज्यू भएर पनि दुश्मन भै उहाँको
जल्दै थिए नृहरिशाह लिएर राँको ।३०।

राजा भएर पनि लंजुंग राज्यका, ती
त्यो भाइका उदयले चिढिएर ताती ।
धावा म गर्दछु भनीकन गोरखामा
गर्दै थिए नृहरिशाह कुचक्र नाना ।३१।

श्री द्रब्यशाह त, यतातिरबाट उस्तै
प्यारो गरेर अति आदर साथ झुक्तै ।
दाज्यै ! सवार हुनुपर्छ मुमा समेतै
भन्ने खबर्दिनु हुने चिट्ठी पत्र लेख्तै ।३२।

त्यो प्रेमको चिठि र पत्र-खबर्हरूको
उल्टो लगाइकन अर्थ बडो हलूको ।
हंला म गर्दछु भनीकन भाइ माथी-
भन्दै थिए, नृहरिशाह, त, भिड्न आँटी ।३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ले अनर्थ अब गर्छ भनेर ठानी
त्यो शोकले रुनु भएर मुमाज्यु रानी ।
भाई दुवै न भीड, आफुसमा भनेर
रोक्नु भयो नृहरिलाई अघी सरेर ।३४।

माताज्युका वचनले अडिंदै अनी, ता
ती रोकिए नृहरिशाह परेर नीचा ।
तिन्को रहेर मनको अझ कालिमा, त्यो
खोज्दै थिए निहुँ गरी छलसाथ बाटो ।३५।

पापै चिताइन भाइ उपर्तसाम
यो दुष्ट छल्दछ भनो भइ सावधान ।
चेपे नदी बिच रगत स्तनको बगाई
माताज्यूले यसरी भन्नुभयो बुझाई ।३६।

यो देश लंजुंग, त, पैतृक-राज्य तेरो
त्यो भाइले यस उपर्नगरी झमेलो ।
ठूलो पराक्रम गऱ्यो भइ गोरखेश
यस्मा तँलाइ ननिको पिर पर्नु के छ ? ।३७।

मेरा दुवै तिमीहरू प्रिय पुत्र उस्तै
चाहन्छु उन्नति दुवै तिरको म, उस्तै ।
दाज्यू भएर गरि भाइसँगै मिलाप
बस्नू अनी फिजिनगो कुलको प्रताप ।३८।

सेना मिलाइकन दाज्यु र भाइको, त
अर्को प्रदेश पनि फेरि जितेर जोत ! ।
त्यो माहिलोकन पनो त्यही राज्य देऊ !
भाइ सबै नृपति भै सुखशान्ति लेऊ ! ।३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो कोख मै तिमीहरू सब जन्मि आयौ
पीएर दूध यहिं नै बलिया कहायौ ।
त्यो दूधको अब अनादर गर्न लागी
चल्छौ भने, भनिदिएँ ठहऱ्यौं अभागी ।४०।

झिक्तै रगत् हृदयको स्तनबाट मैले
चेपे नदी बिच बगाइ दिएर ऐल्हे ।
सीमा भनेर यही लंजुँग—गोरखाको
बाँधो दिएँ शपथ राखि दिएर साँचो ।४१।

यो पानि होइन, रगत् यही हो मुमा को
भन्ने बुझेर दुइटै बस, धर्म साथै ।
जो नाघ्छ पाप मनले अब यो सीमाना
त्यसको रहन्न अडिँदै पछिको निशाना ।४२।

यस्तो शराप दिइ बाँध्नु हुँदै सीमाना
माताज्युले रुनु हुँदै अडि बक्सदामा ।
पापी तिनी नृहरीशाह त चुप्प लागी
बस्ता भए अरू उपद्रव गर्न छाडी ।४३।

दाज्यू भनी नृहरिको भरमा परेर
तैँले न आउनु यता कहिल्यै भनेर ।
श्री द्रव्यशाहकन फेरि मुमाज्युबाट
सन्देश बक्सनु भयो अति गोप्य साथ ।४४।

त्यो गोप्य शिक्षण मिलेर मुमाज्युबाट
पापी भनी नृहरिलाई बुझेछुँदा, त ।
श्री द्रव्यशाह अति खिन्न हुनू भएथ्यो
माताज्युको चरण संभो रुनू भएथ्यो ।४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा भएर गइ पाउपरी मुमाको
आशीष लिन्छु भनि चाह थियो उहाँको ।
पाएन पुग्न मनको अभिलाष यो, त
दाज्यू त्यही नृहरि शत्रु भएर पो, त ।४६।

आशीष संझनु हुँदै मनले मुमाको
यस्तं रहेछ भनि चित्त बुझी उहाँको ।
आफ्नो सबैतिर गरी बलियो सिमाना
बस्नू भयो प्रभु खुसीसित गोरखामा ।४७।

कान्छो सुपुत्र उहि हो कुलदीप मेरो
उस्कै नजीक रही मर्नु भलो हुने हो ।
के जुक्तिले अब पुगूँ म, त गोरखामा
भन्नू हुने अनि उतातिर राज-आमा ।४८।

माताज्युका हृदयको यहि भाव जानी
सोही निहूँसित ठुलो छल जाल ठानी ।
भन्दै थिए नृहरिशाह मुमाज्युलाई
आफ्नो लुकाइकन पाप, कुरा मिलाई ।४९।

कान्छा कुमार बिजयी भइ गोरखामा
राजा भए अब भनी सुनिबक्सँदामा ।
आफैं गएर तिनिलाई त, भेट्नलाई
इच्छा भएछ बुझियो कि हजूरलाई ।५०।

मानेर नै हजुरलाई त राज-माता
झुक्छन् प्रजा सकल लंजुंग-गोरखाका ।
विन्ती चढाउँछु अनी म पनी तसर्थ
राखेर इज्जत उतातिर जानु पर्छ ।५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा भएर तिनिले त हजूरलाई
ढोग्ना निमित्त यहिँ पुग्नु थियो भलाई ।
ठूला भए अब अहो ! किन आउँथे, ती
हुन्छन् दुरुस्त मुखले चिठी—पत्र लेखी ।५२।

आमा हजूर हुनु भो म, त, दाज्यु खास
तिन्कै थियो सकल लंजुंग के कुरा छ ।
सुस्वागतैं गरि गरी तिनिलाई हामी
मान्ने थियौं कुन थियो र खराब-हानि ।५३।

भैंगो यतातिर तिनी न फिरुन् ठुला भै
जान्छू म भेट्न तिनिलाई हजूर साथै ।
सन्मान पूर्वक लिँदै सब सैन्य हाम्रो
त्यो गोरखा बिच पुगौं यहि हुन्छ राम्रो ।५४।

साथै लिएर घरका दुई चार केटा
हामी त्यतातिर गयौं खुसीले भने, ता
आई त्यहाँ लिन भनीकन हामीलाई
हाँस्छन् अवश्य दुनियाँ खुसिले गिज्याई ।५५।

राखेर शानसित लंजुंगको रबाफ
जाऊँ मुमा ! अब छिटो खुसियालिसाथ ।
भेटेर भाइसित उत्सवसाथ हामी
आनन्द पूर्वक अनी घर फर्कुंला, नी ! ।५६।

यती भनीकन मुमासित ठिक्क पारी
राजा तिनी नृहरिशाह अडे अगाडी ।
तिन्को त्यहाँ मुखतिरैं नजरं न हेरी
बोल्नु भयो अनि मुमा चिढिएर फेरि ।५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम्रो उपाय यति सोचबिचार गर्दै
आइस् कि, सज्जन बनेर अगाडि सर्दै ।
तेरो कुरा बुझि सकें, अनुसारकाटी
चल्दैन है, मसित कत्ति बुझिस्! चलाकी ।५८।

आमा सवारी हुनुभो भनी भेट्नलाई
दौडेर हाजिर हुने त्यस भाइलाई ।
पक्रन्छु, लिन्छु अनि राज्य त, गोरखाको
भन्छस्, अहो! यति त थाह न पाउला को ।५९।

माता र पुत्र दुईको यस भेटलाई
षड्यन्त्र साथ छल पूर्ण निहुँ बनाई ।
राजा हुने मन गरिस् गइ गोरखामा
यो,मात्र सक्तिन बुझिस्! बुढिया म आमा ।६०।

तेरो रहोस् तँ सित, लंजुंगको रबाफ
मेरो छ पुत्रसितको प्रिय–भेट घाट ।
त्यो गोरखा तिर हिँडें, अब, एकली, म
तेरो मुखै पनि त हेर्न म आउँदीन ।६१।

हप्काउँदै नृहरिलाई यसै अगाडी
फन्केर निस्कनु हुँदै दरबार छाडी ।
हिँड्नूभयो सुरुसुरू अनि राज माता
केटीहरू पछीपछी दुगुरे त्यहाँ, ता ।६२।

पुग्नू भएपछि मुमाज्यु त, गोरखामा
आफ्नो ठुलो अपजसै फिँजिने हुँदामा ।
हाम्री मुमा त, बहुलाउनुभो भनेर
रोके त्यहाँ नृहरिले घरमै थुनेर ।६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो मुमाकन अनी त्यसरी थुनेको
त्यस्तो खबर्सुनिसुनी अरुले भनेको ।
श्रीद्रब्यशाह रूनुभो अति छट् पटाई
माताज्युको नजिक पुग्न त हत्पटाई ।६४।

सारा उतारिकन फौज त गोरखाको
उद्धारगर्छु अहिल्यै म भनी मुमाको ।
श्रीद्रब्यशाह हुनुभो रिसले तयार
रोके त्यहाँ–गुरूजीले गरि होशियार ।६५।

सीमा बँधान गरि लंजुँग–गोरखाको
चेपे नदी त रगतै हुनगै मुमाको ।
त्यस्लाई नाघि दिनु धर्म पुगेन भन्दै
संझाउँथे गुरुजि नीति र धर्म भन्दै ।६६।

त्यो सुन्नु भै गुरूजीका हितको भनाई
माताज्युका शपथको पनि याद आई ।
चेपे नदीकन त नाघ्नु भएन भन्दै
राजा स्वयं अडिनुभो मन भित्र गर्दै ।६७।

माताज्यु ता अनि उता थुनिएर फेरी
पापी भनी नृहरिको मुख नै न हेरी ।
कान्छाकुमार भनि याद गरेर खाली
ढल्नू भयो जल र अन्न समेत छाडी ।६८।

त्यो शोकको प्रबल भेल छुटे सरीको
आँसू निरन्तर बगेर भलै फुटो गो ।
तातेर गाथ पिरले ज्वर चढ्न आइ
माताज्युको हृदय दग्ध भएछ, हाई ! ।६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै रहेछ अब अन्त्य भनेर मेरो
गर्नुहुँदै बिरहले हृदयै अँध्येरो ।
यो प्राण लेउ भगवन् ! प्रभु राम ! भन्दै
बेहोश नै हुनु भएछ मुमा न भन्दै ।७०।

बेहोशिका समयमा पनि बार-बार
हेराम ! हेप्रभु ! भनेर गरी पुकार ।
कान्छा भनेर पनि याद गरेर उस्तै
माताज्यु छट् पट गरी हुनुभो सिकिस्तै ।७१।

त्यस्तो हुँदा पनि बिजोग-दशा मुमाको
भावै पनी हृदयमा न उठी दयाको ।
आएन भाई भनि दोष लगाइ उल्टो
हान्दै थिए नृहरिशाह अझैं अगुल्टो ।७२।

कान्छा भनी विरहले गरि रोइ-रोई
त्यो आँसुले मुख पखाल्नु भएर धोई ।
श्रीरामकै चरणमा अनि राजमाता
पाल्नूभयो नृहरि साथ टुटाइ नाता ।७३।

बैकुण्ठवास हुनगो यसरी मुमाको-
भन्ने खबर्सकल सुन्नु भएर साँचो ।
त्यो दाज्युको अति कठोर कुकर्म संझी
श्री द्रव्यशाह रुनुभो हृदयै न संल्ही ।७४।

मेरै निमित्त पिरले त्यति दुःखपाई
माताज्युको मरण भो भनि छट्पटाई ।
श्री गोरखेश्वर पनि रूनुभो बिछट्टै
त्यो शोकको बिकट चोट न थाम्न सक्तै ।७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्तों र आशिषहरू मनले मुमाको
संझी रहेर अनि आँसु बगाई तातो ।
कोराबसेर हुनुभै प्रभु मातृ भक्त
दानादिकर्म सब गर्नु भयो प्रशस्त ।७६।

वास्तै न राखिकन लंजुँगको अनी ता
श्री गोरखेश्वर तटस्थ रहे पनी, ता ।
भाई भनी नृहरिशाह, त, बार–बार
गर्दै थिए छल ठुलो समयानुसार ।७७।

त्यो राज्य खोस्नुछ भनीकन गोरखाको
देखाउँदै कपटभाव, त, मित्रताको ।
मेरा तिमी प्रिय–सहोदर भाई भन्दै
लेख्तै थिए निहुँ गरी चिठी पत्र जम्बैं ।७८।

सोझा भए अब, त, दाज्यू भनेर ठानी
लेखाइको भर परीकन ढुक्क मानी ।
बिर्सिदिँदै नृहरिको सब दुष्टता, त्यो
प्रेमै जनाइ रहने प्रभु गोरखाको ।७९।

यस्तैगरी समय बित्न गएर धेरै
निशंक भी अब त, भाइ भनी बुझेरै ।
दाज्यू र भाइ सब हामि बसेर साथ
भेटौं भनी नृहरिको चिठी गो त्यहाँ, त, ।८०।

यो श्राद्धको समय आइ पुग्यो पिताको
सोहीबखत् प्रणगरीकन एकताको ।
भेटेर हामीहरूको मन हुन्छ साफ
भन्ने, थियो नृहरिको चिठिको कुरा, त ।८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाई ! तसर्थ तिमि लंजुँग आउ भन्ने-
त्यो पत्र माथि भइ निर्णय गर्नु पर्ने ।
आज्ञाहुँदा नृपतिबाट, आगाडि सर्दै
बोले तिनै छथरले यहि बिन्ति गर्दै, ।८२।

धोकाहुने नृहरिबाट हजूरलाई
संकेत पाइ पिरले मन छट् पटाई ।
सन्देश बक्सनु भयो कि, मुमाज्युबाट
त्यो बिर्सदै कसरि पाल्नु हुने त्यहाँ, त ।८३।

कान्छा कुमार सित भेट्छु भनेछँदामा
मान्यो थुनेर जसले छल साथ आमा ।
दाज्यू भनेर उसकै भर मानि आज—
भन्छौं सवारि हुनु हुन्न नराधिराज ! ।८४।

तस्मात् त्यहाँ प्रभु त जानुहुँदै म भन्दै
बिन्ती गरी तिनिहरू अडिएर जम्बैं ।
धर्मैं चिताइ रहने प्रभु गोरखेश
निर्धक्क भै यसरि नै भनि बक्सिएछ ।८५।

यो नीति सम्मत सबै ठिक हो भनाई
त्यो दाजुबाट त भलो न हुने मलाई ।
जो श्राद्धको निहुँ झिक्यो त्यस्ले पिताको
त्यस्मा न जानु पनि भन्दछु नीचता भो ।८६।

त्यो दाज्युको कुटिलजाल फरेव जे, छ
त्यो जानिने न भइ भित्र लुकीरहेछ ।
यो श्राद्धमा पनि उता न गए मलाई
शंकालु भन्छ दुनियाँ अपकीर्तिगाई ।८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो धर्म-संकट ठुलो हुनगै मलाई
जानै पऱ्यो शरण ईश्वरकै चिताई ।
मान्यो मलाई त उता त्यसले भने, त
त्यो राक्षसै भनि सरासर मानिनेछ ।८८.

मर्ने शरीर छ यसै म मरेर के भो
यो गद्दिमा पनि त पुत्र खडाहुने भो ।
लिन्छौ त्यहाँ तिमिहरू बदला तुरून्त
त्यो लंजुँगै मुलुक निश्चय नाश हुन्छ ।८६।

त्यस्ले ठुलो छल गरे पनि ता म माथि
बाँचे भने, म पनि धर्म भएर साथी ।
त्यो पापको सकल भेद खुलेर जानी
त्यस्लाइ थुक्छ दुनियाँ कति नीचमानी ।६०।

बूढ़ो भएर अथवा मति फिर्न आई
साँचै भए नृहरिको त, सबै भनाई ।
त्यो प्रेम साथ रसिलो भइ भेट घाट
दाज्यू र भाइ सबको मन हून्छ साफ ।६१।

जान्छु तसर्थ मत लंजुँगमा तुरून्त
सोझै चिताइ रहनू पछि बेस हुन्छ ।
सोझा उपर्छल गरे फल भोग्छ आफैं
लंकापुरी कसार संझ त, भो सखापै ।६२।

आफन्त ती छथरको मुख हेरी हेरी
आफ्नो बिचार यति भन्नु भएर फेरि ।
गम्भीर भैं प्रभु त, अड्नुहुँदा अगाडी
बोले त्यहाँ गुरुजिले यहि बिन्ति पारी ।६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मा नुसार अघिसर्न हजूरलाई
प्राणै छपर्पनित मोह रहन्न, हाई ! ।
आर्य स्वभाव यहिनै प्रभुको हुँदा, त
साक्षात् कृपाछ गुरू गोरखनाथबाट ।६४।

राख्नू भएर गुरू गोरखमै भरोस
पाल्नू हवस् सकल टर्छ अनिष्ट–दोष ।
आँटे पनी नृहरिले प्रभुमाथि पाप
रक्षा हुनेछ गुरू गोरखनाथबाट ।६५।

यौटा कुरा तर पनी म त भन्छु फेरि
आफ्नो बचाउ पनि संझनु पर्छ हेरी ।
पापी भनी नृहरिलाई चिनेर सोझै
उस्कै अधीन भइ जानु कहाँ भयो है ! ।६६।

त्यो श्राद्ध खातिर भनीकन मात्र खाली
जानै पर्‍यो यसरी संशयमा अगाडी ।
चेपे तटै बिच गरौं त्यति कर्म हामी
भित्रै पसेर किन लंजुंग जाउँला नी ! ।६७।

हो श्राद्ध कर्म पनि गर्नु भलो नदीमा
चेपे नदी हुन गइन् दुइको तर्फ सीमा ।
पारी तरेर तटमै वसि बालुवाको
भेटेर दाज्युसित श्राद्ध गरौं, बुवाको ।६८।

त्यो भेटमा नृहरिको छल जाल देखे
फर्केर फूर्तिसित तर्न सकिन्छ चेपे ।
तस्मात् त्यहाँ त्यति ठुलो खतरा रहेन
त्यो ठाउँ छोडि पर पस्नु भने, भएन ।६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेना र हात हतियार न ली दुवैले
भेला हुने त्यहिँ भनेर सफा मनैले ।
लेखी पठाउँ, यति नै तिनि दाज्युलाई
जेलेख्तछन् अनि उसै गरूँला मिलाई ।१००।

यत्ती भनेर गुरूदेव अडे छँदामा
सोही कुरा असल संझिनगै सभामा ।
लेखी पठाउनु यसै भनि, गोरखेश
छोड्दै सभा खुसिहुँदै अडि बक्सिएछ ।१०१।

आज्ञानुसार चिठिपत्र गएछँदा, त
त्यो हर्षसाथ दिइ मंजुरिको जवाफ ।
फन्दा पऱ्यो अब भनी मन ढुक्क पारी
गर्दै थियो नृहरिशाह ठुलो तयारी ।१०२।

चेपे नजीक बगरै भरि गुप्तिसाथ
गाडेर हात हतियार सबै त्यहाँ, त ।
सेना पनी वरि परी सब ठिक्क राखि
त्यो श्राद्धगर्न भनि आइपुगेछ पापी ।१०३।

सेना र हात हतियार समेत सारा
छोड्नु भएर लिइ गोरखकै सहारा ।
आफ्ना पुरोहित सँगै प्रभु गोरखेश
चेपे तरोकन उता पुगि बक्सियेछ ।१०४।

आफ्ना निरस्त्र दश बोस अरू सिपाही
चेपे यतै रहनु भन्नु हुँदै अन्हाई ।
दाज्यै भनी नृहरिलाई गएर आफैँ
ढोग्नू भयो सहज निश्छल भाव साथैं ।१०५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाई भनी नृहरिले पनि ठिक्क पारी
देखावटी प्रणयको छल गर्न थाली ।
च्यापेर छाति बिचमै गरि अंकमाल
सोधे त्यहाँ कुशल—मंगल—हाल चाल ।१०६।

सोझो र निश्छल हुँदा प्रभु गोरखेश
त्यो दाज्युको मन सफा बुझिबक्सिएछ ।
राम्रो भयो अब त, आफुसमा भनेर
निःशंक भै रहनुभो घरमा परेर ।१०७।

दाज्यु र भाइ यसरी गरि भेटघाट
श्राद्धै पनि सुरु भएर बिधानसाथ ।
श्रीद्रब्यशाहकन भित्र रमाइलो भै
देख्नूभयो त्यसबखत् सब तर्फ सोझै ।१०८।

त्यों श्राद्धको बिधि सकेरसबै पछाडी
भाञ्छा चढी द्विजहरूगइ खानलागो ।
छोरी पुगेर बुबुकी लिइ अश्रुधारा
गर्दै थिइन् नजरले प्रभुमा इशारा ।१०९।

संकेत साथ प्रभुलाई त फेरि फेरि
संत्रस्त नेत्र भरि आँसु भरेर हेरी ।
भाग्नोस् छिटो प्रभु भनी गरि सावधान
आफ्नो पुरा गरि दिइन् तिनिले इमान ।११०।

तिनको दुरुस्तसित भाव बुझी नजर्को
देख्नूहुँदै नृहरिको पनि भाव अर्को ।
काट्यों मलाई किन पेट भनेर उठ्तै
लोटालिँदै दबिनुभो प्रभु झाढि पर्तै ।१११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संभ्झेर भित्र गुरू गोरखनाथलाई
निर्धक्क भैकन, त, फूर्ति ठुलो बढाई ।
लुक्तै त्यहाँ वन वनैं प्रभु गोरखेश
चेपे तरीकन यता पुगि बक्सिएछ ।११२।

आफ्ना निरस्त्र दश बोस सिपाहिसाथ
त्यो ठाउँमा अडिनुमा खतरा हुँदा, त, ।
साथी तिनीहरू कनै लिनु भै तमाम
बढ्नू भयो प्रभु अनी घर तर्फ जान ।११३।

हर्म्ये हुँदै सुरुसुरु दुगुरेर चाँडो
स्रासै न फेरिकन उक्लनथालि डाँडो ।
प्रत्यक्ष ठान्नु भइ गोरखकालि-आमा
पुग्नू भयो प्रभु सरासर—गोरखामा ।११४।

श्री द्रव्यशाह न फिरे पछि झाडिबाट
शंकागरी नृहरिशाह अनी त्यहाँ, त ।
घेरादिँदै वन र झाडि भरी तमाम
खोज्दै थियो वरि परो गरि धूम धाम ।११५।

सर्वेश्वर प्रभृति ब्राह्मणवर्ग जम्बै
खाएर आइकन ती प्रभु खोइ भन्दै ।
मारी सक्यो नृहरिले भनि छट्पटाई
रून्थे हताश भइ साहस नै बिलाई ।११६।

फेरी त्यहाँ पनि तिनै बुबुको कुमारी
आएर भट्ट उठ जाउ भनेर पारी ।
बाच्नू भयो प्रभु भनी गरिथिन् इशारा
भागे अनी द्विजहरू खुसिसाथ सारा ।११७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोही बखत् नृहरिशाह त रन्थनाई
    ती ब्राह्मणैकन त थुन्छु भनेर आई ।
चेपे तरे तिनिहरू भनि थाह पायो
    उंवथो चरो भनि भनी रिसले करायो ।११८।

त्यो हात आइकन राज्य त गोरखाको
    फुस्क्यो यसै भनि भनो वहुलै हुँदा, त्यो ।
मन्त्रीहरूकन त मूर्ख भनेर जागी
    सन्क्यों कराइकन उग्र हुँदै अभागी ।११९।

ती गोरखालीहरू छन् अहिले निरस्त्र
    मौका अझै पनिछ जाउ लघारि पक्र ! ।
यो शस्त्र सज्जित सबै लिइ सैन्य हाम्रो
    चेपे तरेर गइ झंटनु हुन्छ राम्रो ।१२०।

स्वार्थान्ध भै नृहरिले सव धर्मछाडी
    माताज्युको शपथ-बन्धन सम्म फाली ।
चेपे नदी तर भनी फउजै खटायो
    आफ्नै बिनाशपथ पट्टि पयर्बढायो ।१२१।

तो लंजुँगेहरू अनी हतियार साथ
    चेपे तरीकन अगाडीबढे छँदा, त ।
त्यो धर्म बन्धन हट्यो भनि गोरखाको
    संझे, महर्षिहरूले भवितव्य साँचो ।१२२।

झंटे पनी तिनिहरू हतियार साथ
    त्यो पाप नै गहरूँगो हुनगै त्यहाँ, त ।
तिन्को त फूर्तिासित बढन सकेन धावा
    श्री द्रव्यशाह हुनुभो दुगुरेर हावा ।१२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्बारमा प्रभु त भित्रिनुभो अगाडी
तो लंजुंगे गुरूँगथोक पुगे पछाडी ।
निस्की प्रचण्ड अनि सैन्य त गोरखाको
ती दुष्ट दुस्मन उपर्गइ जाइलाग्यो ।१२४।

आफ्ना परंप्रिय नरेश्वरलाई डाकी
धोकादिने यिनिहरू भनि उग्र ताती ।
ती गोरखालीहरूले गइ लंजुंगेको
मुण्टै छिने अनि त भिड्न खडाहुनेको ? ।१२५।

भित्रैं पसी गुरूँगथोक पुगी सकेका
ती लंजुँगेहरू थिए खुसिले फुलेका ।
माछंन् यहाँ त यसरी भनी गोरखाली
सोच्तै न सोचिकन हट्नु पर्‍यो पछाडी ।१२६।

शुरा प्रचण्ड वलिया रणदक्ष उस्तै
ती गोरखालिहरू भैकन भीम जस्तै ।
घेरेर भाग्न न दिने गरि शत्रुलाई
मार्दै थिए अति छिटो खुकुरी चलाई ।१२७।

नांगो प्रचण्ड खुकुरीलिई चंकिचंकि
कान्लो समेत पनि कुद्न पुगेर झंटी ।
लंकालडायिँ बिच बानर तुल्य सोझै
ती गोरखेहरू भिडे अति फूर्तिलो भै ।१२८।

श्री द्रव्यशाह प्रभुको जय घोष गर्दै
गर्जेर सिंहसरि झंटिरहेर बढदै ।
हेप्तै सियाल सरि लंजुंग सैन्यलाई
ती बीरले चुट्दि चुटी लखटे धराई ।१२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कैयौं हजार भइ लंजुँगका सिपाही
विश्वास घात गरि लुट्न भनेर आई ।
तो गोरखेहरू सँगै भिडिएर हारी
धेरै मरेर अरु बाँकि हटे पछाडी ।१३०।

टिक्नै पनी न दिइ लंजुँग सैन्यलाई
तीशूर बीरहरूले लखटेर आई ।
चेपे पछिाल्तर धपाई दिएर पारी
सीमान्त मै डटि रहे सब गोरखाली ।१३१।

ती गोरखेहरू सँगै न चलेर शेखी
घोष्ठ्याउँदै अनि जुँघा सब लंजुँगे, ती ।
भागे रूँदै नृहरिका नजिकै तुरुन्त
त्यो पापको फल कसो गरि बेश हुन्छ ।१३२।

त्यो राहुको ग्रहणबाट त सूर्य जस्तै
निस्केर फेरि झल मल्ल भएर उस्तै ।
श्री गोरखेश्वर उदाउनुभो प्रतापी
ससारमा अनि मनोहर कीर्ति राखी ।१३३।

सौभाग्यले प्रभु त बाँचनु भएछ भन्दै
जम्बा भएर दुनियाँ खुसिसाथ जम्बै ।
त्यो लजुँगे नृहरिलाई जितेर बाँधो
ल्याउँ भनी हुकुम माग्न पुगे अगाडी ।१३४।

ती राजभक्त दुनियाँहरूको भनाई
सुन्नू भएर दिनुभैं खुसिले बधाई ।
संझाउँदै ति नहरूकन धर्म, वेम
बोल्नू भयो यसरि नै प्रभु गोरखेश ।१३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाज्यू भनेर गई निश्छल भाबसाथ
देख्यौं ! म फर्कन सकें यसरी यहाँ, त ।
संसारले उसकनै अब भन्छ पापी
धर्मै रहेन उसको अरू के छ बाँकी ।१३६।

जित्छौ तिमिहरू पुगी त्यसलाई सोझै
बाँध्दै घिसार्नु अनि दुष्कर के भयो है ! ।
दाज्यू भनीकन अझै त्यसलाई किन्तु
भैंगो भनेर रहँदै म, त, माफिदिन्छु ।१३७।

चेपे भरी हृदयको रगतै निचोरी
माताज्युको मरण भो जुन धर्म छोडी ।
वास्तै गरेन उसले त्यसको, परन्तु
त्यो धर्ममा मत अझै अडिँदै रहन्छु ।१३८।

उस्ले स्वयं शपथ तोडि दिंदा मुमाको
बाधा रहेन हुन ता अब हामिमा त्यो .
मेरो शरीर रहँदै अझ तैपनी, म
चेपे तरेर उसलाई छुने भईन ।१३९।

मेरो शरीर न रहे पछि पुत्र नाती
राजा भईकन यहाँ हुनगैं प्रतापी ।
लिन्छन् अवश्य पनि लंजुंग राज्यलाई
इच्छा यही सब तिमिहरूको पुग्याई ।१४०।

नाता टुट्यो तिमिहरूसित आज हाम्रो
भन्ने कुरा नृहरिलाई जनाई राम्रो ।
लेखेरनै चिठि पठाई दिनु तसर्थ
सोझो गरेपछि बुझ्यौ ! सब दुःख टर्छ ।१४१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो हुकुंदिनुहुँदै प्रभुले भनेको
शिक्षा सुनीकन, खुसीसित संझँदै, त्यो ।
जोड़ेर अंजलि सवै जय भन्नथाली
आनन्दले घरफिरे अनि गोरखाली ।१४२।

हाम्रो तिमिसित कुनै अब छैन नाता
भन्ने चिठी नृहरिछेउ पुगेछँदा, ता ।
बेशर्म भै नजर नै रिसले न हेरी
गर्दै थियो उ, त, उपद्रव फेरि फेरी ।१४३।

बत्ती उप पुतलि झैं गरि बार बार
चेपे तरेर उसका गइ भार दार ।
जिस्क्याउँदै प्रबल-गोरख-वीरलाई
नित्याउँथे अतिछिटो यमराजलाई ।१४४।

थाक्तैनथ्यो नृहरि तै पनि दुष्ट कस्तो
हाल्दै थियो फउजकै उ, त, होम जस्तो ।
ती होमिए सरह भै तेसका सिपाहीं
पुग्थे उतातिर सरासर मर्नलाई ।१४५।

चेपे यतातिर डटीकन गोरखाली
ती लंजूँगेकन पसे जति मार्नथाली ।
आफ्नो अजेय-महिमा उही गोरखाको
देखाउँथे त्यसबखत् गरि सत्य-साँचो ।१४६।

दाज्यू भनीकन दया गरि मार्न छोडि
यस्तै गरि नृहरिको मद गर्व तोडि ।
एघार वर्ष तक राज्य गरी त्यहाँ, त
बस्नू भयो प्रभु बडो सुख-शान्ति साथ ।१४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्ना मिलेर गुरू गोरखनाथ बाट
छोडेर मोह–ममता अनि एक साथ ।
संसारमा चहकिलो गरि कीर्ति छाडी
पाल्नू भयो प्रभु परं पद देह छाडी ।१४८।

धर्मैले हुन्छ राम्रो भनिकन जसले प्राणकै मोहछाडी
थांनूभो धर्म आफ्नो यसरि,त,रसिलो कीर्तिराखेर भारी
हाम्रा जो आदि राजा मनुसरि हुनुभो धन्य भै द्रव्यशाह
नेपालीले उहाँको चरित यहि बुझुन् भित्र राखेर चाह ।१४९।

शाह–वंश–महा काव्य, दोस्रो–सर्ग
सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश महाकाव्य

तेश्रो सर्ग

(श्री ५ रामशाहको उदय पर्यन्त)

श्री सूर्यका किरणको प्रतिबिम्ब पाई
श्री पूर्णचन्द्र सरहैं भइ जग्मगाई ।
पाएर राज्य अनि पुज्य पिताजिबाट
राजा पुरन्दर उदाउनु भो त्यहाँ, त ।१।

त्यो प्रेमका नजरले गरि वार–वार
हेर्दै नयाँ नृपतिको हँसिलो मुहार ।
ती राजभक्त दुनियाँ सब भुक्न थाली
गर्दैथिए सरस–उत्सवको तयारी ।२।

श्री द्रव्यशाह हुतुभैकन आदि राजा
त्यो, आर्य-राज-महिमा फिँजियर ताजा ।
राजा हुँदा प्रभु पुरन्दर शाह फेरि
निर्धक्क भो मुलुक निर्भय-सास फेरी ।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ती र आशिष सबै लिनु भै पिताको
गद्दी चढी प्रभु पुरन्दर गोरखाको ।
चातुर्यसाथ हुनु भैकन सावधान
राजा सुहाउनु भयो नयनाभिराम ।४।

कस्तैलगाम बलले न खिँचेर उस्तै
छोड्नू भएर खुकुलो न त सुस्त सुस्तै ।
कार्य गरी मुलुक मध्यम रीतिबाट
चल्नूभयो प्रभु पुरन्द र नीति साथ ।५।

पाँडे र पन्थ अरयाल खनाल साथ
राना समेत लिनु भैकन बोहरा, त ।
राजो गराउनु हुँदै दुनियाँ तमाम
हेर्नु भयो मुलुकको सब काज काम ।६।

हंला न होस् मुलुकमा अरू तर्फबाट
भन्ने बिचार लिनु भैकन शान्ति साथ ।
बिश्वस्त पारिकन बाइस–चौबिसे ती
सारा प्रसन्न गरि राख्नु भयो छिमेकी ।७।

दोस्ती भयो अब सबैसित गोरखाको
भन्ने सुनेर रिसले कुढिएछँदा, पो ।
चेपे तरीकन यतातिर बार—बार
ती लंजुँगेहरू त लुट्न भए तयार ।८।

धोका दिँदै छल गरीकन आइ आई
डाँका समान सब लंजुँगका सिपाही ।
भित्रै पसेर सहजै सित ठाउँ–ठाउँ
लुट्तै थिए अनि त बस्ति र गाउँ-गाउँ ।९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्दै दरौँदि अनि टार पुगेर छेबे
त्यो बोहरा ब्यँसि समेत गई लुटेथे ।
जित्छौँ सरासर भनी अब गोरखा नै
ती लंजुंगे त्यसबखत् सुरिए तमामै ।१०।

शान्तिप्रियै भइ भई रिस थामी थामी
पर्खेर बस्नु नहुने बुझिएर जानी ।
जाऊ ! हटाऊ सब दुश्मनलाई भन्दै
राजा पुरन्दर अनी हुनुभो प्रचण्डै ।११।

आज्ञा न पाइकन पर्खिरहेर खाली
दाऱ्हाकिटेर अडिने सब गोरखाली ।
पाई हुँकुं नृपतिको जय घोष गर्दै
झंटे तुरुन्त सुरिएर अगाडि सर्दै ।१२।

छेवनै नआइकन पो अघि गोरखाली
ती लंजुँगेहरू त बढ्न पुगे अगाडी ।
झटेर लश्कर चलेपछि गोरखाको
भिड्ने कुरा अनि कता अडिने त्यहाँ,को? ।१३।

भाग्नै समेत न दिने गरि गोरखाली
मार्छन् भनेर अनि बुर्कुसि मार्न थाली ।
हट्तै थिए पछि पछी सब लंजुंगे, ती
ती गोरखे पनि त मार्न पुगे लखेटी ।१४।

बस्ती र गाउँघरका बिच, आईभाई-
तर्साउने तिमि त लंजुंगका सिपाही ।
आउ ! अगाडिसर लौ ! भनि हाँस्नथाली
काट्तैथिए तिनिहरूकन गोरखाली ।१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती गोरखालिहरूले खुकुरी उचाली
भंटेर युद्ध बिचमा गइ नाच्न थाली ।
पुछ्तै निधार सव लंजुंग–सुन्दरीको
मेट्तैंथिए सिँदुरको पनि लाल-टीको ।१६।

मार्दै लघारिकन लंजुंग सैन्यलाई
चेपे पछिल्तिर धपाइ दिएर आई ।
आज्ञानुसार नृपको न तरेर चेपे
ती बीर गोरखजबान डटीरहेथे ।१७।

आतङ्क दूर हुनगो भनि लंजुंगेको
त्यो गोरखा मुलुकनै खुसिले झुलेथ्यो ।
झुक्तै प्रजाहरू पनि प्रभुछेउ आई
गर्दै थिए यसरी विन्ति बडो रमाई ।१८।

हे नाथ ! आज यसरी सब मुख्य सेना
चेपे कुरीकन उतै अडिई रहेमा ।
अन्यत्रबाट खतरा हुन आउला, की ?
बस्नू हवस् सकल सैन्य नजीक राखी ।१९।

झुक्याउँदै छल गरीकन लंजुंगे, ती
पस्छन् भनी सकल चाल बुझेर देखी ।
हामी सबैं भइ सक्यौं दुनीयाँ चनाखा
चेपे तरेर कुन आउन सक्छ डाँका ।२०।

ती लंजूंगेकन त रोक्न भनी तसर्थ
त्यो सैन्य सज्जित हुँदै किन वस्नु पर्छ ।
तिन्को प्रहार सब रोकि दिएर थामी
बस्छौं तयार भइ रोकि दिएर हामी ।२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती भक्त रैतिहरूको यस बिन्तीबाट
राजा पुरन्दर खुसी हुनु भै त्यहाँ त, ।
जिम्वा तिनैकन दिनू भइ लंजुंगेको
खिँचनू भयो सकल सैन्य उता रहेगो ।२२।

रक्षा गरी मुलुकको हुनु है ! चनाखा
भन्ने हुकुं नृपतिबाट मिले छँदा, ता ।
ती देश भक्त दुनोघाँ जय भन्न थाली
फर्के सबै घर घरै गरि होसियारी ।२३।

जोत्तै हलो दिन भरी गरि काज काम
चेपे नजीक भइ रैति त सावधान ।
ती रातमा थुमकुरी पहरा दिएर
बस्थे सतर्क भइ नित्य खडा रहेर ।२४।

जो कुर्दथे हलिहरूभइ सावधान
त्यो ठाउँको "हलिथुमैं" हुन आइ नाम ।
त्यो देश भक्ति अझ सम्म छँदैछ ताजा
प्यारारही मुलुलकमा प्रभु आर्य राजा ।२५।

टोक्तै जुँघा अनि पछी रिसले जलेका
अत्यन्त नै कुपित भैकन लंजुंगे, ता ।
वार्षिक-भोट तिरको बहकाइ चाँगे
स्यार्तानलाई, त उता धमिल्याइछाडे ।२६।

पत्यार मानिकन बोली त लंजुंगेको
त्यो गोरखा मुलुक लुट्न भनी हिँड़ेको ।
चाँगे सरासर अघिल्तिर बढ्न थाली
सन्के थुतेर खुकुरी अनि गोरखाली ।२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटे बढेर यसरी मुलुकै तमाम
हान्यो भने, सकल हामि भयौं गुलाम ।
मर्छौं तसर्थ रणमै भइकीर्तिशाली
भन्दै उठे त्यस बखत् सब गोरखाली ।२८।

प्यारा त हामीहरूका हुनु हुन्छ राजा
यो देश भक्ति मन भित्र छँदैछ ताजा ।
भोटे संगै किन यसैं झुकुँला, त, हामी
भन्दै प्रजाहरू उठे हतियार तानी ।२९।

भाला, खुँडा र खुकुरी तरवार आदि
जे जे छ आफु संग सोहि लिंदै उचाली ।
माग्दै हुकुं नृपतिको रणतर्फ जान
जम्मा भए अदबले दुनियाँ, तमाम ।३०।

ती, देशभक्त दुनियाँहरूको तयारी
देख्नु भएर खुसिले मन दंग पारी ।
स्यावासी बक्सनु हुँदै तिनिलाई फेरी
भन्नू भयो नृपतिले न गरेर देरी ।३१।

प्यारो स्वदेश भनिमर्न हुँदै तयार
देखाउँछौं यसरि साहस जो अपार ।
त्यस्ले कृतार्थ हुनगै भइ कीर्तिशाली
हुन्छौं अवश्य बिजयी तिमि गोरखाली ।३२।

यो देश हामिहरूको सबको छ साझा
प्यारा परस्पर भयौं दुनियाँ र राजा ।
यो देश भक्ति र ठुलो यहि एकता, ली
हुन्छौं प्रसिद्ध जगमा तिमि गोरखाली ।३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा प्रजा मिलि जुली सब एक साथ
यस्ता सपूतहरू छन् जुन देशमा, त ।
त्यो देश जित्तछ अहो ! कुन शत्रुले, त ?
हे बीर हो ! वढ, सरासर फिक्रिके छ ? ।३४।

राजा स्वयं प्रभु पुरन्दर शाहवाट
आज्ञाहुँदै यसरि साहस बक्सिदा, त ।
तो गोरखालीहरूले जय भन्न थाली
उत्साह साथ रणतर्फ बढे अगाडी ।३५।

जान्दै न जानि बल-वीर्य त, गोरखेको
भोटेहरू मुलुक जित्न थिए हिँडेको ।
घेर्दै त्यहाँ तिनिहरूकन गोरखाली
काट्तै थिए अनि छपाछप नाच्नथाली ।३६।

चाँगे सँगै गइ भिडे भनि गोरखाली
पाएर छिद्र अनि फौज ठुलो उतारी ।
चेपे तरीकन यत्तातिर लंजुँगे, ती
फेरी बढे सुरु सुरु सुरिएर हेपी ।३७।

सेना न भैकन यतातिर गोरखाको
को रोक्छ हामिकन लौ! भनि संभँदा, पो ।
ती लंजुँगेहरू त मस्त परेर फेरो
हिँड्दै थिए बढिबढी नजरै न हेरी ।३८।

पाई हुकुँ प्रभु पुरन्दर शाहबाट
सीमान्त रक्षण गरि रहने चलाक ।
रैती त्यतातिर थिए सब होशियार
लाठो लिँदै तिनिहरू उभिए तयार ।३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती लंजुँगेहरू त गाउँ र गाउँ चारी
लुट्तै थिए वरि परी छरिँदै अगाडी ।
यो देश भक्त सब रैति पुगेर फेरी
मार्दै चुटे तिनिहरूकन घेरि घेरी ।४०।

धेरै भएर पनि फौज त लंजुँगेको
डाँका भएर मनको बल कं हुने भो ।
यो देश भक्तहरू ईश्वर साक्षि राखी
मार्दै थिए तिनिहरूकन ताकि ताकी ।४१।

रैतो सबै यिनिहरू यति हुन् यहाँका
भन्ने कुरा मगजमा न घुसे छँदा, ता ।
आई पुगेछ भनि फौज त गोरखाको
तर्सेर दुश्मन हटे गई भित्र सातो ।४२।

फर्केर हेर्न डरले नसकी पछाडी
सासै न फेरिकन साहस सम्म छाडी ।
भाग्दै पछिल्तिर हटे अनि लंजुँगे, ती
उफ्री कुदेर हरिणैं सरि वाघ भेटी ।४३।

आँखै न हेरिकन भाग्न अगाडि सर्दा
बाटै न पाइ पहराहरूबाट झर्दा ।
लड्दै पडे तिनिहरू कति घाइते भै
त्यो मारमा पनि परे कति गाउँलेकं ।४४।

धेरै हताहत भईकन लंजुँगे, ती
चेपे तरीकन हटे मन भित्र चेती ।
सीमा नधाइकन दुश्मनलाई चेपे
यो देश भक्तहरू फेरि डटो रहेथे ।४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरी यतातिर त, गोरखबीर हाम्रा
थावतैनथाकि भिडिने रण घोर चाम्रा ।
भोटेहरू सँग जुधे खुकुरी नचाई
संसारमा गजब युद्ध कला सिकाई ।४६।

भोटेहरू सँग थियो धनु-काण थोत्रो
तो हान्दथे परलुकेर कुनै घुयेँत्रो ।
के टेर्दथे तिनिहरुकन गोरखाली
मारे प्रशस्त सित सोतर पार पारि ।४७।

त्यो गोरखा सहर लुट्न भनेर आई
त्यो मार खाइकन भित्र रहर्पुर्‍याई ।
चाँगे पछिल्तिर हट्यो जिउमात्र साँची
भागे त्यसैँसँगसँगै अरु फौज बाँकी ।४८।

आफ्नो पराक्रम ठुलो त्यसरी फिँजाई
सीमान्त सम्म लखटीकन शत्रुलाई ।
सीमाप्रदेश बलियो मजबूत पारी
फर्के अनी बिजयलिकन गोरखाली ।४९।

चेपे किनार तिरबाट पनि खुसीको
सोहिवखत् खबर भन्न पुगेर छीटो ।
प्यारा नरेश्वर पुरन्दर शाहलाई
तो रैतोले सकल विन्तिगरे सुनाई ।५०।

प्यारो खब यहि सबै दुइतर्फबाट
सुन्नू हुँदै नृपतिले खुसियाली साथ ।
तो शूर-बीरहरूलाई दिँदै इनाम
गर्नु भयो अनि, महोत्सव धूमधाम ।५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा चढाइ गुरु गोरखको गुफामा
मानेर भक्ति सित गोरखकालि आमा ।
ज्यादै प्रसन्न हुनुभो प्रभु गोरखेश
दायाँ रहे पछि त, ईश्वर दुःख के छ ? ।५२।

त्यस्तो प्रताप महिमा अनि गोरखाको
सारा छिमेक भरिमा फिँजिएर ढाक्यो ।
राजाहरू सब झुके चिठि पत्र लेखी
गर्दै थियो कुटिल लंजुंग मात्र शेखी ।५३।

सोही बखत् अनि यतातिर लंजुंगे, ती
च्याप्तै थिए तनहुँलाई समेत हेपी ।
माग्यो मदत् तनहुँले अनि गोरखामा
हात्ती समेत उपहार चढाई नाना ।५४।

त्यस्तोपहाड बिचमा न हुने अनौठा
हात्ती भएर अति अद्भुत जन्तु यौंटा ।
त्यो प्रेमको लिनु हुँदै उपहार बेश
बोल्नू भयो खुसि हुँदै प्रभु गोरखेश ।५५।

तिम्रा र हामिहरूका भइ शत्रु एक
पर्छन् बराबर, दुवैतिर लंजुँगे, त ।
ती दुष्टलाई तहलाउनका निमित्त
हामी दुवैथर भयौं अब एक चित्त ।५६।

हाम्रो रह्यो यहि कुरा बुझ ! आज देखि
ती शत्रुको अब त बाँकि रहन्न शेखी ।
गर्छन् मदत् तनहुँको सब गोरखाली
जाऊ ! खुसी सित बिदा भइ पीर छाडी ।५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यारो गरी तनहुँका सब दूतलाई
यस्तै हुकुं प्रभु पुरन्दरले सुनाई ।
उस्तै गरी असल योग्य दिँदै इनाम
बक्स्यो बिदा खुसिहुँदै घरतर्फ जान ।५८।

इच्छा पुगेर मनको अति हर्ष साथ
झुक्तै ति दूतहरूले निहुराई माथ ।
राजाधिराज ! जय होस् भनि भन्न थाली
निर्धक्क भै घर फिरे मनढुक्क पारी ।५९।

मद्दत दिने तनहुँमा प्रभु गोरखेश
भन्ने कुराहरू सुनेपछि लंजुंगे, त ।
घोप्टे जुँघा सुरुसुरु मुख भित्र कोची
फर्के सुरुक्क डरले निहुरेर सोची ।६०।

त्यो गोरखाधिपतिको कुन हो प्रताप
नामै सुनेर पनि शत्रु हुने सखाप ।
ती धन्य हुन् भनि भनिकन गोरखाली
गर्दै थियो तनहुँ उत्सवको तयारी ।६१।

राजाहरू अनि त बाइस–चौबिसे, ती
काँप्तै थिये प्रभु पुरन्दरलाई देखी ।
को गोरखासित बिरोध उठाउने भो
त्यो लंजुंगै पनि त भित्र डराउने भो ।६२।

तेजै प्रचण्डसित अद्भुत यो फिँजाई
श्री सूर्य झैँ प्रभु पुरन्दर जग्मगाई ।
राख्नू भयो यसरी इज्जत गोरखाको
झुक्थ्यो जगत् सकल हाल सुनी त्यताको ।६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोही बखत् अनि यतातिर गोरखामा
भोटेहरूसँग, त चित्त न सँग्लँदामा ।
वेपार बन्द हुनगैकन भोट बाट
भो, नून पाखिहरूको अनिकाल साफ ।६४।

नूनै न पाइ अलिनो गरि खान थाली
बस्तै थिए त्यसबखत् सब गोरखाली ।
त्यो दु:ख रैतिहरूको म हटाउँ भन्दै
बढ्दै थियो प्रभु पुरन्दरलाई धन्दै ।६५।

भोटै पसेर गइ युद्ध गरे छँदामा
के हुन्छ कुन्नि भनि संशय देखिँदामा ।
चाँगे सँगै असल हो बरू मित्रता, पो
भन्ने बिचार हुनगो प्रभुलाई साँचो ।६६।

कब्जा गरेर सहजैसित नून खानो
जित्छौं सरासर बढीकन भोट हामी ।
पाउँ हुकुं भनि भनीकन बार बार
सेना थियो त्यसबखत् सजिँदै तयार ।६७।

ती वीरको त्यसरो साहशिलो भनाई
सुन्नूहुँदै त्यसउपर्खुसि नै जनाई ।
संझाउँदै तिनिहरूकन नीतिसाथ
आज्ञा भयो प्रभु पुरन्दर शाहबाट ।६८।

पाएर, हेर ! गुरु गोरखको सहारा
जित्छौ तिमिहरू त भोट मधेशसारा ।
संझाउँदै तिमिहरूकन यो परन्तु
बेला बखत् पनि बिचार गरेर भन्छु ।६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहिन्छ हामिहरूलाई त, नून—पानी
गर्नुपर्‍यो त्यस निमित्त कुनै चलाकी ।
आफू बनेर बलियो पहिले दुरुस्त
झंटेर भोट लिउँला पछि सुस्त—सुस्त ।७०.

हाम्रो प्रभाव बलियो भइ गोरखामा
हेर्न्नै सकिन्न अहिले भनि संझँदामा ।
झुक्तैं दबे सकल बाइस–चौबिसे–यो,
यिन्को त, औसर परे भर छैन केही ।७१।

ठूलो भयो अब यतातिर गोरखा नै
भन्ने इबी हृदयमा सबको हुँदा, नै ।
मौका परे यिनिहरू एव मिल्न आई ।
दिन्छन् अवश्य पनि दु:ख, त, हामिलाई ।७२।

ती लंजुँगेहरू अनी त्यस माथि उस्तै
भड्काउने भइ सबैतिर सुस्त-सुस्तै ।
देखाई हामिहरूलाई अवश्य नोचा
चल्छन् भनेर पछि हेर्नु छ, यो पनी ता ।७३।

हे बीर हो ! तिमिहरू गइ भोट पट्टी
पर्नेछ संभव यतातिर बिघ्न यत्तो ।
अर्को बताउँछु उता अनि यो कुरा म
संझेर मर्म सब यो बुझ है ! तमाम ।७४।

बस्तै नजीक, घरको भइ बाघ जस्तो
भुक्छन् पराइकन कुक्कुर सम्म कस्तो ।
भेदैं न पाइ अरुका घरको तमाम
झंटेर जानु पनि योग्य हुँदैन काम ।७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्छू तसर्थ अहिले बस, धैर्य राखी
तान्छू म, जुक्तिसित नै अब, नून-पाखी ।
चाँगे, छँदैछ डरले उ पनी स-शंक
मौका बुझी कन चलौं अनि बेस हुन्छ ।७६।

प्यारो गरी यसरी सैनिक वीरलाई
मौकानुसार चल भन्नु हुँदै बुझाई ।
शिक्षा दिंदै अह्रिनु भो प्रभु गोरखेश
भन्थे सबै झुकि झुकी त्यहि हुन्छ बेश ।७७।

फौजी जवानहरूको त्यस जोशलाई
थाँदै प्रसन्न गरि फूर्ति ठुलो दिलाई ।
राखेर मंत्रीहरूलाई त गुप्ति साथ
बक्स्यो हुकुं प्रभु पुरन्दर शाहबाट ।७८।

आज्ञानुसार अनि चिट्ठि लिएर साथ
वार्पाक भोट तिर दूत पुगेछँदा, त ।
चाँगे, बडो खुसि हुँदै डर मान्न छाडी
दोस्ती गऱ्यो मित भए भनि गोरखाली ।७९।

हामी परस्पर भयौं मित आज देखि
भन्ने कुराहरू सबै खुसि साथ लेखी ।
आपनो पठाइ उसले पनि दूत फेरि
मान्यों झुकी प्रभु पुरन्दरको मितेरी ।८०।

बार्पाक-भोट तिरको लिइ दूत साथ
आफ्ना जवानहरू आइ पुगेछँदा, त ।
आशा गरे सरह काम बनेर झट्टै
राजा पुरन्दर खुसी हुनु भो बिछट्टै ।८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बक्सेर दर्शन अनी सब दूतलाई
बाँड्दै इनाम पनि चित्त खुसी गराई ।
चाँगेकनै चिठी र पत्र त मित्रताको
लेख्नू भयो दिइ निमन्त्रण गोरखाको ।८२।

हात्ती यहाँ छ अति अद्भुत जन्तु यौटा
त्यस्लाई हेरिकन हुन्छ बडो अनौठा ।
भेटेर हामिसित भोट र गोरखाको
मैत्री समेत बलियो भइ हुन्छ पाको ।८३।

आऊ ! तसर्थ तिमि मित्र भएर हाम्रो
भन्ने जनाइ चिठि पत्र गएर राम्रो ।
चाँगे पनी त्यस बखत् बहुतै रमायो
भेट्छु भनेर निहुरी प्रभु छेउ आयो ।८४।

कस्तूरि, चामर र पाखिहरू अनेक
त्यस्को सहर्ष लिनु भै उपहार—भेट ।
उस्तै गरेर उसलाई पनी तमाम
दीबक्सियो धन र रत्नहरू इनाम ।८५।

देखेर हात्तिकन अद्भुत मानि, भोटे
सोध्दै थियो उ,त,जनावर खान्छ यो,के ? ।
यो खान्छ नून भनि उत्तर बक्सिदामा
मंजूर भो ऊ, पनि नून दिने कुरामा ।८६।

यो हात्ति खान्छ भनि नून, अनी तसर्थ
एक्काइसै मुरि पठाउँछु वर्ष—वर्ष ।
यस्लाई पुग्दछ अनी त्यतिले भनेर
चाँगे त, हात्ति नजिकै ऊभियो अडेर ।८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हात्ती चढाउनु हुँदै त्यसलाई फेरि
सत्कारमा त्रुटि नहोस् भनि हेरि हेरी ।
राखेर केहि दिन सम्म त, गोरखामा
व्यापार सन्धि पनि गर्नु भएछ नाना ।८८।

चाँगे, खुसीसित वसीकन पाहुना भै
फर्क्यो अनी प्रभु सँगै निहुरी बिदा भै ।
व्यापारको अनि खुल्यो दुई तर्फ नाता
सारा प्रजा खुसि भए नून पाउँदा, ता ।८९।

चिठ्ठी पठाइकन दुश्मनलाई सम्म
घोप्ट्याइ मत्लबलिने प्रभु के अचम्म ।
कस्तो विचित्र महिमा प्रभुको छ भन्दै
त्यो गोरखा मुलुक दंग परेछ जम्बै ।९०।

चाँगे पनी कर दिने भइ गोरखाको,
झुक्तै गयो भनि सुनेर खबर्त्यताको ।
आँखा खुल्यो अनि त बाइस चौबिसेको
ठाडो भएन डरले शिर लंजुँगेको ।९१।

पन्छाउँदै यसरि बिघ्नबिपत् तमाम
प्यारो हुँदै मुलुकको करुणा निधान ।
साक्षात् पुरन्दरसरी सुख शान्तिदायी
राजा पुरन्दर सुहाउनु भो उहाँई ।९२।

रानीहरू दुइजना हुनुभो उहाँको
जेठो त अंश हुनु भैं जगदम्बिकाको ।
लाग्नू हुँदा भजन पूजनतर्फ खाली
कान्छी अनी हुनु भयो मनकी पियारी ।९३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्मेर कान्छि तिरनै युवराज फेरी
जेठी दिदीकन त सौति भनी नटेरी ।
खोजेर नैं निहुँ सँधै तकरार पारी
कान्छी सताउनु हुने नृपकी पियारी ।६४।

जेठी पियारी हुन् भो अब गर्भ बोकी
भन्ने कुरा त्यस बखत् सुनिएर होकी ।
त्यो सौतिनी कपट डाह लिएर भारी
कान्छी अघोर सित सन्कनु भो पछाडी ।६५।

जेठी त अंश हुनु भैकन कालिकाको
देख्नु भएर पछिको भवितव्य ता त्यो ।
मैले यहाँ रहनु हुन्न भनेर ठानी
सल्यान आइकन बस्नु भएछ रानी ।६६।

त्यो गर्भका समयमा चिढ़िएर रानी
निस्किन् भनेर मनमा अति दिक्क मानी ।
राजा त खिन्न हुनु भो, तर फेरी अर्की
रून्छिन् भनी अडिनु भो रिसले नतड्की ।६७।

यो गोरखा मुलुककै थिति बाँध्नसक्ने
राजा भएपनि म ता घरमा न सक्ने ।
यस्तै कुराहरू अनी दिन रात सोची
राजा त्यहाँ पछि बिरक्त हुनू भयो कि ।६८।

आई परे जति अनी सब काजकाम
निर्लिप्त भैकन चलाई दिँदै तमाम ।
संसारमा सुख रहेन छ केहि भन्दै
जोगी सरी रहनु भो प्रभु भित्र गर्दै ।६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा भएर पनि ता परिवन्धबाट
रानो निकालिकन बस्नु परे छँदा, त ।
प्रारब्ध कै सकल खेल रहेछ भन्दै
झस्के सरी प्रभु अनी हुनु भो झसंगै ।१००।

बूढो भएँ म त यसैं भनि फेरि फेरी
आफ्नै मुहार पनि दर्पण भित्र हेरी ।
एकान्तमै प्रभु त हर्दम बस्न थाली
गर्नु हुने गुनिरहेर बिचार खाली ।१०१।

यस्तै बिचार लिनु भैकन एकतान
संझेर ईश्वरकनै भइ सावधान ।
आफ्नै शरिर पनि मर्छ भनेर संझि
राजा फरक् रहनु भो मनचित्त सँग्लो ।१०२।

मेरो भनेर न लिँदै ममता समेत
कर्तब्य मात्र गरिदी प्रभु गोरखेश ।
आनन्दले अनि त बस्नु भयो रसाई
प्रारब्ध भोग्न भनि चित्त कडा गराई ।१०३।

सल्यानमै अनि पुरोहित साथ साथ
आफ्ना पठाइकन मानिस मान साथ
त्यो जन्मने शिशुकनै गर जातकर्म
भन्दै खटाई दिनु भो नचुकी स्वधर्म ।१०४।

पाई हुकुं नृपतिको खटिएर आई
रानो मुमा ! भनि गएर शिरै झुकाई ।
त्यस्तो हुकुं प्रभु पुरन्दरको सुनाए
आज्ञा मिलेर नजिकै अनि बस्न पाए ।१०५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्षनै भगवती हुनु भैं उहाँ, त
रानी बनी कपट मानिस रुपबाट ।
यो शाहवंशकन गर्नु हुँदै पवित्र
जन्माइ बक्सनु भयो कुल दीप पुत्र ।१०६।

त्यो जन्म लग्न लिई कुंडलि कोर्नथाल्ली
बूढा पुरोहित सिलोट लिँदै अगाडी ।
यी रामशाह भनिबालक राम जस्तै
राखो दिए मधुर नाम समेत उस्तै ।१०७।

उच्चा परे ग्रहहरू भनि एक नास
गर्दै बयान रसिलोसित खास खास ।
ती गोरखातिर फिरेर अनी तमाम
विन्ती गरे प्रभु संगै सव यो बयान ।१०८।

जन्म्यो सुपुत्र भनि सुन्नु भएर फेरी
राम्रो भनेर लिइ कुंडलि हेरो हेरी ।
यो माहिलो कसरि भा भनि सँझँदामा
सोच्नू भयो नृपतिले भवितव्य नाना ।१०९।

छोरो लिएर खुसिले अव जेठी रानी
बस्छिन् उतैतिर भनी बुझि बक्संदा, नी ।
खानू भनेर तिनिलाइ त मान साथ
विर्ता दिदै खबर बक्सनुभो त्यहाँ त ।११०।

कर्तव्यको यति कुरा न चुके पनी त
जोगी समान हुनु भै प्रभु शुद्ध चित्त ।
छोरो भनेर मुख हेर्छु भनेर धाई
जानू भएन छ उतातिर भेट्न लाई ।१११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारको सुख र भोग अनित्य जानी
त्यो भोगमा प्रभु विरक्त रहे छँदा, नी ।
रानी दुबै हुन गए प्रभुका समान
टाढा रहुन कि नजिकै अनि के छ मान ।११२।

मंत्री र मुख्य लिनु भै सब भारदार
आई सभाबिच सुने पनि कार बार ।
त्यसमा मनासिब सधैं दिनु भै निकासा
त्यो खेल भैँ प्रभु त ठान्नु हुने तमासा ।११३।

आसक्ति नै न रहँदा व्यवहार पट्टि
त्यस्को त, राग मनमा न परेर कत्ति ।
निःसंग निर्मल र निर्भय एकनास
देख्नू हुने प्रभु सबैतिर चित्त विलास ।११४।

एकान्त मै प्रभु रहे पनि रानि साथ
मंत्रिहरू रहि रहे पनि साथ साथ ।
त्यो चित्त बृत्ति हरदं अडिएर यौटै
आफै त्यहाँ प्रभु त देखिनु भो अनौठै ।११५।

यस्तो स्वभाव परिवर्तन भौ अचम्म
त्यो ध्यान मै प्रभु त मग्न रहेर टम्म ।
साक्षात् स्वयं हुनु भएछ शिवस्वरुप
को बुझ्दथ्यो त्यसबखत् प्रभुको स्वरुप ।११६।

सौता हढिन् अब भनिकन हर्ष मानी
जो गर्दथिन् मद र गर्ब त कान्छि रानी ।
त्यो गर्व सर्व अनि चूर्ण भएर आफैँ
रून्थिन् तिनि हरबखत् लिइ पूर्ण तापै ।११७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो अचम्म गुरू गोरखको कृपा हो
भन्ने कुरा त अरुले न बुझेछँदा पो ।
यस्तो त के हुन गयो प्रभु लाई भन्दै
मन्त्री समेत पनि छट् पटिए ति जम्बै ।११८।

देखिन्न रोगहरू केहि पनी उहाँको
भन्दै न जानिकन कारण कत्ति साँचो ।
रानी यहाँ न हुनु भै प्रभुसाथ जेठी
यस्तो भयों भनि सबै ठहराउँथे ती ।११९।

तर्सेर भित्र मनमा अनि कान्छि रानी
आउन् दीदी अब यहीँ भनि आशमानी ।
सल्यानमा गइ दीदी सँग गर्नु विन्ती
भन्दै अह्राइकन मन्त्रि खटाउँथिन्, ती ।१२०।

साक्षात् उहाँ भगवती भइ जेठि रानी
त्यस्तो भएजति कुरा सब जानी जानी ।
बोलाउँदै लिन पुगे पछि मन्त्रिलाई
आज्ञा दिँदै यसरी भन्नु भयो बुझाई ।१२१।

मैंले उहाँ प्रभुकनै पति मान्नपाई
रानी भनी मुलुक मान्दछ हैं ! मलाई ।
साक्षात् उहाँकन विगार हुने गरेर
वस्थेँ, यतातिर म ता अनि के भनेर ।१२२।

सल्लाह पाइ गुरू गोरखबाट यस्तै
आए कि हूँ म, त, यतातिर हेर ! वस्तै ।
रानी हिँडिन् भनि बिरक्त भएर पो, त,
राजा कृतार्थ भइ धन्य हुनू भयो, त, ।१२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के ले स्वभाव परिवर्तन भो उहाँको
भन्ने रहस्य रति भर्नबुझ्ने छँदा पो ।
संत्रस्त छौ तिमिहरू बुझियो तमाम
मेरो कुरा सुन सबै भइ सावधान ।१२४।

दासी भएर जसलाइ भजें रमाई
त्यो पाउ छोड्न कति मुस्कील भो मलाई ।
आएँ यतातिर म ता तर आँसु रोकी
प्यारा कृतार्थ हुनुहुन्छ भनेर सोंची ।१२५।

रानी हिँडी भनि भनी मन खिन्न पारी
त्यो चोटले विषयबाट विरक्तता ली ।
संसारमा सुख रहँनछ भन्न थालो
राजा विचारतिर डुब्नु भएछ खाली ।१२६।

पाएर फेरो गुरू गोरखको कृपा त,
झल्केर झलल मनमै परतत्व साफ ।
चिन्नु हुँदै अलि अली गरि आत्मरूप
संझ्यौं ! उहाँ हुनु भएछ शिव स्वरूप ।१२७।

मरसे गराइकन वन्धन कर्मको त
प्रारब्ध भोग गरि निस्पृह साथ पो, त ।
आनन्द साथ हँसिलो भइ नित्य ताजा
संसार सागर त तर्नु हुँदैछ, राजा ।१२८।

देख्छौ दुरुस्त हँसिलो छ उही मुहार
जस्तो परे पनि त निर्भय निर्विकार ।
गर्नू हुँदैछ कि, उहाँ सब राज काज
संत्रस्त छौ तिमिहरू किन फेरी आज ।१२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संझें, अचम्म हुनु भो प्रभु आज पक्कै
त्यस्तो हुनू पनि त भाग्य रहेछ सच्चै ।
के खोज्दछौं भइ सक्यौ सब भाग्यमानी
त्यस्ता महापुरूषलाइ भजेर मानी ।१३०।

कर्तब्यमात्र अब बाहिर बाँकि राखी
राजा उहाँ हुनु भयो शिव रुप साक्षी ।
नाता उहाँ संग कहाँ अरु कोछ आज
रानी र पुत्रहरूको कुन काम काज ।१३१।

सौभाग्यले यति कुरा सब सुन्न पाई
मेरो यसै हृदयगद्गद भो रमाई ।
गर्छू यहीँ बसी बसीकन दण्डवत् म
केकाम भो अब उहाँसित साथ बस्न ।१३२।

प्रारब्ध भोग अझ बाँकिरही यहाँको
ढल्दंन गाथ पनिता अहिल्यै उहाँको ।
राजा उदाउनु हुने अझ केहि वर्ष
जाऊ घरै तिर फिरेर सबै सहर्ष ।१३३।

एकान्तमै तप गरेर बसी यहाँ म
कल्याण गर्दछु तिमिहरूको तमाम ।
चिन्ता नमानिकन जाउ अनी तसर्थ
प्रारब्धको सकल कर्म त भोग्नु पर्छ ।१३४।

यस्तो हुकुं दिनु हुँदै पछिबाट रानी
अड्नु भए पछित गुप्त रहस्य जानी ।
राजर्षि भै प्रभुत धन्य हुनूभएको
संझी कुरा खुसिहुँदै सबले बुझेत्यो ।१३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छौं मुमा ! अब भनीकन पाउ पर्दै
मन्त्रिहरू घरफिरे सब दंग पर्दै ।
त्यस्तो रहस्य सब सँझि रहेर सारा
हेर्दै थिए नृपतिको अलमस्त चाला ।१३६।

यस्ता महापुरुषलाई भजेर हामी
धन्यै भयौं भनि भनी अति हर्ष मानी ।
त्यो गोरखा मुलुक नै सब रंरमायो
यो शाहबंश महिमा त्यसरी उदायो ।१३७।

त्यो आत्म तत्व उपलब्ध गरेर ताजा
ब्रह्मस्वरुप हुनु भै अलमस्त राजा ।
आश्चर्यको लहड खेल गरे समान
गर्नु हुने सकल दैनिक काज काम ।१३८।

त्यो ब्रह्ममै लय गराइ जगत् तमाम
देख्दै न देखि अरू नःश्वर रूप–नाम ।
ब्रह्मै भएर अनि आफु पनि अनौठा
सच्चित् स्वरुप हुनुभो प्रभुमात्र योटा ।१३९।

इच्छा र आश मनमा न भयेर खास
आफ्नो अखण्ड लिनु भै उहिचित् बिलास ।
राजा भए पनि उहाँ त शरीर धारी
प्रत्यक्ष नै हुनु भयो प्रभु निर्विकारी ।१४०।

प्रारब्धको सकल भोग मिटाउनामा
राजा भएर रहँदै प्रभु गोरखामा ।
यस्तै प्रकार सित गर्नु हुँदै अचम्म
बस्नू भयो अनि पछि दशवर्ष सम्म ।१४१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैंतीस वर्षतक राज्य गरेर टम्म
त्यो गोरखा मुलुक नै गरि धन्य धन्य ।
आई दरौंदि तटमा धनरत्न छर्दै
पाल्नू भयो प्रभु परंपद लाभ गर्दै ।१४२।

पद्मासनैं सहज कस्तु भएर फेरी
नासाग्रदृष्ठि गरि अन्त कतै नहेरी ।
प्राणै खिँचेर सतस शिर छेडिं छेडी
पाल्नू भयो प्रभु परंपद उत्ति खेरी ।१४३।

त्यस्तो अचम्मसित योग समाधिबाट
मोक्षै भई प्रभु त छोड्नु भएर गाथ ।
आश्चर्यले चकित भै रुन सम्म छाडी
टोल्हाउँदै अडिरहे सब गोरखाली ।१४४।

यस्तो महापुरुषको अब हुन्छ राजा
भन्दै कराइकन चोट परेर ताजा ।
चिच्याउँदै बिरहले गरि अश्रुपात
रोंयो सबै मुलुक राजबियोगबाट ।१४५।

श्री कान्छि रानि पनि ता सह गामिनी भै
पाल्नु भएर पति साथ सुहागिनी भै ।
श्री छत्र शाह युवराज अनी उहाँको
गद्दि चढेर हुनुभो प्रभु गोरखाको ।१४६।

नाबालकै हुनु हुँदा प्रभु छत्रशाह
आफन्त ती छ थरले गरि हेरचाह ।
थामे सबै थिति र राज्य त गोरखाको
त्यो राज भक्ति पनि साथ लिँदै प्रजाको ।१४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो गोरखालीहरूको दृढ राज भक्ति
देखेर आँट्न मनले नसकेर हच्की ।
सीमान्तमै बसि बसीकन लंजुंगे ती
जूँघा मुसारी अडिए बटुलेर शेखी ।१४८।

सीमान्तमै बसि बसी त्यसरी कुरेको
त्यो दुष्टता बुझिन गै कन लंजुंगेको ।
के बस्तथे चुपहुँदै आन गोरखाली
झंटी त्यतैतिर पुगे खुकुरी उचाली ।१४९।

आई पुगे भिडिन नै भनि गोरखाली
ती दुष्ठको अनि त साहस छुट्न थाली ।
टिक्नै त्यहाँ न सकि भित्र घुसे तमाम
लुक्तै मुसा बिल पसी दबिए समान ।१५०।

राजा त बालक हुनू भइ आज हाम्रो
गर्छन् कि दुश्मन घुसेर कतै नराम्रो ।
रक्षा गरौं, मुलुकको सब तर्फ हामी
भन्थे प्रजा त्यसबखत् हतियार तानि ।१५१।

प्यारा उनै प्रभु पुरन्दर शाहलाई
बिर्सेर बिर्सन यसै न सकेर हाई ।
आशा गरी भनि भनी प्रभु छत्र शाह
बस्थे प्रजा मुलुकको गरि हेर चाह ।१५२।

राजा ठुला भइ समर्थ हुनन् प्रतापी
भन्ने यही हृदयमा अभिलाष राखी ।
श्री प्रथ्यशाह र पुरन्दर शाह संझी
बस्तै थिए ति दुनियाँ सब संल्ही संल्ही ।१५३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं प्रकार सित नै दिन बित्न लागो
सातौँ बितेर महिना अनि आठ लागि ।
त्यो सन्निपात हुनगै शिशु गोरखेश
श्री छत्र शाह पनि मुक्त हुनू भए छ ।१५४।

हाहा गरीकन रुँदै अनि गोरखाली
राजा न भैकन त गद्दी भएर खाली ।
दावा भयो मुलुकमा अब लंजुंगेको
भन्दै झुकेर मुलुकै षिरमा डुबेथ्यो ।१५५।

श्री राम शाह अधिराजकुमार हाम्रा
सल्यानमा यस बखत् हुनु हुन्छ राम्रा ।
जान्छौं उहाँकन लिनै, पिर के छ भन्दै
मंत्री हिँडे र अनि देश भयो प्रसन्नै ।१५६।

सोही बखत् अनि उत्तातिर जेठी रानी
देबी स्वयं हुनु हुँदा सब हाल जानी ।
आपना कुमारकन साथ लिएर आई
भेट्नु भयो लिन पुगे जति मंत्रीलाई ।१५७।

पाउ परीकन त मंत्रीहरू उहाँको
बिस्तार बिन्ति गरि हाल सबै यहाँको ।
राजा बनाउन भनी प्रभु रामलाई
ती गोरखातिर फिरे बहुतै रमाई ।१५८।

राजा न पाइ पिरले निहुरी रहेको
त्यो गोरखा मुलुक फेरि खुसी भएथ्यो ।
ढोका र तोरण सजीकन धूम धाम
ती स्वागतै गरि झुके दुनियाँ तमाम ।१५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामावतार यिनि हुन् प्रभु राम हाम्रा
भन्दै प्रजा खुसि हुँदैं सजिएर राम्रा ।
जात्रा गरी सिँदूरको प्रभु रामलाई
भित्र्याउँथे सहर भित्र खुशी मनाई ।१६०।

साक्षात् उहाँ भगवती भनि राजमाता
छेकेर पालिक पनि घेरी दिँदैं त्यहाँ, ता ।
पाऊ परे खुशी हुँदैं सब पौरनारी
हर्षाश्रु साथ कुसुमाञ्जलि छर्न थाली ।१६१।

राजा उदाउनु भयो प्रभु राम भन्दैं
हेर्दैं मुहारतिर दंग परेर जम्बै ।
रैतिहरू सडकमा उभिँदैं तमाम
गर्दैं थिए वरि परी निहुरी प्रणाम ।१६२।

त्यो हर्षको चलि खब बिजुली सरीको
निस्केर गाउँ घरबाट समेत छीटो ।
रैतिहरू सहर भित्र पुगी हजारन्
भन्दै थिए जय रहोस् जय धन्य राजन् ।१६३।

श्री राम फर्कनु हुँदा वन वासबाट
सारा प्रजा खुसि भए सरहै त्यहाँत ।
त्यो गोरखा शहरले प्रभु रामलाई
गर्दैं थियो त्यसरि उत्सव ररमाई ।१६४।

तो अप्सरासरहका पुरसुन्दरीले
झ्याले पिछे कुसुम बृष्टि गरो खुसोले ।
स्वर्गँ सरो त्यस बखत् भड गोरखाको
शोभा बढेर फिँजिँदै सब तर्फ ढाक्यो ।१६५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पुष्प बृष्ठि नभबाट भए समान
बर्सेर सर्सरी अहो ! सब ठाम ठाम ।
मीठो सुगन्ध सहरै भरि मग्मगायो
हावा पनी त्यसबखत् कति रंरमायो ।१६६।

त्यो बाल मूर्ति हँसिलो प्रभु रामको त
हेरी रहे पनि नजर्नअघाई पों, त ।
पाल्की पछी पछि कसै दुगुरेर आई,
मान्दैनथे ति दुनियाँ पछि हट्नलाई ।१६७।

देखिन्छ लौ अलि उता प्रभुलाइ भन्दै
आक्रन्त साथिहरूलाई पनि उछिन्दै ।
बूढाहरू पनि त बालक झैं तमाम
झुल्दै थिए दुगुरि लट्ठ परे समान ।१६८।

चढ्दै थिए रूखकुनै अरू कोहि छाना
गर्दै थिए अरू यसै दुगुरेर धामा ।
त्यो राज भक्ति दुनियाँहरूको तमाम
देखापऱ्यो त्यस बखत् भइ एकतामा ।१६९।

यस्तै गरी सहरबाट बढी अगाडी
दर्बार भित्र हुन गै प्रभुको सवारी ।
त्यो राज गद्दि बिच बस्नु भएर राजा
बज्द थियो मधुर मंगल बाद्य बाजा ।१७०।

चढेर उदयाद्रिका शिखर बाल- सुर्य सरी
उदाउनु हुँदै त्यहाँ नृपति राम गद्दी चढी ।
भयो अब त भाग्यले प्रकट राम राज्यै भनी
खिल्यो सकल गोरखा-मुलुक, पद्म जस्तै बनी ।१७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाह – वंश – महा – काव्य
तेश्रो सर्ग सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाहवंश महाकाव्य

चारौं-सर्ग

पाएर राजा प्रभुरामलाई निर्धक्क भै हर्ष ठुलो बढाई ।
जतातते उत्सव गर्न थाली रमाउँदथे अनि गोरखाली । १।

भएपनि बालक नै अजान सुहाउनु भै नयनाभिराम ।
र बाफले नै सवतर्फ ढाकी श्रीराम राजा हुनु भो प्रतापी । २।

गुरु स्वयं गोरखनाथबाट कृपा र आशिष रहेछंदा, त ।
राजा उहाँ, बालक, सुर्यजस्तै सुहाउने तेज बढेर उस्तै । ३।

बसेर सिंहासन माथि आई त्यो बाल-चापल्य कुनै न आई ।
मंत्रीहरूको सवकाजकाम गम्भीर भै हेर्नु हुने तमाम । ४।

बोल्दै न बोलेर पनी सभामा श्रीराम राजा रहि बक्सँदामा ।
निर्धक्क भै मंत्रीहरू तमाम, चलाउँथे दैनिक काज-काम । ५।

हेर्दै उहाँको हँसिलो मुहार प्रसन्न भै मंत्री र भार दार ।
अपार उत्साह र फूर्ति राखी सर्वत्र हेर्थे सव काम ढ़ाकी । ६।

राजा उहाँ राज हुँदा अगाडी राज प्रतापै फिँजिएर भारी ।
दुरुस्त भो काम चुकेन यौटै थियो उहाँको महिमा अनौठै । ७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा उहाँलाई अगाडि राखी सिध्याउँदै काम न राखि बाँकी ।
मंत्रीहरूले प्रभुलाई फेरि दिन्थे त्यहाँ फुर्सत उत्तिखेरी ।
सवारी भै भित्र अनी उहाँको ज्यूनारमा साथ रही मुमाको ।
बिद्वान् र बूढ़ा गुरु साथ फेरि पढ्नु हुँदैथ्यो न गरेर देरी ।
पढीसकी खानु भएर खाजा आरामगर्दै प्रभु रामराजा ।
प्रजाहरूको मन राख्नलाई दिनुहुने दर्शन घुंन आई । १०
प्रजा त्यहाँका उभिँदै तमाम गर्दै उहाँलाई झुकी प्रणाम ।
वरी परी दंग परेर जम्बै, कृतार्थ हुन्थे प्रभु राम भन्दै । ११
चिन्हेर आफ्ना जनता तमाम तिनीहरूबाट लिदैँ प्रणाम ।
फिरेर फेरी दरबार आई दिनुहुने मंत्रीकनै बिदाई । १२
लिएर आफ्ना अनि बाल-साथी रमाइलो गर्नु हुँदै न थाकी ।
पटाँगिनोमै प्रभु राम फेरि चल्नुहुने अद्‌भुत खेल–खेली । १३
त्यहाँ पछी साँझ परेछँदा त लिनु हुँदै फुर्सत खेलबाट ।
ठिटाहरूलाई दिँदै बिदाई ढोग्नु हुने फेरि मुमाज्युलाई । १४
सुन्नु भएको जति हो सभामा मंत्रीहरूको व्यवहार, नाना ।
सवै कुरा त्यो त मुमाज्युलाई, त्यसै बखत भन्नु हुने सुनाई । १५
प्रत्यक्षदेवी हुनुभै उहाँ, त त्यो बिन्ति सुन्दै प्रिय पुत्रबाट ।
यस्मा यसो हो भनि एक एक दिनुहुने अर्ति ठुलो अनेक । १६
यस्तो परेमा यति गर्नु भन्दै सिकाउँदै राज र काज जम्बै ।
त्यसैबखतमा प्रिय पुत्रलाई मुमाज्युले भन्नु हुने बुझाई । १७
ज्यूनारकाबाद अनी उहाँको भएर बेला सुकला हुनाको ।
पुराणकै दिव्यकथा समेत मुमाज्युले भन्नु हुने अनेक । १८
धर्मिष्ठराजाहरूको पवित्र सुनाउँदै नित्य नयाँ चरित्र ।
त्यस्तै तिमीले हुनुपर्छ भन्ने शिक्षा मुमाको प्रभुराम सुन्ने । १९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चितौडकैं ह्रौ तिमि सूर्यवंशी भन्नेकुरा फेरि बुझाइबक्सी ।
त्यो वीरताको इतिहास उस्तै मुमाज्युले भन्नु हुने दुरुस्तै । २०।
ज्यूँदै जलेको तिनि पद्मिनीको निमित्तमै युद्ध हुँदै अनी, पो ।
ती वीर नै पर्वत तर्फ आई, राजा भए भन्नु भयो बुझाई । २१।
त्यो आर्य सन्तान हुँदै प्रतापी पहाडमा राज्य गरेर ढाकी ।
उद्धाउनुभो प्रभु द्रव्य शाह भन्ने कुरा गर्नु भएछ थाह । २२।
साक्षात् कृपा भै गुरु गोरखैंकों,उहाँ, त राजा भइ गोरखैंको ।
तिम्रो बुबा फेरि शिव स्वरुप भन्दै मुमाले दिनु भो सबूत । २३।
त्यो वंशमा नै तिमि जन्मपाई राजा भयौ धन्य हुँदै उदाई ।
तिम्रो त उस्तै हुनुपर्छ काम भन्ने कुरा भन्नु भयो तमाम । २४।
यस्तै कुरा नित्य मुमाज्युबाट सुन्नुहुँदै आदर भावसाथ ।
अपार उत्साह र तेज उठ्तै हुनू भयो राम त, रामजस्तै । २५।
टिपेर बोली गुरुको तमाम पढ्नुहुँदै ध्यानदिएर राम ।
पोएसरी नै गरि शास्त्रसार बिद्वान् हुनु भैं हुनु भो तयार । २६।
धनुस् र फेरी तरबार ढाल चलाउँदै युद्धकला नुसार ।
पौटै अनेकौं सित भिड्न सक्ने हुनु भएथ्यो रणमा न हट्ने । २७।
चढेर घोडा दुगुराई फेरि चलाउँदै बाण त, खेलि-खेली ।
उड्दो चरोसम्म खसाल्नसक्ने हुनू भयो लक्ष्य कतै न चुक्ने । २८।
मंत्रीहरूको सब राजकाज सुन्नुहुँदै नित्य, नराधिराज ।
हुनू भयो योग्यसिपालु फेरि छिने निकासा न गरेर देरो । २९।
मंत्रीहरूलाई कुनै कुरामा गान्होंपरेको बुझि बक्सिँदामा ।
यस्मा यसो हो भनि झट्ट फेरि दिनू हुने निर्णय उत्तिखेरी । ३०।
त्यस्तो उहाँको प्रतिभा तमाम बिचार गर्दै सबकाजकाम ।
मंत्री र सारा दुनियाँ समेत पर्दै थिए छक्क हुँदै उदेक । ३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रताप नै त्यो प्रभुको पवित्र राज्यै भरी फैलिइ यत्रतत्र ।
चोरै पनी साधुभए त्यहाँका कुकर्मगर्थ्यो अनि को प्रजाता । ३२।
पतिस्वरुपै प्रभुरामलाई भजेर नै फेरि उमेर पाई ।
फलाउँदै बेसरि अन्न-पात, पृथ्वी भईथिन् रसिलो त्यहाँ त । ३३।
जतातत्तै बृक्षलता समेत फुलेर भै पुष्पित एक एक ।
मुसुक्क हाँसेछ वनै तमाम भन्थे प्रजाले प्रभु धन्य राम । ३४।
यताउती जंगल भित्रभित्र फलीरहेका फल भैं बिचित्र ।
अघाउँथे बानर सम्मखाई भोको हुने मानिस को न खाई । ३५।
वनै भरी खान मिलेर चारा अघाउने भै पशुपंक्षी सारा ।
कुनै न पर्ने भइ खेतमा, त फिर्दैथियो सत्य युगै त्यहाँ त । ३६।
डराइ राजासित सावधान भएर नै खुंचिरहेसमान ।
नदी पनी भित्र दबाइ पानी बग्थे त्यहाँ खेत कतै नहानो । ३७।
बेलाबखत्माफिक जानि जानी बर्साउँदै ठिक्क गरेर पानी ।
सेवा गरे झैं प्रभुरामलाई झुक्तै थिए मेघसमेत आई । ३८।
गाई र भैंसीहरुको समेत बढेर गै दूध बडो उदेक ।
प्रजा भए हृष्ट र पुष्ट उस्तै त्यो देश नै स्वर्ग भयो दुरुस्तै । ३९।
उमेरमा मानिस मर्नछाडी त्यहाँ भएनन् विधवा त, नारी ।
प्रसन्न भै चित्त यसै प्रजाको रमाइलो भो मुलुकै मजाको । ४०।
त्यहाँ त यस्तै रसिलो बिचित्र सुलक्षरगै देखिइ देश भित्र ।
यो हो सबै भूपतिकै प्रभाव भन्थे सबै बृद्ध महानुभाव । ४१।
देवांशकै जन्म हुने बिचित्र यो साहवंशै छ बडो पवित्र ।
छन्, धन्य हाम्रा प्रभुराम भन्दै झुक्थे प्रजा दंगपरेर जम्बै । ४२।
रमाइलो भै यसछाँटबाट घुंदै त्यहाँ कालबिते छँदा, त ।
हुँदै उहाँको व्रतबन्धकर्म बेला भयो ठिक्क विवाह गर्न । ४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीराजमातासंग साधि साधी मंत्रीहरूले अनि दूत छाडी ।
छिमेक डुल्दैं सब आस–पास कन्या पनी योग्य गरे तलास । ४४।

कन्या दिने पर्वतराजबाट पक्कागरी दूतफिरे छँदा, त ।
विवाहको पूर्ण गरी बिधान पाल्नु भयो जन्तिलिएर राम । ४५।

बिवाहका निति त पुत्रलाई मुमाज्युले गर्नु हुँदा बिदाई ।
रानीलिएरै तिमि आउ भन्दै अन्हाउनू भो शिर-माथ-सूँघ्दै । ४६।

बोली उहाँको गहिरो विचित्र त्यहाँ कसैले न बुझेर भित्र ।
जिस्कयाउनु भो प्रियपुत्रलाई भन्दै हिंडेथे बरियात आई । ४७।

कन्यार्थि भै श्री प्रभुकोरखेश पुग्नूहुँदा पर्वतको प्रदेश ।
राजा तिनि राजमलाभिधान हेर्न्तै थिए स्वागत गर्न जान । ४८।

सम्मान गर्दै निहुराइमाथ राजातिनी सामु न आउँदा, त ।
श्रीरामले त्यो अपमान ठानी लिनू भएथ्यो मनमा रिसानी । ४९।

त्यस्तो त्यहाँ पर्वतराजबाट अनादरै भो भनि संझंदा, त
विवाह नै गर्दिन भो, यहाँ, म भन्दै उठी फिर्नु भएछ, राम । ५०।

ठिटै भए ता पनि भै प्रतापी उठेर आफ्नो अभिमानराखी ।
रिसाउँदै फिर्नु भएछ राम यस्तै थियो है,बिधिको विधान । ५१।

देवांशका श्री प्रभुरामलाई रानी पनी योग्य हुने मिलाई ।
अदृश्य भै दैव चली रहेको रहस्य यो मानिस बुझ्दथे को ? । ५२।

रिसाउनू भै प्रभु रामसाह फिर्नू भएको हुन आई थाह ।
ती पर्वते खिन्न भए पनी त पुगेनछन् माफिलिना निमित्त । ५३।

मुहार हेर्दै प्रभुको त्यहाँ, ता संत्रस्त भै मंत्री त गोरखाका ।
संझाउँदै बोल्नसकेन कोही हुने कुरा भो भवितव्य सोही । ५४।

पछाडि लाग्दै प्रभुको तमाम फिरे बराती घर फर्कि जान ।
त्यो याद आयो अनि मंत्रिलाई मुमाज्युको प्रष्ट खुली भनाई । ५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानीलिएरै घर आउ भन्ने मुमाज्युको हुँस्सि थिएन, भन्ने ।
मंत्रीहरूले अनि बुझ्न थाली बिन्तीगरे गै प्रभुका अगाडी । ५६।
यसै सवारी भइ गोरखामा के भन्नुहोला प्रभुलाई आमा ।
रानी लिएरै तिमि आउ भन्ने आज्ञा मुमाको प्रभुले न बुझ्ने । ५७।
विवाहको मंगलकाममा, त, यस्तो रिसानी हुनुहुन्न, नाथ! ।
झुक्छन् तिनी पर्वतराज आई पाऊ दुवै यो प्रभुको समाई । ५८।
हुकुं मिलोस लौ! प्रभु! बेर के छ हाजीर हुन्छन् तिनि पर्वतेश ।
विवाह भै साथ लिएर रानी फिरोस् सवारी खुसियाली मानी । ५९।
लगाउँदै पो दुलही अगाडी फिर्छन् खुसी भै दुलहा पछाडी ।
निस्केर वैवाहिक वेषबाट यसै फिरीबक्सनु हुन्न, नाथ । ६०।
बुढा र पाकाहरूको भनाई मानेर पो हुन्छ सँधै भलाई ।
तसर्थ गर्छौं यति बिन्ति आज यो त्यागनुहोस् रीस नराधिराज! । ६१।
मंत्रीहरूले यतिबिन्ति गर्दै बोलेपछी शान्त भएर अड्दै ।
बताउ लौ! आज उपाय के छ? भन्नूहुँदैथ्यो प्रभु गोरखेश । ६२।
छोरी दिने पाइ निमंत्रणा त, आइ पुगेको बरियातसाथ ।
जुवाइँको, को अपमान गर्ने, कस्तो बुढो यो त घमंड गर्ने । ६३।
विवाहमा आज अगाडि देखि टेर्दै न टेरेर मलाई हेपी ।
झुकाउने खोज्दछ यो,त,तंसी, कतै न झुक्ने म,त,साहवंशी । ६४।
पैल्ह्यै चिन्हें भाग्यरहेछ मेरो हुने थियो नत्र जन्म अँधेरो ।
यस्को जुवाईं भइ लिन्न कन्या अर्को कुनै खोज न! योग्यकन्या । ६५।
आज्ञा मुमाको शिरमाथी राखी खोजेर अर्कै दुलही चनाखी ।
जाउँ छिटो भन्दछु गोरखामा,के ठान्दछौं लौं भन! योकुरामा । ६६।
स्ववंशको त्यो महिमा र मान राख्न हुँदै यत्ति भनेर राम ।
मंत्रीहरूको मुखतर्फ हेरी अड्नुभयो शान्त भएर फेरि । ६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंत्रीहरूले प्रभुको बिचार सुनेर यस्तो भइ होशियार ।
झुकाउँदै मस्तक हात जोडी बिन्ती गरेथे गरि नम्र बोली । ६८।
गुरु स्वयं गोरखनाथ आइ बस्नुहुनाले महिमा जगाई ।
यो उत्तराखण्ड भरी तमामै प्रसिद्ध हाम्रो छ कि, गोरखा, नै । ६९।
ती गोरखैको बरदानपाई श्री द्रव्यशाह प्रभुले उदाई ।
हुनु हुँदा धार्मिक-आर्य-राजा त्यो गोरखाको महिमा छ ताजा । ७०।
शिवस्वरुपी प्रभुको बुवाले उस्तै ठुलो कीर्ति फिँजाउनाले ।
अधीनजस्तै भइ गोरखाको झुके सबै राज्य यताउताको । ७१।
त्यो गोरखाको प्रभु आज आफैँ पाल्नू भएको बरियात साथै ।
टेर्दँ न टेर्ने भइ पर्वते, यो छोटो हुँदै गै तल लत्रने भो । ७२।
योमूर्खकासाथ गरिन्नबिन्ति, पाइन्छ कन्या अरू के छ गिन्ती ।
जाऊँ सुविस्ता सित हेरि हेरी लगन् छँदैछन् प्रभु के छ देरी । ७३।
मंत्रीहरूले प्रभुरामलाई सँझाउँदै बिन्ति यसै चढ़ाई ।
गर्ने त्यसै हो भनि भन्नथाली हाँस्तै उहाँ पाल्नु भयो अगाडी । ७४।
विवाहमा राजि भएर राम मंत्रीहरू ती खुसि भै तमाम ।
खोजेर कन्या ठिक गर्नलाई दौडाउँथे दूतहरू खटाई । ७५।
लिएर बाटो अनि गोरखाको रिसाउँदै राम फिरेछँदाको ।
खब र्पनी त्यो बिजुलीसमान यताउती फैलिन गो, तमाम । ७६।
त्यस्ता प्रतापो प्रभुरामलाई झुकेर छोरीदिन हत्पताई ।
राजा त्यताका सब जुर्मुराए छोपेर मौका अनि भेट्न आए । ७७।
पुगी उछिन्दै सबलाई पैल्हे छोरी उहाँलाई दिऊँ, म, ऐल्हे ।
लिएर इच्छा यहि मात्र खाली राजाहरू ती दुगुरे अगाडी । ७८।
प्रसिद्ध नारामल जो प्रतापी पुगेर राजा गलकोटका, ती, ।
छेकेर बाटो प्रभुलाई रोकी घरै लगे पाउ परेर बोकी । ७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुयोग्य रानी प्रभुका निमित्त कन्या यिनै सुन्दर छन् बिछट्ट ।
लौ,हेर्नुहोस्,भाञ्जि भनेर मेरी पक्का गराए त्यहिँ उत्तिखेरी । ८०
अर्को दिनै लग्न भएर बेस विवाह गर्दै प्रभु गोरखेश ।
सुस्ताउनू भो अनि सोहि बेला राजा जुटेछन् हुन आई भेला । ८१
नारामलैले उछिनी सकेको बुझेर फेरी सब हिस्सिएको ।
राजाहरू ती प्रभु छेउ आई झुक्तै दिँदैथे खुसिको बधाई । ८२
त्यो मूर्ख हो पर्वत राज भन्दै नारामलैको गुण गाई जम्बै ।
मिलेछ जोडी प्रभुको भनेर राजा सबै दंग परे झुकेर । ८३
राजा रजौटाहरू आउँदा ती झुकेर नारामल ती प्रतापी ।
सौभाग्य मेरो भनि बोलि बोली गर्दैथिए स्वागत हातजोडी । ८४
निता न टक्र्याइ पनी तमाम पाल्नू भयो धन्य भएँ, यहाँ, म ।
दिनूहवस् आशिष भाञ्जिलाई भन्दै थिए ती सब भूपलाई । ८५
त्यो प्रेमको आदर मानबाट खुसी भएका नृपका जमात ।
कन्या कनै आशिष दाइजो दी बिदा भएथे सब हात जोडी । ८६
नारामलैको अनि बिन्तिबाट आराम गर्दै दुइचार-रात ।
हेर्दै त्यहाँको रमणीयठाम खुसीहुँदैं बस्नु भएछ राम । ८७
नरेन्द्र नारामल ती प्रतापी त्यहाँ उहाँको हुन आइ साथी ।
एकान्तमा आइ नरंकुराले बिन्ती चढाई यहि भन्न थाले । ८८
सुन्नूहवस् लौ, प्रभु गोरखेश ! जो कर्म गर्दा पछि हुन्छ बेस ।
त्यही कुरा भन्छु हजूरलाई संझाउँदै नित्य भलोचिताई । ८९
प्रारब्धकै त्यो लिई कर्म-तन्तु जन्मेर मर्छन् सब जीव-जन्तु ।
यस्मा कसैको वश छैन कत्ति भई रहेको, भवितव्य जत्ति । ९०
आफ्नै अघीको शुभाकर्मबाट प्रारब्धकै भोगरहे छँदा, त ।
राजा हुनू भो प्रभु गोरखामा न मान्नुहोस् संशय यो कुरामा । ९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरी यिनै भांजीसँगै हजुर्को बिहा हुने भै भवितव्य-घर्को ।
त्यो मेट्नसक्थे किन पर्वते ती निहूँ गरायो भवितव्यले, की । ९२।
संयोग यस्तो पछि पर्छ भन्ने मैले बुझेको भइ गर्नुपर्नें ।
यी भाञ्जिलाइ मुसिकोटबाट ल्याएर राखें यहिँ साथ साथ । ९३।
आशीष भै गोरखनाथबाट हजूरका पूज्य जिजूबुबा, त ।
राजाहुनु भो अनि गोरखाको म जान्दछू त्यो घटना त्यहाँको । ९४।
साक्षात् कृपाले गुरु गोरखैको कृतार्थ मैं मुक्त हुन् हुँदैं, जो ।
हजूरका पूज्य पिताज्यु फेरि बस्नु भयो धन्य भएर खेली । ९५।
त्यस्ता महात्माहरूबाट जन्मी खडा भएको भनि धन्य संझी ।
गर्नोस् तपस्या अब आफु फेरि संसार यो तर्नु छ खेलिखेली । ९६।
यस्तै कुरा बिन्ति गरेर फेरि मुहारको भाव समेत हेरी ।
झर्को न मान्नोस् प्रभू! बिन्ति भन्दै बोले तिनो यो इतिहास भन्दैं । ९७।
जान्छू जगन्नाथपुरी म सोझैं भन्ने मलाई मनमाथियो है ! ।
सोही बखत् स्वप्न दिएर आई भन्नुहुंदैथ्यो भगवान् मलाई । ९८।
राजन् ! तिमी बृद्धभयौं तसर्थ न आउ टाढा अति कष्ट पर्छ ।
मेरो त्यहीं मुर्ति बनाई थाप ! पुग्ने छ तिम्रो सब कामना, त । ९९।
यहीं पुगेको सरि ठानि ठानी गर्नू त्यहीं दर्शन हर्षमानी ।
रोजैं, यहाँको म, महाप्रसाद पठाउनेगर्दछु राख याद ।१००।
साक्षात् जगन्नाथ खुसीहुनु भै त्यो स्वप्नमा यति सुनाउन् भैं ।
ब्यूँझेर उठ्तैं म, त नींदबाट संझीरहेथें सब यादसाथ ।१०१।
मान्दै जगन्नाथजिको भनाई, हेर्नू हवस् ! मन्दिर यो बनाई ।
मैंले उहांको प्रतिमा त्यहाँ, त थापें ठूलो प्रेम र भक्तिसाथ ।१०२।
विधानका साथ अनी उहाँको पूजा चलाई, लिइ भक्ति साँचो ।
प्रसांद पाऊं भगवन् ! भनेर पर्खीरहें मन्दिरमै झुकेर ।१०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिलेर आँखा दुइ हात थापी झुकीरहेथें, म, त आश राखी ।
त्यसैं बखत् भैं दुइहात टम्म प्रसाद पाएर भएँ म धन्य ।१०४
ठूलो दया भो भगवन् ! म माथी भन्दै खुसीले गरि आँसु काटी ।
महाप्रसादै उहि नित्यखाई बस्छू यहाँ हेर्नुहवस् ! रमाई ।१०५
साक्षात् जगन्नाथजिको प्रसादै पाएर यस्तै गरि नित्य खाँदैं ।
कृतार्थ छू हेर्नुहवस् ! यहाँ, म, इच्छासवै पूर्ण भए तमाम ।१०६
प्रसाद खाएर उही पवित्र संसारको हाल म देख्छु भित्र ।
त्यसैं हुनाले यिनि भाञ्जिलाई सुंपोदिएकोछु हजूरलाई ।१०७
हजूरका बंश हुँदैं प्रतापी पराक्रमैले सवतर्फ ढाकी ।
चलाउँछन् राज्य ठूलो तमाम देख्छू पछीको सव यो कुरा,म ।१०८
त्यसैंहुनाले प्रभूलाई आज भनी रहेकोछु नराधिराज ।
गर्नोस् तपस्या पछिकानिमित्त सन्तानको भाग्य खुलोस् प्रशस्त ।१०९
प्रतापि नारामल ती बुढाको यस्तैंकुरा सुन्नु भएर साँचो ।
गरुँ तपस्या कसरी कहाँ, म भन्दैं अनी बोल्नु भएछ राम ।११०
हजूरको यो उपदेश पाई श्रद्धा उठेकोछ ठुलो मलाई ।
बताउनोस् ! त्यो तपको विधान कसोगरी पूर्णगरूँ कहाँ, म ।१११
श्रद्धा सँगै गर्नु भएर चाह सोधेर यस्तै गरि रामसाह ।
बूढा ति नारामलतर्फ हेरी अड्नू भएथ्यो खुसिसाथ फेरी ।११२
इच्छा उहाँको यति बुझ्न पाई प्रसन्न भै चित्त बड़ो रमाई ।
बूढा तिनी गद्गद भै त्यहाँ, त भन्थे यसै टप्प समाति हात ।११३
नयाँ कलीलो छ उमेर यस्तो हजूरको तैपनि भाव कस्तो ।
गर्दै तपस्या हरि भज्नलाई खडाहुनु भो कति हत्पताई ।११४
अगाडिको पुण्य हजूरको भै यस्तो कुरा संझनसक्नु भो है ! ।
त्यस्तो उज्यालो न भए त भित्र यो भाव उठ्थ्यो कसरी पवित्र ।११५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवांशवाला हुनुहुन्छ भन्ने हजूरको रूप म हूँ त, चिन्ने ।
त्यसैहुनाले, त हजूरलाई यस्तो कुरा विन्ति गरें बुझाई ।११६।

हजूरको भाव जगाउनामा लगाउँदैछू तप—साधनामा ।
त्यो भाव जागेपछि भिन्न फेरि बस्नूहुने हो प्रभु खेलि खेली ।११७।

निमित्तमात्रै म त हुन्छु यौटा आफैँ हुनूहुन्छ अनी अनौठा ।
भन्छू दुवैदम्पति एकनास – रमाउँदै गर्नु हुने विलास ।११८।

हजूर ऐल्हे दुलही लिनू भै सवारिहोस् झट्ट खुसी हुनू भै ।
पुगेर आफ्नो अनि गोरखामा मान्नुहवस् झट्ट झुकेर आमा ।११९।

बसेर केही महिना त्यहाँ त रमाउनूहोस् खुसियालिसाथ ।
सब मै गर्छू प्रभुलाई फेरि सवारि होला अनि उत्ति खेरी ।१२०।

यो राजसीवेष सबैछिपाई जोगी सरी केवल एक आई ।
मलाई भेट्तै प्रभुले सहर्ष दुवैजना भै अनि हिँड्नुपर्छ ।१२१।

अरु कसैले चिनिएर जानी न जानिने भैकन गुप्त हामी ।
पवित्र तीर्थस्थलमा स्वतन्त्र जपो रहौँला अनि सिद्ध मंत्र ।१२२।

त्यस्तो तपस्या परिपूर्णपारी त्यो मंत्रको सिद्धिलिएर भारी ।
इच्छानुसारै वर देवताको पाएर बाँध्नोस् स्थितिगोरखाको ।१२३।

यो उत्तराखण्ड भरी तमाम हजूरकै व्याप्त भएर नाम ।
हजूरकै वंश हुँदै प्रतापी चलाउँछन् राज्य त, धर्म राखी ।१२४।

सल्लाह हाम्रो यहि नै पवित्र हजूरले संझि रहेर भित्र ।
सवारिहोस् भोलि त गोरखामा पर्खिरहेकी हुनुहुन्छ आमा ।१२५।

बिन्ती चढाएर यसै त्यहाँ त, बूढा तिनी प्रेम र हर्ष साथ ।
अर्को कुरा यो पनि बिन्ति पारी भन्दै थिए फेरि यसै अगाडी ।१२६।

भोली बिहानै म हजूरलाई हेर्नोस् ! त्यही मन्दिरमा पुऱ्याई ।
साक्षात् जगन्नाथजिको प्रसाद टक्र्याउनेछू हुनुपर्छ याद ।१२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीरामशाह प्रभुका अगाडी यस्तै बडो अद्भुत बिन्ति पारी ।
आराम गर्नोस् ! अब, लौ भनेर निस्के बुढ़ा चित्त खुसी गरेर ।१२८
तिन्को कुरा त्यों सब याद आई आश्चर्यले छक्क हुँदै रमाई ।
ठान्नु हुँदैंथ्यो प्रभु गोरखेश खुसीभए ईश्वर कंति के छ ? ।१२९
भोली जगन्नाथजिको प्रसाद पाइन्छ भन्ने हुन आइ याद ।
खुसी हुँदै चञ्चल चित्त जस्तो परेन निद्रा प्रभुलाई उस्तो ।१३०
बिताउँदैं रात त मुस्किलैले सबेर नै उठ्नु भएर पैल्हे ।
पवित्र भैं स्नान जपादिसवतैं बस्नु भयो हत्पत साथ पख्तै ।१३१
आएर राजा गलकोटका ती, लौ जाउँ भन्दै प्रभुलाई ड़ाकी ।
लगे त्यहीं मन्दिरमै सवारी मनै पनी गद्गद दंग पारी ।१३२
त्यहाँ जगन्नाथजिको दुरुस्तै देखर साक्षात् प्रतिमा, त उस्तै ।
हर्षाश्रुले लोचन टलपलाई झुक्नु भएथ्यो प्रभु हत्पताई ।१३३
यों पाउको प्रेम र भक्ति साँचो पाऊँ भनी पाउपरी उहाँको ।
श्री गोरखाका प्रभु हात जोडी झुक्नु भयो नेत्र दुवैं न खोली ।१३४
प्रेमाश्रुकै बर्बर झारि धारा धुनूहुँदै कल्मषभित्र सारा ।
प्रसाद पाऊँ भगवन् ! म भन्दै हुनू भयो गद्गद भित्रसम्मै ।१३५
खोलेर आँखा पछिबाट फेरि ध्यानस्थ नारामलतर्फ हेरी ।
भेट्छन् यिनीले कसरीप्रसाद भन्दै ठूलो गर्नु भएछ याद ।१३६
ती हातथापेर झुकी रहेका बूढा थिए मस्त झुली रहेका ।
तुरुन्त, तिन्को दुइहात मा, त महा प्रसादै भरियो त्यहाँ त ।१३७
प्रत्यक्ष नै अद्भुत यो कुरा, त, देख्नु हुँदैछक्क हुँदै त्यहाँ, त ।
भन्दै जगन्नाथ दयानिधान ! झुक्नू भयो पाउपरेर राम ।१३८
राजा ति, नारामलले दिएको प्रसाद खाँदै अति हर्षले, त्यों ।
दैवीदयाले न हुने त के छ भन्नुहुँदैथ्यो प्रभु गोरखेश ।१३९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठेर राजा गलकोटका, ती श्रीरामको बाहुलिमा समाती ।
ज्यूनारमा पाल्नु हवस् भनेर दर्बारमै भित्र लगे, झुकेर ।१४०।
अनी बडो आदर मान साथै खुवाउँदै दम्पतिलाइ साथै ।
ती प्रेमले तृप्त गराउँदैथे आफ्नै ठूलो भाग्य सऱ्हाउँदै थे ।१४१।
प्रस्थानको साइत ठिक्क पारी चलाउँदै दम्पतिको सवारी ।
त्यो दाइजोको सउगात फेरि पठाउँदैथे तिनि हेरि हेरी ।१४२।
भाञ्जीसँगै फेरि जुबायिँलाई झुकेर गै पाउ दुवै समाई ।
खब मं गर्छू चिठिपत्रबाट भन्दै बुढा टक्क अडे त्यहाँ, त ।१४३।
त्यो प्रेम तिन्को दुइनेत्रबाट चुहीरहेको भइ देखिँदा, त ।
रसाइ आँखा प्रभुगोरखेश बोल्नै न सक्ने भइ बक्सिएछ ।१४४।
छोटैँ भएतापनि भेटघाट अचम्मको प्रेम जुटेछँदा त ।
तिनी बुढाबाट लिँदा बिदाई गाऱ्यो परेथ्यो प्रभुरामलाई ।१४५।
अघिल्तिरै पालिक नजीक आई खडाहुँदै हात दुवै जुटाई ।
रूँदै झुकेका तिनिलाई हेरी आज्ञा भयो मुस्किल साथ फेरी ।१४६।
खब हुँनासाथ तुरुन्त आई भेट्नेकुरा याद हुँदा मलाई ।
हजूरकै चिठ्ठिखब मं पर्खि बस्नेछुहर्द यसतर्फ फर्की ।१४७।
जान्छू बिदा भै अब गोरखामा न मान्नुहोस् कष्ट, त छुट्टिनामा ।
हजूरको अर्ति छँदैछ साथी न गर्नुहोस् फिक्रि त, यो न जाती ।१४८।
छोरीसरी भाञ्जि दिँदै बुझाई आशीषबक्स्यो जसरी मलाई ।
भएँ कृतार्थै त्यसले यहाँ, म न गर्नुहोस् पीर गरेँ प्रणाम ।१४९।
त्यो उर्लँदो आँसु त थामि थामी श्रीरामले यत्ति हुकुं हुँदा, नी ।
बूढा तिनी केवल हात जोडी बिदा भएफुट्न सकेन बोली ।१५०।
बजाउँदै मंगल बाद्य—बाजा रानीसँगै साथ लिएर राजा ।
फर्क्यो अनी लश्कर गोरखाको सत्कारले दंगहुँदै त्यहाँ को ।१५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिँडेर यस्तै खुसियाली साथ सुस्ताउँदै रातपरे छुँदा, त ।
त्यो गोरखामा प्रभुको सवारी पुग्यो अनी उत्सवसाथ भारी ।१५२

लिएररानी प्रभु रामसाह फिर्नू भएको हुन आइ थाह ।
नाचे सरी मस्तहुँदै नग त्यों भों, गोरखा स्वर्ग समान अर्को ।१५३

जतातत्तैं तोरण सज्न थाली सिँगारि ढोकाहरू झल्ल पारी ।
ध्वजा पताका सब गाडि गाडी रैतिसबै भेट्न पुगे अगाडी ।१५४

सिंदूरजात्रा गरि धूम धाम आफ्नो पुरी भित्र पसेर राम ।
जोडीमिलेको कति धन्य भन्दै पुराङ्गना दंग परे ति, जम्बै ।१५५

राजा र रानी दुइ साथ साथ पाल्की चढ़ी पाल्नुहुँदा त्यहाँ, त ।
सिन्दूर पुष्पाक्षत छर्न थाली रमाउँदैथे सब पौरनारी ।१५६

लह मिली अञ्जलि जोडि जोडी झुकीरहेका जय शब्द बोली ।
प्रजासबै दंगपरीरहे ती रानीसँगैमा प्रभुलाइ देखी ।१५७

श्री पूर्णिमाकासँग चन्द्रमाको जोंडी मिली झल्ल भए छँदाको ।
त्यो चाँदनी मस्तपिईरहेका चकोर झैं रैतिथिए झुलेका ।१५८

यस्तै किसिको खुसियालीसाथ दर्बार भित्रेर धराधिनाथ ।
स्वयं अगाडी सरि राजमाता सुस्वागतैगर्नु भयो त्यहाँ, ता ।१५९

कन्याहरूबाट बडो रमाई बुहारिको आरति जग्मगाई ।
त्यहाँ, उहाँले अति हर्षले, की लुटाउनू भो धन रत्नफेँकी ।१६०

आमा ! भनी पाउदुवै समाई झुकी रहेका प्रिय पुत्रलाई ।
ल्यायौ बडो योग्य बुहारि भन्दै खुसीहुनू भो शिर साथ चुंदै ।१६१

आऊ ! भनी फेरि बुहारिलाई समाउँदै बाहुलि सुंसुमाई ।
ढोग्नैसमेतै न दिएर तानी कस्नू भयो छाति उप र्न मानी ।१६२

लगेर फेरी दरबार माथी जोर्नुहुँदै झट्पट चुल्थिपाथी ।
बुझाई साँचो सब एक एक जिम्मादिनू भो ढुकुटी समेत ।१६३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले तिमी जस्ति बुहारी पाई फुत्कें भनी भारिसबै बिसाई ।
बुहारिलाई गरि अंकमाल श्री राजमाता हुनु भो निहाल ।१६४।
सासूज्युको पाउ समाउनाको त्यहीँ ठूलो औसर पाउँदा, पो ।
ढोग्दै महारानि त गोरखाकी झुक्नू भयो पाउ दुवै समाती ।१६५।
मुसुक्क हाँस्तै अनि राजमाता हटाउँदैं त्यो घुँघुँटो त्यहाँ, ता ।
बुहारिकै हेर्नुहुँदै मुहार भन्नूहुँदैथ्यो अनि यस्सप्रकार १६६।
उदाउनेछौ तिमि राजरानो भन्नेकुरा याद भएर जानी ।
पर्खीं रहेकी म त आजसम्म त्यो आश पुग्दै अबछू प्रसन्न ।१६७।
सवै कुराको तिमिलाई रानी! जिम्बा दिँदै सुंपिइ ढुक्क मानी ।
म लाग्छु वाटो अब छैन काम इच्छा सवै पूर्ण भए तमाम ।१६८।
बुहारिकै चन्द्रमुहार हेरी यस्तै कुरा गर्नु भएर फेरि ।
आरामगर्दै बस जाउ रानी ! भन्नुहुँदैथ्यो अनिहर्षमानी ।१६९।
त्यहाँपछीमंत्रिहरू तमाम पुग्दै उहाँलाई गरी प्रणाम ।
बृत्तान्त बिन्तीगरि पर्वतेको कुराबताए अनि जो भएको ।१७०।
रानी लिएरै तिमि आउ भन्ने आज्ञा हजुर्को न भएर बुझ्ने ।
त्यो बोलि होला भनि हँस्सि जस्तो ठान्दै थियौं हामि त मूर्ख,कस्तो।१७१।
जानेर यस्तो पछिको कुरा त, भन्नू भएको भनि संझँदा, त ।
त्यसैबखत छक्कपरेर सारा यो पाउकै संझिरह्यौं, सहारा ।१७२।
माता हजुर्नै भइ गोरखाको बस्नूभएको भनिसंझँदा, पो ।
निर्धक्क भै हामि भयौं प्रसन्न मिल्यो अनी यो सव तारतम्य ।१७३।
मंत्रीहरूको यति बिन्तिसुन्दै बिदा दिनु भै बस जाउ भन्दै ।
त्यहाँ, मुमाले प्रियपुत्र साथ सोध्नु भयो फेरि सवै कुरा, त ।१७४।
प्रतापि नारामलको समेत बृत्तान्त बिन्तीगरि एक एक ।
पाएँ जगन्नाथजिको प्रसादै भन्नु भएथ्यो प्रभुले त्यहाँ, गै ।१७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकार गर्दै तपसाधनामा लाग्छू भनेको अघिको कुरामा ।
आज्ञा पनी माग्नुहुँदै मुमाको भन्नू भयो हाल खब त्यँहाँको ।१७६।
त्यो बिन्ति सुन्दै प्रिय पुत्रबाट त्यहाँ मुमाले पनि हर्ष साथ ।
नारामलैंहुन् तिनि सिद्ध योगी भनेर आज्ञा पनि बक्सियो, कि ।१७७।
पाएर आज्ञा यसरी मुमाको संकल्पगर्दै तप साधनाको ।
खुसी हुँदै बस्नु भएछ राम हेरेर आफ्नो सब काजकाम ।१७८।

रानी उहाँकी पनि योग्य उस्तै सासू रिझाई सब काम सिक्तै ।
दुवै नयाँ दम्पति एकनास गर्नू हुँदैथ्यो रसिलो बिलास ।१७९।
यस्तै किसिको खुसियालि साथ त्यहाँ बखत् केहि बितेछँदा, त ।
कन्या कुनै स्वप्न दिएर आई भन्दी भईछन् प्रभुरामलाई ।१८०।
आई कुनै ब्राह्मण काशिबाट बसीरहेछन् अहिले यहाँ, त ।
तो सिद्धहुन् है तिनिलाइ खोजी सुनेर दीक्षा गुरु मान्नु! ढोगी ।१८१।

यस्तो कुरा स्वप्नदिंदै सुनाई ती कन्यका लुप्त हुँदैं हराई ।
त्यूँभरेर राजा हुनु भै प्रसन्न भन्नू भयो देवि ! दया छ धन्य ।१८२।
तुरुन्त नै मानिसबाट फेरि तो सिद्धको हालत जाँचि हेरी ।
पुगेर सोझै तिनि मुक्तिनाथ आई रहेका बुझियो कुरा, त ।१८३।
नेपालमा श्री पशुपालनाथ ढोगूँ भनी निर्मल भक्ति साथ ।
आई रहेका तिनि सिद्ध भन्दैं बुझ्नू भयो हाल यथार्थ जम्बै ।१८४।
न भैं अरु केहि त काम धन्दा ती तीर्थगर्नें भइ मिश्र नन्दा ।
योग्यै रहेछन् गुरु मान्नु पर्ने भन्ने कुरा ठान्नु भयो ठहर्नें ।१८५।
डाक्तै तिनीलाई त मान साथ बोलाउनालाइ हुकुं हुँदा, त ।
मंत्रीहरू गै तिनि छेउ झुक्तै हुकुं सुनाए प्रभुको दुरुस्तै ।१८६।
सुन्दै हुकुं त्यो अनि मंत्रिबाट ती निस्पृहो ब्राह्मण-देवता, त ।
भेटेर राजासित के छ काम भन्दै थिए जान्न यता उता, म ।१८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनाइ तिन्को यहि उनिखेरी पुऱ्याउँदै गै प्रभुछेउ फेरि ।
मंत्रीहरू चुप्प भए तमाम आफैं अनी पाल्नु भएछ राम ।१८८।
आफ्नों मनैमा जगदीशलाई समाउँदै मस्त हुने रमाई ।
यो निस्पृही ब्राह्मण हुन् अचम्म भन्नू हुँदैथ्यो प्रभु धन्य धन्य ।१८९।
चिलेर आँखा, मनमै विचित्र भुलेर हेर्दै हरिको चरित्र ।
यी दंग पर्छन् यिनिलाई के छ ? झुकेर राजासित माग्नु के छ ? ।१९०।
सर्वत्र देख्तै जगदीशलाई प्रसन्न भै तीर्थ घुमेर आई ।
गराउँछन् पृथ्वि यिनै पवित्र भन्नू हुंदैथ्यो प्रभु चित्त भित्र ।१९१।
यस्तै कुरा भित्र बिचार गर्दै खुसी हुँदै झट्ट अगाडिसर्दै ।
पुगेर ती ब्राह्मणछेउ राम गर्नू हुँदैथ्यो निहुरी प्रणाम ।१९२।
ध्यानस्थ भै बन्दगरेर आँखा झुल्ने तिनी ब्राह्मण देवता, ता ।
श्रीरामले पाउ परेर फेरि बयूँझे अनी ध्यानटुटेरहेरी ।१९३।
झुक्नू भएको प्रभुरामलाई राजा यहाँको भनिथाहपाई ।
टक्र्याउँदै आशिष मानसाथ बोले तिनी ब्राह्मणदेवता, त ।१९४।
हुकुं न मान्ने म अटेरलाई आफैं यहाँ भेट्न भनेर आई ।
के कामले दर्शन बक्सिएछ, आज्ञाहवस् लौ, प्रभु गोरखेश ! १९५।
एकान्तमा साधु र सन्त भेटी सुस्ताउँदै फेरि थकाई मेटी ।
डुलीरहेको म, त हूँ फिरन्ता न बक्सनोस् बिन्ति मलाइ टंटा ।१९६।
हुन्छन् हजुर्को व्यवहार नाना जोगीसरी मस्त म, एकताना ।
हामीदुवैको भइ भेटघाट के फाइदा हुन्छ धरा धिनाथ ! ।१९७।
मलाइ नै तौ पनि भेट्न चाही पाल्नु भएको भइ हत्पताई ।
आश्चर्यमानेर म छू प्रसन्न भन्छू हजुर्लाइ त धन्य धन्य ।१९८।
बूढो भनी ब्राह्मण मानगर्दै पाल्नु भयो भन्छु अगाडि सर्दै ।
ब्रह्माण्डदेवत्व हजूरको त, आफ्नो उही वंश सुहाउँदो, छ ।१९९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै प्रशंसा यति मानसाथ बूढा तिनी हाँसि रहेछँदा, त ।
प्रसन्न भै फेरि गरी प्रणाम भन्नुहुँदै थ्यो तिनिलाई राम ।२००।
लुकाइराखेपनि आसपास कस्तूरिको चल्छ मिठो सुवास ।
लुक्नू भएको गुरुदेव उस्तै न लुक्नसक्ने चिनिने दुरुस्तै ।२०१।
त्यसै हुनाले गुरूदेवलाई पैल्हाउँदै भेट्न पुगेँ, म आई, ।
हाँस्तै हुनूहोस् म उप प्रसन्न पाऊ समाएर भएँ म, धन्य ।२०२।
दयारहोस् है ! गुरुदेव ! भन्दै यस्तैकुराबिन्ति गरेर भन्दै ।
दीक्षा दिनोस् भन्नु भएर राम, भन्नू हुँदै थ्यो सपना तमाम ।२०३।
सुन्दै उहाँको सपना समेत, बूढा तिनी छक्क हुँदै उदेक ।
बिचारगर्दै अनि घोरिएर भन्दै थिए फेरि यसै गरेर ।२०४।
दीक्षा दिनू यो त कुरा छ राम्रो चुक्यो भनेहुन्छ पछी नराम्रो ।
तसर्थ ऐल्है म हजूरलाई पक्का गरी भन्दिन हत्पताई ।२०५।
त्योमन्त्र कस्तो कुन देवताको सुनाउने हो सब यो कुराको ।
मलाइ नै स्वप्न भए त, आज दीक्षा दिनेछु म नराधिराज ! ।२०६।
राजन् ! हजुर्ले गुरुमान्न आई दीक्षादिनोस् भन्नु भयो मलाई ।
म निस्पृहीब्राह्मण हूं परन्तु पछो भलोहोस् भनि यत्ति भन्छु ।२०७।
जस्ले दिए स्वप्न हजूरलाई भनुन् तिनैं स्वप्न दिँदै मलाई ।
त्यसो भए निश्चयहुन्छ हाम्रो त्यो मन्त्र सुन्नू अनि हुन्छ राम्रो ।२०८।
स्वप्ना भए आज यहाँ मलाई खबर्दिनेछू म हजूरलाई ।
हुनेछ हाम्रो अनि भेट फेरि भन्दै थिएँ ती प्रभुतर्फ हेरी ।२०९।
बूढातिनी ब्राह्मण-देवताको सुन्दै कुरा यत्ति यथार्थ साँचो ।
हाम्रो यही निश्चय भो भनेर फिर्नू भयो राम बिदा भएर ।२१०।
चेला हुने श्री प्रभुरामलाई फर्काउने ब्राह्मण कतिका, यी ।
त्यागी भनौं की यिनिमूर्ख सोझै भन्दै सबैंको मनछक्क भो है ।२११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीक्षादिएनन् गुरुले भनेर अलीकती खिन्नहुनू भएर ।
दयालु आफ्नै कुलदेवि संभी फिर्नू भएथ्यो प्रभुसंल्हिसंल्हो ।२१२।
निर्लोभ भै निर्भय चित्त यस्तो देख्यौ! अहो! ब्राह्मण हुन्छ कस्तो ।
यी धन्य हुन् भन्नु भएर राजा गर्नू हुँदैथ्यो मन फेरि ताजा ।२१३।
फिरेर आफ्नो दरबार आई बताउँदै हाल मुमाज्युलाई ।
यी सक्कली ब्राह्मण आज यौटा देखापरे भन्नु भयो अनौठा ।२१४।
मुमाज्युले त्यो सब हाल सुन्दै यस्मा तिमी खिन्न न होउ भन्दै ।
भन्नू भयो,स्वप्न मिलेर साँचो दीक्षा ति दिन्छन् कुलदेवताको ।२१५।
ती मिश्र नन्दाकन सोहि रात अचम्मको स्वप्न मिलेछँदा, त ।
खब पठाएर बिहान फेरि पर्खीरहेथे प्रभुलाइ हेरी ।२१६।
यता, महाराज पनी बिहान तयार भै हत्पत साथ राम ।
खब दिनन् ती सपना भए त, भनेर पर्खीरहीबक्सिएछ ।२१७।
तिन्को समाचार लिँदै अनी त, ढोके पुगी बिन्ती गरेपछी, त ।
खुसी हुनू भै प्रभुराम फेरि पाल्नू भयो झट्पट उत्तो खेरी ।२१८।
पाल्नु भएको प्रभुरामलाई देख्तै बुढा झट्ट उठेर आई ।
प्यारोगरेरै गरि अंकमाल गर्दैथिए बिन्ति त, यस्प्रकार ।२१९।
साधारणै मानिस तुल्यठानी राजन्! हजुर्को महिमा न जानी ।
मैले गरेको अपराधमा, त, अजान संभी हुनुपर्छ माफ ।२२०।
अचम्मको स्वप्न मिलेर आज आश्चर्यमान्दै, म, नराधिराज! ।
खब गरें दर्शनगर्नलाई, आदेश भो सुन्नुहवस् ! मलाई ।२२१।
साक्षात् हजुर्कै कुल देवताको यो मन्त्र नै लेखिदिएर साँचो ।
दिंदै मलाई यहि ताडपत्र कन्या कुनै आइ पुगिन् बिचित्र ।२२२।
मुसुक्क हाँस्तै नजिकै अगाडी खड़ाहुँदै अद्भुत कन्यका, ती ।
मलाइ भन्थिन पछिबाट यस्तो, सुन्नूहवस्! त्यो त रहस्य कस्तो ।२२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो मंत्रदीक्षा प्रभुरामलाई दिनू भनी स्वप्नदिएर आई ।
देखा परेकी तिमिछेउमा, म मेरों कुरा यो त,झुटो न ठान ! ।२२४।
राजा भएका तिनि गोरखाको को हुन् भनीचिन्न न पाउँदा पो ।
पछी हट्यो मंत्र म दिन्न भन्दै हे मिश्र नन्दा तिमि मूर्ख बन्दै ।२२५।
राजा तिनि राम त फो भनेर भित्री नजर्ले तिमि संझि हेर! ।
चिन्छौ तुरुन्तैं तिमि हेर ! भन्दै हाँस्तै हराइन् ति अदृश्यबन्दै ।२२६।
टुटेर निद्रा बिउँझेर उठ्तैं उघारि आँखा अनि सुस्तसुस्तै ।
यो हातको देखिइ ताडपत्र संझीरहें स्वप्न बडो बिचित्र ।२२७।
रहस्य यस्तो कुन हो भनेर त्यो बुझ्न खोज्दै म त घोरिएर ।
चिलेर आँखा मनभित्र हेरी देखें तमासा सब उत्ति खेरी ।२२८।
हजूरको रुप त यो रहेछ भनेर बुझ्दैं प्रभु गोरखेश ! ।
रमाउँदै छक्कपरें यहाँ, म चलाउनोस्, कीर्ति फिँजाइ नाम ।२२९।
हजूरको त्यो गहिरो रहस्य चिन्ने म यौटै पहिलो मनुष्य ।
भैगो रहोस् त्यो त कुरा तमाम खोलेर बोल्ने अब के छ काम ।२३०।
राजा हुन् भैकन गोरखामा रमाउँदै राज्य चलाउँदामा ।
यो उतराखण्ड भरी तुरुन्त हजूरले नैं थिति बाँध्नु हुन्छ ।२३१।
यो पाउ छोड्दै अब अन्तजान मेरो कुनै बाकि रहेन काम ।
दीक्षालिनूहोस् गुरु बन्दछू म सौभाग्य मेरो अरु के भनूँ, म ।२३२।
यस्तै गरी बिन्तिगरी तमाम तयार भै ती प्रभुसाथ जान ।
आए तुरुन्तै दरबार भित्र रमाउँदै दंग परेर भित्र ।२३३।
श्रीराजमातासँग राजरानी त्यहाँ अगाडी परिबक्सँदा, नी ।
उठेर आफैं तिनि सिद्ध–योगी प्रणामगर्थें झुकि ढ़ोगि ढोगी ।२३४।
सन्मानगर्दै तिनि सिद्धलाई अञ्जलितरै आसनिमा बसाई ।
दीक्षा दिने साइत नै त्यहाँ,ता सोध्नु हूँदैथ्यो अनि राजमाता ।२३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुकुं उहाँको सुनि उतिनखेरी नजीकको साइत लग्न हेरी ।
बिन्ती चढाएपछिसिद्धजीले मुमाज्युको मंजुर भो खुसीले ।२३६।

महाष्टमीकै शुभपर्वपाई दीक्षा हुने भै प्रभु रामलाई ।
गर्नू त्यसै भन्नुहुँदै त्यहाँ, ता बिदा हुनू भो अनि राजमाता ।२३७।

एकान्तमा बस्न र खानलाई प्रबन्ध डेराहरूको मिलाई ।
बस्नूहवस् लौ,गुरु ! शान्तिसाथ भन्नू हुँदैथ्यो प्रभु जोंडिहात ।२३८।

राखीदिँदै मस्तक माथि हात चढाउँदै आशिष हर्षसाथ ।
राजन् ! म बस्छू अब शान्तिसाथै भन्दै बुढा सिद्ध हिँड़ेबिदा भै ।२३९।

एकान्तमा ती गुरुदेवलाई रोंजै त्यहाँ दर्शनगर्न आई ।
गर्दै अनेकौं थरि गुप्त बात गर्नू हुँदैथ्यो प्रभु भेट घाट ।२४०।

पर्खीरहेको शुभपर्व आई विधानकासाथ बडो रमाई ।
ती मिश्रजीले प्रभुरामलाई दीक्षादिँदै मन्त्रदिए सुनाई ।२४१।

ती सिद्धयोगीसित मंत्र पाई तुरुन्त नै कान्ति खुलेर आई ।
मुहार हाम्रा प्रभुको प्रसन्न हुँदैथियो चन्द्र समान–रम्य ।२४२।

यसैपनी क्षत्रियतेज चर्की त्यो ब्रह्मतेजै थपिएर अर्को ।
सहाय भै मारूत अग्नि जस्तै हुनू भयो राम अधृष्य उस्तै ।२४३।

त्योमंत्रपाई कुलदेवताको रवाफिलो भै प्रभु गोरखाको ।
नारायणैको अवतारजस्तै साक्षात् त्यहाँ देखिनु भो दुरूस्तै ।२४४।

वसिष्ठ आफ्ना गुरु देवलाई ढोग्नू भए झैं प्रभुराम आई ।
त्यहाँ त हाम्रा प्रभु राम उस्तै सुहाउने पाउपरेर झुक्तै ।२४५।

झुक्नू हुँदैथ्यों प्रभु ढोगि ढोगी मुसुक्क हाँस्थे तिनि सिद्ध योगी ।
यो दृश्य नै तस्बिरतुल्य राम्रो पर्दछ छापा मन भित्र हाम्रो ।२४६।

बुढा तिनी मस्त परेर उस्तै तानेर हाम्रा प्रभुलाई झुक्तै ।
हर्षाश्रु झारेर सहस्रधार गर्दैथिए झट्पट अंकमाल ।२४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पद्मजस्तै प्रभुको मुहार पुछ्तौं बडो सुस्तरि बार-बार ।
मेरा भयौ राम ! भनेर फेरि तृप्तै भएनन् तिनि हेरि हेरी ।२४८।
झुकेर फेरी गुरूदेवलाई त्यो दक्षिणा भेटि सबै चढाई ।
बक्सेर बिर्ता घरखेत वारी टक्र्याउन भो प्रभुले पछाडी ।२४९।
बनाइ चेला प्रभुलाइ राम ! वसिष्ठ झैँ धन्य भएँ यहाँ, म ।
आशा र इच्छा अब छैन बाँकी भन्दै थिए फेरि बुढा त्यहाँ,ती ।२५०।
जतातती तीर्थ घुमेर सारा श्री रामको आजमिल्यो सहारा ।
फल्यो तपस्या म भएँ यशस्वी भन्थे यसैफेरि बुढा तपस्वी ।२५१।
बोलाइ आफ्ना परिवारलाई श्रीरामकौ रंति हुँदै रमाई ।
बस्तैं यहीँ जप्तछु रामनाम भौँतारिँदैं अन्त हिँडू कता, म ।२५२।
त्यो प्रेमको गद्‌गद बोलिबाट बिन्तो चढाएर यसै त्यहाँ, त ।
कृतज्ञतापूर्ण नज झुकाई हेर्दैथिए ती प्रभुराम लाई ।२५३।
झिकाइपाऊँ परि वार सारा भन्ने बुझी त्यो गुरुको इसारा ।
खुसी हुन् भौ प्रभु गोरखेश त्यस्तै हुकुं मन्त्रिकनै भएछ ।२५४।
मेटाउँदै फेरि छिटो थकाई खुवाई पक्वान्न-मिठा-मिठाई ।
बिश्राम गर्नोस् गुरू ! लौ,भनेर बिदा दिन् भो प्रभुले झुकेर ।२५५।
कृतार्थ भै हात उठाइ माथी गर्दै प्रशंसा प्रभुको त्यहाँ, ती ।
आशीषगर्दै जयकार साथ निस्के बिदा भै दरबारबाट ।२५६।
सामग्रिसाथैं धन धान्य नाना जो बक्सिएथ्यो घर, दक्षिणामा ।
त्यहीँ पुऱ्याई गुरूदेवलाई फर्के खुसी भै प्रभुका सिपाही ।२५७।
त्यो मंत्रदीक्षा कुलदेवताको यसै गरी पूर्ण भई उहाँको ।
प्रतापि नारामलतर्फबाट पुग्यो अनी मानिस पत्र साथ ।२५८।
त्यो दूत तिन्को प्रभु छेउ आई एकान्तमा पत्र दिँदै चढाई ।
बिन्ती गऱ्यो, लौ, प्रभु गोरखेश ! चलोस् सवारीलिइ जोगि भेष ।२५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतापिराजा गलकोटका तो पर्खी रहेछन् प्रभुलाइ डाकी ।
हल्ला न गर्दै अति गुप्तिसाथ जाऊँ भनेथ्यो त्यसले त्यहाँ, त ।२६०।

त्यो दूतको बिन्ति सुनेर फेरि त्योपत्रको लेख समेत हेरी ।
तिमीसँगै जान्छु भनी बिहान भन्नू हुँदैथ्यो त्यसलाइ राम ।२६१।

भेट्छू बिहानै यसठाउँमा, म भनेर संकेतदिँदैं तमाम ।
बिदा दिनू भै त्यसदूतलाई सुस्ताउनू भो प्रभुमाथि आई ।२६२।

त्यो जोगिको भेष समेत फेरि तयार गर्दै सब उतिखेरी ।
आज्ञा मुमाको खुसिसाथ पाई संझाउनू भो गइ रानिलाई ।२६३।

आफन्त मंत्रीहरूलाइ डाकी संझाउँदैं त्यो त कुरा न ढाँटी ।
गरेर रक्षा बस ! गोरखाको भन्ने हुकुं बक्स भयो उहाँको ।२६४।

गर्दै तयारी यति गुप्तिसाथ जोगीसरी भेष लिएर नाथ ।
निस्की बिहानै दरबार छाडी पाल्नू भयों दूतसँगै अगाडी ।२६५।

दुरुस्त नै जोगि भएर राम छकाउनू भै जनता तमाम ।
पुग्नु भएथ्यो गलकोट सोभै यस्तै उहाँको महिमा थियो है ।२६६।

बूढा महाराजपनी त्यहाँका तुरुन्त निस्केर हुँदै चनाखा ।
भेटेर आई प्रभुरामलाई दुवैजना हिँड्नु भयो रमाई ।२६७।

भेला भए भैं गुरुसाथ चेला दुवैंजना मस्त हुँदै अकेला ।
चिन्नै नसक्ने भइ जोगि जस्तै हिँड्नु हुँदैथ्यो लिइ भेष उस्तैं ।२६८।

भोका र नांगा दुइमस्तउस्तै लागेर बाटो अनि सुस्त सुस्तै ।
गाऊँ र बस्ती पर छाडि छाडी पस्नू भयो जंगलमैं अगाडी ।२६९।

खोला र नाला वनपर्वतादि रमाइलो हेर्नुहुँदै अगाडी ।
गर्नूहुँदै ईश्वरकी बयान बढ्नू हुँदै थ्यो तपगर्न जान ।२७०।

ती वाफ उठ्ने छहरा खसाली हाँसीरहेभैं पहरा अगाडी ।
हेर्नु हुँदै धन्य भनेर संभी पाल्नू हुँदैथ्यो प्रभु संल्हि संल्ही ।२७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मजूर डाँफेहरूको अचम्म त्यो देख्नु भै नाच बडो सुरम्य ।
बिर्सेर आफ्नो सब राज पाठ रमाउँदै हिँड्नुभएछ, नाथ ।२७२।
देख्तै न देखेर न जानिने ती अचम्म कैयौँ पशु पंक्षि भेटी ।
रहेछ अर्कै दुनियाँ यहाँ, त भन्नू हुँदैथ्यो अडिएर नाथ ।२७३।
हिँडे पनी भेषलिएर अर्को तेजै उहाँको फिँजिएर चर्को ।
अगाडि पर्नै नसकेर भागी लुक्तै थिए हिंस्रक बाघ आदी ।२७४।
रमाइलो उत्सव गर्न थालो छरेर कैयौँ कुसुमै अगाडी ।
बाटा भरीका वन बृक्ष फेरि झुली रहेथे प्रभुलाई हेरी ।२७५।
मुहार हेर्दै हँसिलो उहाँको निर्धक्क भै त्रास हटेछँदा, पो ।
घेर्दै त्यहाँका मृग पछिसम्म गर्दैथिए स्वागत के अचम्म ।२७६।
लिनू भए ता पनि जोगि भेष,चिन्छौँ,हजुर्लाई त, गोरखेश ! ।
भने सरी नै गरि बोलि बोली बोल्थे चरा स्वागत गान बोली ।२७७।
राजा हुनाले प्रभु नै प्रतापी भिक्षा न माग्ने हुनु भै कदापी ।
आफैँ उहाँलाइ दिएर खान झुल्थे त्यहाँ वन्यफलै तमाम ।२७८।
ती आँप, केरा, कटह, समेत नास्पाति, दारिंहरू एक एक ।
खानू हुँदैं कन्द र मूलफेरि हिँड्नू हुँदैथ्यो प्रभु खेलि खेली ।२७९।
परी परिश्रं पसिना बगेको मुहारमा आइ धुलो जमेको ।
सुहाउँदैथ्यो प्रभुलाइ उस्तै देखाउँदैं सक्कलि जोगि जस्तै ।२८०।
चिनेसरी नै प्रभुरामलाई रमाउँदै मन्द बतास आई ।
मुहार बिस्तार पुछे समान सुकाउँदैथ्यो पसिना तमाम ।२८१।
शोभा यहाँ हेर्नुहवस् अचम्म भन्दै उहाँलाइ गरी प्रसन्न ।
रसाउने बृद्ध थिए त्यहाँ, ती हँसाउँदै मार्ग हिँडाई काटी ।२८२।
हिँडाइको मेट्नु हुँदै थकाई यसै गरी हिँड्नु भएर आई ।
त्यो जंगलैका बिच बास बस्तै मान्नू हुँदैथ्यो मनमा सुविस्तै ।२८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिझाउँछु है मन देवताको भन्ने यही भाव लिएर साँचो ।
त्यो कष्ट केही न गने समान हुनू भएथ्यो प्रभु एकतान ।२८४।

गर्दै तपस्या अनि सिद्धिपाई फर्कन्छु भन्ने दृढ भाव आई ।
बढाउँदै फूर्ति बडो खुसी भै हिँड्नू भएथ्यो प्रभु साहसी भै ।२८५।

यसैगरी नै प्रभु गोरखेश पुग्नू हुँदै पर्वत को प्रदेश ।
त्यो तीर्थ ताकं बिच मा रमाई बस्नू भएथ्यो तप गर्न लाई ।२८६।

पूरा छ मैन्हा तक साधनाको मियाद राख्तै मन भित्र साँचो ।
जो गर्नु पर्ने नियमै समेत ती साथिबाटै सिकि बक्सिएछ ।२८७।

राजा प्रतापी गलकोटका ती खडा रही सेवकतुल्य साथी ।
त्यहाँ उहाँलाइ विधान साथ लगाउँदै थे तपगर्न मा, त ।२८८।

कसेर पद्मासन भै प्रसन्न अडाउँदै प्राणखिँचेर टम्म ।
एकाग्र भै ध्यान गरेर राम जप्नू हुँदै थ्यो अनि इष्टनाम ।२८९।

अनी यत्तापट्टि त गोरखामा श्रीरामको धन्य भएर आमा ।
मेरो सबै काम पुरा भयो,की, भन्नू हुँदै थ्यो मन भित्र सोची ।२९०।

मेरी बुहारी मन कामना भै बढो म भन्दा पनि तेजिली भै ।
उकाल्दछिन ती यसवंशलाई रहेन चिन्ता यसमा मलाई ।२९१।

यस्तैकुरा सोच्नु भएर फेरि निर्धक्क भै आफु त उत्तिखेरि ।
अदृश्य हुन्छू नरलोकबाट भन्ने कुरा ठान्नु भयो त्यहाँ, त ।२९२।

खुसिहुँदैं फेरि बुहारिलाई अगाडि राखेर कुरा बुझाई ।
यो वंशमा स्नेह र याब राखी उकाल्नु है ! भन्नु भएछ माथि ।२९३।

यो उत्तराखण्ड सधाउने भै नेपालको राज्य चलाउने भै ।
यो वंश उक्लोस् अब फूर्तिसाथ यही दयादृष्टि दिएर राख ।२९४।

उक्लेर तिम्रै बरदानबाट यो वंशको पूर्ण हुँदै प्रताप ।
संसारमा क्षत्रिय राज्य यौटा बाँकी रहोस् हेर ! यही अनौठा ।२९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखापरी मानिसरुपबाट गर्न सबैकाम पुरा हुँदा, त ।
दिएर जिम्बा तिमिलाइ रानी अदृश्य हुन्छू म, त, हर्षमानी ।२९६
स्वरूपमै मिल्न गएपनी त, यो वंशको गर्छु भलो, म, नित्य ।
तिमी बसीराख यहाँ भनेर मुमा अनी हिँड्नु भयो उठेर ।२९७
बिदा हुँदै यत्ति भनेर माता सल्यानमैं पुग्नु हुँदै त्यहाँ, ता ।
देवी स्वरूपै हुनुभो अदृश्य यो वंशको, अद्भुत हो रहस्य ।२९८
सहायगर्दै अभुरामलाई त्यहाँ अनी गोरखनाथ आई ।
रमाइलो खेल रचेर सोझैं अर्कै नयाँसिर्जन गर्नु भो है ।२९९

थापा मग कोहि लषन् भनेका थिए त्यहाँ सज्जन मानिएका ।
अगाडिको पुण्य हुँदा अवश्य अचम्म जस्तै ति थिए मुनुष्य ।३००
ती स्याउला घाँस र पातलाई कोही बखत् जंगल भित्र आई ।
देख्तै हरियो परबाट खाली टिप्छू भनी दूर पुगे अगाडी ।३०१
राम्रों अझै फेरि नजीकदेखी त्यो छिप्न खोज्दै त्यहिँ पुग्दथे,ती ।
देख्दै त्यहाँबाट पनी अगाडी पस्तैथिए जंगल झाडि झाडी ।३०२
यस्तै किसिले वनभित्र घुस्तै देख्तै हरियो पर मात्र ऊस्तै ।
थकाइले ती पसिना चुहाई सुस्ताउँदथे छाहरिभित्र आई ।३०३
थकाइले लठ्ठ भएर आँखा सुस्ताउँदै पल्टिरहे छँदा, त ।
अघिल्तिरै अद्भुतसिद्ध यौटा जोगी कुनै देख्नपुगे अनौठा ।३०४
लामा दुवै कान त छेडि छेडी त्यहाँ स्फटिक्नै सजिएर बेन्हीं ।
मुहारको अद्भुत तेजले, की धपक्क बल्ने सरि देखिए, ती ।३०५
कैलो जटा फन्फनि बेन्हि बेन्ही घुमाइएको शिरमाथि फेरि ।
फेटासरी सुन्दर देखिनाले हाम्रा लखन् अद्भुतपर्न थाले ।३०६
त्यो भस्मकै फेरि त्रिपुण्ड्ररेखा निधारका माथि परेर देखा ।
रबाफ नै त्यों फिँजिएर भारी सारा वनै छक्क थियो अगाडी ।३०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घाँटी उपर्मा खरुवा रूमाल भुलीरहेको भइ वार–पार ।
रुद्राक्षको भै त्यसमाथिमाला ती देखिए सिद्ध बड़ो निराला ।३०८।
सेतो खरानी घसिएरसारा शरीर नै झल्ल हुँदैं उज्याला ।
त्रिशूल साथै डमरुलिएका थिए तिनी सिद्ध बसी रहेका ।३०९।
कसेर फेरी तल जाँघमाथी त्यो बाघ छाला सजिए छँदा, ती ।
दुरुस्त नै शंकरजी समान भयों लषन्को मन भित्र, भान ।३१०।
फर्केर आफँ तिर हाँसि हाँसी बसी रहेका तिनि सिद्धमाथी ।
श्रद्धा उठेरैं गइ भक्ति साथ लषन् अनी पाउ परे त्यहाँ, त ।३११।
त्यहाँ लषन् लाइ दिएर धाप त्यो पीठमा राखिदिएर हात ।
मुसुक्क हाँस्तै अनि सिद्ध फेरि भन्नु हुँदैथ्यों तिनिलाइ हेरी ।३१२।
तँलाई ता भोक—थकाइबाट बाधा परेको छ कि है ! यहाँ, त ।
के खान इच्छा छ बता मलाई त्यो खान दिन्छू अहिल्यै तँलाई ।३१३।
पाएर आज्ञा यहि सिद्धबाट लषन् तिनी हत्पत जोडि हात ।
अचम्ममानेर बडो रमाए, भन्थे अनी खान्छु म खीर पाए ? ।३१४।
बुझेर इच्छा यसरी लषन्को ॐ कारको नाद गरी अचम्को ।
अरे ! यता मण्डुक ! आ ! भनेर लल्कार्नु भो सिद्धजिले अडेर ।३१५।
चुहाउँदैं लप्तपि दूध फेरि त्यो भ्यागुती अद्भुत उत्तिखेरो ।
गाई सरी आइ पुगेछँदा, त आज्ञा भएथ्यो अनि सिद्धबाट ।३१६।
यहाँ छ है, चामल यो छ भाँडो यस्मा अनी दूध दुहेर चाँडो ।
पकाउनू खीर भनेर हाँसी तपस्विले भन्नु भयो त्यहाँ, की ।३१७।
लषन् तिनो छक्क परेर फेरि आज्ञानुसारै गरि उत्ति खेरी ।
त्यो भ्यागुतीको दुहि दूध जम्बै पकाउँथे खीर बडो अचम्मै ।३१८।
चूल्हो बनाएर जलाइ आगो पकाउँदै खीर बसालि भाँडो ।
बसी रहेका ति लषन्जिलाई भन्नू भयो सिद्धजिले सिकाई ।३१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसेर पद्मासन कस्नु यस्तो खिँचनू अनी प्राण भनेर यस्तो ।
षड्चक्र छेड्नू यसरी भनेरै सिकाउनू भो सब उत्तिखेरै ।३२०

यसो गरे हुन्छ छिटो समाधि भन्दै सिकाएर सबै अगाडी ।
ब्रह्माण्डमा प्राण लगेर, उस्तै झार्ने क्रिया भन्नु भयो दुरुस्तै ।३२१

उठाउँदै प्राण चढाइ फेरि विस्तार झार्दै तल उत्ति खेरी ।
एकासि पल्टै तक, बार—बार सिकाउँदै पार्नु भयो तयार ।३२२

त्यस्तो हुनासाथ लषन् जि थापा त्यो भित्रको दिब्य खुलेर आँखा ।
तुरुन्त नै सिद्ध भए त्यहाँ, त, सबै कुरा यो इतिहाँसमा, छ ।३२३

सहर्ष आज्ञा गुरुबाटपाई त्यहाँ अनी खीर समेत खाई ।
लषन्जी थापा तिनि भक्ति साथ झुकाउँदैथे गुरुलाई माथ ।३२४

अचम्मको त्यो त कृपा जनाई लखन्जिको मस्तक सुंसुमाई ।
चिनिस् कि, तैंले अब ता मलाई भन्नू हुंदैथ्यो गुरु मुस्कुराई ।३२५

दया हजुर्को म, अजानमाथी भएर नै पुग्न सकेर माथी ।
भन्थे लषन्, मस्तहुँदै रमाई चिनें, हजू गोरखनाथलाई ।३२६

श्री ईश्वरीकै अवतार यस्तै यी भ्यागुतीलाइ चिनें, दुरुस्तै ।
अचम्म यस्तो गुरुको कृपाले तिनै जगत् यो म त देखनथालें ।३२७

यस्तैकुरा बिन्ति चढाउने ती लखन् झुलेथे जब पाउ भेटी ।
गुरु स्वयं गोरखनाथबाट आज्ञा भएथ्यो अनि हर्षसाथ ।३२८

तँलाइ यो पायसरूपबाट मैले सबै सिद्धि दिएँ यहाँ, त ।
यो ज्ञान तेरो न भएर कच्चा मेरा कृपाले दृढ हुन्छ पक्का ।३२९

श्री रामराजासित गोरखामा तैंले सँधै साथ बसी सभामा ।
तिन्कै ठूलो मद्दत गर्नलाई मैले दिएँ सिद्धि सबै तँलाई ।३३०

आज्ञा भएको गुरूदेवबाट सुन्दै लखन्ले अति हर्षसाथ ।
म गर्छु आज्ञा अनुसार काम भन्दै झुकी फेरि गरे प्रणाम ।३३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म जान्छु भन्दै गुरुदेव फेरि अदृश्य भै झट्पट उत्तिन खेरी ।
लषन्जि थापा तिनि सिध्दिपाई फर्केर आए घरमा रमाई ।३३२।

उता अनी त्यो तपमा रमाई बस्नू भएको प्रभु रामलाई ।
पुरा भएरै महिना तिनौटा स्वप्ना भयो अद्भुत फेरि यौटा ।३३३।

कन्या कुनै एक लिएरसाथ श्री बिष्णुजस्तै पुगि देवता, त ।
न पाइने त्यस् ऋतुमा अनौठा दिनू भएथ्यो फलफूल यौटा ।३३४।

त्यो स्वप्न देख्तै बिउँझेर राम सोंचनू हुँदै त्यो त भलों तमाम ।
प्रतापि नाराममललाइ भन्दै सुनाउनू भो कि, दुरुस्त जम्बै ।३३५।

स्वप्ना भएको प्रभुलाइ जस्तै हुँदा तिनीलाइ समेत उस्तै ।
आफ्नो पनी स्वप्न भनेर उस्तै ती बिन्ति गर्थे अनि फेरि यस्तै ।३३६।

हाम्रो तपः सिध्दि हुने कुराको जनाउ संझें,फल पाउँदा,त्यो ।
तसर्थ उत्साहसँगै अगाडी बढ्नूहवस् सिध्दि हुनेछ भारी ।३३७।

नाराममलैको त्यसबिन्तिलाई साँचो भनी सझनु भै रमाई ।
हुनू भएथ्यो प्रभु फेरि राम आफ्नै तपस्यातिर एकतान ।३३८।

दुवैजना मस्तहूँदै त्यहाँ त गर्नु हुँदैथ्यो तव भक्तिसाथ ।
उहाँहरूलाइ कुनै त्यहाँको मनुष्यले चिन्न सकेन साँचो ।३३९।

त्यहाँ त, कोही दिन नित्यकर्म सकेपछी नीँद न आइ पर्नं ।
लेट्नूहुँदै आफुसमा अनेक उहाँहरूको त, कुरा भएछ ।३४०।

सोही बखत्मा प्रभुरामलाई संझाउँदै चित्त बडो रसाई ।
प्रतापि नाराममल उत्तिनखेरी भन्दै थिए बिन्तिगरेर फेरि ।३४१।

सानै भए ता पनि राज्यहाम्रो राजा भयौँ सौख्य मिलेर राम्रो ।
त्यौ सौख्य हाम्रो न पुगेर आज, लागेन है ! नीँद, नराधिराज ।३४२।

मिली रहेको सुख शान्तिसारा न पाउनाले हुन आइ बाधा ।
परेन है ! नीँद त, हामिलाइ अड्नुहवस् ! चित्तकडा गराई ।३४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

यही बखत्मा प्रभुलाइ आज संझाउँछू धर्म, र राजकाज ।
सुन्नूहवस् ! ध्यान दिएर भन्दै बोले बुढ़ाले यहि फेरि भन्दै ।३४४।

राजा हुँदै गद्दि चढेरखाली हुँदैन राम्रो निज धर्मछाडी ।
बुझेर जान्दै सब देश—काल हर्दं हुनूपर्दछ होसियार ।३४५।

बखत् बखत्मा हुनुपर्छ जस्तो सुहाउने आफु भएर उस्तो ।
चलाक्किकासाथ त, नीतिलाई चलाउनू धर्म ठूलो बचाई ।३४६।

को शत्रु को मित्र भनेर संझी बिचारका साथ अडेर संल्ही ।
प्रजाहरूको थिति थांनलाई सँधैलिनू पर्छ ठुलो कडाई ।३४७।

राजन् ! असन्तोष बढे प्रजामा हुनेछ है ! नित्य अशांति नाना ।
तसर्थ आफ्ना सब रैतिलाई राख्नु हवस् ! शान्ति दिंदैं रसाई ।३४८।

सोझाहरूलाई त लुट्नथाली अन्याय गर्छन् फटहा र जाली ।
ती आर्तको आँसु पुछेर ताजा बचाउने नै हुनुपर्छ राजा ।३४९।

मर्कापरेको सब साफ साफ जाहेर भै तै पनि चूपचाप ।
राजा भई हेरिरहे भने,त, मान्छन् प्रजाले भर—आश, के त? ।३५०।

त्यों न्यायको दण्ड लिएर खास राजा उदाएपछि एकनास ।
अनर्थ अन्याय हुनै न पाई खुसो रहन्छन् दुनियाँ रमाई ।३५१।

प्रजा खुसीले भइ राज भक्त रमाउने भै मुलुकै समस्त ।
त्यहाँ अनी दुश्मनले कदापि सक्तैन चल्नै कुविचार राखी ।३५२।

साम्राज्यको हुन् जगरुप रैती नच्लन पाओस् तिनिमाथि कैँची ।
तसर्थ रैती सब राजि राखो जो चल्छ राजा उहि हो प्रतापी ।३५३।

राजासँगै जो अधिकारपाई लुट्छन् ठुला हाकिम रैतिलाई ।
बुझेरतिन्कोपनि हाल चाल राजा हुनुपर्दछ होशियार ।३५४।

राजा रहन्छन् दरबारभित्र लुट्छन् भने हाकिम यत्र तत्र ।
आमा र बाबू न भए समान सन्त्रस्त हुन्छन् दुनियाँ तमाम ।३५५।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तसर्थ जस्बा दुनियाँ छ राजी बनाउनू त्यस्कन उच्च काजी ।
हेरोस् त्यसैले सब काजकाम सुखी रहुन् है, दुनियाँ तमाम ।३५६।

कुलीन विद्वान् र विवेकशाली छाने र राख्तै सब कर्मचारी ।
चलाउनूपर्दछ राज्य यो, त लगाम खिँच्तै अड़िएर पो त ।३५७।

यो योग्य हो यो त अयोग्य हो है ! भन्ने न जाँचीकन झट्ट सोझै ।
न राख्नु है उच्च पदस्थ मंत्री राज्यै बिगार्ने त्यहि हुन्छ मन्त्री ।३५८।

जस्तोसुकै कामगरे पनी त, न राख्नु है ! नीच कुनै नजीक ।
बस्तैन राजा भनि मान राखी त्यो राक्षसै हो किन राख्छ बाँकी ।३५९।

सारा कुरा यो इतिहास हेरी मैले भनेँ सुन्नुहवस् ! नि, फेरि ।
बनाउँदा नोकर राक्षसै, त झण्डै मरेथ्यो बनियाँ कुनै, त ? ।३६०।

चरित्रकै जाँच गरी तसर्थ बुझेर नै मानिस राख्नु पर्छ ।
कुनै अधर्मी अनि दुश्चरित्र छोटो न आओस् दरवार भित्र ।३६१।

उदाउँदा क्षत्रिय आर्यराजा फलोस् फुलोस् वैदिक धर्म ताजा ।
न होस् प्रजा नास्तिक दुष्ट पापी त्यस्तो भए हुन्छ ठूलो खराबी ।३६२।

भए प्रजा इश्वर नै नमान्ने राजा भनी ती किन फेरि मान्ने ।
न देशमै प्रेम रहन्छ तिन्को खराव हुन् नास्तिक यस किसिको ।३६३।

तसर्थ नै धर्म बचाउनामा चलाउनू कानुन योग्य नाना ।
गर्दै दुराचार बढेर पाप प्रजा न होस् नास्तिक देशमा, त ।३६४।

परम्परासाथ चलीरहेको स्वधर्मको संस्कृति शोभिएको ।
समाज हौस् सुन्दर देशभित्र प्रजा खुसीहुन् सब यत्र तत्र ।३६५।

जस्तो सुकै लायक मंत्री हुन्, ती न बदसनू काम समस्त सुंपी ।
गर्नू सबै आफु त हेर चाह सबै कुराको अनि हुन्छ थाह ।३६६।

आंदानिको हाल र खर्च संझी फजूलको खर्च न गर्नु संल्ही ।
बढाउनैपर्दछ राज्य कोष ठुलो भरोसा धनबाट पो, छ ।३६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दरिद्रहुन्नन् जसरीप्रजा त उद्योग उस्तै गरि यत्नसाथ ।
समृध्दगर्नू मुलुकै समस्त त्यसो भए हुन्न कदापि कष्ट ।३६८।
सन्तुष्ट राखीकन सैंन्यलाई मौकापरे देशलिनू बढाई ।
आफ्नो सिमानाबिच शत्रुबाट धावा न होस् संझनु यो कुरा, त ।३६९।
सबै छिमेकीहरूलाइ फेरि बराबरी तौलिरहेर हेरी ।
न ढल्कने आफु कतै पनी त, राजा हुनू पर्दछ नीति युक्त ।३७०।
बिचार आफ्नो सब गुप्तराखी तुरून्त बुझ्ने अरूको चलाकी ।
न हेर्पिने सागर झैं अथाह राजा हुनुपर्छ महा प्रभाव ।३७१।
सत्संगले हुन्छ ठूलो भलाई कुसंगले नाश हुने बिलाई ।
यहीकुरा याद गरेर भित्र राख्नू हवस् चित्त बडो पवित्र ।३७२।
बूढो भएको म त राज्यभोगी ठान्नुहवस् ! वास्तव हूँ म जोगी ।
देख्तै हजुर्को परिणाम बेस संझाउँदै भन्दछु, गोरखेश ! ।३७३।
यो बिन्ति मेरो हित ठानिठानी चलाउनोस् राज्य लगाम तानी ।
हुनेछ कल्याण सँधैं पछाडी भन्दैं अडे ती अनि बोल्न छाडी ।३७४।
त्यो आर्तिको बिन्तिसुनी तमाम खुसीहुनू भै तिनि साथि राम ।
बितेर जाँदा अनि अर्ध–रात निदाउनू भो दुइ एकसाथ ।३७५।
जागा हुँदै फेरि बिहान उठ्तैं बस्तै तपस्या गरि मंत्र जप्तै ।
यस्तै किसिले भाइ निर्बिकार बिताउनू भो महिना त, चार ।३७६।
लिएर यस्तै क्रमबद्ध चाला घुमाउँदै मन्त्र जपेर माला ।
बस्नू हुँदैथ्यो दृढ भक्ति साथ त्यो ध्यानमै मग्न परेर नाथ ।३७७।
त्यो ध्यानमा, नै प्रभुका अगाडी नज दुवै झलमल पारि पारी ।
आएछ छायाँ सरि कन्यकाको खाँडो पनी एक खडा भयाको ।३७८।
झल्केर आफ्ना नजरै अगाडी झलक् उही झल्झलि पर्न थाली ।
त्यो ध्यान टुट्तै प्रभुको अनी त, के हो भनी खलबलिएछ चित्त ।३७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोंकै तपस्यागरि बस्नुपर्दा कंजोर नै भित्र मलाइ बड्दा ।
यो झिलिझली देखिनगो कि,भन्दै गर्नु भयो नेत्र न खोली बन्दै ।३८०।
समग्र आफ्नो जपपूर्णपारी उठेर मध्यान्ह हुँदा पछाडी ।
प्रतापिनाराममललाइ भन्दै बताउनू भो त्यहि हाल जम्बै ।३८१।
त्यो हाल सुन्दैं प्रभुरामबाट प्रतापि नाराममलले त्यहाँ त ।
आश्चर्यले हत्पतसाथ हेरी बिन्ती गरेथे प्रभुलाइ फेरी ।३८२।
खाँडापतै देवि अगाडि आफैं खडा भएकी तिनि कन्यका भै ।
खाँडो थियो त्यो जयको निशाना चुक्नू भयो त्यो त न पक्रँदामा ।३८३।
हुँदै हजुर्को तपले प्रसन्न देवी उहाँ आइ अगाडि पर्न ।
त्यो पाउमा झुक्नु भएन आज चुक्नू भयो भन्छु नराधिराज! ।३८४।
खाँडो पनी पक्रि दिनू भए त्यो जित्नू हुँदै राज्य ठुलोहुनेथ्यो ।
त्यो छोड्नुभो, भो! तर फिक्रि छैन, हुनेकुरा त्यो, त न भै हुँदैन ।३८५।

जुंलेशराजा ति सिजापतीले अघी यहाँ आइ बडो खुसीले ।
गराउँदै ब्राह्मणबाट पाठ पूजागरेथे अति भक्तिसाथ ।३८६
अनी उहाँकै प्रतिमा अगाडी ध्यानस्थ भै तो जप गर्नथाली ।
चिलेर आँखा अनिकेहि बेर बसी रहेथे जपमा भुलेर ।३८७।
लिनू हुँदै रूप त कन्यकाकै देवी त्यहाँ पाल्नु भएन आफैं ।
खाँडो यही मात्र खडा अगाडी देख्थे तिनी अद्भुतपर्न थाली ।३८८।
खोलेर आँखा अनि उत्तिखेरी खाँडो उही प्रष्ट चिनेर हेरी ।
त्यो पक्रँदैं बाहुलिमा उठाई थाँनै सकेनन् दबियो हराई ।३८९।
त्यो दिव्य खाँडो छुन पाउनाले प्रदेश धेरै तिनि जित्न थाले ।
भए प्रतापी तिनिफेरि उस्तै अगाडिको हो इतिहास यस्तै ।३९०।
राजापनी आइ मुकुन्द सेन खाँडो उठाए तर थामिएन ।
ती त्यत्तिले नै भइ वीर्यशाली धेरै जितेराज्य लडायिँ मारी ।३९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरले देखि समेत आफैं, खाँडोपनी देख्नु भएर साफै ।
हजूरको अद्भुतको प्रताप फिँजिन्छ है ! भन्दछु यो कुरा, त ।३९२
खाँडो न पक्के पछि गोरखेश ! जित्नू हुनेछैन ठुलो प्रदेश ।
झलक् हुनाले, तर, देविको, त ठुलो हुने कीर्ति हजूरको छ ।३९३
प्रजाहरूको स्थिति बाधनलाई उदाउनू भो कि, हजूर आई ।
यस्तौ कुरा ठान्दछु चित्तमा, म गर्नोस्! तपस्या खुसी साथ राम! ।३९४
यो बिन्ति नारामलको सुनेर त्यस्तै कुरा हो कि, सबै भनेर ।
गर्दै उही ध्यान समाधि फेरि बढ्नु भयो राम कतै न हेरी ।३९५
लिएर उत्साह ठुलो अपार बढाउँदै साहस बार–बार ।
लाग्नू भएथ्यो तपगर्न राम महर्षिनै छक्क परे तमाम ।३९६
त्यो ध्यान को मग्न समाधि कस्तौ गर्दै तपस्या दिन रात यस्तौ ।
कैल्हे जलौमात्र पिएर राम बस्नू भयो छोडि दिएर खान ।३९७
खाँदैं न खाए पनि ता उहाँको त्यो भित्रको शक्ति बढेर साँचो ।
गल्दै न गल्ने भइ गाथ ताजा झुक्यो जगत् धन्य भनेर राजा ।३९८
एकाग्र आफ्नो मनचित्त पारी कठोर यस्तौ तपगर्न थाली ।
पूरा छ मैन्हा हुनलाइ फेरि यौटै त्यहाँ रात रहेछ देरी ।३९९
पुग्यो छ मैन्हा अब आज हाम्रो भन्नू हुँदै लक्षण संझि राम्रो ।
कसेर पद्मासन एकनास बस्नू भयो ध्यान गरेर खास ।४००
त्यो रातमा सोहि बखत् अचम्म हुँदै नभो मण्डल घन्न घन्न ।
त्यहाँ "वरं ब्रूहि" भनीरहेको अबाज भो प्रष्ट सुनी रहेको ।४०१
त्यो शब्दसुन्दा पनि बिघ्नठानी श्री राम टक्कै, अडिबक्सँदा, नी ! ।
छुँदै उहाँलाई बुढा त्यहाँ ती संकेतगर्थे दुइ हात थापी ।४०२
त्यसै बखतमा जपपूर्ण पारी खोल्नूहुँदै नेत्र दुवै उघारी ।
त्यहाँ "वरंब्रूहि" भनीरहेको सुन्नू भयो शब्द, त, रामले त्यो ।४०३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठ्नूहुँदै झट्पट उत्तिखेरी ढोगेर साष्टांग गरेर फेरी ।
जोड्दै दुवै बाहुलि बार बार पर्नू भएथ्यो प्रभु लम्पसार ।४०४।

निधार टेक्तै अनि भक्तिसाथ जुटाउँदै अंजलिजोरि हात ।
खुसी हुनूहोस् ! जगदम्ब ! भन्दै फेरी यसै बोल्नु भएछ भन्दै ।४०५।

त्रिलोकमात ! मं त छू अजान के माग्नसक्छू र भलो कुरा म ।
जो योग्य हो त्यो दिनु भै मलाई मेरो स्वयं गर्नुहवस् भलाई ।४०६।

यस्तै कुरा बिन्तिगरेर राम गर्नू हुँदैथ्यो निहुरी प्रणाम ।
सोही बखत् अद्भुत शब्द साथ आकाश वाणी हुनगो त्यहाँ,त ।५०७।

जुंलेश, दिल्लीश्वर, गोरखेश भविष्यमा एक यहाँ हुनेछ ।
यही कुरा प्रष्ट सुनाउने, त्यो आकाशवाणी सुनिँदै रहेथ्यो ।४०८।

आकाशवाणी सुनिएर यस्तो दया भयो धन्य भनेर कस्तो ।
गरें शिरोप वंरदान माता ! भन्नू हुँदैथ्यो प्रभुले त्यहाँ, ता ।४०९।

साष्टाङ्ग ढोग्दै अनि बार बार हर्षाश्रु झारेर सहस्रधार ।
झुक्नु हुँदैथ्यो प्रभुराम फेरि अर्को भयो शब्द त, उत्तिखेरी ।४१०।

नाऊँ दुवैको लिइ एकसाथ यो, शब्द भै लौ, अब हातथाप ! ।
दुवैजनाले अनि चिंलि आँखा थाप्नु भयो हात अनो त्यहाँ,ता ।४११।

श्रीलक्ष्मिनारायण मूर्ति योटा श्रीरामको हात पऱ्यो अनौठा ।
परेछ नारामललाइ हात श्री विष्णुके प्रस्तर-पादुका, त ।४१२।

अचम्मको यो बरदान पाई दुवैजना धन्य हुँदै रमाई ।
त्यों दण्डवत् फेरि गरी प्रणाम हुनु भएथ्यो अनि पूर्णकाम ।४१३।

मुहार देख्नै न सके पनी त त्यो देववाणीसुनिए पछी, त ।
दया भयो हामि उप र्त सो झै भन्दै दुवै धन्य हुनू हुँनू भयो है ! ।४१४।

प्रताप नारामलले त्यहाँ, त श्रीरामका सामु झुकाइ माथ ।
खुसी गराई प्रभुलाई फेरि विन्ती गरेथे अनि उत्तिखेरी ।४१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरको बाहुलिमा छ धन्य श्री लक्ष्मिनारायणमूर्ति रम्य ।
मलाइ बक्स्यो हरि पादुका त, रहस्य यो सुन्नुहवस् ! मबाट ।४१६।

नारायणै रुप हजूर खास हुनू भयो, सेवक हूँ म, दास ।
हाम्रो रह्यो सेवक, सेव्यनाता मैले बुझेको यहि हो कुरा, ता ।४१७।

ममात्र योटा न झुकेर खाली राजा रजौटा सब झुक्न थाली ।
मालीक मानेर हजूरलाई रमाउँछन् पाउ दुवै समाई ।४१८।

जताततै सान्तिदिदैं तमाम रसाउने काम गरेर, राम ! ।
हजूरले, भन्दछु है, तुरुन्त समाज चल्ने स्थिति बाँध्नु हुन्छ ।४१९।

त्यसैं हुनाले प्रभुबाट राम ! लडार्यिँको त्यो न भएर काम ।
आफ्नो ठुलो राज्य बढाउनामा हजूरको कति हुँदैन धामा ।४२०।

त्यस्तो लडायों न परोस् तथापि हजूरकैं कीर्ति बढेर ढाकी ।
चल्दै हजुर्कै स्थितिमै तमाम छिमेक हुन्छन् जितिए समान ।४२१।

भविष्यमा जो कि, हुने अवश्य त्यो देखनथालेर सबै रहस्य ।
म बिन्तिगर्छू प्रभुलाई साँचो यो उतरा खण्ड छ गोरखाको ।४२२।

यो बिन्तिगर्दै तिनिफेरि राजा गराउँदै गद्‌गदचित्त ताजा ।
म दास हूँ है ! प्रभु, नाथ भन्दै हुँदा भए पाउ परेर दंगै ।४२३।

ती सिद्ध योगी सरहै बुढाको त्यस्तो कुरा सुन्नु भएर साँचो ।
मुसुक्क हाँस्तै तिनिलाइ हेरी भन्नू हुँदैथ्यो प्रभुराम फेरि ।४२४।

मलाइ ऐले जति भन्नु भो है! हजूरको त्यो त कुरा छ सो भैं ।
हजूरको निति कुरा छ यौटा त्यो भन्दछु सुन्नु हवस् अनौठा ।४२५।

श्रीपादुका यो प्रभुविष्णु को, त हजूरको बाहुलिमाथि जो,छ ।
त्या देखिनाले, त्यसको रहस्य मैले पनी केहि बुझें अवश्य ।४२६।

यो चिन्ह हो दुर्लभ भक्तिको त, यो पाउने धन्य मनुष्य पो,त ।
हजूरमा त्यो हारको दया भो हुनेछ खाँचो अरू के कुराको ।४२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञा यही भै प्रभुरामबाट त्यहाँ खुसीले अडि बक्सिँदा, त ।
यथार्थ हो यो त हुंकु भनेर ती भन्दथे फेरि यसैगरेर ।४२८।
बूढो हुनाले हरि भक्ति रोजी गरें तपस्या मत मर्न खोजी ।
मलाइ बक्स्यो हरिबाट सोही म धन्यछू नाचतछु रोइ–रोई ।४२९।
हजूरको यो छ नयाँ उमेर गर्ने पनी काम छँदैछ धेर ।
श्री लक्ष्मिनारायणकै समान राख्नू हवस् कीर्ति चलाइ नाम ।४३०।
यस्तै कुरा आफुसमा अनेकन त्यहाँ दुवैको खुसिले चलेछन् ।
यसै गरी रात बिते छँदा, त स्नानादिमा लाग्नू भएछ नाथ ।४३१।
स्नानादिका तर्पण होम आदि सिध्याउँदै कर्म सबै पछाडी ।
त्यो कन्दमूलादिक जो मिलेको आहारले तृप्त हुनू भएथ्यो ।४३२।
आफ्नो तपस्या परि पूर्णपारी दुवै जना बढ्नुहुँदै अगाडी ।
गरेर चर्चा हरिकै सहर्ष फिर्नु भएथ्यो गलकोट तर्फ ।४३३।

राजा भैकन पनि कष्टसाथ यस्तो
को गर्ला तप अरू राम साह जस्तो ।
माहात्मै प्रकट छ साहवंशको, त
त्यो धर्मै अझ पनि झलल झल्कँदो छ ॥
।४३४।

साहवंश महा काव्य–चारौं सर्ग
समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहवंश – महाकाव्य

पाँचौंसर्ग प्रारम्भ

त्यसरि त, तपबाट सिद्धिपाई अतिरसिलो उहि कीर्ति जग्मगाई
प्रकट हुनु भयो त्यहाँ बिहान, रवि सरहै प्रभु गोरखेश राम

१

त्यसबखत पहाड माथिबाट, खुसि हुनु भै प्रभु फर्कि बक्सँदा, त
झिलि मिलि मुख बिम्ब नै उहाँको सजिन गएछ कि, सूर्यतुल्य साँचो

२

कठिन तप गरी भएर दुब्लो तर पनि कान्ति बढेर झल्ल खुल्दो
मुख अति हँसिलो हुँदै उहाँको कति रसिलोसित शोभियो त्यहाँ पो

३

शिर उपर त, केशपाश फेरि न भई तलास त लट्टिएर वेन्ही
प्रभुकन त, अझै सुहाउँदै त्यो उहि हँसिलो मुहुडा खुलाउँदैथ्यो

४

बढि बढि मुखमा जुंघा र दान्ही, सब छरिँदा पनि देखिँदै तयारी
प्रभु त अझ अहो ! त्यहाँ दुरूस्तै, सजिनु भयो वनवासि रामजस्तै

५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस बखत छटा सबै उहाँको नजर गरी, भनि भाग्य गोरखाको
ऋषि र मुनिहरू अदृश्य लुक्तै दिइ दिइ आशिष झुल्दथे ति झुक्तै

६

नजर गरी गरि उहि मुहार, तिनि खुसि भै गलकोटका नृपाल
प्रभुकन त सुनाउँथे तमाम हृदय रसाइ रमाइलो बयान

७

अडिइकन यहीँ पहाडबाट नजरदिँदै सबतर्फ देखिँदा, त
कति कति रसिलो, छ यो प्रदेश मन पनि मुग्ध हुँदैछ, गोरखेश!

८

समय त रसिलो हुँदै बिहान, झिलिमिलि भैं कलिलो सुहाइ घाम
मुलुक सब मुसुक्क हाँस्नथालो सजिइरहेसरि देखिने अगाडी

९

नजर दिनुहवस् ! बिचित्रखासा प्रकट हुँदैछ हिमालको तमासा
पहिरि मुकुट घामकै पहेँलो सजिइरह्यो गिरिराज यो उजेलो

१०

धवल शिखरमा परेर जस्को झिलिमिलि भै चहकेर घाम निस्क्यो
वर पर उहि फलिएर लाली प्रकृति खुसि भइछिन कि, हास्न थाली

११

यहि अति हँसिलो हिमालमाथि शिवजि त बस्नुभएर हो, कि, साँचो ?
सिँदुरहरू छरेर देवताले खुसिभइ पाउ समाइ झुक्न थाले

१२

उठि उठि उदयाद्रिबाट आई रवि पनि हेर्नुहवस् ! हिमालमा, यो
किरणहरू छरेर पुष्प जस्तै शिवजि सँगै निहुरे कि, पाउ पुछ्तै

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नजिक नजिकका पहाड सारा त्यहिरँगले हुन आइ कान्तिवाला
वर पर सब हेर्नुहोस् तमाम प्रकट भए कि, सिँगारिए समान

१४

प्रभु नजर रहोस् ! हिमालको यो वरपरको अति पुण्य तीर्थ पो हो
ऋषि मुनिहरूछन् यहीँ तमाम जपि रहने दिनरात रामनाम

१५

तिनिहरू त अदृश्य भै लुकेका भनिकन ठान्नु हुँदैं यहीँ बसेका
तिनिहरूकन गर्नुहोस् प्रणाम सकल मनोरथ पूर्णहुन्छ, राम।

१६

बिनति यति सुनेर तो बुढाको प्रभु अनि अड्नु भएर गोरखाको
ऋषिहरूकन संझदैं तमाम झुकि झुकि गर्नु भयो त्यहीँ प्रणाम

१७

त्यसपछि गलकोटका ति, राजा लिइ मनको अति शुद्ध भाव ताजा
अब सफल भयो भनेर काम यसरि त फेरि सुनाउँथे बयान

१८

म उपर हरिको दयाहुनाले म त पछिको सब हाल देख्नथालें
हँसिसरह नठान्नुहोस् कुरा यो प्रभु ! अब संशय छैन है ! हरायो

१९

प्रभु ! जब खुसि भै हजूरबाट ऋषिमुनिसंझि झुकाइयो कि माथ
अनि त, मनमनै म देख्तथें त्यो सब घटना पछिबाट जो हुने हो

२०

प्रभु ! अब सुनिबक्सियोस् बिचित्र यहि रसिलो रमणीयदेश भित्र
कुल, त हजुरकै हुनेछ राजा गरिकन वैदिक आर्यधर्म ताजा

२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदय त हलुको भएर आई अब त खुसीसित शान्ति भो मलाई
किनकि, मुलुक यो बिधर्मिबाट लुटिनगई अपवित्रहुन्न नाथ !

२२

वर र पर हिमालको तमाम रहिकन पावन पुण्य तीर्थ—धाम
स्थिर भइकन राज्य गोरखाको रहिरहने यहि नै पवित्रता भो

२३

नरपति गलकोटकै म खास तर पनि ता प्रभुकै भएँ, म, दास
किनकि, यहि हुने भविष्यमा हो वर पर यो सबराज्य, गोरखाको

२४

लिइकन पहिले गिरिप्रदेश पछि त बढ़ीगरि दिल्लिमैप्रवेश
स्थिर गरिकन आर्य धर्मरास्रो उदित हुनेछ कि साहवंश हाम्रो

२५

यहि सब पछिको गरीइशारा प्रभुसित हाल बताउँदैछु सारा
बुझिकन सब सत्य यो कुरा त, रहि रहनोस् प्रभु राम ! शान्तिसाथ

२६

यति भनिकन ती बुढा अगाडी अडिरहे जब दंग पर्नथालो,
प्रभुतर्फ हुनुहुँदै बड़ो प्रसन्न तिनिसित नैं अनि लाग्नु भो कि भन्न

२७

हजुर त सुख दुःख भोगि भोगी भजिहरिलाइ भएर सिद्धयोगी
मसित खुसिहुँदै भनो भविष्य अब हुनु भो कि, अचम्म कैं मनुष्य

२८

न बुझि हजुरको कुनै प्रभाव तर पनि भित्र लिएर मान्य भाव
म पनि हजुरको अगाडि आएँ, अनि, करूणासित अति बक्स पाएँ

२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि त हजुरकै बुझेर शिक्षा बसिरहँदा लिन पाइ मन्त्र दीक्षा
अलि अलि गरि शान्तिपाइपाई मन सुरियो हरिपाद भजनलाई

३०

अनि त हजुरकै रहेरसाथ मन खुसि भै तप गर्न पाउँदा, त
मिलिकन बरदान देवताको सफल भयो नरजन्म आज साँचो

३१

हटिकन सब मोहको "म–मेरो" मन भइ निर्मल गद्गदैछ मेरो
अब त अरुकुनै रहेन इच्छा खुसि भइ चल्दछु संझदै हरिच्छा

३२

ऋषिमुनिहरूको र देवताको म उपर आशिष यो रहेर साँचो
बुझिकन पछिको कुरा समेत, म त बिउँझें, हरिकै दया रहेछ

३३

पृथिवितल भरी पवित्र यो त, रहि महिमा यहि साहवंशको, त
स्थिर भइ अडिने बुझिन्छ हाम्रो बिमल सनातन आर्य धर्म राम्रो

३४

गुरु त हजुर नै मिलेर सच्चा मपनिभएँ कृतकृत्त आज पक्का
हृदय त हरिलाइ नै चढाई म पनि त गर्दछु लोककै भलाई

३५

यसरि त गलकोट राजलाई कहनुहुँदै प्रभु रामले रसाई
मन भइ हलुको दुवै जनाकै खुसिभइ हिँड्नु भएछ साथसाथै

३६

भनि भनि हरिकै उदार लीला हुनुभइ मस्त दुवैजना रसीला
नपरिकन हिँडाइको थकाई सुरु सुरु हिड्नु हुँदै थियो रमाई

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सवतिर हरि नै बुझेर यौटा उहि महिमा अनि गाउँदै अनौठा
नचिनिइ अरुले त, जोगिजस्तै प्रभु अनि पाल्नु भएछ सुस्त सुस्तै

३८

सुरुसुरु कहिँ उक्लँदै उकालो कहिँ त सरासर झर्नु भै वऱ्हालो
घुमि घुमिकन नै पहाडनाघी प्रभु अनि वढ्नुहुँदै थियो अगाडी

३९

दिनभरि दुइटै हिँडेरसाथ रुखमुनि वास बसेर रातमा, त
फलफुल वनकै टिपेर खाई खुसिभइ पाल्नु हुँदैथियो रमाई

४०

यसरि त दुइ चार वास बस्तै प्रभु अनि ता गलकोटभित्र पस्तै
चिनिन नसकिने भएर उस्तै खुसिहुनु भो दरवारभित्र घुस्तै

४१

नसकिकन दुरूस्त चिन्नलाई, पछि अनि मुस्किलसाथ चिन्ह पाई
झुकि झुकि दरवारिया समेत मन खुसि भैकन मान्दथे उदेक

४२

सुनिकन गलकोट राजबाट अनि सवले बरदानको कुरा, त
प्रभुकन अति भक्तिसाथ हेरी टहल गरे सव योग्य उत्तिखेरी

४३

प्रभुकन पहिले कटाइ केश सजिकन गाथ सिंगारि राजवेष
खुसिभइकन गद्दिमाथि राखी चरणपरे गलकोटका बुढा, ती

४४

झुकि झुकिकन राज्य अर्पि जम्बै प्रभुपद सेवक दास हुँ म भन्दै
झुलि झुलिकन पाउमा समाई तिनि त बुढा अडिँदै थिए रमाई

४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुकन यसरी गरेर मान तिनि त बुढ़ा अलमस्तकै समान
टहल गरिरहेर धूमधाम खुसिसित उत्सव गर्दथे तमाम

४६

तपनियम सबै सकेछँदाको विधिसवपूर्ण गराउँदै उहाँको
द्विजहरू बटुलेर होमहाली व्रत परिपूर्ण गराउँथे पछाडी

४७

त्यसपछि गलकोटका ति राजा अरु पनि पाँच नजीक डाकि राजा
सवकन त सुनाउँथे तमाम उहि प्रभुको वर प्राप्तिको बयान

४८

नृपतिहरू तिनै मिलो छ ओटा प्रभुकन मालिक मान्न थालि यौटा
प्रभुवर ! अब राज राज भन्दै खुसिभइ माथ भुकाउँथे ति जम्मै

४९

मुलुक त न जितेपनी तमाम भइ सबको प्रभु मालिकै समान
प्रभुकन अधिराज मान्नथाली नृपति सबै खुसि भै झुके अगाडी

५०

प्रभु उपर त चक्रवर्तिजस्तै लिइकन आदरसाथ भाव उस्तै
कमल सरहको जुटाइ–हात नृपतिहरू यहि भन्दथे त्यहाँ त

५१

प्रभु उपर भएर देवताको, उहि बरदान अमोघ, दिब्य, साँचो
प्रभुसँग निहुर्‍यौं तमाम हामी, प्रभु सवका अधिराज मानि मानी

५२

प्रभु ! अब सवको हुने भलाई, स्थितिरिति बाँध्नु हवस् ! छिटो चलाई
अनि उहि अनुसार मानि मानो सवतिर चाल चलाउँछौं, कि हामी

५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुसँग यसरी झुकेर बोली नृपतिहरू अड़िएर हात जोडी
अनि त, खुसिहुँदै मुसुक्क हाँसी प्रभु पनि भन्नु हुँदैं थियो त्यहाँ कि

५४

मनपरिसित नाप तौलको त, चलन हटाइ दिँदै तुरुन्त यो, त
अब, दश मुठिकै भनेर मानु अनिपछि पाथि, मुरी समेत मानूँ

५५

तउल दिनु हुँदै तराजुलाई पल र बिसौलि र धार्नि भन्नलाई
चलन यहि चलाउनू तमाम भनिकन भन्नु हुँदैथियो कि, राम

५६

अरुसित धनको लिएर कर्जा मनपरि व्याज लगाइ तिर्नु पर्दा
मुलुक त सब बिग्रनेछ भन्दै हुकुम भयो लिनु है दसौंधि भन्दै

५७

लिनु दिनु यसरि दसौंधिब्याज भनिदिनु भैं दशवर्षको मियाद
ऋण त द्विगुणका उपर्बढाई तिरिनु हुँदैन नि ! भन्नु भो बुझाई

५८

युवतिहरू गएर पानि भर्दा अघि पछि भै झगडा गरेर बढ्दा
क्रमसित नमिचेर कत्ति पालो जल सबले लिन पाउने कुरा भो

५९

अडिइकन कुनै झुटो कुरामा सहज निसाप न बिग्रने हुँदामा
शपथ गरिदिनु छुवाइ ढुङ्गो अनि उ त कायल भै हुनेछ टुंगो

६०

अरूपनि झगडा हुँदा प्रजाको बुझिकन नै व्यवहार जो छ साँचो
गरिकन पनि पञ्चको व्यवस्था सुन झगड़ा भनि, बक्सियो व्यवस्था

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर घर गइ गाउँ गाउँबाट बुझिकन लायक पञ्च छानिँदा, त
तिनिहरू त कतै न झुक्किने भै अनि त हुनेछ नियाँ निसाप सोझै

६२

मुलुक र अनि राज्यमा परेको सकल कुरा भइ पंचले बुझेको
समय सँगसँगै मिलेर चाला मुलुक पनि अनिमाथि उक्लि जाला

६३

मत लिइकन पंचका सभाको अनि उहि माफिक काम आँटिँदा, पो
खुसिभइ दुनियाँ भएर ताजा झुकि झुकि बाबु समानमान्छ राजा

६४

वर पर सव पंच पंचको त, मुलुकभरी थिति बाँधिएर पो त
लुकि र छिपि चिताउँदै नजाती चलिरहने पनि हुन्छ देश घाती

६५

यति उति भनि खेतको पनी त लिइकन नाप खडा गरे पछी त
कलह र झगडा नभै कसैको थिति रिति कायम हुन्छ है सँधैको

६६

यसरि त सवको हुने भलाई थिति रितिको महिमा सवै बुझाई
किसिम किसिमको नयाँ तमाम नियम दिँदै अडिवक्सिएछ, राम

६७

मुलुकभरि हुने ठुलो सुविस्ता सुनिकन यो प्रभु रामको व्यवस्था
नरपतिहरू तो झुकी छ ओटै प्रभुकन धन्य र भन्दथे अनौठै

६८

नरपतिहरू ती मिलेर फेरी प्रभुकन माथ झुकाइ उतिखेरी
प्रभु ! अब "सरकार पाँच" भन्दै पर्दाव चढाई सुनाउँथे ति जम्मै

६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुलुकभरि रहेर पंच सारा प्रभु हुनु भैं सव पंचको सहारा
प्रभुकन "सरकार पाँच" ठानी खुसिभइ मालिक मान्दछौं नि, हामी

७०

थितिरितिहरूको नयाँ तमाम हुकुम हुँदै जति बक्सियो बिधान
चलन उहि चलाउँछौ भनेर तिनिहरू गद्गद पर्दथे झुलेर

७१

त्यसपछि गलकोट राजले त त्यसवखतै गरि उर्दि पुर्जिलेख
मुलुक भरि दिँदै उहि बिधान चलन चलाइ दिँदैथिए तमाम

७२

खुसिभइ जनता सवै त्यहाँका अति सजिलो थिति यो चलाउँदा, त
प्रभुकन ठहराइ रामजस्तै गरि गुणगान रमाउँथे प्रशस्तै

७३

नृपतिहरू अनीमिलेर पाँचै प्रभुकन ता अवतार ठानि साँचै
घर घर तिर नै फिरेर आई रितिथिति सोहि चलाउँथे रमाई

७४

मुलुक मुलुकमा त्यहाँ पछाडी रितिथिति सोही तुरुन्त चलन थाली
सवतिर सजिलो हुँदै प्रजाको घरघरको व्यवहार भो मजाको

७५

मुलुक मुलुकका प्रजाहरूको चलन यही हुन आउँदा हलूको
अरुतिर पनि जो थिए रजौटा तिनिहरूले पनि मान्दथे अनौठा

७६

रितिथिति सव यो त गोरखाको नगर भने पनि रिसको कुरा त्यो
खुसिभइ जनता रमाउँदा त नृपति सवै विवशै भए त्यहाँ, त

७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहि प्रति सजिलो टिपेर चाला सबतिरका जनता मिलेर सारा
सुरु सुरु छरितो चलेर काम नृपति पनि त्यहि मान्दथे बिधान

७८

सबतिर जनताहरू समस्त कहिँ नहुँदा ब्यवहार गर्न कष्ट
प्रभु भनिकन धन्य गोरखाकैं गुण महिमा पनि गाउँथे उहाँकै

७९

कति कति अधिका भए नृपाल मुलुक जिति कहिने ति, होशियार
तर पनि यसरी प्रजाहरूको थिति र रिती कसले गऱ्यो हलूको

८०

प्रभुवर हुनुहुन्छ राम कच्चै तर पनि तेज रहेछ भित्र सच्चै
लिइकन अनुहार मानिसैको प्रकट हुने प्रभुराम, राम नै हो

८१

मुलुक त नजिते पनी उहाँले थितिरिति यो सवलाइ बक्सिनाले
जितिकन सबको मनै समेत प्रभुवर मानिनु भो कि गोरखेश

८२

हुन त, रहिरहुन् शयौं रजौटा तर सवका अधिराज राम यौटा
किनकि, मुलुक यो झुकेर सारा प्रभु भनि माग्छ उहाँ सँगै सहारा

८३

वरपर यसरि रमाउँदै, ती जब गुणगान सुनाउँथे कि, रैती
अनि त यहिकुरा झलक्कदेखी नृपतिहरू निहुरे ति, रामदेखी

८४

त्यसबखत कुनै ति होशियार वरपरका मतिमान् बुढा नृपाल
मुलुक त सब हुन्छ गोरखाकै भनि भनि झल्झल्ल देख्तथे, ति आफै

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरि वरिपरि त्यहाँ तमाम फिँजिइ ठुलो प्रभु रामकै बयान
हुनगइ पछितो झुकेर मुण्टो मन अनि पर्वत राजको त रून्थ्यो

८६

प्रभु अघि बरियात आउँदाको उहि घटना सब याद आउँदा पो
मन डहिकन पर्वतेति राजा बिकल भए उहि चोट लागि ताजा

८७

त्यसबखत जताततै त्यहाँ, त फिँजिन गई प्रभु रामकै प्रताप
नृपतिहरू त नाममात्रका, ती मलिन भए सब चित्त काँपि काँपी

८८

यसरि वरिपरि फिँजाइ नाम रहनु हुँदै गलकोट भित्र राम
अतिथिहुनु भई तिनै बुढाको खुसिहुनु भो लिनपाइ प्रेम साँचो

८९

प्रभुकन लिनलाइ गोरखाका सचिव र फौज समेत आउँदा ता
हृदय त गलकोटका बुढाको प्रभुकन छोड्नु पऱ्यो भनेर काँप्यो

९०

कति कति महिना बसेर साथै प्रभुसित लुटपुटिँदै थिए ति आफैं
प्रभु अब घर जानुहुन्छ भन्दै तिनि त बुढा पिरले भए झसंगै

९१

प्रभुसित अब भेट हुन्न मेरो भनिकन पारि मुहार नै अंधेरो
नरपति तिनि खिन्न भै दिँदा, त सब गलकोट रूँदै थियो त्यहाँ, त

९२

त्यसपछि बडिया मुहुर्तहेरी गरिकन साइतको बिधान फेरी
प्रभुकन त बिदा दिँदै बुढा, ती निहुरिरहे दुइ पाउ नै समाती

९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुहुन नदिइ आँसु थामि थामी वल पर्इ भित्र गला बटारिँदा, नी
प्रभु भन्ति अनि फेरि बोल्न छाडी तिनि निहुरे मुख नै विवर्ण पारी

९४

सकभर गरि बोल्न खोजिउस्तैं वल नपुगेर झुकेर आँसु पुछ्तै
चरण दुइ समाइ सुंसुमाई तिनि अडिए निहुरेर अलमलाई

९५

त्यसरि मनभरी भएर झुक्तैं तिनि त अडे जब आइ पाउ पुछ्तै
प्रभु पनि अनि ता भएर उस्तै निहुरिनु भो छिनसम्म चित्रजस्तै

९६

अलिकति मनमा भएर गान्हो लिनु भइ धैर्य गराइ चित्त सान्हो
तिनिकन दुइ हातले उठाई कसिदिनु भो अनि छातिमै लगाई

९७

कति कति सुख दुःख भोगि भोगी, हुनु भइ फेरि विरक्त सिद्ध योगी
हजुर त किन मोहमा परेको, भनिकन राम बुझाउनू हुँदैथ्यो

९८

मिलि जुलि जलको तरंग आई, जसरि त फेरि हराउने बिलाई
उसरि त भइ भेट घाट हाम्रो, किन लिनु हुन्छ बियोगमा नराम्रो

९९

जगबिच सब हो अनित्य भन्दै, मकन त अर्ति दिनुभएर जम्बै
स्थिर भइ न अडी स्वरुपमा त, मन धमिलो किन गर्नु भो, यहाँ, त

१००

म पनि हजुरकै बुझेर शिक्षा, लिइ भब सागर तर्नको सविच्छा
सफल भइ बिदा हुँदैछु आई, खुसिसित आशिष बक्सनोस् मलाई

१०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सँग सँग नजिकै बसेर के भो, मन नमिले फरकै सरी हुने भो
मन दुइथरिको मिले त टप्पै, फरक रहे पनि भेट भो कि, पक्कै

१०२

गुरु भनिकन नै हजूरलाई, सकल कुरा मनभित्र याद आई
हरबखत रमाउँला त्यहाँ, म, भनिकन भन्नुहुँदै थियो कि, राम

१०३

प्रभु त यति भनो मुसुक्क हाँसो अडिनु भएपछि शान्त भै त्यहाँ, ती
प्रभुकन सुख शान्ति होस् तमाम भनिकन फेरि चढाउँथे प्रणाम

१०४

अलिकति पर आइ पाउ छोड़ी अनि त बिदा दिइ हात जोड़ी जोडी
बचन त मुखले न बोल्न सक्ता तिनि उभिए निहुरेर मूर्ति जस्ता

१०५

गरिकन परबाट नै प्रणाम अनि तिनिबाट बिदा भएर राम
पुछि पुछि रसिलो नजरसमेत घरतिर पाउ बढाइ बक्सिएछ

१०६

प्रभु त सडकमा अघोबढेको नजरदिँदै परसम्म देखिएको
बिसुर सरह भैं बुढ़ा त्यहाँ तो अडिइरहे पिरले जलेर छाती

१०७

सडक दुइतिरै बसेर टम्म जयजय शब्द गरेर घन्न घन्न
झुकि झुकि गलकोटका प्रजाले प्रभुकन आइ बिदाइ गर्न थाले

१०८

बुझिकन शुभ साइतै उहाँको बलसित रोकिरहेर भित्र राँको
नजर त रसिलो भएर पुछ्तै सब अडिए जनता अगाडि झुक्तै

१०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अडिन त नसकेर पौर नारी अब त हिँडे प्रभु राम भन्न थाली
सकल शिशुहरू समेत बोकी उभिइरहे निहुरेर आँसु रोकी

११०

यसरि त गलकोट नाघनथाली घरतिर नै प्रभु चाल्नु भै अगाडी
वरपर जनताहरू तमाम झुकि झुकि आइ चढाउँथे प्रणाम

१११

अघिपछि भइ फौज गोरखाका प्रभुसित साथ रही हुँदै चनाखा
वरिपरि पनि पाल्किलाइ घेरी अनि त सरासर बढ्दथे ति फोर

११२

अरुमुलुक अरु प्रदेशबाट प्रभु खुसि भै घरआइ बक्सिँदा, त
वर र पर जताततै तमाम झुकि झुकि रैति चढाउँथे प्रणाम

११३

हृदय खुसिहुँदै जतासुकै ती प्रभुकन दर्शन गर्न आइ रैती
थिति र रीति चलाउने उहाँ, नै, भनि भनि माथ झुकाउँथे तमाम

११४

नरपति न भनेर गोरखाकै प्रभुकन ता अधिराज मानि साँचै
झुकिक्न जनता जताततैका प्रभु हुनु भो प्रभु राम झै सबैका

११५

सबतिर जनता रमाइ यस्तै दिनभरि हिँड्नु भएर बास बस्तै
प्रभु नजिक पुगेर गोरखाको रिमिझिमि भो कि, रमाइलो त्यहाँ पो

११६

तपगरिकन सिद्धि पाउनू भै सबतिर कीर्ति ठुलो फिँजाउनू भै
प्रभु अब हुनु भो दुरुस्त राम भनि दुनियाँ यहि गर्दथे बयान

११७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइकन अवतार रामको त सवतिर नै प्रभु मानिनू भयो, त
अव अरु कुनराम खोज्न जाने भनि सवले प्रभुलाइ विष्णु माने

११८

यहि चलन चली त्यहाँ पछाडी प्रभुकन बिष्णु भनेर मान्न थाली
अझ पनि बसि गद्दिमा उहाँको प्रभु अधिराज त बिष्णु रुप साँचो

११९

प्रभु भनि यहि भक्ति भावसाथ गरि गरि उत्सव हर्षले त्यहाँ, त
खुसि भइकन रंरमाउँदै, ती सव सजिए प्रभु भेट्नलाई रैती

१२०

घर घर सुकिलो गरेर पोती सवतीर झल्ल जलाइ दीप जोती
सडक सडकमा बनाइ ढोकै नगर त नाचिरहे सरी भयो है

१२१

नगर त सजिएर गोरखाको अमरपुरै सरि देखिएछँदा, त्यो
झिलि र मिलि हुने पुरांगना त प्रकट भए सुर सुन्दरी त्यहाँ, त

१२२

तपगरिकन भै ठुलो तपस्वी हुनु भइ आज जगत्भरी यशश्वी
प्रभु अव घर फिर्नु हुन्छ हाम्रो भनिकन भो मुलुकै खुलेर राम्रो

१२३

मुलुक सव खुसीहुँदै तमाम यसरि महोत्सव साथ धूमधाम
प्रभुकन खुसिसाथ भेट्लाई अघिसरि दंगहुँदै थियो रमाई

१२४

अव त, घर सवारि हुन्छ राजा भनि खुसिसाथ बजाइ घन्न बाजा
पथ उपर अवीर फूलछर्दै लिनदुगुरे जनता अगाडिसर्दै

१२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर पर सब गाउँ बस्तिबाट मिलिजुलि बालबुढा समेत साथ
अघिसरिकन राज भक्तिले, ती सब दुगुरे प्रभु भेट्नलाइ रैतो

१२६

त्यसबखत अहो ! मनैरमाई घर अडिनै नसकेर आइमाई
सहर्जसित छिटो सिंगारपारी दुगुरि सरासर आउँथे अगाडी

१२७

प्रभु भनिकन रामशाह हाम्रा सब जनता सजिँदै भएर राम्रा
त्यसबखत बढे त्यहाँ अगाडी सबमुलुकै झलमल्ल पारि पारी

१२८

यसरि त दुगुरेर हर्षले ती पर पथमा प्रभुको सवारि भेटी
भनिकन जयशब्दसाथ राम वरिपरि पालिक त घेर्दथे तमाम

१२९

प्रभु भनिकन ती हुँदै प्रसन्न जय जय घोष गरेर घन्न घन्न
सिंदुरसँग छरेर फूलमाला हृदय त मस्त हुँदै भए उज्याला

१३०

नरिवल फलफूल हातमा ली, द्विजहरू आशिष बोल्दथे अगाडी
अरु सब जनता झुकेर आई, प्रभु ! भनि पाउ समाउँथे रमाई

१३१

प्रभुसित पर भै बियोगले जो, मुलुक सबै टुहुरैसरी भएथ्यो
त्यसबखत अहो ! त्यहाँ अचम्म, मुलुक उही हुन लागि गो प्रसन्न

१३२

कति कति महिना नदेखिएको, प्रभु मुखपद्म त पद्म झैं खिलेको
त्यसबखत अगाडि देख्न पाई, नजर भरी पिउँथे प्रजा रमाई

१३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रमर सरह भै प्रजा तमाम, जय जय गान सुनाइ एकतान
कमल सरहको मुहार सोहो, पिइ पिइ तृप्त हुँदैंभएन कोही

१३४

प्रभुपनि अनि पाल्किबाट झर्दै तिनिहरूकै हुलमा अगाडि सर्दै
ग्रहणगरि दिएर फूलमाला हृदय त खिच्नु हुँदै थियो पियारा

१३५

धनि गरिव सवै ठुला र साना प्रिय भइ रैति त उतिकै हुँदामा
प्रकट हुनु भयो त्यहाँ त, राजा सब दुनियाँहरूको समान साझा

१३६

म त गरिव कहाँ अगाडि पर्ने, भनि डरले भइ खुंचिनै नपर्ने
रतिभर न भएर भेदभावै झुकि झुकि रैति रमाउँथे त्यहाँ गै

१३७

जसरि त मुख नाक नेत्र आदि, सब दश इन्द्रिय उत्तिकै तयारी
उसरि त दुनियाँ त्यहाँ त सारा, प्रभु नजिकै हुन पुग्दथे पियारा

१३८

सबसित रसिलो भलाकुसारो, गरि गरि पाउ बढाउँदै अगाडी
हुनुभइ सब रैतिको पियारो, गरिदिनु भो प्रभुले जगत् उज्यालो

१३९

हटि हटि प्रभुकै प्रतापले ती न त अरूले गरि रोकतोक छेको
अदबसित झुको जुराइ हात जय जय शब्द सुनाउँथे प्रजा, त

१४०

सिंदुर छरि छरी भएर रातो रँगिन गई प्रभुको अगाडि बाटो
वरिपरि छरिएर फूल माला मुलुक सवै अलमस्त भो निराला

१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिकति यसरि हिँडेर आई प्रभुसँगमा दुनियाँ सवै रमाई
प्रभुकन अनि फेरि पाल्किमाथी झुकि झुकि राज गराउँथे त्यहाँ, ती

१४२

अघि पछि भइ पाल्किको तमाम हिँडिकन लश्कर रैतिका बथान
कुसुमसंग छरी सुगन्धि लावा रँगिइ रहेसरि मस्त भो कि हावा

१४३

जयजयजयकार गर्नथाली पिटि पिटि गड्गड हर्षसाथ ताली
हृदय रमिरमी त्यहाँ यसै ती झुलि झुलि धन्य हुँदै थिए कि, रैती

१४४

त्यसबखत सफा सिँगार पारी घर घरमा सजिएर पौर नारी
प्रभु उपर अपार भक्ति राखी सिँदुर र फूल चढाउँथे त्यहाँ, ती

१४५

दुइतिर घर माथि माथिबाट त्यसरि सिँदूर र फूल बर्सिँदा, त
त्यसबखत भनौँ ! सुरांगनाले अति रसिलो गरि पुष्पबृष्टि पारे

१४६

नगर खुसिहुँदै त्यहाँ तमाम यसरि महोत्सवसाथ धूमधाम
गरि गरि रसिली सिँदूरजात्रा सफल गरे प्रभुको स्वदेश यात्रा

१४७

पुगिकन दरबारमा सबारी अनि त मनोहर बाद्य बज्न थाली
भइ भइ जय घोष घन्न घन्न सब हुन गो नभमंडलै प्रसन्न

१४८

प्रभुसित गइ भेट्न लाज मानी तर पनि भित्र त, हर्षले न मानी
लिउँ भनिकन आरती उहाँकै अनि पटरानि सबारि भो कि, आफैं

१४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपुर र घृत–दीप बालि बाली लिइ सुनको करमाथि आर्य थाली
प्रभुकन त घुमेर लाज मानी लिनु भइ आरति झुक्नु भो कि रानी

१५०

नजर त निहुरे पनी लजाई मन भइ माथि मुहार हेर्नलाई
अलि अलि बिचमा उठाइ आँखा प्रभुकन हेर्नुहुँदै थियो त्यहाँ, ता

१५१

बिरह त अघिको भुलेर सारा नजिक खडा हुन आउँदा पियारा
खुसिभइ कन विर्सि ढोग्नसम्म अनि पटरानि त पर्नु भो अचम्म

१५२

त्यसरि नजिकमा झुकेर रानी हृदय त, शीतल गद्गदै हुँदा, नी
त्यहि सरस मुहार हेरि हेरी प्रभु पनि तृप्त हुनू भएन फेरि

१५३

यसरि हुनुहुँदै बडो प्रसन्न दुइतिर दम्पति अडनु भै अचम्म
सचिव र दरबारिया तमाम अडिइरहे निहुरेर एकतान

१५४

त्यसपछि मनभित्र होश आई प्रभुकन ढोग्नु भएर हत्पताई
अलिकति पर आइ राजरानी अडिनु भयो निहुरेर लाज मानी

१५५

लिनुभइ मुखमा मुसुक्क हाँसी प्रभुपनि उठ्नु भएर गोरखाको
नजर वरिपरो दिँदै त्यहाँ, त खुसिभइ झर्नु भएछ पाल्किबाट

१५६

अरुकन दिनु भै त्यहाँ बिदाई प्रभु अनि मन्त्रिसमेत माथि आई
न हुनु भइ मुमा त्यहाँ अगाडी बुझि सब हालत झुक्नु भो पछाडी

१५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन कसुरहुँदा त्यजी मलाई दबिनु भएछ मुमा भनेर हाई!
धुरु धुरु रुनुभो त्यहाँ त राम अब त भएँ टुहुरो भनी यहाँ, म

१५८

नछुटिकन शरीर नै उहाँको दबिनु भयो भनि बिन्तिपारि साँचो
प्रभुसित गरि मंत्रिले बयान अनिहुनु भो प्रभु फेरि सावधान

१५९

बुझिकन महिमा सबै मुमाको ठहरि उहाँ अवतार अम्बिकाको
खुसि हुनु भइ शोक गर्न छाडी प्रभु अनि सुस्थिर बन्नु भो पछाडी

१६०

प्रभुशित तपको सबै बयान सुनि सुनि चित्त भएर एकतान
खुसिभइ मन गद्गदैं भएका वरिपरि मंत्रि थिए झुलीरहेका

१६१

तिनिहरूकन छक्क छक्क पारी कहनु हुँदैं रसिलो कुरा अगाडी
चलन गर भनी नयाँ बिधान हुकुम दिँदैं अडिबक्सिएछ राम

१६२

मुलुक भरि हुने ठुलो सुविस्ता सुनिकन यो प्रभुको नयाँ व्यवस्था
प्रभुकन अनि धन्य धन्य भन्दै घर घर तर्फ फिरे ति मंत्रि जम्मै

१६३

प्रभु पनि अनि साँझ पर्न थालो उठिकन पाउ र बाहुली पखाली
जप गरिकन भक्तिसाथ बस्दै अडिनु भयो छिन भ समाधि कस्तै

१६४

प्रभुसित नजिकै बसेर आई अनि जिउनार गराउँदै रमाई
चरण दुइ मिचोमिचो उहाँको मन खुसि भो पटरानिको त्यहाँ, पो

१६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तप गरिरहँदा त कष्टसाथ कृश हुंनगों प्रभुको भनेर नाथ
जिउभरि पनि सुंसुमाइ रानी खुसिहुनुभो निहुरेर लाजमानी

१६६

बिरह त सब बिसिंदै अघीको गरिकन आफुसमा कुरा खुसीको
प्रभु अनि सुकला भयो रमाई प्रणयसँगै लिइसाथ रानिलाई

१६७

प्रभु अब फिरिबविसयो भनेर मुलुकभरी दुनियाँ खुसी भएर
त्यसपछि त महोत्सवै मनाए घरघरमा घिउको दिया जलाए

१६८

झिलिमिलि भइ रातभर नगर त्यो अमरपुरैसरि देखिएर अर्को
घर घर फिँजियो त्यहाँ तमाम उहि रसिलो प्रभु रामकै बयान

१६९

त्यसपछि अनि भोलिपल्ट फेरि सचिवसँगै दुनियाँ बसेर घेरी
प्रभु पनि रहनूभएर राजा खुसि भइ राजसभा बसेछ ताजा

१७०

छलफल हुन गै बिचित्र नाना त्यहि रसिलो र रमाइलो सभामा
चलन र थितिको नयाँ बिधान झुकि झुकि मंजुर गर्दथे तमाम

१७१

गरिकन पनि पंचको व्यवस्था मुलुकभरी दिनुभै नयाँ व्यवस्था
अनि त जय मनाउँदै प्रजाले प्रभुकन ईस्वररुप मान्न थाले

१७२

जय जय सरकार पाँच भन्दै मुलुकभरी जनता रमाइ जम्बै
चलन गरिगरी नयाँ व्यवस्था मन भइ शीतल मान्दथे सुविस्ता

१७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरपरतिरका मिली रजौटा प्रभुकन नै अधिराज मानि यौटा
झुकि झुकिकन विन्तिपत्र लेखी खुसि भइ दूत पठाउँदै थिए ती

१७४

लिइ लिइ उपहार – वस्तु नाना सबतिरका पुगि दूत गोरखामा
प्रभुकन त दिँदै ठुलो बधाई तिनिहरू माथ झुकाउँथे रमाई

१७५

सबसित लिइ विन्तिपत्र फेरि खुसि हुनुभै उपहार हेरि हेरी
गरि गरिकन दूतयोग्य मान प्रभु पनि बक्स दिनूहुने इनाम

१७६

प्रभु ते दिनुहुँदै नयाँ विधान पुजिनुभयो पुरुषोत्तमै समान
भनि भनि यहि भाव लेखिएको सब नृपको चिठिपत्र देखिएथ्यो

१७७

दिनुभइ सजिलो नयाँ व्यवस्था गरिदिनुभो जनताभरी सुविस्ता
नृपति, हजुर नै तसर्थ यौटा अरु सब हामि त दास हूं रजौटा

१७८

प्रभुकन सरकार पाँच भन्दै झुकि झुकि मालिक मान्दछौं, कि जस्तै
समय समयमा दयानुसार उचित हुने गरिबक्सियोस् सुधार

१७९

प्रभुकन यहि बिन्तिपत्र लेखी नृपतिहरू निहुरेर ती छिमेकी
रण नगरिकनै यता उताको मुलुक सबै वश भो कि गोरखाको

१८०

दिनुभइकन लेखको जवाफ नृपतिहरूकन योग्यमान साथ
गरिकन सब दूतको बिदाई रहनुभयो प्रभु राम जगमगाई

१८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छथर, ति, अरयाल पन्थ पाँडे, मगर, खनाल र फेरि बोहराले
अघि अघि गरिएजती तमाम गुनहरूको पनि बक्सियो इनाम

१८२

मुलुक र अनि गाथगद्दिमाथी तिमिहरूले पहरा गरेर राखी
बस भनि दिइबक्सिएर बिर्ता तिनिहरूको हरिबक्सिएछ सुर्ता

१८३

छ थर भनि कहाउँदैरहेर तिमिहरूको कुलवंश चल्छ हेर !
जय गरिकन गाथ गद्दिमाथी रहिरहने हरदम इमान राखी

१८४

छथरकन यही दिएर मान गरिदिनुभै पछिसम्मको बिधान
त्यसपछि त नियाँ निसापलाई हुकुम भयो यहि फेरि मंत्रिलाई

१८५

मुलुकबिच खडारहेर राजा बुझ ! हुनुपर्छ निसाप नित्य ताजा
मलिन र धमिलो भए निसाप नृपतिकनै त्यसबाट लाग्छ पाप

१८६

अहह ! निरपराध रैतिको ता चुहिइ खसेपछि आँसुको त थोपा
नृपतिकन भलो हुने कहाँ भो हरबखतै जनता रूने जहाँ भो

१८७

बनिकन तिमिले तसर्थ काजी सव जनताकन गर्नु पर्छ राजी
रतिभर नभएर पक्षपाती सुनि झगडा, बुझ सत्य हाल जाँचो

१८८

त्यसपछि तिमिले निसाप निंती मसित सुनाउनु सत्य सत्य बिन्ती
अनि त हुन गई नियाँ त सोझो मुलुकभरी सुखशान्ति छाउने भो

१८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति कहनुहुँदै निसापलाई, अरु पनि कानुन चाहिँदो बनाई
गउचर वन वृक्षको समेत थिति बिति बाँध्नु भएछ एक एक

१९०

अरू पनि थिति गर्नुभै तमाम प्रभु हुनुभै सवतर्फ सावधान
बरिपरि दरबारियाहरूको पजनि गरो थिति बाँध्नुभो पछीको

१९१

त्यसपछि कुल देवता त हाम्रो कुन कुन हुन् भनि बुझ्नु पर्छ हाम्रो
छथरहरूकनै खटाइ काम यसरि त भन्नुहुँदै थियो कि, राम

१९२

तिमिहरू सव गै चितौडतर्फ अव सव हाल यथार्थ बुझ्नु पर्छ
हुनगइ रण बादशाहसाथ छरिन गयो कसरी ठुलो जमात

१९३

रण भइ घनघोर पद्मिनीको सव छरिँदै असहाय भै अनी पो
फुटिकन उहि राजवंश शाखा नृपति भयौँ सव हामि नै यताका

१९४

यहि सव इतिहास हो कि साँचो बुझ ! अथवा अरु नै कुरा त्यहाँ भो
घुमि घुमिकन माडबाड छानी बुझिकन आउ यथार्थको कहानी

१९५

उदयपुर पुगी सिसौदियाको बुझिकन हेर ! प्रशस्ति जो भयाको
उहिसरह छ की प्रशस्ति हाम्रो तिमिहरूले यहि बुझ्नु पर्छ राम्रो

१९६

त्यसपछि कुलदेवता त्यहाँको, बुझिकन फेरि यथार्थ रूप साँचो
उदयपुर नरेशको सभामा, बसिकन नै व्यवहार बुझ्नु नाना

१९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ थरकनयहो अन्हाइ काम तिनिहरू लाइ बिदा दिएर जान
दिनुभइ उपहार एक एक खुसि हुनुभो प्रभु फेरि गोरखेश

१९८

छथर तिनिहरू त्यहाँ पछाडी बुझि प्रभुको महिमा प्रताप भारी
खुसिसहित हिँडे चितौड जान हुकुम बमोजिम पार गर्न काम

१९९

चमर जरिबुटी र कस्तुरीको लिइ सउगात हिँडेर झट्ट छीटो
मुलुकहरू अनेक नाघनथालो तिनिहरू हत्पतले वढे अगाडी

२००

तिनिहरू त पहाडिया हुनाले समतलमा गइ हिंड्न पाउनाले
नपरिकन हिँडाइको थकाई दुगुरि हिँडे दिन रात नै रमाई

२०१

जय जय प्रभु रामको भनाई बिचबिचमा कति तीर्थ गर्न पाई
पुगिकन मथुरा प्रयाग काशी तिनिहरू दंग परे कि सौख्यराशी

२०२

परिकन मनमा बडो उदेक नगर त देख्न पुगेर एक एक
सुरु सुरु दुगुरी पहाडिया ती अनि खुसिसाथ हिँडे चितौड ताकी

२०३

लिइकन उपहार बस्तु नाना नरपति भेटि सिसौदिया ति, राना
उदयपुर पुगेर तो रमाए हुकुम बमोजिम हाल बुझ्न पाए

२०४

बुझिकन सहजै प्रशस्तिलेख नरपतिको कुलदेवता समेत
उहिसरह भएर गोरखाको अनि बुझियो उहि राजवंश साँचो

२०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठहरिकन उही सिसौदियाको सकल दुरुस्त प्रशस्ति गोरखाको
बिमल कुल उहीरहेछ यौटै भनि दुइतर्फ त मान्दथे अनौठे

२०६

त्यसपछि खुसि भै मेवाडबाडी नरपतिले सब पंत्रिका अगाडी
अब, सब तिमिहामि एक भन्दै बुझिकन तथ्य, भए बडो प्रसन्नै

२०७

तिनिहरू सब गोरखालिलाई दिइ उपहार खुसीहुँदै रमाई
प्रभुकन पनि भ्रातृभावसाथ नरपतिले चिठि बक्सियो त्यहाँ, त

२०८

प्रभुकन त चढाउनू भनेर दिइकन नै अनमोल बस्तु धेर
तिनिहरूकन मानसाथ हेरी नरपतिले यहि भन्नु भो कि फेरी

१०९

भइ दुइ थरिको प्रशस्तियौटै अब बुझियो सब हामि हूँ कि यौटै
तर, फरक भएर देश हाम्रो अलिकति फेर्नु हुनेछ हेर राम्रो

२१०

अलिकति मुहुडा प्रशस्तिको त, तिमिहरूले गइ फेर्नु बेस हो त
यहि भनिकन गोरखेशलाई, असल हुने गरि फेर्नु है ! भिलाई

२११

यसरि गरि कुरा त्यहाँ सभामा, उदयपुरेश, सिसौदिया ति, राना
तिमिहरू घर जाउ लौ तमाम, भनिकन फेरिदिँदै थिए इनाम

२१२

उदयपुर नरेशको बिदाई, लिइकन हत्पतसाथ फर्कि आई
छथरहरू मिलेर ती तमाम, मतगरि भाग लगाउँथे, कि काम

२१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि, अरयाल पन्थ पाँडे, तिनथरि भैकन दिल्लितर्फ जाने
मगर, अनि खनाल बोहराको, मत भइ भो कि पहाडतर्फ बाटो

२१४

जयपुर अनि जोधपूर आदि, घुमि घुमि राज्य सबै त्यहाँ पछाडी
तिनथरि भइ दिल्लितर्फ जाने, मत यहि आफुसको दुरुस्त माने

२१५

तिनथरिहरू ती खनाल आदि फिरिकन आइ पहाडपट्टि लागि
थितिहरू सब राजवंशको त, सहजसँगै बुझिने कुरा भयो त

२१६

छथर ति छरिँदै घुमेर फेरी नृपहरूको स्थिति चाल हेरि हेरी
त्यसपछि दुइटै जमात भेटी प्रभु नजिकै मिलि जाउँ भन्दथे, ती

२१७

यहि मत ठहरी त्यहाँ सबैको, छथरहरू दुइतर्फ भै अनी पो
उहि मत अनुसार काम थाली, फुटिकन आफुसमा हिँडे अगाडी

२१८

तिनथर त यता खनाल आदि, खुसिसित आइ पहाडतर्फ लागी
नृपतिहरूकनै गएर भेटी, रितिथिति हाल र चाल बुझ्दथे, ती

२१९

चलन बुझि बुझी सबै कुराको, अनिपछि मार्ग लिएर गोरखाको
अरु तिनथरिको कुरेर बाटै, त्यहिँ अडिए प्रभु भेट्न एकसाथै

२२०

अरुतिन थरिले मधेश लागी, बुझि बुझि हालत माडबाड नाघी
पुगिकन पनि दिल्लीमा तमाम, सफलगराइ बनाउँथे ति काम

२२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसरि त अब बादशाहलाई, अघिसरि भेट्नु भनेर हत्पताई
अनि तिनिहरूले उपायसाथ, खुकुरि भिरेर खडा भए त्यहाँ त

२२२

धनु भिरिकन काँधमा समेत लिइकन ढाल खुँडा बडो उदेक
पहिरन पनि भै बिचित्रसारा तिनिहरू अद्भुत देखिए निराला

२२३

सजिइकन यसै रबाफसाथ तिनिहरू मस्तहुँदै घुमेछँदा, त
भइकन सब दिल्लि नै अचम्म खबर पुग्यो अनि बादशाह सम्म

२२४

महल नजिकमा घुमीरहेका तिनिहरूका नजिकै परेर देखा
अडिइकन अनि बादशाहले, त तिनिहरूलाइ गरे तुरुन्त भेट

२२५

तिनिहरू पनि ता चलाक उस्तै, खुसिसित शाह नजिक आइ झुकं
अदबसहित गर्दथे सलाम, सकल पुरागरि काइदा र मान

२२६

यिनिहरू त पहाडिया अजान, भनि भनि जो अघि हेप्तथे तमाम
तिनिहरू सब बादशाहसम्म वरिपरि ढुक्क हुँदै भए अचम्म

२२७

अघिसरिकन बादशाहसाथ तिनिहरूको रसिलो कुरा हुँदा त
तिनिहरू सब आउ भित्र भन्दै महलपसे भइ बादशाह दंग

२२८

त्यसरितसित बादशाहले, त तिनिहरूलाई दिए भनेर सेवा
तिनिहरूकन आइ घेर्नथाली हुल गरि मानिस पुग्दथे अगाडि

२२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि दरबारिया पुगेर तिनिहरूलाइ त आउ लौ ! भनेर
महलतिर लगे गरेरमान निहुरि खुसिसित पाहुना समान

२३०

प्रभुसित संगमै बसीसभामा निपुण र विज्ञ भएर काइदामा
मनबिच रतिभर्नमानि धाक तिनिहरू भित्रपसे रबाफसाथ

२३१

गइकन त सरासरै अगाडी अदबसितै निहुरेर झुक्नथाली
खुसि गरिकन बादशाहलाई तिनिहरू टक्क अडे सभारसाई

२३२

झिकिकन सउगात गोरखाको नजर गराइ अघिल्तिरै उहाँको
झुकिकन अझ फेरि शाहलाई तिनिहरूले हृदयै खिँचे रिझाई

२३३

चिठि पनि प्रभुबाट लेखिएको नजर गरोकन बादशाहले, त्यो
तिमिहरू सब दूत गोरखाका भनिकन बोल्न सुरु गरे त्यहाँ ता

२३४

कुन मुलुक कता छ गोरखा त्यो कति दुनियाँ कुन जात हो त्यहाँको
तिमिहरू त भएर होशियार म पनि त ठान्दछु सभ्य नै छ चाल

२३५

मसित सुरु गरेर मित्र-नाता यति चिठिपत्र यहाँ पठाउँदा ता
तिनि तिमिहरूका नरेश राम निपुण भनी ठहराउँछू यहाँ म

२३६

भन ! अनि कुनकामबाट आई तिमिहरू भेट्न पुग्यौ यहाँ मलाई
कुन मदत मबाट चाहिएको भन ! गरिदिन्छु भनी हुकुं भएथ्यो

२३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसि भइकन बादशाहबाट यसरि हुकुं भइ झट्ट जोडि हात
तिनिहरू पनि दूत गोरखाका यसरि त विन्ति चढाउँथे त्यहाँ ता

२३८

मुलुक छ रमणीय गोरखा त, त्यसबिच बाऱ्ह हजार छन् प्रजा, त
हुनुभइकन योग्य राम राजा मुलुक सबै सुख शान्तिले छ ताजा

२३९

विमल कुल उही सिसौदियाको गइकन राज्यलिएर गोरखाको
स्थिर भइकन राजवंश हाम्रो भइ जसिलो चहकीरहेछ राम्रो

२४०

भइकन पनि आज राज्य सानै उहि कुल माफिक शान भैं पुरानै
कुलघर अघिको चितौड ठानी मिलिजुलि भेट्न पुग्यौं, त्यहाँ त हामी

२४१

उदयपुर नरेशलाइ भेटी सबथरि संशय भित्रबाट मेटी
भइ दुइ थरिको प्रशस्ति यौटै खुसिभइ हामि त ठान्दथ्यौं अनौठै

२४२

अलिकति मुहुडा प्रशस्तिको त, तिमिहरू फेर भनेर फेरि पो, त
उदयपुर नरेशको भनाई सुनिकन भेट्न पुग्यौं हजूरलाई

२४३

हजुर हुनु भएर बादशाह हजुरकनै हुनुपर्छ यो त थाह
भइ दुइ थरिको उही प्रशस्ति अलिकति फेर्नुपऱ्यो हुकुं हवस् की

२४४

भनिकन यसरी तिब्रतले त, लिइकन हात उप प्रशस्ति लेख
अब ठहर हवस् हजूरबाट भनिकन सामु अडे जुटाइ हात

२४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझिकन अनि बादशाहले त, दुइथरिको यउटै प्रशस्ति लेख
अलिकति यसलाई फेर्नु बेस भनिकन योग्य कुरा हुकुं भएछ
२४६
त्यसपछि अनि ता त्यहीं सभामा लिइकन पण्डितको विचार नाना
शिरतिर गिरिराजचक्रचूडा मणि थपिएर प्रशस्ति भो कि पूरा
२४७
खुसिभइ अनि बादशाहले, की चिठि दिनु भै त्यहि नै प्रशस्ति लेखी
प्रभुकन भनि गोरखा नरेश मित सरहै गरि मानि बक्सिएछ
२४८
प्रभुकन त अमूल्य वस्तु नाना दिनु उपहार भनी दिँदै सभामा
तिनिहरू सब दूतको समेत उचित इनाम दिनू भयो अनेक
२४९
तिमिहरू त चलाक छौ पहाडी भनि खुसिभैकन फेरि हाँस्न थाली
तिनिहरूकन बादशाहबाट हुकुम भयो यस छाँटले त्यहाँ, त
२५०
मुलुक अलिकती पहाड मै, की, मुठि भरि बाऱ्ह हजार मात्र रैती
तर पनि गजबैछ फूर्ति यस्तो, तिमिहरू हेर ! चलाक धूर्त कस्तो ?
२५१
धनुभिरि तरबार ढाल साथ गरि नटुवासरि नक्कलि रबाफ
ठगिकन त मलाइ सम्म भेट्चौ तिमिहरू धूर्त ठुला ठगैं रहेछौ
२५२
किन अब तरबार ढालभिर्ने ? तिमिहरू काम पुरा गरेर फिर्ने
मसित पनि लिईसक्यौ इनाम मनर्पारि नक्कल छोड यो तमाम
२५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसिसित यति बादशाहबाट हुकुम भएपछि झट्ट जोडि हात
अघि सरिकन दूत गोरखाका यसरितले अनि भन्दथे त्यहाँ, ता

२५४

हजुरकन त ठग्न निंतिमा नी ! किन यति नक्कल गर्दथ्यौं र हामी
चलन त सब सक्कली छ हाम्रो हुकुम नहोस यस छाँटको न राम्रो

२५५

मुलुक अलिकती छ गोरखाको तर पनि रैति रमाउँछन् त्यहाँको
नभइकन त बाऱ्ह नै हजार थरिथरि जात त बाऱ्ह छन् हजार

२५६

यसरि त नटुवा भएर हाम्रो किन धनुकाँड त भिर्दथ्यौं न जानी
दिनु भइ अहिले यहीं निशाना नजर हवस् भनि भन्दछौं, सभामा

२५७

घुमि घुमि तरबार ढाल खेली नजर गराउन सक्तछौं कि, फेरि
खुकुरि त बिजुली सरीछ हाम्रो नजरहवस् मउका यही छ राम्रो

२५८

यति भनि धनुकाँड हातमा, ली तिनिहरू झट्ट खडा हुँदा अगाडी
खुसि भइ बहुतै अचम्मसाथ हुकुम भयो अनि बादशाहबाट

२५९

सुन ! तिमिहरूले यहीं सभामा धनु लिइ मार्न सक्यौ भने निशाना
म पनि खुसिहुँदै दिंदै इनाम तिमिहरूको थपिदिन्छु हेर ! मान

२६०

यति हुकुम दिंदै त्यहाँ पछाडी त्यहिँ नजिकै शर लक्ष्य ठिक्क पारी
सिप तिमिहरूको म हेर्छु जम्बैं भनिकन शाह हुनु भयो प्रसन्न

२६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि धनुकाँड हातमा, ली उभिइ अघिल्तिर आइ गोरखाली
झुकि झुकिकन बादशाहलाई यसरि त विन्ति चढाउँथे रसाई

२६२

त्यति अति नजिकै ठुलो छ तारो त्यसकन मार्नु त हुन्न कत्ति गाऱ्हो
अरु हरू यसमा चलुन् अगाडी त्यसपछि हामि त छेडुँला पछाडी

२६३

यति भनिकन पञ्छुँदै तमाम तिनिहरू पर्खिरहे न छोडि बाण
अनि हुकुम मिलेर शाहको ता अरु हरू आइ भिडे प्रसिद्ध जोधा

२६४

अघिसरि सब दिल्लिका जवाँन खुसिभइ ठिक्क गरी धनुस् र बाण
स्थिर भइ अडिँदै निशान ताकी सुरु सुरु बाण चलाउँथे त्यहाँ ती

२६५

शर तिनिहरूको छुँदै निशाना तल जमिनैतिर नै खसे छँदामा
गजबसित मुसुक्क हाँस्नथाली उभिइ रहे खुसिसाथ गोरखाली

२६६

त्यहि तिनिहरूको मुसुक्क हाँसो नजर अघिल्तिर देखिए छँदा, पो
यिनिहरू त असभ्यहुन् गँवार भनि हुकुमै हुन गो कि, यस प्रकार

२६७

यिनिहरू सब मार्दछन् निशाना तिमिहरूले अनि हाँस्नु के कुरामा
कुन तिमिहरूको घमण्ड यस्तो ? तिमिहरूनै भन! हान्दछौं कि कस्तो?

२६८

सुनिकन यसरी हुकुं भएको मन नपरेसरि रीसले भनेको
न लिइ डर कुनै ति, गोरखाली सब उभिए धनुबाण हातमा लि

२६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलसित धनु कान सम्म तानी शर पनि सर्सरि फूर्तिसाथ हानी
बजि बजिकन धातुको निशाना व रपरि टन् टन, शब्द भो सभामा

२७०

बलसित शर लाग्न थालि सान्हो सबतिर कुच्चिइ धातु को त तारो
गजब हुन गयो त्यहाँ त फेरि सब अडिए त्यहि खेल हेरि हेरी

२७१

अहह ! भनि भनी अहो ! अचम्म तिनिहरू माथि हुँदै बडो प्रसन्न
बल तिनिहरूको त जाँच्नलाई मन हुनगो अनि बादशाहलाई

२७२

अनि हुकुम दिँदै तुरुन्त चाँडो त्यहिँ लिइ आउ भनेर एक राँगो
त्यसकन शरले गिराउ ढाली भनिकन शाह त, हेर्दथे अगाडी

२७३

अब अरूहरू नै बढुन् अगाडी अनिपछि हामि त जाउँला पछाडी
भनिकन अडिएर गोरखाली उभिइ रहे रमितेभएर खाली

२७४

मन तिनि हरूको बुझेर यस्तै खुसिभइ शाह त भित्र भित्र उस्तै
अघिसर भनि दिल्लिका जवाँन हरूकन बक्स भयो धनुस् र बाण

२७५

अनि तिनिहरूले बढेर छोटो महिष उप शर हान्न थालि तीखो
क्रमसित सबको पुगेर पालो मलिन भयो मुखमात्र खालि कालो

२७६

महिषकन छुँदै गएर खाली तिनिहरूका शर खस्तथे अगाडी
रउँ पनि उसको झरेन यौटा पशु बलियो किन ढल्दथ्यो अनौठा

२७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि अब आउ गोरखाली भनिकन शाह उठेर हाँक्नथाली
अदवसित झुको तिनैजनाले धनु शर झट्ट उठाइ बढ्नथालें
२७८
तिनथरि बिचमा समेत पाँडे भइ बहुतै बलिया दुरुस्त साँढे
दुइतिर दुइसाथिलाइ रोकी धनु लिइ झट्ट बढे कि, ताल ठोकी
२७९
जय जय जननी ! भनेर काली, जय गुरु गोरख हेर ! भन्न थाली
तिनि त शर खिँचेर तानि तानी, उभिइरहे छिनसम्म ढुक्क मानी
२८०
छुटिकन धनुबाट झट्ट तिन्को, बिजुलिसरी शर तेजिलो किसिको
गडिकन मुटुमै ढलेछ भँसा, खुसिभइ शाह त भन्दथे कि "ऐसा"
२८१
अनि त खुसिहुँदै पिटेर ताली तिमिहरू धन्य भनेर गोरखाली
दिइकन त ठुलो इनाम आँफै, हुकुम भएछ कि बादशाहबाटै
२८२
तिमिहरू त भए पनी पहाडी तिमिहरूको गुण यो रहेछ भारी
तिमिहरूसित मुग्ध भै म भन्छू अब, यहिँ नै बस नोकरी म दिन्छु
२८३
तिमिहरू भइदूत गोरखाको सफलगऱ्यौ सबतर्फ काम पाको
तिमिहरू जशिला भएर ताजा तिमिहरुका पनि धन्य छन् ति राजा
२८४
चिठिबिच सब लेख्तछू खुलाई तिमिहरुका प्रभु रामशाहलाई
तिमिहरु बस मंत्रि भै यहाँको धन अनि इज्जत दिन्छु हेर ! साँचो
२८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमिहरु जति पाउँछौ मबाट त्यति अरु पाउन सक्तछौ कहाँ, त
खुससित बस लौ ! यहीँ तमाम तिमिहरुलाइ त दिन्छु योग्य मान

२८६

अब तिमिहरुको लिएर काम कति कति उन्नति गर्दछू यहाँ म
नबन तिमिहरु पहाडिया, त बस मसँगै दिनरात हर्षसाथ

२८७

यति भनिकन बादशाह फेरि तिनिहरुकै मुख तर्फ हेरि हेरी
स्थिर भइरहँदा जबाफ सुन्न सकल सभापनि दंग भो प्रसन्न

२८८

अनि त तिनिहरु अगाडि सर्दै झटपट हात जुटाइ दंग पर्दै
अदबसित झुकेर वार-वार उचित र योग्य सुनाउँथे पुकार

२८९

हजुर खुसिहुँदै जहाँपनाह ! गरिब उप गरिबक्सियो निगाह
अब त, हुन गयौं कृतार्थ हामी अति रसिलो यहि धन्य भाग्य ठानी

२९०

यति अति रसिलो हुकुं सुनाई जसरि त इज्जत बक्सियो बढाई
त्यहि त भइसक्यो पुरा इनाम अब अरु तक्लिफ गर्नु के छ काम

२९१

हुन त सकल हामिछौँ अजान तर पनि भित्र त राखतछौं इमान
अहह ! उहि इमान छोड्नलाई हुकुम कुनै हुनु हुन्न हामिलाई

२९२

प्रभु हुनु भइ रामशाह हाम्रो यसरि उहाँकन छोड्नु हो नराम्रो
यहिँ बसिकन लोभले त हामी ठहरिगयौँ सबतर्फ बेइमानी

२९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिइकन पनि बेइमानलाई कसरि त हुन्छ हजूरको भलाई
अलिकति मउका परेछँदा, त कुनभर हुन्छ र बेइमानबाट

२९४

यहि सब पछिको बिचार ठानी झुकि झुकि विन्ति चढाउँछौं, कि हामी
खुसिभइदिइ बक्सियोस् बिदाई अब अरु लोभ रहेन हामिलाई

२९५

यति भनिकन शाहका अगाडी निहुरि रहेपछि वीर गोरखाली
भनिकन सब धन्य छौ उदेक हुकुम भयो अनि बादशाहले, त

२९६

तिमिहरू सरिका मिलेर मंत्री मसित बराबर रामशाह छन्, ती
मुलुक अलिकती भएर के भो, नरपतिको महिमा त कीर्तिले हो

२९७

यहि तिमिहरूको विचारबाट मनबिच झल्ल हुँदैछ यो कुरा, त
अरुसित न झुकी स्वतन्त्र देश रहिरहने त्यहि गोरखै रहेछ

२९८

मिलिकन सब पर्वतप्रदेश पछि त ठुलो त्यहि गोरखै हुनेछ
सब तिमिहरूको बुझेर चाला म पनि त गर्छु भविष्यको इशारा

२९९

मसित लिइरहेर मित्रता यो खुसिभइ भोग ! सँधै स्वतन्त्रता त्यो
मदत लिनु परे कुनैमबाट तिमिहरू आउ तुरुन्त हर्षसाथ

३००

यहि भन, गइ रामशाहलाई तिमिहरूको म त गर्छु है ! भलाई
म पनिमित भएँ भनेर तिन्को गरिदिनु हेर ! बयान यस् किसिको

३०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरि भनि भनी बडो खुसी भै अरु पनि धेर इनाम बक्सनू भै
तिनिहरूकन बादशाहबाट त्यसपछि भो कि बिदाइ हर्ष साथ

३०२

पनि त तिनिहरू मनै रमाई गरि गरि कुर्निश बादशाहलाई
अदबसित बिदा भएर फर्की घरतिर आइपुगे कि, सर्कि सर्की

३०३

मन अति हलुको हुँदै प्रसन्न श्रम न परेर हिँडाइ बाट सम्म
समथल सरहै गरी दुगुदैं तिनिहरू पर्वत चढ्दथे कि, बढ्दै

३०४

सुरु सुरु लिइ मार्ग गोरखाको तिनिहरू मस्त हुँदै हिँडेछदाको
भनिन न सकिने रमाइलो त अनि सकिने कुन छाँटबाट भो, त

३०५

त्यहि तिनिहरूको कुरेर बाटो बसि रहने अरु साथि भेटिँदा, पो
लहर त खुसियालिको तमाम विजुलि सरी फिँजिएछ ठाम ठाम

३०६

छथर तिनिहरू मिलेर जंबै बुझि बुझि हालखब भएर दंगै
भनि भनि प्रभु रामकै प्रताप अनि घर आइ पुगे कि हर्ष साथ

३०७

न पसि घर कुनै सरासरैं ती भइकन निश्छल राज भक्त रैती
खुसि भइ दरबार भित्र आए प्रभुकन हाजिर विन्ति नै चढाए

३०८

प्रभु हुनु भइ रानि साथ माथी तिनिहरूलाइ त खोपिभित्र डाकी
खुसि भइकन सुन्नु भो तमाम तिनिहरूको रसिलो सबै बयान

३०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रितिथिति कुलदेवता समेत मिलिकन फेरि उही प्रशस्ति लेख
विमलकुल उही सिसौदियाको प्रभुकन बोध भयो यथार्थ साँचो

३१०

थपिकन पनि बादशाहले, त, जुन दिनु भो चिठिमा प्रशस्तिलेख
उ पनि नजर भै त्यहाँ पछाडी खुसि हुनुभो प्रभु दंगपर्नं थाली

३११

खुसि गरिकन बादशाहलाई, म सँग त निश्छल मित्र भैं गराई
चिठि पनि त लियौं कि, मित्रताको भनि भनि चित्त खुसी भयो उहाँको

३१२

मुलुक पनि सँधै स्वतन्त्र हाम्रो ठहरि कनै अब दिल्लिसम्म राम्रो
तिमिहरू कृतकृत्य छौ कि, धन्य भनि भनि फेरि हुनू भयो प्रसन्न

३१३

छ थर तिमिहरू भनी तमाम तिमिहरू लाइ दिएछु योग्यमान
तिमिहरू सरिको त को छ मेरो मान हुनगो प्रभुको मुखै उजेलो

३१४

जसरि खुसिहुँदै तिमी र हामी सँग सँग छौं दिन रात ढुक्क मानी
चलन यहि चलीरहोस् कि, हाम्रो पछि पनि सन्ततीमा रहेर राम्रो

३१५

यति हुकुम दिँदै दयानिधान प्रभु अनि मुग्ध हुनू भएर राम
धन विभव दिँदै इनाम बिर्ता तिनिहरू को रिन गर्नु भो कि फिर्ता

३१६

अनि त तिनिहरू उठेर सारा चुहिइ नजर्भरिएर हर्ष–धारा
झुकि झुकि दुइ हात जोर्न थाली प्रभुसित विन्ति चढाउँथे अगाडी

३१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभु ! यहि दुइपाउको प्रताप फिँजिइ जगत् भरि ढाकिए छँदा, त
सवतिर जशिला भएर हामी यसरि त आइ पुग्यौं कि, हर्षमानो

३१८

प्रभुकन प्रभु राम तुल्य ठानी भजि रहने भइ भक्तिसाथ हामो
अब त अरु कुनै रहेन आश प्रभु नजिकै रहि छोड्न पाउँ सास

३१९

भजिकन यहि राजवंश लाई खुसि गरि निश्छल भक्तिले रिझाई
फुलि फलि हरियो भएर हाम्रो वनसरि वंश त फैलिनेछ, राम्रो

३२०

छ थरहरू यसै भनेर फेरि उहि हंसिलो प्रभुकै मुहार हेरी
वरिपरि उभिए हुँदै प्रसन्न चुपभइ शान्त भएर बेरसम्म

३२१

अनि त खुसिहुँदै त्यहाँ अगाडी प्रभुसित हाँस्नु भएर बोल्न थाली
यहि कहनु हुँदै थियो कि, रानी तिनिहरूको त्यहि विन्ति ठिक्क मानी

३२२

प्रभु ! यिनिहरुको कुरा छ सोझै किन न बुझेसरिमानि बक्सियो है
गजवछ यहि पाउकै प्रताप सवतिर झलिकरहेछ गोरखा, त

३२३

प्रभु खुसि हुनु भै हुकुं भए त, न हुनु असंभवको कुरा त, के छ
म पनि त प्रभुको भएर रानी यति भनिदिन्छु बुझेर जानि जानी

३२४

यिनिहरु जशिला भएर आई जसरि त विन्ति चढाउँछन् रमाई
उसरि सव दुरुस्त हो कुरा, त, उहि जशिलो प्रभुकै छ है प्रताप

३२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुसित यतिसम्म बिन्तिपारी अलि अलि फेरि मुसुक्क हाँस्न थाली
खुसि भइ अडिनू भएछ रानी प्रभु पनि हाँस्नु भएछ हर्षमानी

३२६

त्यसपछि निहुरेर हर्षसाथ जय जय शब्द भनेर जोडि हात
छथर हरू पनी सबै रमाई घर घरतर्फ हिँडे लिँदै बिदाई

३२७

रितिथिति सब राम्रो राख्नु भै यस् प्रकार
वर र पर फिँजारी कीर्ति आफ्नो उदार
सहज सित पुऱ्याई दिल्लिमासम्म, नाम
खुसि भइ रहनू भो श्री महाराज राम

३२८

साहवंश महा काव्य–पाँचौँ सर्ग

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहवंश महाकाव्य

छैटौंसर्ग–प्रारम्भ

श्री राम साह प्रभुका सहायमा अगाडिसदैं लिइ फूर्तिलोपना
चेला स्वयं गोरखनाथका तिनी थापा लखनसिद्ध खडा भए, अनि

१

रबाफिलो अद्‌भुतवेषले तिनी न रोकिने भैं दरबारमा पनि
पुगी सभामा प्रभु रामशाहको बसे लहमैं मिलि भारदारको

२

थापा लषन् इज्जतदार हुन् थिनी भन्नेकुरा मात्र बुझ्‌भे छँदा, अनि
न जानि तिन्को महिमा कुनै अरु बस्नुहुँदैनथ्यो चुप लाग्नु भैं प्रभु

३

यसै गरी नित्य नजीकमै त्यहीं थापा लषनसिद्ध खडा भए पनि
न चिन्ह सक्ता प्रभुरामले अनि चिन्हाउनै अद्‌भुत गर्दथे तिनी

४

रबाफिलो राज सभा भए पनि अदब् न माने सरहै गरी तिनी
अघिल्तिरै श्री प्रभुराम साहको कराइ हाहा गरिहास्तथे, अहो!

५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ सभा भित्र अटेर भ्रैँ बनी कराउँदै हाँस्नु अयोग्य हों भनी
हुकुं हुँदामा अनि सिध्दजी लषन् यसै गरो बिन्ति चढाउँथे स्वयम्

६

यहीँ सभाभित्र बसेपनी म ता रमाइलो देख्न पुगेँ कता कता
त्यसै हुनाले न रहेर होशमै मबाट यो आज भएछ दोष, नैं

७

न टेरि हेर्न्दै प्रभुलाइ नै अहो ! भरी सभामा किन हाँस्तथेँ, प्रभो !
तसर्थ बेहोश रहेछ यो भनी क्षमा रहोस् है ! भनि भन्दथे तिनी

८

बता लषन् ! कारण हाँस्नु के भनी पटक् पटक् फेरि हुकुं हुँदा अनि
म हास्नुको कारण हो यसै भनी विनम्र भै विन्ति चढाउँथे तिनि

९

बसीरहेको म यहीँ भए पनि पाल्पा सभा त्यो सब देख्तथेँ यहीँ
त्यहाँ थियो राजसभा अघिल्तिर रमाइलो नाच बडो मनोहर

१०

विचित्रको त्यो लय-ताल-ले गरो खिँचेर आँखा सबको वरी परी
त्यहाँ त वेश्याहरू अप्सरासरी गराउँदैथे मन मुग्ध बेसरी

११

अचम्मका साथ नचाउँदैं कटि राजा भएछेउ पुगेर एउटी
वडो रसीलो गरि नाच अद्भुतै सभा सबै मस्त गराउँथी यसै

१२

रमाइलो हाव र भाव साथमा नाचीरहेकै थिइ नर्तकी त्यहाँ
त्यस्को कसैको कटिबाट खुस्कँदै त्यसै बखत् सारि खसेछ फुस्कँदै

१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुतुक्क भै त्यो अनि लाजले गरी झुकाइ मुण्टो निहुरेर सुन्दरी
उठेर हाँसो अनि ता यता उता सभा सबै दंग हुँदै थियो त्यता

१४

हाँसो त्यही थामि नसक्नु भैं अनि यहाँ म,हाँसें, सुनि बक्सियोस् भनी
थापा लखन् चुप्प भए त्यहाँ पछी हुकुं भएथ्यो प्रभु रामले पछि

१५

पाल्पा सभाको त्यस नाचको कुरा यहाँ बसेरै तिमि भन्दछौ पुरा
मलाइ बिश्वास भएन यो अनि म ठान्छु झुट्टो सब यो कुरा भनी

१६

यस्तो हुकुं श्री प्रभु रामसाहको सुनेपनी कति न तर्संदै, अहो !
सभा सबै छक्क गराउँदै त्यहीं यसैगरी बिन्ति चढाउँथे तिनी

१७

भरीसभामा प्रभुलाइ नै पनि न टेरि हाँस्तै, अझ साँचिलो बनी
म बोल्न सक्थ्यें, किन राज भक्त भै, भनाइ मेरो छ, दुरुस्त यो सबै

१८

म पाउको सेवक शुध्द भक्त हूँ प्रमाण यस्मा अरू के कुरा कहूँ
भनाइ मेरो ठहरेन यो भने, मलाइ ता फाँसिदिए पनी हुने

१९

पाल्पा पुरी त्यो नजिकै छँदैछ, नी, मेरो कुरा बुझ्न सकिन्छ है अनि
तुरुन्त नै दूत गएर एउटा बुझेर आओस् भनि भन्दछू म, ता

२०

झुट्टो र साँचो ठहराउँदैं अनि जो गर्नु पर्ने गरि बक्सियोस् भनी
लखन् झुकेथे प्रभुका नजीकमा प्रसन्न भो त्यो त सभा पनी त्यहाँ

२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अचम्मको त्यो बुझियोस् सवै कुरा भन्ने सभाको मत बुझ्नु भै पुरा
खटाइ पाल्पातिर दूत लौ ! भनी खुसी हुनू भै प्रभु उठ्नु भो अनि

२२

कुदाइ घोडा दुगेरेर दूत गै पाल्पा पुगी हालखब बुँझी सवै
फिरेर आयो लिइ पत्र भूपको, लषन्जिको वाक्य सवैं दुरुस्त भो

२३

तुरुन्त सातै दिन भित्र यो कुरा दुरुस्त साँचै ठहरी पुरा पुरा
लषन्जिमाथो प्रभु राम सम्मको अचम्मको आदर भाव जंन गो

२४

मन्त्रीहरूका संगमै त्यहाँ अनि लषन्जिको आसन राख्नु है, भनी
लिएर सल्लाह तिनी संगै पुरा गर्नु हुँदैथ्यो प्रभुले सवै कुरा

२५

त्यो राजसन्मान मिलेछँदा पनि घमंडले कत्ति न मत्त भै तिनी
झुकीरहेथे अझ फेरि नम्र भै तिनीसंगै मुग्ध थियो सभा सवै

२६

लषन् तिमी जागिर खाऊ यो भनी इनाम आफैँ प्रभुले दिंदा पनि
म पाउको सेवक छु यसै भनी लिंदैनथे तो धन धान्य जे पनि

२७

सभा हुने ठिक्क वखत् भए पछि, अघिल्तिरै झट्ट खडा भएर ती
प्रणामगर्दै प्रभुलाइ पाउमा सँधै सभारञ्जन गर्दथे त्यहाँ

२८

सभाबिदा गर्नु हुँदै अनी पछि खुसीहुनू भै प्रभुले उठे पछि
प्रणामगर्दै तिनि फेरि पाउमा तुरून्त निस्केर बिलाउँथे त्यहाँ

२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पसे कताबाट तिनी यता भनी, बिदाहुँदै फेरि कता गए भनी
रहस्य तिन्को न बुझेर नै त्यहाँ, यसै अहो ! छक्क थिए सबै जना।

३०

गरेर सेवा प्रभुरामको तिनी यसै गरी नित्य खडा हुँदा अनि
यिनै लषन् मानिस हुन् अचम्मका भन्ने कुरा यो फिँजिँदै गयो त्यता

३१

सभा हुँदा फेरि कुनै बखत् तिनी जुरुक्क उठ्तै सहसा यसै त्यहीं
लुगा फुकालेर निचोरि बेसरी बगाउँथे पानि भलै सभा भरी

३२

तिम्रो लुगा यो त भिज्यो कहाँ भनी श्री रामले सोध्नु भएपछी तिनी
म, गण्डकीको पउडेर पानिमा, डुंगा उतारें भनि भन्दथे त्यहां

३३

अचम्मपर्दै प्रभुले अनीपछि बताउ वृतान्त सबैं भने पछि
लुगा निचोर्दै लिइ काँधमा त्यहीं, बताउँथे अद्‌भुत यो कुरा तिनी

३४

बसीरहेथें म त पाउमै झुकी कता कता देख्नपुगेछु गण्डकी
डुंगा अकस्मातसित घोप्टिँदै त्यहाँ डुबे सबै मानिस भित्र पानिमा

३५

मर्ने भए यी बिचारहरू भनी तुरुन्त मैले पउडेर गै अनि
डुंगासँगै मानिस ती सबैजना ल्याएँ उतारीकन तीरमै त्यहां

३६

लुगा फुकाल्ने न मिलेर फुर्सतै कुद्‌नूपरेको भइ पानिमा यसै
मेरो भिजेको कपडाहरू पनि नज भएको छ निचोर्दछू यहीं

३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनै कुराविन्ति चढाउँदै तिनी चीसो लुगा फेरि लगाउँदै त्यहीं
मुसुक्क हाँसेर बसे, अघी–सरी सभासबै दंग थियो बरी–परी

३८

तिन्को कुरा त्यो, र, चिसो लुगाहरू, सुनेर देख्तै अलमल्ल भै प्रभु
सिध्दै रहेछन् यि, त, अद्भुतै भनी, प्रसन्न भै ठान्नुहुँदै थियो त्यहीं

३९

बसीरहेका नजिकै झुकेर ती, लषन्जिमै दृष्टि दिँदै अनीपछि
न बोलि केही पनि हाँस्नु भो प्रभु, बरोपरी दंग थिए यसै अरू

४०

देखेर हाँसो प्रभुको मुहारमा लषन्जि नै फेरि विनम्र भै त्यहाँ
न ठान्नु होस् यो त झुटो कुरा भनी जुटाउँदै अंजलि बोल्दथे तिनी

४१

यस्तो सभामा यसरी अहो ! यहीं लुगा निचोर्दैछ असभ्य यो भनी
प्रभो ! रिसानी हुनुहुन्न है ! ममा गर्नूहवस् सेवक संझदै क्षमा

४२

यो पाउको साथ रहेर नै म ता कर्तब्यको कर्मसिकें यता उता
तसर्थ आफ्नो बलले सकेजति लिएँ जगत्कै उपकारको मति

४३

त्यो गण्डकीको जलमा डुबेर ती मरीरहेथे बिचराहरू कति
त्यो दृश्य हेर्दै कसरी अडूँ अनि कुदें तुरून्तै म त पानिमा त्यहीं

४४

भिजेर मेरा कपडा लुगाहरू निचोर्नुपर्दा उभिएँ, कसो गरूँ
भयो सभाभित्र त बिघ्न यो अनि, न ठान्नुहोस्, विन्ति असभ्य यो भनी

४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैगरोविन्ति चढाउँदै तिनी झुकी रहेथे जब सिध्दजी त्यहीं
खुसीहुँदै गद्गद बोलिले अनि हुकुं भएथ्यो प्रभुरामले पनि

४६

सबै जगत्को उपकार निंतिमा नजानिंदो भै यस रूपले यहां
मेरै ठुलो भाग्य भएर नै अनि देखापरेछौं यस छाँटले तिमी

४७

गर्‍यौ सभाभित्र त बिघ्न यो भनी असभ्य ठान्थें तिमिलाइ के भनी
तिम्रो यही अद्भुत शक्ति सँझंदै बसी रहेको म त हेर ! दंग भैं

४८

यस्तो तिमी मानिसको ? अहो ! भनी बिचारगर्दै म त घोरिएं पनि
म जानि सक्नू महिमा छ धन्य यो गरूँ कुरा के म त बोलि बन्द भो

४९

यहीं सभामा तिमिले बसीबसी उतार्दछौ ढुंगि, त, गण्डकी पसी
यो गोरखा हो भन गण्डकी कता ? तिमी अहो ! मानिस हो कि देवता

५०

रहस्य तिम्रो न बुझेर यो अनि, यसै खुसीले म त जिल्लिएं पनि
बताउ आफैं अब यो कुरा भनी, म छेउ आयौ कुनहेतुले तिमि

५१

प्रत्यक्ष, यस्ता तिमि सिध्दले पनि राजा भनी चाकरिगर्नु के भनी
यही कुरा संझि रहेर दंग भै, हाँसो रहेको म यसै अचम्म भैं

५२

यस्ता महात्मातिमि साथमा रही म हुन्छु धन्यै भनि बुझ्दछू यही
बुझी नसक्नू अरू के बुझूं अनि बताउ आफैं सब यो कुरा तिमी

५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुकुं सुनाएर यसै त्यहाँ पछि राजा खुसी भै अडिनू भएपछि
तुरुन्त जोर्दै दुइ अञ्जलि स्वयं यसैं गरी विन्ति चढाउँथे लषन्

५४

म पाउ भज्दै प्रभु गोरखेशको हाजीर छू रैति भएर देश को
अचम्मको के छ कुरा यहाँ अनि राजाप्रजाको स्थिति यो छँदैछ, नी

५५

लषन् भनेको यहि तुच्छ दास हो मेरो यहीँ नै घर बार खास हो
हुकुँ हौंवस् ! लौ त, न चिन्नु के अनि म पाउकै आस र पास मैंछु, नी

५६

म विन्ति गर्छू अब यो कुरा अरु क्षमा रहोस् है ! यसदासमा प्रभु !
यथार्थ साँचो न बुझी पुरा पुरा हुकुँ हुनूहुन्न कुनै पनी कुरा

५७

प्रत्यक्षदेखें बुझियो कुरा भनी राजा भई ठान्नु हुँदैन है ! कहीं
चटक् तमासा गरि इन्द्रजाल, नै राजाकनै ठग्न त, आउँछन् कुनै

५८

प्रत्यक्ष देखेर सुनेर, तैपनि के हो भनो सत्य, त, बुझ्नु पर्छ, नीं
जाँच्तै न जाँचेर यसै अहो ! स्वयम् राजाभई बक्सनु हुन्न है ! हुकुम्

५९

राजा रिझाएर ठुलो बनूँ भनी अगाडि सर्दैन र, को ? यहाँ अनि
राजाहुनू पर्दछ ईश्वरैसरी कतै न चुक्ने छलजालमा परी

६०

कता कता त्यो छ कि, कृष्णगण्डकी म ता यतै पाउ नजीकमै छु कि,
डुंगी उतार्नू कसरी त्यहाँ अनि, पत्यारको योग्य कुरा भएन, नी !

६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लुगा निचोर्दै उभिँदै थियो भनी त्यो, त्यत्तिले सत्य त मान्नु हुन्न नी!
यो इन्द्रजालै हुन सक्छ है बरू जो जाँच्नु पर्ने बुझि बक्सियोस प्रभु!

६२

बडो रसीलो यस विन्तिलेगरो सभा रसाएर सवैं वरी परी
मुसुक्क हास्तै अडिएर सिध्द ती खुसोहुनू भो प्रभु छक्क भै, अति

६३

तिस्रो कुरा काट्न सकिन्छ के, लषन्! भनेर हास्तै प्रभुले अनि स्वयम्
खटाउँदै मानिस गण्डकी तिरै खब बुझ्को आउनु भन्नु भो छिटं

६४

बिदा हुंदै साँझ परेपछी अनि लषन् हिँड़ पाउ परी जसैं तिनी
के गर्दछन् यो,बुझ! जाउ लौ भनो श्री रामले मानिस छोड्नु भो अनि

६५

तिनी सभाबाट उठेर सिध्दजी बढेर ढोकातिर गै अलीकति
अलप भएथे दबिएर बेपता के देख्तथ्यो गुप्ति, त जिल्लियो उ, ता

६६

अघिल्तिरै सिध्द अलप भए तिनी भन्ने खब र्जासुसबाट यो सुनी
तो मामुली मानिस होइनन् भनी भन्नू हुँदैथ्यो प्रभु यो कुरा अति

६७

भोली सभाभित्र खडाहुँदा पनि हेर्नू कताबाट त आउँछन् तिनी
जतातै ती दरबारमा पुगुन् न रोक्नु भन्ने दिइ बक्सियो हुकुम!

६८

पत्तालिना खातिर सिध्दको अनि तिनी कताबाट खडा हुने भनी
तयार भै जासुस भोलिपल्ट ता न जानिँदो भै छरिए यता उता

६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभा सबारी प्रभुरामको भई त्यसै बखत् भित्र यसै खडा भई
प्रणामगर्दै प्रभुलाइ पाउमा भुकोरहेथे तिनिसिध्द सामुमा

७०

ढुक्तै थिए बाहिर जो यताउति थाकेर तो जासुस फर्कँदै पछि
देख्तै सभामा तिनि सिध्दलाइ ता यी होइनन् मानिस भन्दथे तिता

७१

ती गण्डकीमा खटिनेहरू पनि फर्केर फेरी प्रभुछेउमा त्यहीँ
डुंगाउतार्ने लषनै थिए भनी बुझ्के जती विन्ति गरी दिए अनि

७२

त्यहाँ सभामा प्रभुरामले सवै विचित्र तिन्को यति शक्ति सुन्नु भै
मुहार हेर्दै तिनि सिध्दको स्वयं हुकुं भएथ्यो तिमि धन्यछौ लषन्

७३

बुझी नसक्नू वहुतै विचित्रको रहस्य तिम्रो कुन सक्छ बुझ्नु, पो
अवश्य नै मानिस होइनौ तिमी, बताउ लौ, विन्ति ! रहस्य के छ नी

७४

म भन्दछू मानिस नै भएपनि महा तपस्वी भइसिध्द छौ तिमी
प्रसन्न भै हो कि, म माथि नै यता खडा भएका तिमि कोहि देवता

७५

यहाँ जगत् भित्र यता उती कतै न पाइ सक्नू तिमिलाइ के छ है !
आशा र इच्छा तिमिलाइ के अनि, मलाइ राजा किन मान्दछौ तिमी

७६

झुकेर राजासित नित्य नम्र भै लिनू र खानू तिमिलाइ के छ है !
मलाइ मान्दै किन झुक्तछौ तिमी रहस्य के हो बुझिएन यो पनि

७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिलोकका मालिक इन्द्रको पनि इच्छा पुऱ्याई दिनसक्तछौ तिमी
म मामुली एक नरेशसम्मको पछाडिपर्नू तिमिले अचम्म हो

७८

रहस्य यस्तो न बुझे पनी पुरा बिचार गर्दै म त भन्छु यो कुरा
मेरो कुनै पुण्य भएर नै अनि सहायका लागि खडा भयौ तिमी

७९

यो दिव्य आफ्नो महिमा अचम्मको देखाउँदैछौ करुणा भएर पो!
उदाउँथ्यौ नत्रकहाँ ? यहाँ तिमी को चिन्नसक्थ्यो तिम्रि सिध्द छौ भनी

८०

को व्हौ तिमी मानिस व्हौ कि, देवता बताउँदै सक्तिन भन्न है, म ता
म छेउ आयौ किन हो, यहाँ अनि बताउ आफैँ सब यो कुरा तिमी

८१

कुनै ठुलो काम लिने निमित्तमा खडा भएका तिम्रिछौ भने, यहाँ ?
त्यजेर संकोच बताउ लौ तिमी पुरागरोदिन्छु म, काम जे पनि

८२

सहाय मेरो जब छौ स्वयं तिमी म सक्तछू गर्न त, जेपरे पनि
मबाट जस्तो अब जे कुरा पनि गराउँदै काम पुरा गराउ, नी !

८३

हुकुं सुनाएर यसै अनीपछि जनाउनू भै प्रभुले ठुलो खुसी
तुरून्त जोर्दै दुइ हात नम्र भै लगन् त्यहाँ, विन्ति चढाउँथे, यसै

८४

हजूरकै सेवक रैतिहूँ म ता मनुष्य हूँ होइन कोहि देवता
छँदैछ मेरो घर बार नै त्यहीँ न ठान्नु होस् सिध्द कुनै ठुलो भनी

८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा हुनाले प्रभुमान्य रीतिको पुगें, म ता, सेवक पाउमै छिटो
राजा रिझाएर ठुलो बनू भन्नी न चाहने मानिस को यहाँ, छ, नी !

८६

मलाइ निद्रासरि बीच बीचमा हुँदाहुँदै देख्छु जगत् नगीचमा
जताततै पुग्छु यसै जगत् भरी त्यो गण्डकी को जलमा पसेसरी

८७

कहाँ बसेको म कहाँ पुगें भनी मलाइ यादै न हुने हुँदा अनि
म देखतछू, गर्दछु काम जे पनि सप्ना टुटेझैं पछि होश हुन्छ, नी !

८८

हुने कुरा यत्ति मलाइ हो भनी म पाउमै विन्ति चढाउँदैछु, नी !
के सिद्ध हुन्थें, मतवालोजातको मग मँहूँ विन्ति ! दया रहोस् प्रभो

८९

यहाँ सभामा प्रभुको बसेपछि मलाइ धन्दा घर खेतको छुटी
हुँदै ठुलो मानिस फिर्छु साँझमा, म छेउ झुक्छन् घरका सबै जना

९०

बयान गर्दै प्रभुको नयाँ नयाँ रसाउँछू गाउँ वरी परी त्यहाँ
मिठो मिठो खान दिई प्रसन्न भै मलाइ हेर्छन् परिवारले सँधै

९१

त्यो स्याउला घाँस र पात नितिमा न कुद्नुपर्दा वनमा जहाँ तहाँ
म पाउमा आइ भएँ बडो सुखी हुनेथियो नत्र त कष्टनै कति

९२

त्यो खेत वारी वन घाँस पातको छुटेर धन्दा सब एक साथ पो
म पाउमै छू दर बारिया भई दया रहोस् सेवकसंझदै रही

९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो खेतको अन्न र गाइ भैँसिभै तमाम खाने पिउने प्रबन्ध भैं
भिजो कुनै गर्दिन पाउमा अरु मलाइ साथैं लिइ बक्सियोस् प्रभु!

९४

हाँस्ने सभामा कहिले यहाँ अनि लुगा निचोर्ने कहिले त, यो भनो
असभ्य भन्दै न निकाल्नुहोस् प्रभु ! म सभ्य हुन्छू अब सल्हँदै बरु

९५

छिपाइ आपनो सब सिद्धिसाधना यसै गरी विन्ति चढाउँद त्यहाँ
लषन्‌जिले दंग गराउँदै रही खुमोहुनू भो प्रभुराम बेसरी

९६

सभा सबै छक्क हुँदैं वरी परी मुसुक्क हाँसेर यसै अडो रही
रमाइलो भो त्यस ठाउँमा अति बताइ साध्यै न हुने कुरा छ कि

९७

प्रसन्न तिन्के हँसिलो मुहारमा नर्जाफिराएर खुसीहुँदै त्यहाँ
लषन् ! तिमी अद्‌भुत धन्यछौ भनी हुकुं भएथ्यो प्रभुरामले अति

९८

घुमाउँदै हेर ! बनावटी कुरा सुनाउनलाइ सिपालु छौ पुरा
छिपाइ आपनो महिमा सबै तिमी भुकी रहेका किन मामुली बनी

९९

मबाट केही लिनुपर्छ को, भनी छुँदैछ, खाने पिउने कुरा भनी
राजस्वको अन्न त खान्न है, म ता भन्ने कुरा प्रष्ट जनाउँछौ यता

१००

स्वयं तिमीलाइ दिने कुरापनि मछेउमा योग्य थियो र के अनि ?
दिन्थेँ, पुरस्कार पनी म-के अहो !. तिमी सँधै साथ बसी रहे भयो

१०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाइ राजासित काम के भनी नछोड मेरो कहिल्यै सभा तिमी
तिमी सरीको अलमस्त सिद्धको सहाय पाए सब काम सिद्ध भो

१०२

विचित्र तिम्रो कुन शक्ति हो भनी रहस्य को सोध्दिन यो कुरा पनि
डराउँदै हेर ! अलप् न होउ है ! कृतार्थ गर्दै बस ! साथमा सँधै

१०३

तिमीसँगे यत्ति म माग्दछू अनि मलाइ छोडेर न जाउ है ! तिमी
सभा रसाएर यसै गरो यहाँ कृतार्थ गर्दै बसि राख ! साथमा

१०४

खुसीहुनू भै प्रभु रामले अनि हुकुं सुनाएर यिनैकुरा भनी
म दास हूँ धन्य भएँ प्रभो ! भनी लषन्‌जिले विन्ति चढाउँथे त्यहीँ

१०५

म पाउमा बस्न नपाउँला भनी डराउँदै राज महल् घुमी घुमी
गरें तपस्या कति कष्ट साथको म दासको आश पुगेछ आज पो

१०६

स्वरुप आपनो नचिनेर पो अनि प्रभु स्वयं अलमल पर्नु हुन्छ, नो !
म चिन्दछू पाउ समाउने भई कृतार्थ हुन्छू यहि पाउमा रही

१०७

म दास साक्षात् प्रभुरामको भई लषन् भनी नाम सुहाउने भई
कृतार्थ हुन्छु अलमस्त भैं, भनी खुसी हुँदै विन्ति चढाउँथे तिनी

१०८

यही दुवै पाउ समाउँदै प्रभु ! कृतार्थ हुन्छौ भनि भन्दछन् अरू
म पाउमै आइ पुगेर तै पनि कहाँ अभागी हुन जाउँला अनि

१०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसेर निर्धक्क भएर पाउमा रमाउँदै धन्य हुने भए, यहाँ
अरु कुराको अब थाह छैन नी ! भनेर नै विन्ति चढाउँथे तिनी

११०

लषन्जिको विन्ति सुनेर यो अनि खुसीहुनू भै प्रभुरामले पनि
तिमीसरीको लिइ सिद्ध साथमा म धन्य हुन्छू भनि भन्नुभो त्यहाँ

१११

त्यहाँ पछी साँझपऱ्यो उठौं भनी बिदादिनू भै प्रभुरामले अनि
गए सबै मानिस पाउमा झुकी बिदा हुँदैथे तिनि सिद्ध जी पछि

११२

त्यसै बखत् पाउसमाउँदै तिनि मलाइ एकान्त दिनूहवस् भनी
रहस्यको विन्ति चढाउने कुरा म विन्ति गर्छू भनि भन्दथे पुरा

११३

हाल्दै अँगालो तिनिलाइ लौ ! भनी खुसीहुनु भै प्रभुरामले पनि
तिन्को कुरा सुन्नुहुँदै अचम्मको पटागिनोमै घुमिबविसँदै थियो

११४

दया भयो गोरखनाथको भनी अगाडिको हाल बताउँदै त्यहीं
भनेर बृत्तान्त सबै पुरा पुरा लषन्जिले विन्ति गरीदिए कुरा

११५

सहाय गर्नू प्रभुरामको भनी अऱ्हाउनु भै गुरुले स्वयं त्यहीं
भए यता हाजिर पाउमै म, ता भन्दै सुनाए अघिको सबै कथा

११६

श्री रामशाह प्रभु मामुली भनी न संझनू है, अवतारि हुन् तिनी
तिमी उहाँको बस साथमै त्यहीं, भन्ने कुरा त्यो गुरुको भने अनि

११७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनेर वृतान्त लषन्जिको सवै ठुलो खुसीले प्रभु छक्कपर्नु भै
रहेछ साक्षात् गुरूकों कृपाममा भन्दै अनी भन्नुहुँदैथियो त्यहाँ

११८

सहाय मेरो गुरू गोरखै भई यहाँ स्वयंसिद्ध तिमी खडा भई
पूराहुने भैं सव आश कामना खुसो भएको बहुतै म छू यहाँ

११९

यो उत्तराखण्ड सवै यता उति समृद्धनेपाल समेत नै जिती
त्यो आर्यसाम्राज्य म भोग्दछू भनी मेरो बिछट्टै अभिलाष यो छ नी !

१२०

जहाँ, कि, मेरा पछि सम्मसन्तति, भएर राजा लिइ धर्मको स्थिति
त्यो आर्य साम्राज्य चलीरहोस् भनी पवित्र मेरो यहि कामना छ नी !

१२१

त्यो आर्यको भारत भूमिमा सवै विधर्मिकै राज्य भएर खिन्न भै
तपस्विका साथ महर्षि देवता हिमालकै काख समाउँछन् यता

१२२

यतापनी म्लेच्छ विधर्मिको त्यही चल्यो शने शासन धर्म गो डढो
तसर्थ रोकेर बिधर्मिलाइ, ता, सन्तान मेरा बलिया रहुन यता

१२३

पवित्र गोब्राह्मणवंशको यहाँ, हत्या न भै धर्म रहोस् जहाँ, तहाँ
यो उत्तराखण्ड पवित्र तीर्थ भै यो आर्य साम्राज्य चली रहोस् सँधै

१२४

पवित्र मेरो मनको कुरा यही भनेजती झट्ट ! पुऱ्याउने भई
सहाय मेरो गर लौ, लषन् ! तिमी भन्दै हुकुंभो प्रभुरामले त्यहीं

१२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दै हुकुं त्यो प्रभुको अनीपछि मुसुक्कहाँस्तै निहुरेर सिद्ध ती
प्रभो ! भनी अंजलि बाँधिदी दुवै खुसीहुँदै विन्ति चढाउथे यसै

१२६

रक्षानिमित्तै यहि आर्यधर्मको हजूरले जन्मलिएर झर्नु भो
मनुष्यको भाव भएर पो यहाँ हजूरको त्यो त रहेन संझना

१२७

त्यो याद आफ्नो न रहेर तै पनि विचार ता सोहि बमोजिमै छ, नो!
म आर्य साम्राज्य खडा गरूँ भनो हुकुं भएको त्यहि हो कुरा पनि

१२८

हजूरकै सन्ततिले यता उति यो उत्तराखण्ड चलाउँछन पछि
यहाँ उही वैदिक आर्य धर्मकै जरो बलायो भइ गाडिनेछ है

१२९

हजूरकै सोहि पवित्रकामना बढ़ाउनालाइ पुरा गरी यहाँ
गुरुस्वयं गोरख चल्नुहुन्छ है ! पछीपछीछन् अरु देवता सबै

१३०

लडायिँगर्दै नबढेपनी प्रभु ! जित्नू भएको छ यसै सुरु सुरु
यो उत्तराखण्ड सबै यता उता हजूरकै देखछु अधीनमा, म, ता

१३१

मानो र पाथीहरूको चलन् थिति चलाउनू भो कि, हजूरले जति
सोही सजीलो स्थितिमाबसे जति यो उत्तराखण्ड हजूरकै छ कि

१३२

हजूरकै वीर भएर सन्तति पृथक पृथक राज्य समस्त यो जिती
नेपालसाम्राज्य बनाउँछन् पछि विधान यस्तै भवितव्य को छ कि

१३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजूरलाई न भएर संझना म पाउमै विन्ति चढाउँछू यहाँ
रानी न चिन्ने भइ बक्सियौं प्रभु ! हाँसी रहेछन् सब देवताहरू ।

१३४

हजूरकी रानि त सिंह वाहिनी देवी उहाँ अष्ट भुजा भएर नी !
खडाहुनू भो मनकामना स्वयँ के विन्ति गर्नू अब हुन्छ है ! शरम्

१३५

म आर्य साम्राज्य खडा गरूँ भनी हजूरलाई कुन फिक्रि भो अनि
हुकुं हवस् रानिसँगै सवै कुरा गरो दिनूहुन्छ उहाँ सवै पुरा

१३६

सुनाउँदै यो त कुरा अचम्मके लषनर्जिको बोलि अडेर बन्द भै
झसंगजस्तै हुनु भै त्यहाँ प्रभु हेर्नू हुँदैंथ्यो नजरैं टुलू टुलू

१३७

अडेर एकैछिन घोरिएपछि प्रसन्न भै अद्भुत मान्नु भै अति
लषन ! सुनायौ, कुन यो कुरा भनी हुकुं भएथ्यो प्रभुले यसै, अनि

१३८

तिम्रोकुरा सत्य हुने भनेर पो, म यो कुरा मान्न तयार छू अहो !
परन्तु साक्षात् मनकामना तिनी, मेरी भइन् रानि कसोगरेर, नी !

१३९

रानी भए ता पनि साथमा रही तिन्को कुरा केहि न जानिने भई
म ठान्दथें है हृदयेश्वरी भनी स्वयं रहोछन् परमेश्वरी तिनी

१४०

देखेर तिम्रो त विचित्रताहरू शंका गरेको तिमी माथि हो, बरू
तिनी स्वयं देबि भए पनी अहो ! लुकीरहेकी अझसम्म धन्य हो !

१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानी भनो साथलिने स्वयं म, ता, न चिन्न सक्ने अरुको कुरा कता ?
स्वयं तिमी सिद्ध भएर पो अनि चिन्यौ तिनीलाइ महेश्वरी भनी

१४२

तिनी स्वयं अष्ट भुजा महेश्वरी भनेर भो देख्न मलाइ हड्बडो
बसी रहेको तिनि दिब्यरूपमा म देख्न सक्छू कसरी छिटो यहाँ

१४३

बताउ तिन्को महिमा अरू पनि जहाँ जहाँ जे जति गर्दछिन् तिनी
सुनेर तिन्को पहिचानको कुरा चियो गरी बस्छु बुझ्यौ ! पुरा पुरा

१४४

प्रत्यक्ष नै देख्न पुगेर नै अनि चिनें तिमो व्हौ भनि सिंह वाहिनी
म पक्रनेछू तिनिलाइ के गरी बताउ लौ, जुक्ति पुरा हुने गरी

१४५

बयान तिन्को गर लौ भनी भनी हुकुं दिनू भै प्रभु रामले अनी
खुसी भएका तिनि सिद्ध जी स्वयं यसै गरी बिन्ति चढाउँथे नरम्

१४६

रानी हुनू भै प्रभुकी स्वयं यहाँ पाल्नू भएको मनकामना उहाँ
दुरुस्त नै मानिस झैं हुनुभई बस्नू हुँदैथ्यो दरबारमा रही

१४७

हजूरको नैं जिउनार नितिमा भुजा बनाएर कुनै बखत् यहाँ
सजाउँदै थाल रिकाबिमा त्यहीँ लाग्नु भएथ्यो अरू काममा अनि

१४८

त्यसै बखत् गै गुरू गोरखै स्वयं अलप् हुँदै त्यो त भुजागरी हजम्
रित्ताभए थाल रिकाबि तो सबै रानो उहाँ जिल्लिनु भो अचम्म भै

१४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाए बिरालाहरूले कि, यो भुजा भन्दै अरु फेरि बनाउँदै भुजा
सजाउँदै त्यो जिउनारि थालमा हेर्नु भनी मानिस राख्नु भो त्यहाँ

१५०

तुरुन्त नै त्यो त भुजाहरूसबै अलप् हुँदै गोरख आइ खानु भै
रानी उहाँ आइ अचम्म साथमा, त्यो थाल रित्तो सब देख्नु भो त्यहाँ

१५१

केटी सुसारेहरूका अघिल्तिरै विचित्र भै थाल रिकाबि रित्तिँदै
मलाइ जिस्काउन आउने, तँ को ? भन्दै उहाँले मन भित्र गंनु भो

१५२

देवी म साक्षात् मनकामना भनी स्वरुपको याद गरेर नै अनि
मलाइ हेप्ने कुन हो भनी यहाँ ध्यानास्थ भै हेर्नुहुँदै थियो उहाँ

१५३

हाँसी रहेका गुरु गोरखैं तिनी अघिल्तिरै झट्ट खडा हुँदा अनि
के कामले यो छलजाल गर्नु भो भन्दै उहाँले यहि फेरि भन्नु भो

१५४

देखापरी पाल्नु भएपनी यता रमाइलो मानि खुवाउँथे म ता
लुकेर सित्तैं हइरानी गर्नु भों, भनेर हाँस्तै गुरुलाइ भन्नु भो

१५५

प्रसन्न भै गोरखनाथले पनि, मुमा ! रिसानी न रहोस् क्षमा भनी
अघाउँदै तृप्त भएँ यहाँ भनी मुसुक्क हाँस्तैं यहि भन्नु भो अनि

१५६

दिनू लिनू खानु र पाउनू पनि हामीहरूलाइ त, के कुरा छ नी !
रमाइलोगर्न भनेर तै पनि मैले गरेको छलजाल यो पनि

१५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अगाडि देखापरि आउँदा यसै थिएन जिस्काउन पाइने कतै
लुकेर खाएँ त्यस नितिमै अनि लौ! भन्नु होस्! हेर्नु पऱ्यो कि,को भनी

१५८

देवो म हूँ होइन मानुषी भनी न संझँदै, केवल मानुषी बनी
दुरुस्त रानी भइ बस्नु भो मुमा भन्दै भएँ, हाजिर आज सामुमा

१५९

चुलो जलाएर हजूरलेपनि पकाउने दाल भुजाहरू भनी
हजूरको भाव जगाउनै भनी लुकेर नै खाइ दिएँ भुजा पनि

१६०

अली अली रीस उठेर पो अनी म हूं स्वयं अष्ट भुजा भनी भनी
स्वरुप संझेर हजूरले मुमा ! हेर्नु भयो ध्यान गरेर सामुमा

१६१

स्वरुपको याद भएर पो, मुमा ! मलाइ भेट्टाउनु भो कि, सामुमा
स्वरुपमैं बस्नुहवस् सँधै भरी न भुल्नु होस् आफु त, मानिसैसरी

१६२

स्वरुपको याद दिँदै हजूरमा म बिन्तिगर्छू अब, सुन्नुहोस् ! मुमा !
बचाउँछू बैदिक धर्म यो भनी जनंलिनू भैकन झर्नु भो यहीं

१६३

अनादिमाया परमेश्वरी स्वयं हजूरले धर्नुहुने भनी जनम्
खुस हुँदै आइ अगाडि नै यता पर्खीरहेँ काम मिलाउँदै म ता

१६४

दिई ठुलो आशिष द्रव्यशाहमा राजा गराएँ तिनिलाइ नै यहाँ
हुने उज्यालो यहि वंश हो भनी प्रबन्ध गर्दैछु सबै अरु पनि

१६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालको पूण्य पवित्र काखमा रमाइलो राज्य खडा गरी यहाँ
उदाउनू पर्दछ धर्म आर्यको मुमा ! हजुर्को यहि मुख्य कार्य हो

१६६

तसर्थ मेरो वरदानको कुरा छिटो गरी गर्नु हुँदै पुरा-पुरा
गराउनोस् उन्नति साहवंशको म आज आएँ यहि विन्तिगर्न पो

१६७

यसैगरी बिन्ति गरेर सामुमा अडेपछी गोरखनाथजी त्यहाँ
महेश्वरी अष्ट भुजा प्रसन्न भै उहाँ स्वयं भन्नुहुँदै थियो यसै

१६८

शिवावतारै हुनुभो स्वयं गुरू यहाँसरी योग्य त को छ है अरू
बोल्नू भएको गुरूदेवले अनि पूरा न होला भनि के कुरा छ, नी !

१६९

दिनू भएको वरदानकोजति कुरा पुरा भै हुन आइ उन्नति
उदाउने यो पनि साहवंश हो मलाइ यस्मा किन फेरि भन्नु भो

१७०

आज्ञा उहाँको यति सुन्नु भै अनि खुसीहुँदै गोरखनाथले पनि
मेरो कुरा सुन्नुहवस् ! भनी मुमा ! पछाडि यस्तै गरि भन्नु भो त्यहाँ

१७१

सबै जगत् यो, त चलाउने बनी मुमा ! स्वयं नै भइ शक्तिरूपिणी
मैले दिएको बरदानको पनि पुरा हुने शक्ति हजूरकै छ नी !

१७२

हजूरकै शक्तिमिलेर पो अनि मैले दिएको वर सत्य हुन्छ नी !
तसर्थ मेरो अघिको कुरा सबै पुरागरी बक्सनुहोस् प्रसन्न भै

१७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो बिन्तिले गोरखनाथको प्रनि प्रसन्न साक्षात् भई सिंहबाहिनी
दयागरी धार्मिक - साहवंशमा भन्नू हुँदैथ्यो यहि सुन्नुहोस् त्यहाँ

१७४

बसेर मर्स्यांग्दी दरौंदि वेनिमा बिचार गर्दै सव यो कुरा त्यहाँ
म गर्दछु निर्णय आउनोस् त्यहीँ भनेर रानी चुप लाग्नु भो प्रनि

१७५

रानी मुमाबाट हुकुं यसैसुनी खुसीहुँदै गोरखनाथजी पनि
बिदाहुनू भै हुनुभो त्यहाँ अलप् यस्तै उहाँको महिमा छ है गजप्

१७६

रानीमुमाको महिमासवैं यति भन्नूहुँदै गोरखनाथले, पछि
लिएर पूजा सरजाम साथमा, मलाइ आएस् भनि भन्नु भो त्यहाँ

१७७

सुनेर आज्ञा गुरूको अनो पछि मलाइ लाग्दै मनभित्र कुत्कुती
रानी त्यहाँ पाल्नू हुनेछ के गरी भन्ने कुरा बुझ्न पुगें अघी सरी

१७८

सिन्दुर नैवेद्य र फूल अक्षता सामग्री ली पूजनको सवै म ता
हुँदै अरू मानिसले न देखिने पसेर दर्वार पटांगिनी घुमें

१७९

केटी सुसारे सरहै यताउति ती दिब्यकन्याहरू देखिए पछि
महेश्वरीका गणहुन् यिनै भनी म ठान्दथें भित्र सवै कुरा गुनी

१८०

सिध्याइ देखाइ बडो ठुलो भई कस्को यहाँ अन्त्य लिइस् खडा भई
को होस् ? तँ भन्ने सुनियो कुरा त्यता व्यूझें डराएर झसंग भै म ता

१८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरोसबै सिद्धि उडेर उसबखत् अगाडिजस्तै म त मूढ भै फगत्
कुनै त्यहाँ देखिन दिव्य कन्यका हेर्दैथिएँ पागलझैं यता उता

१८२

खुलेर ढोका दरबारको त्यहाँ निस्केर गो मानिस अद्भुतै नयाँ
छिटो त्यसैको पछिलाग्नगैं अनि निस्किन् कुनै अद्भुत सुन्दरी पनि

१८३

न देखिएकी कहिल्यै पनी यिनो को हुन् भनी हेरि रहेर तै पनि
न चिन्न सक्ता परमेश्वरी कुनै त्यहाँ भएछू म त शुद्धमूढ नै

१८४

लुगा र राम्रा गहनाहरू हुँदा म मूर्खले रानि भनेर संझँदा
कस्को पछी लागि हिँडिन् यिनी भनी थुतेछु मैले तरबार पो अनि

१८५

म दास साक्षात् प्रभुरामको भई के हेर्दथें घोर अनर्थ यो सही
उडाइदिन्छू त्यस दुष्टको शिर भनेर, झंटे म यसै अघिल्तिर

१८६

अचम्मको मानिस उसबखत् उ, ता तुरुन्त नै सिंह हुँदै बस्यो त्यता
चढिन् त्यसैमा तिनि सुन्दरीपनि देवी स्वयं अष्टभुजा भएर नी

१८७

उजाउँदै त्यों तरबार हातमा म झँटँदैथें दुगुरेर नै त्यहाँ
त्यसै बखत् त्यो त विचित्र देखिई अडें यसै छक्क परेर जिल्लिई

१८८

बाँकीहुनाले गुरुको कृपा ममा झसँग भै होश खुलेर गैं त्यहाँ
देखेर पूजा सरजाम हातको सबै कुरा झल्ल मलाइ याद भो

१८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ चियो बस्नु अयोग्य काम भै मेरो सर्वसिद्धि गएछ लुप्त भै
न चिन्न सक्ता परमेश्वरीकनै गँवार यस्तो म भएछु मूढ नै

१९०

तथापि ठूलो करूणा गरी क्षमा यो दास हो भन्नु हुँदै गरी क्षमा
अघिल्तिरै अष्टभुजा महेश्वरी खडाहुनु भो यहि सिंहमा चढी

१९१

तुरुन्त मैले अब पाउमा परी क्षमा नमागे त डुवें सरासरी
रहेछ मेरो अभ्र भाग्य यो भनी रोएर पर्खें म त पाउमा त्यहीं

१९२

अजानको यो अपराध हो भनी क्षमा रहोस् है ! करूणा भयो ! भनी
पाउ पखाल्दै म त आँशुले त्यहाँ पर्खीरहेथें निहुरेर पाउमा

१९३

सोझो गरेको प्रभुरामको भई तँ माथी मेरो करूणा भयो यही
न रो ! सबै माफ गरें भन्नी भनी भन्नू हुँदैथ्यो अनि सिंहबाहिनी

१९४

भए पनी सिद्ध ठूलो तँ, मूर्ख ता मेरो चियो वस्न पुगिस् अहो ! यता
तेरो सबै सिद्धि खतं भयो अनि वसो रहीथिस् तँ त मूढ भैं बनो

१९५

तेरो म देखा न परेर नै अनि, भए गएकी, तँ त बिग्रने पनि
चेला भनी गोरखनाथको तँ ता देखापरे की करूणा गरी म ता

१९६

तैंले स्वयं मूढ हुँदाहुँदै पनि सोझो चिताइस् प्रभुरामको अनि
त्यसै हुनाले भइ सिंहवाहिनो स्वरुपको दर्शन यो दिएँ पनि

१९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तँ दास सोझो प्रभुरामको भई दिएँ सबैसिद्धि अगाडिको उही
यस्तैकिसिले प्रभुको सँधैभरी सेवागरी बस्नु यतै वरीपरी

१९८

तँलाइ तेरा गुरुले भनेसरी मर्स्याङ्दीमै आइज लौ अघीसरी
पूजागरी फेरि मलाइ नै त्यहाँ कृतार्थ हुन्छस् भनि हिँड्नु भो मुमा

१९९

आफ्नो सबै सिद्धि मिलेर दंग भै म पाउकै साथ रहेर लंकँदै
पुगेर मर्स्याङ्दी दरौंदी वेनिमा विचित्रको उत्सव देख्तथेँ त्यहाँ

२००

पवित्र तीर्थस्थल वेनमिा त्यहीँ रमाइलो मण्डप रत्नकै बनी
थिए बसेका लहरै सुरुसुरु अनेक देवीसँग देवताहरू

२०१

त्यहाँ स्वयं पुग्नुहुँदा महेश्वरी तुरून्त निस्केर सबै वरीपरी
मुमा ! भनो पाउपरेर नम्र भै लगे सभाभित्र बडो प्रसन्न भै

२०२

उहाँ मुमालाइ सुहाउने गरी सजाइएको मणिरत्नले गरी
बिचित्र सिंहासनमा त्यहाँ अनि बस्नू भएथ्यो गइ सिंहबाहिन

२०३

त्यहाँ मुमालाइ त भक्तिलेगरी पूजा चढाए सब देवता मिली
प्रसन्न भै लौ, बस भन्नू भै अनि खुसीहुँदै फेरि बसे सबै त्यहीँ

२०४

ती स्वर्गका पुष्प र दिव्य धूपकै सुगन्धले नै भरिएर टम्म भे
यो स्वर्गमै हो कि, भयो सभा भनी अचम्म मान्दै म त जिल्लिएँ पनि

२०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै खुसीले गरि छक्क भै म, ता हेरीरहेथें त्यस ठाउँको छटा
लषन् ! भनी गोरखनाथले अनि पूजा चढा,लौ, भनि भन्नु भो त्यहीं

२०६

छुटेर निद्रा बिउँझे सरी त्यहाँ झुक्तै मुमाको पहिले म पाउमा
विधानशिक्षा गुरूदेवकै गरी पूजा चढाएँ सवको वरीपरी

२०७

जम्बा भएका त्यस ठाउँमा अरू देवी सँगैका सव देवताहरू
पाएर पूजा मसँगै खुसी भई बसे, मुमाको नजिकै झुकीरही

२०८

विशेषको फेरि विधानले अनि पूजा चढाई करूणा रहोस् भनी
पाऊपरेथें म त दण्डवत् गरी आज्ञा मुमाको अनि भो यसै गरी

२०९

पवित्र तेरो यस भक्तिलेगरी खुसी भएको म त हूँ महेश्वरी
तेरो वता के मनको छ कामना पूरा गरी दिन्छु तुरून्त नैं यहाँ

२१०

मलाइ आज्ञा यति बक्सँदै अनि खुसी हुनूभो जव सिंह बाहिनी
इच्छा पुरा भै मनको अनी पछि मैले यसै विन्ति गरें झुकी झुकी

२११

खुसीहुँदै गोरखनाथले मुमा ! जो गर्नु भो आशिष द्रव्यशाहमा
त्यहो पुरा भै अब शाहवंशको नेपाल साम्राज्य खडा हवस् छिटो

२१२

त्यो आर्य साम्राज्य खडा भएपछि अडेर राम्रो गरि धर्मको स्थिति
रमाउनेछन् सव देवता त्यहीं, इच्छा पुग्यो गोरखनाथ को पनि

२१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो यही नै मनको छ कामना त्यही पुरा गर्नु हवस भनी मुमा !
म हात जोर्दै निहुरेर पाउमा, आज्ञा दिँदै बोल्नु भयो अनी मुमा

२१४

रक्षाहवस् वैदिक धर्म को भनी त्यो आर्य साम्राज्य खडा रहोस् भनी
बिन्ती गरिस् बेस, बुझिस् प्रसन्न छू, बखत् हुँदा त्यो पछि पूर्ण गर्दछू

२१५

देवी म साक्षात् मनकामना स्वयं खडा भएकी खुसिले लिई जनम्
मेरो बुझिस् ! मन्दिरमा पुजरि भै सन्तान तेरा सुखले रहुन् सँधै

२१६

मलाइ यस्तो बर वक्सँदै त्यहाँ प्रसन्न भै अड्नु भए पछी मुमा
गुरू स्वयं गोरखले अघीसरी गर्नु भयो विन्ति नरं यसै गरी

२१७

मैले दिएको बरदानको कुरा झुटो न भै त्यो त हवस् छिटो पुरा
जिम्बा लगाएँ सब पाउमे भनी मुसुक्क हाँस्तै उभिनू भयो त्यहीं

२१८

बसी रहेका सब देवताहरु त्यसै बखत्मा उभिँदै सुरु सुरु
पूरा हवस् गोरखको कुरा भनी विनम्र भै विन्ति चढाउँथे त्यहा

२१९

त्यो आर्य साम्राज्य खडा हुने कुरा बुझ्यो सबैको मत एउटै पुरा
महेश्वरीले खुसि भै स्वयं अनि भन्नु भयो, गोरख ! सुन्नुहोस् भनी

२२०

मैले यहाँको वरदानको कुरा जिम्बा लिएँ सम्झनुहोस् पुरा पुरा
गराउँदै उन्नति साहवंशको म आर्य साम्राज्य बनाइदिन्छु, भो !

२२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो ईश्वरीको वर पाउँदा अनि प्रसन्न भै गोरखनाथजी पनि
अलप् हुँदै जानु भयो बिदा भई सभा उठयो त्यो त सबै खुसीभई
२२२
बिदा हुँदै देवि र देवता पनि गए कृपादृष्टि रहोस् मुमा ! भनी
चढेर आपनो उहि सिंहमा अनि दर्बार मै भित्रिनु भो मुमा पनि
२२३
रानी मुमाको म त पाउसाथमा फिरेर दर्बार पुगे पछी यहां
बिदा भएरै घरमा गएँ अनि यो एकबर्षै अघिको कुरा छ, नी !
२२४
अझै पनि ता कहिले कहीं उहाँ यता उती पाल्नु हुँदैछ है मुमा
भएर साक्षात् उहि सिंहवानि मलाइ साथै लिइ जानु हुन्छ नी
२२५
प्रयाग काशी कि त विन्ध्यवासिनी पुगेर डुल्दै कति ठाउमा घुमी
पूजा सबैको लिनु भै जहाँ तहाँ, मुमा खुसी भै फिरिबक्सने यहाँ
२२६
जतातत डुल्नु हुँदा पनि मुमा म साथ हुन्छु रखवारि पाउमा
यसै गरी पर्व र पर्वमा घुमी उहाँ खुसी भै घर फिर्नु हुन्छ नी !
२२७
अचम्मको विन्ति सुनाउँदै यति खुसीहुँदै सिद्ध लषन् ! अडेपछि
आश्चर्यले छक्क परेर दंग भै हुकुं भएथ्यो प्रभुरामले यसै
२२८
सुनेर तिम्रो मुखबाट यो कुरा म ता यसै जिल्ल परें पुरा पुरा
रहेछ मेरो कुन भाग्य यो भनी म संझनै सक्तिन के भनूं अनि
२२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनी अहो ! मानिसको लिई जनं खडा भईछन् मनकामना स्वयम्
मेरी तिनी रानि भनेर नै म ता कृत्तार्थ छू हेर ! कुरा पुग्यो कता ?

२३०

गरूँ म कस्तो तपसाधना अनि भजूँ म कस्लाई खुसीगरूँ भनी
तिनै महारानि लिएर काखमा अपार संसार म तर्दछू यहाँ

२३१

बढाइ साम्राज्य यसो गरूँ भनी मलाइ चिन्ता अब केहि छैन, नी !
जो गर्नु पर्ने सब गर्दछिन् तिनै रहेन मेरो मनमा कुरा कुनै

२३२

खुसी हुँदै सिंह सबार भै तिनी प्रत्यक्ष नै अष्ट भुजा स्वयं बनी
खडा भएकी म त देखुँला भनी मलाइ आशा यहि एउटै छ, नी

२३३

सहाय मेरो तिमि नै भयौ भनी लषन् ! तिमिलाइ म भन्दछू अनि
प्रत्यक्ष तिन्को त्यहि रूप देखिने बताउ, लौ जुक्ति उपाय के हुने

२३४

खुसी हुँदै यत्ति लषन् सँगै भनी श्रीराम राजा अडिनू हुँदा, अनि
धन्दा नमान्नोस प्रभु ! सुन्नुहोस् भनी लषन् यसै विन्ति चढाँउँथे त्यहीँ

२३५

देवी भए ता पनि सिंह वाहिनी रानी हजुरकै हुनु भो उहाँ अनि
लौ, संभनोसू मानिस नै भए प्रभु रानीहुने मामुलि नै थिए अरू

२३६

स्वयं उहाँले पति ईश्वरै भनी हजुरकै पाउ परे पछि अनि
बताउनोस् को हुनु भो स्वयं प्रभु भनी रहुँ विन्ति गरेर के अरू

२३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं उहाँ उष्ट भुजाकनै पनि मेरी प्रिया यी – पटरानी हुन् भनी
मुहारहेर्नें हजुरै हुने प्रभु ठाडो नज हेर्न त सक्छ को अरु

२३८

हजुरले देख्न नपाउने गरी लुकेर बस्ने त, भए महेश्वरी
यही उहाँको महिमाहरु यहाँ बताउनेथें म पनी यसै कहाँ

२३९

हजूर की रानि त सिंहवाहिनी साक्षात् महूँ अष्ट भुजा स्वयं भनी
आफैं उहाँले त बताउनू न भै मैले बताएँ परिबन्ध यो सबै

२४०

इच्छा उहाँको न भए त यो कुरा म भन्न सक्थें कसरी पुरा पुरा
गुरू स्वयं गोरखनाथ नैं पनि स्वयं उहाँको भर पर्नु हुन्छ, नी

२४१

चिनेर साक्षात् यिनिलाइ तै पनि स्वरूपमा देख्न सकिन्न को भनी
शंकालिदै पीर न गर्नुहोस् प्रभु ! हजुर बाहेक त देख्छ को अरु

२४२

हजुरकै निती भनेर पो यहाँ, रानीहुँदै आउनु भो स्वयं उहाँ
हजूरले देख्न नपाउने भए साक्षात् उहाँ अष्ट भुजा भएर के ?

२४३

तथापि उस्तै परिबन्ध पर्न गैं बस्नू भएथ्यो अझ सम्म लुक्नु भैं
वेला भयो त्यो खुसियालिको भनी रहस्य खोल्दै म भनी रहेछु नी !

२४४

रानी भनी अष्ट भुजाकनै यहाँ प्रत्यक्ष नै देख्नु हुनेछ सामुमा
पर्खेर बस्नोस् महिना दुई अरु इच्छा हजुर्को अनि पूर्ण भो प्रभु !

२४५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दशी त्यो नवमी रअष्टमी परे छँदा याद लिनू हुँदै अनि
प्रहर्छँदै जाग्नु भएर रातमा छाम्नोस् उहाँको, खुसिसाथ गाथमा

२४६

डुलेर आएसरि शीतमा घुमी चीसो उहाँको सब अंग हुन्छ नी !
त्यहाँ पछी झट्ट हुकूं हवस् प्रभो ! चीसो भईछ्यौ तिमि के गरी अहो !

२४७

सँगै सुतेकी म सँगै यहाँ तिमी कसोगरी रानि ! चिसो भयौ भनी
सोध्नू हवस् है ! त्यसका पछि उहाँ जबाफ बक्सिन्छ चिसो भए कहाँ

२४८

तुरुन्त छाँनोस् अनि फेरि गाथमा हुनेछ तातो सबतर्फ नै त्यहाँ
मेरो कुराको यहि जाँच गर्नु भै इच्छा पुरा हुन्छ अगाडि सर्नु भै

२४९

यस्तैं परिक्षा गरिबक्सँदै प्रभु ! बस्नू हवस् है ! महिना दुई अरु
भौमाष्टमी आइ पुगेपछी अनि हजूरको पुग्दछ कामना पनि

२५०

त्यो पर्वमा सिंहसवार भै उहाँ पाल्नू हुने स्नाननिमित्त काशी मा
प्रत्यक्ष देखनाकन सिंह वाहिनी त्यसै बखत् बस्नुहवस् खडा बनी

२५१

त्यो रातमा जाग्नु भई प्रहर्छँदै रानी उहाँलाइ न देखिबक्सिँदै
बता ! महारानि गइन् भनी कता ? न सोध्नु होला अरू कोहि लाइ ता

२५२

बिछ्याउनाबाट तुरुन्त उठ्नु भै पटांगिनीमै तल आइ लुक्नु भै
ढोकातिरै हेर्नु हवस् सुरुसुरु न राख्नु होस् साथ कुनैपनी अरु

२५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसी हुँदै स्नान गरेर काशिमा फिर्नु हुँदा अष्ट भुजा स्वयं त्यहाँ
को ह्वौ तिमी भन्नु हवस् अघीसरी न तर्सनूहोस्, यि भनेर ईश्वरी

२५४

बाटै पनि छेक्नु भएर सिंहको को व्हौ, तिमी पर्ख भनेर नै अहो !
अगाडि सर्नोस् त्यस ठाउमा अनि समाउँछिन् पाउ त सिंह वाहिनी

२५५

अजुरको हूँ म त रानि नै भनी स्वयं उहाँ अष्ट भुजा भए पनि
त्यो सिंह छोडेर खुसी हुँदै त्यहाँ हजुरकै पर्नु हुनेछ पाउमा

२५६

त्यसै बखत्मा त्यस ठाउँमै प्रभु खडाहुँदै झट्पट गोरखै गुरु
खुसीहुनू भै वर बक्सिने छ है माग्नूहवस् आशिश उस् बखत् सबै

२५७

भौमाष्टमीको त्यसपर्वको बखत् न चुक्नुहोला यहि भन्दछू फगत्
बस्नुहवस् है प्रभु ! सावधान भै पूरा हुने भो प्रभुको कुरा सबै

२५८

प्रत्यक्ष नै बिन्ति चढाउँदै यति अडेपछी दंग भएर सिद्ध, ती
बडोखुसी भै तिमि धन्य छौ भनी श्रीरामले फेरि हुकुं भयो त्यहीं

२५९

सिकाउने जुक्ति उपाएको कुरा बताउँदै यो त सबै पुरा पुरा
मेरो तिमी भाग्य खडा भयौ स्वयं, दिऊँ तिमीलाइ इनाम के लषन्

२६०

प्रसिद्ध छौ सिद्ध तिमी स्वयं ठुला म योग्य तिम्रो दिनसक्छु के कुरा
मेरो उदायौ तिमी भाग्य नै भनी कस्तै दृढा लिंगन गर्दछू अनि

२६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसी भएकी परमेश्वरी उनै रहुन् तिमीमाथि दया गरो सँधै
म यत्ति भन्छू तिमिलाइ लौ भनी स्वयं अँगालो कसिबसियो त्यहीँ

२६२

पाई पुरस्कार त नाथ को यति लषन् त्यहाँ फेरि खुसी हुँदै अति
मेरो कुरा याद रहोस् प्रभो ! भनी बिदा हुँदैं झट्ट अलप् भए त्यहीँ

२६३

लषन् तिनी सिद्ध बिदा भएपछि श्रीरामराजा हुनु भै बडो खुसी
अचम्म पर्दै पुगि रानि छेउमा सँधै बसे झैँ गरि बस्नु भो त्यहाँ

२६४

मेरीयिनी त रानि सिंहवाहिनी भनेर आफैँ अति हर्षले अनि
रमाइलो मान्नु भएर चित्तमा मुसुक्क हाँस्तै प्रभु बस्नु भो त्यहाँ

२६५

त्यही हँसीलो प्रभुको मुहारमा नजर्दिनू भैकन रानिले त्यहाँ
बुझ्नू भएथ्यो मनको कुरा पनि सबै लषन्को बदमासि हो भनी

२६६

हाँस्नूहुँदैं फेरि अली अली उहाँ बसेर आफ्ना प्रभुकै नजीकमा
बडो खुसी झैँ प्रभुलाइ देख्छु नी ! के हो भनी कारण सोध्नु भो अनि

२६७

मेरो खुसीको यहि हो कुरा भनी छुँदै उहाँको मुखपद्ममै अनि
राजा पनि हाँस्नु भयौं उसैगरी दुवैजना दंग भएर बेसरी

२६८

स्वयं छँदैछौ हृदयश्वरी तिमी मेरो कुरा के छ छिपाउने अनि
तिमि खुसी छ्यौ म भएँ खुसी भनी भन्नुहुँदैथ्यो प्रभुले यस त्यहाँ

२६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो गण्डकीको जलभित्र को कुरा लषन्‌जीको सिद्धि बताउँदैपुरा
छिपाउँदै गुप्ति कुराहरु जति भन्नु भएथ्यो प्रभुले त्यहाँ पछि

२७०

त्यस्ता तिनी सिद्ध ठुला लषन् भनी सहाय मेरा तिनि नै भएभनी
खुसी भएको म त हेर है ! भनी साँचो कुरा यत्ति त भन्नु भो पनि

२७१

हजुरको संगत सिद्धको छ नी ! त्यस्ले पछि जोगि बनाउला भनी
डराउँछू सत्य लषन्‌सँगै म ता भन्दै त्यहाँ हाँस्नुभएछ रानि ता

२७२

छोडेर रानी ! तिमिलाइ जोगी भै म पाउने के ? यहिँ बस्छु भोगि भै
कस्ती तिमि काँथर तर्सिने भनी, राजा पनी हाँस्नु हुँदै थियो त्यहीँ

२७३

गरेर यस्तै रसिलो कुरा अनि दुवै जना साँझ पऱ्यो उठौँ भनी
सकेर सन्ध्याजप साथ साथमा ज्यूनार भै सुत्नु भएछ रातमा

२७४

कुरा लषन्‌को उहि संझदै अनि चतुर्दशी श्रादिक पर्वमा पनि
गर्नू हुँदा जाँच दुरुस्त भो कुरा हुन्थ्यो फरक् त्यो किन सिद्धको कुरा

२७५

प्रमाण पाएर दुरुस्त हो भनी रानी रहीछन् भनी सिंहवाहिनी
प्रसन्न भै अद्‌भुत मान्नुभैं अति राजा यसैं गद्‌गद् पर्नु भो पछि

२७६

रानो उपर्मा प्रभुको पवित्र नै अचम्मको प्रेम छँदै थियो सँधै
चिन्नु हुँदा अष्ट भुजा भनेर ती समुद्र झैं प्रेम बढेर गो अति

२७७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैंलेचिनेको न बुझ्नुन् कुरा यिनी भनेर पो भित्र सम्हालिँदै अनि
अगाडिजस्तैं व्यवहारको कुरा राजा सँधै गर्नु हुँदै थियो पुरा

२७८

भौमाष्टमीको दिन बाँकि भो कति भनेर नैं हत्पत गर्नु भैं अति
सँझेर रोजै अउँला गनी गनी राजा स्वयं ढुक्क हुनू हुने अनि

२७९

रबाफिलो आठ भुजा लिएर यो खडाहुँदा सिंह चढेर शोभिई
मैंले अघो सर्न त सक्छु की ? भनी मान्नु हुँदैथ्यो प्रभु संशयै पनि

२८०

महेश्वरीको त्यसवेषमा यिनी मलाइ हेर्लिन् कुन दृष्टिले भनी
सर्वांग रोमाञ्च गराइ गाथमा राजा यसै सोच्नु हुँदै थियो त्यहाँ

२८१

यस्तै कुरा संझिरहेर हर्दमै भौमाष्टमीको दिनलाइ पर्खँदै
वर्षौं बिताएसरि हत्पताउँदै बस्नूहुँदैथ्यो प्रभु छट्पटाउँदै

२८२

लषन्कनै साथ लिनूहुँदै अनि अचम्म भो आज यसो यसो भनी
त्यो जाँचकै गर्नुहुँदै कुराहरु रमाइलो मान्नुहुँदैं थियो प्रभु

२८३

अनी दुवै त्यो महिना यसैगरी बितेर भेट्तैं खुसियालिको घडी
आई पुग्यो भोलि त अष्टमी भनी खुसीहुनू भै सुकला भएछ, नी !

२८४

यसै निदाएर भुसुक्क भै म ता ठगिन्छु की भन्नुहुँदै कता कता
रमाइलो सोच्नु हुँदै कुराहरु निदाउनै सक्नु भएन है प्रभु

२८५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परेन निद्रा प्रभुलाइ के भनी सोध्नूहुँदै रानि त साथमा त्यहीं
निदाइ बक्स्योस् प्रभु लौ ! भनी भनो मिच्नु हुँदैथ्यो दुइ पाउमा पनि

२८६

निँदाउँछू हेर ! तुरुन्त नै म ता तिमी निदाऊ सुत आउ लौ ! यता
नचाहिने तक्लिफ गर्दछ्यौ बरु भन्दै थुतो पाउ त सुत्नु भो प्रभु

२८७

फिँजाउँदै ओढनि झट्ट बेह्रिँदै यसै निदाएसरि उत्ति खेरि नै
अचेतजस्तै प्रभुराम सुत्नु भै रानी पनि सुत्नु भएछ हाँस्नु भै

२८८

रमाइलो भोलिहुने कुराहरू विचारगर्दै मनमा सुरु सुरु
देखाउँदै नीँद परेसरि अहो ! राजा अनी मस्त भएर सुत्नु भो

२८९

दुई प्रहर्बाँकि भएर रातको उठ्तै महारानि त फूर्तिसाथ पो
पटांगिनीमा गइसिंहमा चढी आकाशमै उड्नु भयो सरासरी

२९०

भएर पाऊ-रखबारि साथमा पछी पछी सिद्ध लषन् उडे त्यहाँ
महेश्वरीका गण घेरिँदै अरू शयौँ शयौँ साथ गए सुरू सुरू

२९१

आँखा उघार्दै प्रभुरामले अनि निस्की सकिन् ती भनि सिंहवाहिनी
अचम्म पर्दै उठि हेर्नु भो त्यहाँ ढोका सबै बन्द थिए जहाँ-तहाँ

२९२

आवाज केही न गरेर सुस्तरी खिड्कीहरू खोल्नुहुँदै वरी परी
हेर्नू भयो फेरि पटांगिनीपनि खडाथिए है, प्रहरीहरु त्यहीं

२९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्नै न सक्ने अरुले अदृश्य भै निस्किन् तिनी अष्ट भुजा भनी यसै
अदृश्य हुन्छिन् कि त फर्कंदापनि भन्दैं उहाँ झस्कनु भो त्यहाँ अनि

२९४

लषन्‌जीको फेरि कुरा हरू सबै विचारका साथ गमेर संझँदै
असत्य हुन्थ्यो किन सिद्धको कुरा भन्दै अनी साहस गर्नु भो पुरा

२९५

प्यारा भनी प्रेम जनाउँदै ममा धोका दिन्नन् फेरि मलाइ नै कहाँ
देखाउँछिन् रूप अवश्य नै तिनी भनेर फेरी सुरिनू भयो त्यहाँ

२९६

इच्छा उनैको न भए लषन्‌पनि मलाइ भन्थे किन यो कुरा तिनी
तसर्थ उन्कै सब हो दया भनी राजा खुसी भै तल झर्नु भो अनि

२९७

ढोका खुलेको सब देखिने गरी अघिल्तिरैं लुक्नु भएर सुस्तरो
ती आइपुग्छिन् अब सिंह बाहिनी भनेर हेर्दै प्रभु बस्नु भो त्यहाँ

२९८

लिएर नंगा तरबार हातमा खडारहेका प्रहरी हरू त्यहाँ
दुरुस्त नै पत्थरमूर्ति झैं गरी भएर बेहोश अडे वरी परी

२९९

भयो, कि, बेला खुसियालिको भनी हेर्नु हुँदैथ्यो प्रभु लुक्नु भै त्यहाँ
प्रहर्जती बाँकि भएर रातको खुलेछ ढोका अनि फूर्तिसाथ, पो

३००

नज भरी शीतल छाउने अहा ! बडो उज्यालो झल मल्ल भै प्रभा
उदाउनू भो अनि सिंह वाहिनी प्रसन्न भै अष्ट भुजा स्वयं त्यहाँ

३०१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दिव्य सारा गहना र वस्त्रको फिँजारिँदा कान्ति बडो विचित्रको
आँखा ठहर्न न सकेर झिल्ल भै राजा यसै अड्नु भएछ झिल्ल भै

३०२

रबाफिलो चक्र र शंखसाथमा अरूपनी भै हतियार हातमा
महेश्वरीको त्यस तेजले गरी राजा यसै गद्गद् पर्नु भो अडी

३०३

मेरी प्रिया रानि यिनै भनेर पो अली अली साहस फिर्न गै अहो !
खुसी हुनूभै प्रभुले अनी पछि मुहारमा दृष्टि दिनू भएछ, कि

३०४

उही चिनेको अनुहार नै पनि त्यहाँ त अर्कैसरि तेजिलो बनी
रानी भनी हेर्न न सक्नु भै अनि खडा हुनू भो प्रभु मूढ भैँ बनी

३०५

मुसुक्क हाँसो मुख पद्ममा रही रमाइलो प्रेम-कटाक्ष देखिई
मेरी यिनै हुन् हृदयेश्वरी भनी राजा खुसी भै अघि सर्नु भो अनि

३०६

अगाडिपर्दै गइ सिंहको अनि को व्हौ तिमीपर्ख भनेर नै त्यहीँ
राजास्वयं आइ अगाडि पर्नु भो त्यो सिंह छोड्दै अनि रानि झर्नु भो

३०७

स्वयं हजुर्की म त रानि हूँ भनी झुक्तै उहाँ पाउ समाउँछू भनी
न ढोंग देवी ! खुसिछु यसै भनी हुकुं भएथ्यो प्रभुले यसै त्यहीँ

३०८

मनुष्यको जन्म लिएर यो अनि लुकेर पो रानि भईरह्यौ तिमी
तिमी रहीछ्यौ परमेश्वरी स्वयं चिनेर पो आज मलाइ भो शरम्

३०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरोतिमी साथ रहेर रानो भै भाई सकेछू म त भाग्यमानि है
मलाइ यस्तो गरिदेउ लौ भनी भनूँ अनी के ? म त साथ मै छु नी!

३१०

स्वयं तिमीलाइ त पाइ काखमा मैले अरु पाउनु बाँकि भो कहाँ
कृतार्थछू गद्‌गद्‌छू स्वयं यसै मलाइ केही पनि चाहिँदैन है

३११

तथापि भै मामुलि मानिसै म ता तिमीसँगै यो वर माग्छु एउटा
सन्तान तिम्रा भइ, आर्यवीर, ती नेपाल साम्राज्य खडा गरुन् जिती

३१२

त्यो आर्य साम्राज्य दिगो हुँदै अति त्यहाँ चलोस् वैदिक धर्मकै स्थिति
आफना तिनै सन्ततिको भलो गरो रक्षा गरे है ! तिमिले सँधै भरो

३१३

मलाइ देऊ वरदान यो भनी राजा खुसी भै अडिनू हुँदा अनि
स्वयं उहाँ अष्ट भुजा महेश्वरी भन्नू हुँदैथ्यो खुसिले यसै गरी

३१४

हजूरले आफु त मामुली भनी मलाइ देवी भनि भन्नु हुन्न नो !
मनुष्य भै पाल्नु हुँदा स्वयँ प्रभु दासीहुनै आइ पुगें सुरु सुरु

३१५

जनं जनंका दुइमात्र साथि भै न छुट्टिने हामि दुवैजना कतै
प्रभु स्वयं झर्नुभए पछी यता वसी रहन्थे म त के भनी उता

३१६

मलाइ नै आज महेश्वरी भनी लुक्नुहुँदै आफु न जानिँदो बनो
गर्नू भयो खेल अचम्मको यहाँ रानी म हुन्थे अरुको अहो ! कहाँ ?

३१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झुकेर आफ्ना प्रभु रामलाइ ता रानी यसै भन्नु हुँदै थियो त्यता
त्यसै बखतमा गुरू गोरखै पनि त्यहीँ खडा भै उभिनू भएछ, नी !

३१८

चिन्यौ कि, राजन् ! अब रानिलाइ ता भन्नू हुँदै गोरखनाथले त्यता
रमाइलो भेट भएर दंपति प्रसन्नछौ को, भनि भन्नु भो पछि

३१९

राजा यसै मुग्ध भएर उसबखत् आनन्द मान्दै अडिन् हुँदा फगत्
त्यहीँ लषन् सिद्ध खडा भएर को गर्थे इशारा गुरूलाइ ढोग्न, ती

३२०

भएँ कृतार्थँ गुरूको कृपा भई भनेर झुक्तै प्रभु, पाउमा गई
गर्नु हुँदैथ्यो गुरूलाइ दण्डवत् भएछ है त्यो त रमाइलो वखत्

३२१

श्रीरामको माथ छुनू हुँदै अनि तिम्रो सँधै मंगल होस् भनी भनी
उहाँ महारानिकनै त्यहाँ पछि भन्नू हुँदैथ्यो गुरूले हुँदै खुसी

३२२

भलाइगर्दै यस साहवंशको चलीरहेको म त आजसम्म हो
त्यो आज जिम्बा यहि पाउमादिई म गर्छु आफ्नो तप साधना उही

३२३

देवी स्वयं अष्ट भुजा महेश्वरी रानी हुनु भै यस रूपमा रही
माता हुनूभो यसवंशकी, भने, मलाइ केको अब फिक्रि भो हुने

३२४

सन्तान आफ्नो यहि साहवंशको गराउँदै वृद्धि पछाडि सम्मको
त्यो आर्य साम्राज्य खडा हुनेगरी बचाउनोस् धर्म यहाँ वरी परी

३२५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ त साक्षात् मनकामनासँगै यस्तै कुरा विन्ति गरेर भन्नु भै
दिनू हवस् लौ, वरदान यो भनी खुसीहुँदै गोरख अडनु भो अनि

३२६

स्वयं उहाँ अष्ट भुजा महेश्वरी प्रत्यक्ष नैं रूप अघिल्तिरै घरी
सुन्नूहवस् लौ प्रभु ! यो कुरा भनी भन्नु हुँदैंथ्यो यसरी त्यहाँ अनि

३२७

हजूरदेखिन् अब सातवाँ पछि जो हुन्छ राजा यस गद्दीमाबसी
नेपाल जित्ने उहि वीर भै ठुलो भो आर्यसाम्राज्य खडाहुने कुरो

३२८

सन्तान हाम्रा विजयी भएर ती बढुन् यहाँ पूर्व र पश्चिमैजिती
गरून्सँधैं उत्तरतर्फ सन्धि, ती न लोभिउन् दक्षिण तर्फमा, उती

३२९

हिमालको उन्नत टाकुरामुनी नेपाल साम्राज्य वनेर यो अनि
रमाउनेछन् त्यहिँ आइ देवता पवित्र तीर्थैं त्यहि हुन्छ एउटा

३३०

विनूहुँदै यो वरदान ईश्वरी त्यहाँ खुसीले चुप लाग्नु भै अडी
गुरूस्वयं गोरख बोल्नु भो अनि थपेर फेरी वरदान यो पनि

३३१

त्यो आर्यसाम्राज्य खडा हुने कुरा सुन्यौ कि, राजन्! तिमिले पुरा पुरा
तिमी ठुला धार्मिक योग्य छौ भनी म भन्छु थप्तै त्यस माथि यो पनि

३३२

वढेर तिम्रै पछि बीर सन्तति जगत् भरी कीर्ति फिजाउँदै अनि
तिम्कै जशीलो नगरा अचम्मको घन्केर बज्ला पछि दिल्लि सम्म पो

३३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशमा सोहि वखत् त्यहाँ पछि झिलिक्क झिल्की विजुली यता उति
राजा र रानी दुइ माथि नै अहो रमाइलो अद्भुत पुष्प वृष्टि भो

३३४

आशीष यो गोरख नाथ को पनी सुनेर राजा कृतकृत्य भै अनि
समाउँदै पाउ त झुक्नु भो त्यहीँ अलप् हुँदै गोरख जानु भो अनि

३३५

पूरा गराएँ प्रभुको कुरा भनी खुसी हुँदै सिद्ध तिनै लषन् पनि
राजा र रानी दुइलाइ ढोगिदी बिदा भए झट्ट अलप् हुँदै उडी

३३६

रानी स्वयं अष्ट भुजा सँगै अनि हामी पनी जाउँ, त आउ ! लौ भनी
राजा खुसी भै कन माथि पाल्नुभो विचित्र यो कीर्ति फिँजेर छाड्नु भो

३३७

हुनुभइ कन साक्षात् रामकै योग्य रानी
लहड यसरि गर्दै गोरखा लाइ थामी ॥
प्रकट हुनु भएकी ईश्वरी भै प्रसन्न
स्थिर भइ अडिएको साहवंशै छ धन्य ॥

३३८

साहवंश महा काव्य–छैटौँ सर्ग

समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहवंश महाकाव्य

सातौँ-सर्ग प्रारम्भ

प्रत्यक्षैं देखन पाएर रानीको महिमा सवै
कृत्तार्थ हुनुभो हाम्रा गोरखा धीश धन्य भें । १ ।

देवी अष्ट भुजा साक्षात् मेरी रानी भनी अहो !
मुहार हेर्दै रानीको राजा भुल्नुहुँदैथियो । २ ।

जस्को ध्यान न पाएर योगी रून्छन् धुरु धुरु
महामाया उनै हुन् यी भन्दै जिल्लिनु भो प्रभु । ३ ।

तेजले जग्मगाएकी यिनै हुन् सिंहवाहिनी
मेरी रानी भएकीछन् भन्नुहुन्थ्यो अहो ! भनी । ४ ।

त्यो दिव्य रेसमी सारी ती दिव्य गहनाहरु
त्यो दिव्यरुपरानीको न भुल्नेहुनुभो प्रभु । ५ ।

रानीको महिमा त्यस्तो हर्दं भित्र नबिसंदै
बस्नुहुन्थ्यो त्यहाँ राजा यसैं आनन्दमग्न भैं । ६ ।

मैंत्रीहरुसंगै राजा सभामा रहँदा पनि
अनौठो देखिनूहुन्थ्यो संझँदै सिंहवाहिनी । ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्री आनन्द उंलेर्भैं प्रसन्न मुखपद्ममा
हास्यरेखा सजाएर राजा बस्नुहुने त्यहाँ । ८ ।
मंत्रीहरुको विन्तीमा आवश्यक परेजति
जवाफ बक्सँदै राजा बोल्नुहुन्थ्यो अलोकति । ९ ।
र बाफिलो हुनूहुन्थ्यो पहिले देखिनै प्रभु
धेरै न बोल्ने हुनु भै गाम्भीर्य थपियो अरू । १० ।
गाम्भीर्यका सँगै फेरि हँसिलो भै मुखाकृति
प्रसन्न देखिनूहुन्थ्यो हाम्रा गोरख – भूपति । ११ ।
स्वभाव बद्लिएकोले अकस्मात् प्रभुको त्यति
त्यो रहस्य न बुझ्नाले झस्के मंत्रीहरू जति । १२ ।
भित्रिया मंत्रिले फेरि घेरो सिद्धलषन्कन
प्रभुको भाव बद्लेको सोधेथे सब कारण । १३ ।
प्रभुको महिमा हेर ! डराउनुपर्‍यो किन ?
लषन्ले यत्ति बोलेथे संझाएर सबैकन । १४ ।
सिद्धको त्यो कुरावाट चित्त निर्धक्क भै अनि
मंत्रीहरु त हेर्दथे प्रभुको महिमा पनि । १५ ।
दुनियाँहरूको त्यस्तै अप्ठचारो झगडा पनि
प्रभुले छिन्नलाग्नू भों हाँसेर छिन मै त्यहीं । १६ ।
गोरखाको इलाकामा मुद्दा र झगडा पनि
वाँकीरहेन उस्वेला रामराज्यै फिर्‍यो त्यहीं । १७ ।
त्यस्तो इन्साफ बक्सेको प्रभुको महिमा सुनी
सिमानाका सबै राजा यसै छक्क परे अनि । १८ ।
छिन्नै न सकिने गाह्रो मुद्दाहरु भएजति
गोरखामै पठाएर हेर्दथे अरू भूपति । १९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता झगडिया आई गोरखा दरबारमा
तुरून्तै न्याय पाएर दङ्गपर्थे जहाँ – तहाँ । २०।
जित्ने झगडियामात्रै खुसीहुनु त के कुरा
हार्नेको चित्त बुझ्ने भो त्यो अनौठै भयो कुरा । २१।
प्रभुको सामुमा पर्दा छल - कापटच हट्न गै
मेरै अन्याय हो यस्मा भन्थे हार्नेहरू सबै । २२।
हप्काएर कसैलाई प्रभुले बोल्नुहुन्नथ्यो
आफ्नो कसूर आफैँले पापी झट्ट सकार्दथ्यो । २३।
त्यस्तै अचम्म देखिन्थ्यो महिमा प्रभु रामको
सबैको चित्त संग्लिन्थ्यो उहाँका सामुमा अहो ! । २४।
आफुस्मा झगडा गर्दै लड्ने झगडियाहरू
प्रभुको न्याय पाएर मिल्दै जान्थे सुरुसुरु । २५।
विद्याका निंतिमा काशी न्यायका निंति गोरखा
भन्ने उखान निस्केथ्यो त्यसैवेला जता तता । २६।
प्रभु राम स्वयंआई रामसाह स्वरूपमा
राज्य गर्दै हुनुहुन्छ भन्न लागे जहाँ - तहाँ । २७।
यस्तै अचम्मको नित्यै कीर्ति फैलाउँदै प्रभु
राजकाज सबै आफ्नो हेर्नुहुन्थ्यो सुरु सुरु । २८।
सभामा दिन भर्बस्तै रानीको साथ छोड्नमा
बाधा भएपनि आफ्नो अड्ने कर्तव्यमै उहाँ । २९।
प्रजाको पीरमर्का त्यो हेर्नुपर्ने कुरा भई
सभामा आउनूहुन्थ्यो राजा पोर सही सही । ३०।
प्यारी मात्रै पनी रानी छोड्न सक्तैनथे अरू
ती सिंहवाहिनी छोड्दै सभा पस्नुहुने प्रभु । ३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभाको काम सिध्याई यस्तै तरहले सँधैं
भित्र दर्बारमा राजा पाल्नुहुन्थ्यो खुसीहुँदै । ३२।
प्रभुको भित्रिने वेला ठिक्क संझेर जान्नु भै
भित्रो पटांगिनोसम्म रानी पाल्नुहुने सँधैं । ३३।
आफ्ना मंत्रीहरूलाई बिदा दिनुहुँदै अनि
रानीका नजिकै राजा पुग्नुहुन्थ्यो सँधैं त्यहीँ । ३४।
लिन आइपुग्यौ रानी ! भन्नु भै प्रेमले प्रभु
नजर्लें पिउँलाजस्तै हेर्नुहुन्थ्यो टुलूटुलू । ३५।
समाई हातमै फेरि तिम्रो भरपरें भनी
सँगैलैजाउ लौ, रानी ! भन्नुहुन्थ्यो त्यहाँ अनि । ३६।
प्यारा प्रभो ! म दासी हूँ पाउकै सेविका भनी
हाँस्नुहुन्थ्यो त्यहाँ रानी प्रेमले झुक्नु भै अनि । ३७।
यस्तै प्यारो कुरा गर्दै अनौठा दुइ दंपति
त्यहाँ देखाउनूहुन्थ्यो रसिलो प्रेमको गति । ३८।
हात पक्रेर रानीको विस्तारै प्रेमले प्रभु
दुवैजना रमाएर पाल्नुहुन्थ्यो सुरु सुरू । ३९।
पुग्नुभै खोपिमा फेरि बस्नु भै साथसाथमा
उहाँहरुको आफुस्मा हुन्थ्यो मीठो कुरा त्यहाँ । ४०।
उहाँहरुको त्यस्वेला त्यो सम्वाद न टुंगिँदैं
बीचमै साँझ पर्नाले उठ्नुहुन्थ्यो अनो दुवै । ४१।
सन्ध्याको जप सिध्याई राजा बस्नु भएपछि
जिउनार गराएर रानी खानुहुने पछि । ४२।
आराम गर्दै खोपीमा राजा सुत्नु भएपछि
सुत्नुहुन्थ्यो अनी रानी दिनचर्या थियो यति । ४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा जागाहुनु भन्दा पहिल्यै सिंहवाहिनी
कैयौँ तीर्थहरू घुम्दै आइपुग्नुहुने त्यहीँ । ४४।
प्रातः कर्महरू सारा राजाको सकिएपछि
जिउनार गराएर रानी हुनुहुने खुसी । ४५।
गराई केहि विश्राम खोपीमा साथमै बसी
राजालाई रिझाएर रानी गर्नुहुने खुसी । ४६।
पोशाक पहिरी राजा सभामा पाल्नु भै अनि
बस्नुहुन्थ्यो त्यहाँ आफ्नो ध्यानमै सिंहवाहिनी । ४७।
गोरखाकी महारानी हुनु भै मनकामना
यस्तै लीलाहरू गर्दै बस्नुहुन्थ्यो स्वयं त्यहाँ । ४८।

सुकला हुनलाग्दामा राजाले प्रेमले गरी
रानीलाई, त, भन्नू भो कुनै दिन यसै गरो । ४९।
तिमीलाई चिनेकोछू तिमी व्हौ सिंहवाहिनी
मेरी रानी भएकीछौ यस्मा कारण के छ नी ! । ५०।
तिमीलाई न चिन्दामा पहिले मानिसै सरी
हाँस्तथ्यौ गर्दथ्यौ ठट्टा रमाएर थरोथरी । ५१।
अहिले त्यो अघीजस्तै हाँस्तिनौ कहिल्यै तिमि
बोल्दछ्यौ चाहिनेमात्रै मैले बुझिन यो पनि । ५२।
रानीबनेर आएकी तिमी व्हौ मनकामना
मैले केहि बिराएँ की ? यो कुरा भन लौ, यहाँ । ५३।
तिमी प्राणेश्वरी भन्नो पैल्हेदेखिन् म ठान्दछू
रहिछौ ईश्वरी साक्षात् यस्मा सौभाग्य मान्दछू । ५४।
तिमीलाई खुसीराखूँ भन्दछू म, त, हर्दमै
तिमी प्रसन्न देखिन्नौ मेरो भूल भयो कुनै । ५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी अष्ट भुजालाई रानी पाएर तैं पनि
खुसीराख्न न सक्नाले म अभागी हुनेछु नी ! । ५६।
प्रिये, महेश्वरी भन्दै विन्तिगर्छू तसर्थ, म
प्रसन्न भै तिमी हाँसे, भवसागर तर्छू म । ५७।
के गरेमा खुसीहुन्छचौ मेरी प्राणेश्वरी ! भन !
न हँसाई तिमीलाई झोक्काएर म बस्तिन । ५८।
प्यारी प्राणेश्वरीलाई सुनाई यी कुराहरु
पीरको आँसु पोख्नू भै चुपलाग्नू भयो प्रभु । ५९।
प्रभुको यो कुरा सुन्दै गम्भीर हुनु भै अनि
रानीले गर्नु भो विन्ति, प्रभु ! सुन्नूहवस् भनी । ६०।
दासीहुनै म आएकी माता हुंन त होइन
मेरो सोझो कुरा यत्ति प्रभुले बिर्सने किन ? । ६१।
त्यही हो हात यो मेरो पक्रेको प्रभुले अघि
मदेखी आज तर्सै झैं बस्नुहुन्छ फरक्रही । ६२।
तिमो अष्ट भुजादेवी मामुली मानिसै म, ता
भन्दै डराउनूहुन्छ छुनसम्मन् मलाइ ता । ६३।
रानी हूँ काखमा बस्ने पाउकी सेविका म, ता
मसँग डर मानेर प्रभु पाल्नु हुने कता ? । ६४।
राख्न पाइन है, मैले प्रभुको हात माथमा
मैले ढोग्न त के हुन्थ्यो देवो म, मनकामना । ६५।
अँगालो पाउमै हाली फल्ने फुल्ने लता म हूँ
त्यो पाउ छुन पाइन्न मेरो पीर कता कहूँ । ६६।
प्यारा प्रभु भनी आएँ काखमै बस्न पो, मता
प्रभुको पाउ छोडेर भन्नुहोस् जाउँ लौ, कता ? । ६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं राजा हुनुहुन्छ न्यायगर्नें सबैकन
मेरो त्यो हक्क खोस्नाको भन्नुहोस् के छ कारण । ६८।
मानुषी हूँ कि देवी हूँ रानी हूँ म विवाहिता
अन्याय गर्न पाइन्न पाउ छोड्दिन है म ता । ६९।
अब अर्को कुरा भन्छू सोचनुहोस् लौ अलिकति
देवी अष्ट भुजाको त, को होला मानिसै पति । ७०।
चण्डी मै हूँ महामाया अनादि परमेश्वरी
रण्डी होइन बुझ्नुहोस् लोग्ने छान्ने थरीथरी । ७१।
प्रभुबाहेक को होला मेरो प्यारो हुने अरू
हामी दुवै त यौटै हूँ यो कुरा बुझ्नुहोस् प्रभु ! । ७२।
पतिपत्नी पनो हुन्छौ, यौटै हुन्छौ कुनै बखत्
हाम्रै लहडले प्यारा ! बुझ्नुहोस् चल्छ यो जगत् । ७३।
राजा रानी भएकाछौं यस् बखत्मा यहाँ, किन ?
सुन्नुहोस् यस्कुराकों म, खुलाइ भन्छु कारण । ७४।
मनुष्यलोकमा ऐल्हे बढ्दो कलियुगै भई
वेद धर्म हराएर डुब्नलाग्यो खतं भई । ७५।
पृथ्वीमण्डल ढाकेर म्लेच्छ बढ्दै जहाँ तहाँ
कलि प्रभावले गर्दा पसे भारतवर्षमा । ७६।
धर्मको कर्म छोड्नाले आर्यराजाहरू जति
म्लेच्छका साथ हारेर भाग्नलागे यता उति । ७७।
तीर्थस्थलहरू छोड्दै हट्तै सिद्धहरू पनि
हिमाल नजिकै आई बसे खिन्नहुँदै यहीँ । ७८।
आफ्नै सामर्थ्यले हामी म्लेच्छसिध्याउँदै अब
धर्म थांछौं, भनो भन्थे रिसाई सिद्ध ती सब । ७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा भारतमा फेरि आर्यसम्राट् गरो खडा
म्लेच्छ माछौं" भनी जागे क्रुद्ध भै सिद्ध ती कडा । ८०।
ती सिद्धहरूले आँटे न हुने के थियो र है !
विधानै फेर्नुपर्नेथ्यो ब्रह्माले कलिको सबै । ८१।
कलिको भोगबाँकी भै त्यस्तोगर्न न दिकन
जन्म लिनू भो प्रभुले वेद धर्मबचाउन । ८२।
मामुली मानिसैजस्तो हुनु भै प्रभुले यता
जन्म लिनु भएकोले आएको म, त, सेविका । ८३।
मौका पाएर सेवाको सुख-भोग चडाउन
रानी भै म त आएको बुझ्नुहोस् यहि कारण । ८४।
यो न पत्याउनूहोला मेरो विन्तिहरू भनी
अर्को रहस्य यो फेरि सुन्नुहोस् विन्तिगर्छु, नी ! । ८५।
आफ्नो विभूति - ऐश्वर्य शक्ति, सामर्थ्य, साथ -ली
जन्म लिएमा प्रभुले चल्नु पर्थ्यो उसै गरी । ८६।
पृथ्वी मंडलमा फेरि धर्मको स्थापना गरी
प्रभुले चल्नुपर्नेथ्यो म्लेच्छ संहार नै गरी । ८७।
त्यस्तो गर्न न मिल्नाले धर्मको बिउमात्र यो
जोगाई राख्नका निंती लुकुवा अवतार भो । ८८।
म त हूँ पाउकीदासो मेरो आनि त के कुरा
शक्ति साथै लिई आएँ यही हो बुझ्नुहोस् कुरा । ८९।
सिद्ध गोरखजीलाई अघी सारेर नै अनि
आर्य राज्य खडाहुन्छ भन्ने वरदिएँ, पनि । ९०।
धर्मको बिउ अड्नेछ हाम्रै त्यो आर्यराज्यमा
यो कुराले खुसीछन् ती सारा सिद्धहरू यहाँ । ९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालबाट झल्केको त्यो धर्म ज्योतिले पछि
भारतै झल्कला भन्छन् आशा राखेर सिद्ध तो । ९२।
गुरु गोरखले बोले त्यसैले संझनोस् ! अघि
यो "साहवंश" कै बज्ने दिल्लीमा जय दुन्दुभि । ९३।
धर्मको बिउ थाम्ने भै प्रभु पाल्नु भएर पो
ती सिद्ध चुपलागेका नत्र ता प्रलयै थियो । ९४।
आपना सामर्थ्यले नै ती म्लेच्छसंहार नै गरी
धर्म स्थापन गर्नेथे फेरी सत्ययुगै सरी । ९५।
सिद्धले गर्न आँटेको देख्नु भै ती कुराहरू
मलाई लिइ साथैमा पृथ्वीमा झर्नुभो प्रभु । ९६।
प्रभु पाल्नु भएको त थाहा पाएर सिद्ध ती
निर्धक्क भै बसेकाछन् हिमालैमा यता उति । ९७।
भोग्छन् नेपाल साम्राज्य प्रभुकै वीर सन्तति
धर्मकै शक्तिले पस्छन् फेरी भारत भित्र ती । ९८।
धर्म स्थापनका निती विस्तारै यस्किर्सिसित
हाम्रो जन्म भएको हो गर्दै संसारको हित । ९९।
बुझ्नुहोस् यो कुरा सांचो मैले विन्तिगरेजति
नत्र के हुनुहुन्थ्या है ! सिंह वाहिनीको पति ।१००।
सेवा गर्न म आएकी पाउसाथै सुरू सुरू
मेरो सेवा लिनालाई न डराउनुहोस् प्रभु ! ।१०१।
साक्षात् अष्ट भुजालाई काखमाराख्नु भै प्रभु !
आत्मानन्द जगाएर बस्नुहोस् गर्नु के अरू ।१०२।
न जानीँदो हुँदै बस्छू भन्ने भै अघिको कुरा
प्रभुलाइ त झल्किन्न आपनो रूप पुरा पुरा ।१०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभु स्वयं म हूँ भन्ने प्रभुको संझना न भै
कुरा गर्दै हुनूहुन्छ साधारण मनुष्य झैं ।१०४।
त्यसैले विन्ति गर्दै यो संझाएँ सब पाउमा
आफूलाई न ठान्नुहोस् मामूली मानिसै यहाँ ।१०५।
स्वयं मै हूँ महामाया प्रभुको शक्तिरूपिणी
मलाई काखमै राखी बस्नुहोस् के कुरा अनि ।१०६।
मेरो अष्ट भुजारुप जो देख्नूभो खुसीसँग
प्रभुका काखमा बस्छू त्यहीरूप लिएर म ।१०७।
मेरैसाथ रमाएर बस्नुहोस् प्रेमले अनि
प्रभुलाइ त के चिन्ता दासी म त छँदैछु, नी ! ।१९८।
पर पाल्नु हुँदा बस्छु प्रभुको मनमै म, ता
साथमा काखमै बस्छू के छोड्थें, प्रभुलाइ ता ।१०९।
आफ्नै शक्ति भनी ठान्दै मेरै ध्यान गरी गरी
मलाई काखमै राखी बस्नुहोस् प्रेमले गरी ।११०।
यस्तै विन्ति चढाएर प्रभुका सामुमा अनि
देखा पर्नु भएकोथ्यो प्रत्यक्षै सिंहवाहिनी ।१११।
त्यो दिव्यरूपले रानी जग्मगाएर सामुमा
प्रभुको पाउ पक्रेर भुक्तै ढोग्नु भयो त्यहाँ ।११२।
प्यारा प्रभो ! भनी फेरि टाँसिदै छातिमा पनि
काखमै बस्नु भो रानी छोड्दै छोड्दिन है, भनी ।११३।
विन्ती सुनेर रानीको देख्नु भै महिमा पनि
खुसीले त्यसबखत् राजा बोल्नै सक्नु भएन नी ।११४।
प्रेमले सुंसुम्याएर रानीको मुख पद्ममा
राजाले भन्नुभो फेरि म, कृतार्थ भएँ यहाँ ।११५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्षै राख्न पाएर तिमीलाई, त, काखमा
मेरो चित्तबुझ्यो देवि ! भन्नु भो प्रभुले त्यहाँ ।११६।
अगाडिको कुरा त्यस्तो संझायौ तिमिले सबै
म खुसीछू महारानी ! सारा सन्देह दूर भै ।११७।
महामाया तिमीले नै चलाएको मलाइ, त
भन्ने कुरा म सम्झेर गर्छू काम खुसीसित ।११८।
न संझे ता पनी मैले अघीको त्यो सबै कुरा
धर्मस्थापनमै मेरो इच्छा उठ्थ्यो पुरा-पुरा ।११९।
त्यो त इच्छा सबै मेरो पूरा अब हुने भयो
देवि तिम्रै कृपाबाट धन्य भो "साहवंश" यो ।१२०।
नेपालमा हुँदैं राजा यशस्वी साहवंशकै
सारा भारतको फेरि गरुन् उद्धार वीर भै ।१२१।
आर्य सम्राट् उदाएको देख्नपाएर दंग भै
तपस्वी सिद्ध फर्केर बसुन् भारतमा सबै ।१२२।
विधर्मीले चलाएको गोहत्याहरू बन्द भै
महिमा जग्मगाओस् त्यो फेरी वैदिक धर्मकै ।१२३।
मैले आशा गरेको हो धर्मको निम्ति यो कुरा
तिमीले गर्न चाहेमा त्यो हुने हुन्छ है, पुरा ।१२४।
खुशी हुनू भै प्रभुले यस्तो भन्नु हुँदा अनि
भन्नु हुन्थ्यो त्यहाँ फेरि प्रेमले सिंहवाहिनी ।१२५।
धर्मरक्षा गरेसम्म हाम्रा सन्तानको पछि
अनिष्ट हुन पाउन्न हुन्छन् रक्षक सिद्ध ती ।१२६।
गुरु गोरखजी आफैं रक्षा गर्ने भएर तो
बनाइदिन्छन् मौकामा सम्राट् भारतको पछि ।१२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले यस् कुरामा त, निश्चिन्त हुनुहोस् प्रभु !
जिम्बा लिएर बोल्ने तो खडाछन् गोरखे गुरू ।१२८।
शंका र चिन्ता प्रभुको हटाउनु हुँदै त्यहाँ
प्रेमले हाँस्नु भै फेरि अड्नु भो मनकामना ।१२९।
आफुस्को त्यस्कुराबाट खुसी हुनुहुँदै अति
निदाउनु भएकोथ्यो साथैमा राज दम्पति ।१३०।
बिहान जागा हुनु भै गर्दै नित्य क्रियाहरू
प्रसन्न मनको हर्दै अर्कै हुनु भयो प्रभु ।१३१।
देख्नु हुन्थ्यो मनै भित्र सम्झेमा सिंहवाहिनी
आँखा अघिल्तिरै फेरि रानी नै सिंहवाहिनी ।१३२।
म मानिस तिनी देवी भन्ने यो भ्रम हट्न गै
मेरी रानी तिनी भन्दै राजा भुल्नु भयो यसै ।१३३।
मनभित्र त हाँसेकी रानीको मुख हेर्नु भै
गर्नुहुन्थ्यो सबै आफ्नो राज-काज प्रसन्न भै ।१३४।
शक्ति नै ह्वौ तिमी मेरी मलाई फिक्रि के अब
भन्दै खुसीहुँदै राजा काम गर्नु हुने सब ।१३५।
मनको फूर्ति बढ्नाले छरीतो हुनु भै प्रभु
गर्नु हुन्थ्यो सबै काम बिजुली झैं सुरूसुरू ।१३६।
ब्रह्मज्ञानीहरू जस्तै भित्र आनन्द मग्न भै
यथा योग्य सबै काम गर्ने प्रभु प्रसन्न भै ।१३७।
जस्तो सुकै विघ्न बाधा आपत् आई परेपनि
प्रभु निर्धक्क भै चल्ने न डग्ने भै कतै पनि ।१३८।
उत्साहले सबै आफ्नो काम हेर्नू हुँदै अनि
स्वयं अह्राउनु हुन्थ्यो यस्तो गर भनी भनी ।१३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै स्वदेशको रक्षा सैन्यले बलियो भई
सीमा बढाउँछु भन्ने इच्छा भो प्रभुको यही ।१४०।
शस्त्र विद्या सबै जान्ने रजपूतहरू पनि
फौज तालिमका लागी झिकाई राख्नु भो त्यहीँ ।१४१।
सैन्य आफ्नो सजाएर सावधान हुँदै अनि
प्रभुले हेर्न लाग्नू भो सिमानाको यता उति ।१४२।
राजा नमानी बस्ने ती पाँचौटा थुम्हरूकन
मिलाउनु भएकोथ्यो प्रभुले सजिलैसँग ।१४३।
देउराली र भिर्कोट धूवाँकोट र च्याँगली
लकाङ् थुम् पनि आएथ्यो गोरखा भित्र नै मिलो ।१४४।
ती पाँचथुम्का डाकेर भला मानिसलाइ त
प्रभुले दिइबक्सेथ्यो योग्यता साथ इज्जत ।१४५।
द्वारे र उमरा भन्ने पदवी बक्सिदै अनि
वैरीको गति रोक्नाको व्यवस्था गर्नु भो त्यहीँ ।१४६।
विना युद्ध उपायैले मझुवा पाँचथुम्हरू
गोरखामा मिलाएर प्रसन्न हुनु भो प्रभु ।१४७।
मुख्य आफ्ना छथर्लाई सभामा प्रभुले अनि
हुकुम् भएथ्यो उस्बेला फेरि यस्तो कुराभनी ।१४८।
हाम्रो आठ हजारैको गोरखालाइ नै पनि
भन्यौ बाऱ्ह हजारैको दिल्लीमा गै झुटो बनी ।१४९।
बादशाहसंगै त्यस्तो बोलेको त्यो झुठोकुरा
आज बाऱ्ह हजारैको गोरखा भै पुग्यो कुरा ।१५०।
झुट्टो भएनो अब पो त्यस्कुरामा तिमीहरू
भन्दै हाँस्नु भएकोथ्यो प्रसन्न हुनु भै प्रभु ।१५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँड़े पन्थ र अर्याल खनाल अनि बोहरा
राना, यिनै छथ फेरि गर्दैथे विन्ति यो कुरा ।१५२।
आफ्नो इज्जत राख्नामा बोल्यौ त्यत्ति भुठो पनि
दैवले त्यो कुरा हाम्रो पुऱ्याई सत्य भो अनि ।१५३।
भयो बाऱ्ह हजारैको हाम्रो मुलुक आज ता
यस्मै सन्तोष मानेर सम्झन्नौ दैवको कृपा ।१५५।
बाऱ्ह बाऱ्ह हजारैको साराजात भएर ता
हाम्रो सोभा बढेमा पो सम्झन्छौं, दैवको कृपा ।१५५।
यो पहाडि इलाकामा चारैतिर यता उति
प्रभुकै शोभियोस् झंडा हाम्रो हो कामना यति ।१५६।
यस्तै विन्ति चढाएर छथर्हरू झुके पछि
प्रसन्न हुनु भै फेरि प्रभुले भन्नु भो पछि ।१५७।
भक्तिगर्दै खुसिपार मनाऊ मनकामना
तिमीहरूका मनको पुग्ला त्यो पनि कामना ।१५८।
प्रभुको त्यस्कुराबाट सिद्ध हाँस्तै लषन् त्यहाँ
बोलेथे, यो कुरा सुन्छिन् अवश्यै मनकामना ।१५९।
यस्तै हाँसी खुसीसाथ प्रभुका साथमै रही
गोरखाली बढेथे ती भाग्यमानी ठूलो भई ।१६०।
त्यो गोरखालीहरूको बढ्दो सौभाग्यले गरी
लंजुगेको मनै पोली जल्न थाल्यो इबी धरी ।१६१।
मभुवाले पनि मान्यो गोरखालाइ नै भनी
रीसले लंजुगे राजा लागे षड्यन्त्रमै अनि ।१६२।
भड्काएर सिमानाका अरू राजाहरू पनि
गोरखा हान्न आएथे रोसले लंजुगे अनि ।१६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारी लस्करका साथै तिनौटा मार्गबाट, ती
एकै पटक बढ्दैथे रीसले लंजुगे जति ।१६४।
लिग् लिग् र च्याँगलीसाथै लकाङ् घेरेर रीसले
गोरखा जित्तछौं, भन्दै, लंजुगेहरू, ती, बढे ।१६५।
गोरखाका गढीकुर्ने द्वारे र उमरा जति
शत्रुको फौज ठूलो भै लड्नलागे हटी-हटी ।१६६।
रोक्तै दुश्मनको हंला छेक्तै बाटो यता उति
गोरखामा खबर्गर्दै लड्दैथे राज भक्त, ती ।१६७।
हंला भो शत्रुको भन्ने प्रभुले त्यो खबर्सुनी
आफ्नो सेना तिनैतर्फ खटाउनु भयो अनि ।१६८।
जो भएको सबै सेना पठाएर तिनैतिर
देवी अष्टभुजा सम्झी राजा हुनु भयो स्थिर ।१६९।
मन्त्रीहरू सबैलाई फिक्री नगर है, भनी
सभाको काम सिध्याई राजा भित्रितु भो अनि ।१७०।
लंजुँगेले गरे हंला महारानी ! सुन्यौ भनी
रानीलाई त भन्नू भो राजाले यसरी अनि ।१७१।
हाम्रा जिजुबुवालाई लम्जुँगेले पिरेकति
बुवालाई पनि फेरि पिर्दैथे नीच दुष्ट ती ।१७२।
आज हामीहरूलाई फेरि उस्तै सताउन
गोरखातिर बढ्दैछन् पापी ती लम्जुँगे सुन ! ।१७३।
लकाङ् च्यांगली घेर्दै छोप्तै लिग्लिगलाइ, ता
ठूलो लस्करका साथै बढ्दैछन् वेगले यता ।१७४।
हाम्रा साथ नसक्ने भै लम्जुँगे एकलै भिडी
हंला गर्दै बढेकाछन् धेरै राजाहरू मिली ।१७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फौज ठूलो बढाएर पेल्न थालो तिनैतिर
सोझै आईरहेकाछन् दुष्ट तो गोरखातिर ।१७६।

फौज दुश्मनको धेरै हाम्रो फौज त कम्ति भै
बडो मुस्किल भो भन्छन् हाम्रा मन्त्रीहरू सबै ।१७७।

हाम्रा उपर्परेकोछ ज्यादै कठिनको बखत्
दैवीदया भए मात्र छुट्न सक्नेछ यो विपत् ।१७८।

देखेपनो लडायाँ यो जित्नालाइ त मुस्किल
फौज आफ्नो खटाएर आएको छू तिनैतिर ।१७९।

मेरीशक्ति तिमी नै व्हौ तिम्रै भर परेँ अनि
जे गरेमा भलो हुन्छ गर उस्तै कुरा तिमी ।१८०।

जे गर्नुपर्ने गर है ! भन्नु भौ प्रभुले यति
रानी मुसुक्क हाँसेर भन्नु हुन्थ्यो यसैं पछि ।१८१।

थाहा पाई सकेको छ त्यो हंला शत्रुको सबैं
चिन्ता न गर्नुहोस् त्यस्मा हाम्रै विजय हुन्छ है ! ।१८२।

धर्मले नै भलो हुन्छ रक्षा गर्दछ धर्मले
त्यो धर्म हाम्रो साथ छ चुकेको छैन हामिले ।१८३।

अरू राजाहरूबाट मद्दत् पाएर लजुगे
हंला गर्दै बढेका छन् मैले तिन्को कुरा बुझेँ ।१८४।

दिल्लीको फौज ती आउन् तिनीहरू त के कुरा
हार्छन् आज लडायीँमा हेर्नु होला पुरा पुरा ।१८५।

तिन्को कर्म चुकेको छ धर्म हाम्रो छ साथमा
धर्म को महिमा साँचो देख्नु होला स्वयं यहाँ ।१८६।

लठ्ठी मात्रै लिई जाउन् हाम्रा वीर सिपाहि, त
विजयी भइ फर्कन्छन् शत्रु मारेर निश्चित ।१८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दश, बोस पचासै हुन् हाम्रा सैनिक वीर, ती
हजारौं शत्रुका साथ भिड्नेछन् सिंह झैं डटी ।१८८।
हाम्रा सैनिक थोरैछन् धेरैछन् शत्रुका भनी
प्रभुलाई न होस् चिन्ता भन्दै भन्दछु यो पनि ।१८९।
फौज धेरै र थोरैको मतलबै छैन है, प्रभु !
रण चण्डी जता हुन्छिन् तिनै जित्छन् सुरू सुरू ।१९०।
चिन्नू भएकै होला नो ! प्रभुले रणचण्डिका
नचिनेको भएदेखिन् मलाई हेर्नुहोस् यता ।१९१।
यता भन्नू हुना साथै महाकाली स्वरूपमा
खडा हुनु भयो रानी प्रचण्ड हुनु भै त्यहाँ ।१९२।
झिलिक्क बिजुली जस्तै झल्कँदो खड्गसाथमा
त्रिशूल शोभिएकोथ्यो दाहिने दुइ हातमा ।१९३।
खप्परुमा रगत् थाप्तै झुण्ड्याई शत्रुको शिर
बायाँ तिर दुवै हात शोभिँदैथे भयङ्कर ।१९४।
तप् तप् रगत् चुहाएको \ जिभ्रो निस्केर तै पनि
मुसुक्क हाँसे जस्तो भै सुहाएथ्यो मुखै पनि ।१९५।
माथमा तेजको चक्का जग्मगाएर झल्झली
ठाडो आँखा उठाएर हेर्न को सक्तथ्यो ञाडी ।१९६।
त्यो दिव्य रत्न झल्केको किरिटसित साथमा
टेढिँदो चन्द्र-रेखाले शोभा पाएछ माथमा ।१९७।
पछाडी छोडिएका ती काला केश हरू नरम्
नितम्ब सम्मन् ढाकेर राख्तथे गाथको शरम् ।१९८।
घाँटीमा पहिरेको त्यो मुण्डमाला पनी तल
पिँडौला सम्म झुल्दैथ्यो देखिने भै भयंकर ।१९९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाभि सम्मन् झुलेका ती मणिमालाहरू सँगै
मोतीका हार नाचेर देखिएथ्यो विचित्र नै ।२००।
त्यो मुण्डमालिकाले नै ढाकिएको भएपनि
स्तन मण्डलको शोभा अपूर्व देखिएछ, नी ! ।२०१।
त्यो हातैहातको फेरि मेखला कटिमा रही
छोपिएका दुवै जाँघ झलकन्थे प्रष्ट शोभिई ।२०२।
हातका ती चुरा बाजू पाउका नूपुरै पनि
जग्मगाई रहेकाथे रत्नैले तेजिला बनी ।२०३।
आफ्ना अघिल्तिरै त्यस्तो महाकालो स्वरूपमा
खडा हुनुहुँदा रानी, राजा जिल्लिनु भो त्यहाँ ।२०४।
प्रचण्ड रण चण्डीको महाकालोस्वरूप झैं
महारानी त्यहाँ फेरी भन्नलाग्नू भयो यसै ।२०५।
हेर्नुहोस् यो खुँडा मेरो झल्केको बिजुली सरी
रणमा नाच्न थाल्नेछ शत्रुसंहार नै गरी ।२०६।
निमित्त मात्रै हुन्छन् ती गोरखाका सिपाहि, त
मेरो खुँडा नै त्यस्वेला कामदेला सफासित ।२०७।
रणमंडलमा मैले नाचेको त्यस् बखत् प्रभु !
अरूले देख्न सक्तैनन् देख्नेछन् देवताहरू ।२०८।
मेरो यो रूप उस्वेला देख्न पाइन्छ है, भनी
पुग्नेछन् थाह पाएर भुक्तै सिद्धहरू त्यहीँ ।२०९।
कुनै शंका र सन्देह प्रभुको न रहोस् भनी
त्यो रहस्य बताएर देखाएँ रूप यो पनि ।२१०।
अब ता संझनू भो की दासी यो को रहीछ नी !
यस्ती दासी लिईबस्ने प्रभु को हुनुभो अनि ।२११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विन्ती गरी सकेकोछू रहस्य अघिको सबै
मेरो सेवा लिंदै प्यारा बस्नुहोस् लौ, प्रसन्न भै ।२१२।
यति भन्नुहुँदैं फेरि त्यो रूप् त, गरी अलप्
गोरखाकी महारानी हाँस्नु हून्थ्यो गरी गजप् ।२१३।
खटाउनु भएकैछ फौज आफ्नो भएजति
जसो होला कसोगर्नू- भन्दै हाँस्नु भयो पछि ।२१४।
प्रसन्न हुनुभै राजा चित्त गद्‌गद भै अति
भन्दै प्रिये महारानी ! भन्नुहुन्थ्यो त्यहाँ पछि ।२१५।
तिमो महेश्वरीलाई प्रत्यक्षै पाउँदा पनि
मैले चिन्ता लिंदै बोलें, गर, यस्मा क्षमा तिमी ।२१६।
अथवा के क्षमा मागूँ प्रसन्नैछौ यसै तिमी
पर्न आएपनी उल्टो, सुल्टै पारिदिने तिमी ।२१७।
लडायींमा कसो होला भन्ने चिन्ता लिए पनि
भाग्यमानी भएँ, है ! म, खडा भै कालिके तिमी ।२१८।
रगत् तप् तप् चुहाएको लाल जिब्रो नचाउँदै
मेरा अघिल्तिरै कालो ! उदाईथ्यौ गजप् हुँदै ।२१९।
कटिमा कसिएको त्यो हातकै मेखला पनि
कस्तो राम्रो सुहाएको धन्य, लीलामयी तिमी ।२२०।
झिलिक्क बिजुली जस्तै झल्कने त्यो खुँडा अनि
झुलेको मुण्ड़माला त्यो बिर्सी न सकिने छ, नी ! ।२२१।
सूर्य झैं तेजको घेरा माथमा भै वरिपरी
आँखैं झिली मिली हुन्थ्यो हेरें दंग परी परी ।२२२।
गुच्छा गुच्छा परेका ती काला केशहरू अहा !
पाठमा फर्फराएर शोभिएको थियौ खडा ।२२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो फूर्तिलो छटा तिम्रो त्यो रबाफ र तेजले
खिँचिएर सबै मेरा चित्तका वृत्ति नै अडे ।२२४।
तिम्रो त्यो रूपको शोभा हेर्दा हेर्दै अहो ! अनि
मेरी हृदयको देवी भन्दै म, त, अडेछु नी ! ।२२५।
तिमीलाई, महाकाली ! मेरी रानी भनी भनी
बस्ने भएँ रमाएर चिन्ता अब त, के छ नी ! ।२२६।
रानीको मुखमा हेर्दै भन्नु भै प्रेमले यति
चित्त शीतल भै राजा चुपलाग्नु भयो पछि ।२२७।
मुसुक्क हाँस्नु भै रानी नज र्तर्दै अलीकति
बिन्ति गर्दै त्यहाँ फेरि भन्न लाग्नू भयो पछि ।२२८।
मले चिन्ता गरें भन्ने खिन्नता न लिनोस् प्रभु !
ठुला साना सबै रुन्छन् दुःख पर्दा धुरू धुरू ।२२९।
भयो दुश्मनको हँला आफ्नो सैन्य त कति भो
पीर मान्ने कुरै भो, नी ! सर्वत्रै बरबाद भो ।२३०।
लडायीँ जित्न गाह्रो भो भन्दै देखेर दुर्गति
सेनापतिहरू तर्से, झस्के मंत्रीहरू जति ।२३१।
मुटूले ठाउँ छोड्थ्यो सारा सैनिकको पनि
गोरखा नै अँध्यारो भो अब के हुन्छ नी, भनी ।२३२।
सभामा साहसै छोडी सबैले आतिए पनि
प्रभु यौटै अडीबक्स्यो धन्यौ साहसिलो बनी ।२३३।
संझाई त्यस् अवस्थामा आफ्ना सैनिकलाइ, त
जाऊ लडायाँ जित्नेछौ भन्नू कती कुरा छ, त ।२३४।
आफ्नो हार हुने देख्ता भाग्छन् राजाहरू कति
प्रभुले अड्न सक्नू भो प्रभुको धैर्य हो कति ।२३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तमा धैर्य राखेर आफ्नो कर्तव्य गर्नु भै
खटाई युद्धमा सेना काम गर्नू भयो सबै ।२३६।
सभाको काम सिध्याई पाल्नु भै दरबारमा
घुक्र्याउनू भएको हो मलाई प्रभुले यहाँ ।२३७।
आपत् परोसक्यो यस्तो के हेर्छस् सिंहवाहिनी
भन्दै घोच्नु भएको हो मलाई प्रभुले अनि ।२३८।
फोस्रो हो रूप मात्रै की ? साँचै हो सिंहवाहिनी
आजै चिनिन्छ है, भन्ने प्रभुको हो कुरा पनि ।२३९।
मैले त्यो थाह पाएर प्रभुका मनको कुरा
रण चंडी भएकी हूँ काली रूप लिँदं खडा ।२४०।
रण्डो होइन चुत्थो म चण्डी हूँ सिंहवाहिनी
मेरो यो मुखको बोली झुट्टो हुन्न कतै पनि ।२४१।
मानिसै तुल्य हुन्छू म भन्ने भं प्रभु को कुरा
मपनो साथमै आएँ, संझाउन यिनै कुरा ।२४२।
त्यसैले विन्ति गर्छू म मानिसैंतुल्य भै कन
प्रभु निश्चिन्त भै बस्नोस् रमाई नित्य मैसंग ।२४३।
मेरी शक्ति यिनीहुन् है, आएकी सिंहवाहिनी
भन्दै यहीकुरा सँझी रमिता हेर्नुहोस् अनि ।२४४।
आफूलाई म यस्तो हूँ भनेर न चिने पनि
प्रभुले गर्न चाहेको सफलै हुन्छ जे पनि ।२४५।
प्रभुको सत्य सङ्कल्प पूरा हुन्छ जता पनि
आफ्नो स्वरूप प्रभुले न चिनेर त, के छ नी ! ।२४६।
लौ, बोल्नुहोस् त यस्वेला भागुन् दुश्मन ती भनी
त्यो बोली पुग्छ पुग्दैन देख्नु होला स्वयं यहीं ।२४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति भन्नु हुँदै रानी हास्नु हुन्थ्यो अली अलि !
खुसीले अड्नुभो राजा यसै छक्क परी परी ।२४८।
संध्याको जपवेला भो उठनुहोस् प्रभु ! लौ भनी
प्रेमले बाहुली तान्दै रानीले भन्नु भो अनि ।२४९।
पीर मानेर राजाले जपै छोड्नु भयो भनी
केटी-सुसारे बक्ने छन् उठ्नुहोस् झट्ट लौ, अनि ।२५०।
जता चलाउँछ्यौं रानो ! म चल्दछु उतै भनी
रानो संगै त्यहाँ राजा हाँस्तै उठ्नु भयो अनि ।२५१।
साँझको त्यस बेलामा बढ्दै सर्वत्र सन्सनी
गोरखामा चल्यो हल्ला धाबा भो शत्रुको भनी ।२५२।
प्रजाहरू त जम्बा भै आपत् आइ पऱ्यो भनी
आफुस्मा गर्नलागेथे सल्लाह यसरी अनि ।२५३।
तिनौट पक्रँदै बाटो ठूलो फौज लिएर ती
लजुंगे आउँदैछन् रे ! हाम्रो के हुन्छ है, गति ।२६४।
अरू राजा पनी छन् रे, मिलेका लंजुंगेसित
ज्यादै मुस्किल भो भन्छन् यस्बेला हामिलाई त, ।२५५।
लकाङ् र च्याँगलो पेल्दै लिए रे, लिग्लिगे पनि
आँधी चले सरी छोप्तै बढ्दैछन् रे यता अनि ।२५६।
देशै लुटिन्छ की, हाम्रो के गर्ने यस्बखत् भनी
गरे रे, मन्त्रिले विन्तो हाम्रा राजा सँगै पनि ।२५७।
हामी लडायीँ हार्दैनौं न डराऊ भनी कन
सभामा आज राजाले भन्नु भो रे, यसै सुन ! ।२५८।
गोरखा देश यो हाम्रो गुरू गोरखकै भई
उनै इज्जत राखनेछन् भन्नु भो रे, कडा भई ।२५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं गोरखकाली छन् खडा छन् मनकामना
गोरखा जित्न को सक्ने भन्नु भो रे, यसै त्यहाँ ।२६०।
वैरीका सामुमा हाम्रो सैन्य थोरै भए पनि
हाँस्तै भन्नु भएथ्यो रे, जित्नेछौं हामि नै भनी ।२६१।
गुरू गोरखका प्यारा हार्दैनन् गोरखे हरू
विजयी भइ फर्कन्छन् भन्नु हुन्थ्यो यसै प्रभु ।२६२।
यस्तै साहस बक्सेर प्रभुले सैन्यलाइ, ता
आजै पठाउन भो रे, लडायोंमा यता उता ।२६३।
थोरै भए पनी हाम्रा वीर सैनिक गोरखे
प्रभुको त्यो हुकुं पाई साहसीलो हुँदै बढे ।२६४।
हाम्रा प्रतापी राजाको कस्तो साहस हेर है !
यो विपत्मा पनी आज कर्तव्यैं गर्नु भो सबै ।२६५।
प्रजाको पनि मागौं को, मद्दत् यो युद्धमा भनी
मंत्रीले त भने थे रे, राजाका सामुमै त्यहीं ।२६६।
मेरा प्यारा प्रजालाई के सक्थें होम्न युद्धमा
भन्दै रोक्नु भएथ्यो रे, त्यो कुरा प्रभुले त्यहाँ ।२६७।
प्रजालाई न बोलाऊ युद्धका निंतिमा भनी
राजाले रोकिबक्सेर फौजं मात्र हिँड्यो अनि ।२६८।
आपत् आई परेकोछ हाम्रा उपरमा यही
पर्खने छैन है, बेला निस्कौं झट्ट खडा भई ।२६९।
हाम्रा फौजहरूलाई दिँदै मद्दत् पछिल्तिर
लडायोंमा अघीसर्दै काटौं दुश्मनको शिर ।२७०।
जय भन्दै महाकाली जय गोरखको भनी
धावागर्दै बढौं हामी को टिक्ने सामुमा अनि ।२७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा फौज त थोरैछन् भिड्नूछ तिनठाउँमा
कुद्दै हामो छिटो जाऊँ मद्दत् गर्न लडायिँमा ।२७२।
प्यारो स्वतन्त्रता हाम्रा शत्रुले लुटियो भने ?
शत्रुको दास भै हामो ज्यूँदै मुर्दासिरी हुने ।२७३।
हामीलाई त राजाले पाल्नु भो पुत्र झैँ गरी
राजा र देशका लागी मरौँ आज अघी सरी ।२७४।
रामजस्तै हुनूहुन्छ राजा श्री रामसाह ता
उहाँका नितिमा मर्दै पुग्छौँ बैकुण्ठ हामि ता ।२७५।
हेरीरहन सक्तैनौँ आयो संकट देशमा
जाऊँ जाऊँ छिटो जाऊँ दुगुर्दै रण भूमिमा ।२७६।
खुकुरी र खुँडा, भाला, बञ्चरो हँसिया, चुपो
लठ्ठो, घुयेंत्रो जे जे छ जाउँ सोही टिपी टिपी ।२७७।
पर्खने समयै छैन दौडीहालूँ छिटो गरी
हाम्रा सैनिक थोरै छन् तो भिडिन्छन् कसो गरी ।२७८।
गोरखे पछि हट्तैनन् मर्नेछन् बरू युद्धमा
थोरैछन् तर के गर्नू लडायीँ जितिने कहाँ ।२७९।
यो "साहवंशकै" हाम्रा प्यारा राजा न भै कन
अरूलाई त झुक्तैनौँ, मर्छौँ युद्ध गरोकन ।२८०।
ताकेर हाम्रा राजाको गाथगद्दी लिऊँ भनी
लंजुँगेहरू आएका मारिनेछन् सबै त्यहीँ ।२८१।
गोरखालीहरूको त राज भक्ति प्रसिद्ध छ
त्यस्तो परम्परा हाम्रो कस्ले तोडेर सक्तछ ।२८२।
गुरूहुन् गोरखै हाम्रा इष्टदेवी त कालिका
वीर हूँ गोरखेहामी राजा छन् साहवंशका ।२८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरूलाई त, मान्दैनौं जान्दैनौं मसिनो कुरा
अकर्तव्य त ठान्दैनौं हान्देनौं पीटमा छुरा ।२८४।

मर्न मार्न डराउन्नौं शर्माउन्नौं स्व धर्ममा
भन्दैं जय महाकाली अघोसछौं लडार्थिमा ।२८५।

एकथोपा रहेसम्म हाम्रो यो जिउमा रगत्
पल्टाउन त, को सक्ला ? गोरखाराजको तखत् ।२८६।

त्यहाँ यस्तै कुरा गर्दै गोरखाली हरू सबै
निस्के लडायिँमा जान मर्न मार्न तयार भै ।२८७।

बूढा बालक छोडेर गाऊँ र घर कुर्न ती
शूर वीर सबै निस्के गोरखाली भएजति ।२८८।

पतिपुत्रहरूलाई रातो टीका लगाउँदै
बिदा दिँदैथे त्यस्वेला नारीहरू खुशीहुँदै ।२८९।

महाकाली जगाएर घरका द्वार-द्वारमा
शुभ साइत गर्दैथे आइ माईहरू त्यहाँ ।२९०।

भन्दै जय महाकाली हतियार उठाउँदै
गोरखे वीर निस्के ती जोशले सन्सनाउँदै ।२९१।

भेला भएर जम्बै ती हजारौं गोरखेहरू
मनाई जय कालीको बाटोलागे सुरू सुरू ।१९२।

राँको लिँदै दियालोको बाटो लागेर रातमा
लस्क चलको शोभिन्थ्यो गोरखेवीरको त्यहाँ ।२९३।

हतियार उठाएका कालीका गण भैं गरी
कालीकै जय गाएर बढ्दैथे ती अघीसरी ।२९४।

उतातिर लडायीँमा गएको फौजले पनि
लंकाङ्को नजिकै आई बाटो छेक्तै अडे त्यहीं ।२९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुको आउने बाटो रोक्नै माथि पहाडमा
बलीयो गढपारेर मौका हेर्दै थिए त्यहाँ ।२९६।

ठूलो लस्कर वैरीको तल देखेर फेदिमा
के गर्ने अब भन्दै ती घोरिएर बसे त्यहाँ ।२९७।

कंतो छौं हामि गन्तीमा भिडिने कसरी भनी
यसै हिम्मत हारेर घोरिँदैथे सबै त्यहाँ ।२९८।

त्यसैवेला त्यहाँ फेरि गर्दै अद्‌भुत खेल झैं
कन्या कुमारी यौटी र जोगी यौटा पुगे दुवै ।२९९।

सफा स्फटिकको मुन्द्रा पँह्लेर दुइकानमा
गेरूवा वस्त्रका जोगी अघी सर्दै हिँडे त्यहाँ ।३००।

झिलिक्क बिजुली जस्तैं नचाई खड्ग हातमा
बढ़िन् अद्‌भुतको कन्या तिनै जोगो संगै त्यहाँ ।३०१।

तेजँले जग्मगाएका ती अद्‌भुत दुवै जना
वैरीको फौज ताकेर सोझै तल झरे त्यहाँ ।३०२।

ती दुवंका रबाफले दबेका गोरखेहरू
बोल्नै नसकि उस्वेला हेर्थे आँखा टुलू टुलू ।३०३।

आफूलाई त नाघेर दुइटै ती हिँडे पछि
झट्ट निद्रा छुटे जस्तै ब्यूँ झैथे गोरखे पछि ।३०४।

वैरीका फौजमा जाने को हुन् यस्ता दुवै भनी
दुगुर्दै तल बाटोमा हेर्दैथे गोरखे अनि ।३०५।

लामो पहाडको बाटो देखिन्थ्यो परसम्म ता
परन्तु देखिएनन् ती दबिएछन् कता कता ।३०६।

भर्खरै हुन् गएका तो पुग्दैनन् अहिल्यै तल
कतातिर लुके भन्दै गर्दैथे सब खल्बल ।३०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुम्भियो होइनन् दवकै मानिस त दुवै भनी
को हुन् अचम्मका त्यस्ता भन्दैथे गोरखे अनि ।३०८।
गुरु गोरख हुन् जोगी कालीहुन् कन्यका तिनी
भन्ने कुरा बुझे आफैँ गोरखेहरूले त्यहीँ ।३०९।
प्रत्यक्ष दर्शनै पायौँ कालिको हामीले भनी
खुसीले गोरखालीको मनै निर्धक्क भो अनि ।३१०।
देवी स्वयं महाकाली गुरु गोरख साथमा
युद्धमा पाल्नु भो भन्दै जम्बै दंग परे त्यहाँ ।३११।
आउनू भो स्वयं काली हाम्रै निति लडायिँमा
के धन्दा अब भन्दै ती गोरखे सुरिए त्यहाँ ।३१२।
लडायीँ जित्तछौ जाऊ कालीले गर्दछिन् कृपा
भन्ने हुकुं यो राजाको प्रत्यक्षै सत्य भो यता ।३१३।
देवांशकै हुनूहुन्छ हाम्रा राजा बुझ्यौँ, कुरा
काली आफैँ हुनु हुन्थ्यो नत्र के निँतिमा खडा ।३१४।
हामी निमित्त मात्रै हूँ अघी सर्ने लडायिँमा
वैरीलाई त कालीले आफैँ मार्नुहुने यहाँ ।३१५।
रण मंडलमा आफैं काली नाच्ने भए पछि
जाई लागौं छिटो हामी लडायीँ मार्दछौँ जिती ।३१६।
गन्तीमा कति छौँ हामी भन्ने के डर भो अब
काली अगाडी सर्नू भो मारिन्छन् शत्रु ती सब ।३१७।
त्यहाँ यस्ता कुरा गर्दै खुसी भै वीर गोरखे
थुतेर नांगो खुकुरी सिहझैँ झंटँदै बढे ।३१८।
नाऊँलिएर कालीको गर्जँदै सिंह गर्जना
नांगो खुकुरि झल्काई धावा गर्दै बढे त्यहाँ ।३१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो त्यो त धावामा पचासैं मात्र गोरखे
वैरीका हुलमा झंटी सिंह जस्तै गरी पसे ।३२०।

भयो आश्चर्य उस्‌वेला हजारौं लंजुंगेहरू
गोरखेका प्रहारैले काटिंदैथे सुरू सुरू ।३२१।

झिलिक्क बिजुली जस्तै झल्कन्थ्यो खुकुरी त्यहाँ
ढल्दैंथ्यो लंजुंगेको त रूण्ड मुण्ड जहाँ तहाँ ।३२२।

लंजुंगेको त्यहाँ फेरि हात नै बाँधिए सरी
हतियार उठाएर सकेनन् हान्न बेसरी ।३२३।

हतियार चलाएको लंजुंगेहरूले कतै
गोरखेलाई लागेर हुन्थ्यो व्यर्थ र निष्फलै ।३२४।

अघीलितर यतीसम्म देख्थे मानिसले त्यता
काली नाच्नु भएको त देख्थे सिद्ध र देवता ।३२५।

शत्रुको शिर काटेर काली आफैं अघीसरी
रगत् प्यूँदै हुनहुन्थ्यो खप्परूमा भरी भरी ३२६।

नाच्ता नाच्तै महाकाली घुँनु हुन्थ्यो वरी परी
काटिंदै शत्रुको सेना ढल्दैथ्यो सोतरै परी ।३२७।

भन्थे जय महाकाली भुक्तै सिद्ध र देवता
कालीको जय होस् भन्थे गोरखेवीरले यता ।३२८।

स्यालका हुलमा पस्ने सिंहजस्तै भएर ती
कालिकाका गणै जस्ता नाच्तैथे गोरखेजति ।३२९।

आफ्ना जवाँनको त्यस्तो देख्नपाई बहादुरी
गढी छोड्दै झरे जम्बै गोरखे हर्षले गरी ।३३०।

ती गोरखेले हानेको घुँयेत्रोसम्मले पनि
लंजुंगेहरू ढल्दैथे चोटले घायलै बनी ।३३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुकुरी र खुँडा, भाला, तरबार, धनुस् पनि
गोरखेहरू हान्दैथे शत्रु घेर्दै घुमी घुमी ।३३२।

हजारौं मारिए वैरी घाइते भै ढले कति
ज्यान जोगाउँदै बाँकी भाग्न लागे यता उति ।३३३।

लघारे गोरखालीले दपेटतै फेरी बेसरी
जो बाँकी लंजुँगेसेना भाग्यो सातै उडेसरी ।३३४।

च्यॉगली लिग्लिगे घेर्दै बसेका लंजुँगे पनि
लकाङ्को हाल सुन्नाले भागे, को भिडिने अनि ।३३५।

भागे तिनतिरैबाट यसरी लंजुँगेहरू
गोरखालो लखेट्तंथे मार्दै काट्तै सुरू सुरू ।३३६।

फेरी पछाड़ा फर्केर हेर्ने साहस नै न भै
हारेर लंजुँगे भागे मर्स्यांग्दी तरि पार भै ।३३७।

गोरखाको सिमानामा अडिँदै गोरखे जति
हुङ्कार गर्नलागेथे सिंह जस्तै भएर ती ।३३८।

श्यालका निंतिमा जस्तै अंग हो सिंहको गुफा
लंजुँगे श्यालकालागी त्यस्तै भो अनि गोरखा ।३३९।

शत्रुलाई धपाएर विजयी गोरखे पनि
सिमाना बलियो पार्दै फर्कंथे खुसि भै अनि ।३४०।

मदत्का निंति आएका गोरखाका प्रजा पनि
लकाङ् नाघेर झर्दैथे सिमाना तिर नै अनि ।३४१।

त्यो लकाङ्को लडायीँमा शत्रुको दुर्दशा सवै
सुन्दै देखेर बढ्दैथे तिनीहरू खुसी हुँदै ।३४२।

सिमानाबाट फर्केका विजयी गोरखेहरू
जय गाएर कालीको आउँदैथे सुरू सुरू ।३४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनी हरूको आफुस्मा भेट भो लिग्लिगे निर
भन्दै जय महाकाली खुसीहुन्थे परस्पर ।३४४।
लडायीँ जितिएको त्यो खुसियाली मनाउँदै
हाल्दै अँगालो आफुस्मा नाचेथे ती खुसीहुँदै ।३४५।
तिमीहरू त गन्तीमा ज्यादै कंतो भयौ भनी
मद्दतका निंतिमा आयौँ भन्दैथे दुनियाँ अनि ।३४६।
दिल्लीकै फौज मार्नेथ्यौँ लंजुँगेको त के कुरा
यसै तर्सेर आएछौ भन्थे सैनिक यो कुरा ।३४७।
लडायीँमा, महाकाली गुरू गोरखासाथमा
अघो लाग्नू भएको त्यो सुनाएथे कुरा त्यहाँ ।३४८।
कालीको दर्शनै पायौ भाग्यमानी तिमीहरू
भन्दै चकित हुन्थे ती खुसिले दुनियाँहरू ।३४९।
फौजी जवाँनका साथै मिसिँदै दुनियाँ पनि
खुसी भै फेरि आफुस्मा भन्न थाले यसै अनि ।३५०।
गुरू गोरखले आफै गोरखा अधिराज्यको
श्री द्रव्यसाहलाई नै राजगद्दी दिनू भयो ।३५१।
श्री द्रव्यसाहको त्यस्तै हुनाले नै विशेषता
गुरू गोरखले आफैँ राज्यै सुम्पिनु भो यता ।३५२।
छोरा उहाँकै हुनु भो श्री पुरन्दरसाह ता
जस्को अद्भुतकै हामी गाउँछौ कीर्तिको कथा ।३५३।
उहाँको पुत्र भै जन्मी प्रतापी रामसाह त
राज्यगर्दैं हुनूहुन्छ गर्दै अत्यन्त अद्भुत ।३५४।
राजा भए पनी जस्ले तपस्या गर्नु भो त्यति
चलाउनु भएकोछ जस्ले राम्रो नयाँ स्थिति ।३५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को प्रशस्ति सच्चाई मान्दैछन् बादशाह ती
पवित्र कीर्तिले जस्को जगत् ढाकीरहेछ की ।३५६।
जस्का सभामा मंत्रीछन् स्वयं सिद्ध लषन् तिनो
जस्को स्वयं महारानी देवीहुन् सिंहबाहिनी ।३५७।
लडायोंमा अघी सर्ने जस्का निति त कालिका
त्यस्तो राजा हुनुहुन्छ हाम्रो श्री रामसाह ता ।३५८।
प्रताप हाम्रा प्रभुको प्रत्यक्षैछ भनूँ कति
यत्रो लडायिँमा हामी मरेनौं गोरखे जति ।३५९।
भन्दै जय महाकाली झंटेका हामी गोरखे
भएनौं घाइते सम्म मर्ने फेरि कुरा त के ? ।३६०।
वैरीका हुलमा हामी पसेका हूँ पचास नै
ढाल्यौं गर्धन छुट्चाई भए वैरी खलास नै ।३६१।
भेँडा बोका सरी काट्यौं लहरै शत्रुलाई, त
प्रताप हाम्रै राजाको यस्तो हो सत्र अद्भुत ।३६२।
धाप बक्सेर राजाले जाऊ भन्नु भयो भने ?
दिल्लीसम्म पनी हामी जितेर विजयी हुने ।३६३।
निमित्त मात्रै हूँ हामी अघीसर्ने लडायिँमा
महिमा त्यो त राजाकै जशीलो हो जहाँ तहाँ ।३६४।
बयान गर्दै आफुस्मा यसरो नै त्यहाँ पछि
ती गोरखेहरू फर्के मनाएर ठूलो खुसी ।३६५।
सिँदूर जात्रा गर्दै तो गोरखामा पुगेपछि
प्रभुका पाउमा आए जय भन्दै झुको झुको ।३६६।
गुरू गोरख साथैमा काली पाल्नु भयो भनी
प्रभुलाई गरे बिन्ती त्यो अद्भुत कुरा पनि ।३६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पचासौटै त्यहाँ हामी शत्रुका फौजमा पसी
चलायौं खुकुरी भन्दै बताए त्यो कुरा पछी ।३६८।
कालिकाका गणै जस्ता जय कालो भनी भनी
नाच्न थाल्यौं त्यहाँ हामी भन्दथे त्यो कुरा पनि ।३६९।
शत्रु सैनिक ढल्दथे परखालै ढले सरी
भन्ने कुरा पनि फेरी विन्ति गर्थे अघी सरी ।३७०।
कालिकाको कृपा साथै प्रताप प्रभुको रहो
मारिएनौं कुनै हामी भन्दथे ती खुसो भई ।३७१।
प्रभुका दास हूँ हामो के मारिन्थ्यौं लडाइँमा
भएनौं घाइतेसम्म भन्थे ती खुसीले त्यहाँ ।३७२।
मरे चारसए जती ढले दुइ सए भनी
लंजुंगेका बिचल्लीको त्यो वृतान्त भने अनि ।३७ ।
लकाङ् छोडेर भागेथे जो बाँकी लंजुंगे भनी
विन्ति गर्दै बताएथे पछाडीको कुरा पनि ।३७४।
बुर्कसी मार्न थालेर दुगुर्थे लंजुंगे भनी
हामो लघार्दै भ्रंटे थ्यौं, भनेथे यो कुरा अनि ।३७५।
लकाङ्को युद्ध हारेको त्यो खबर्शत्रुले सुनी
लिग् लिग् र च्याँगली छोड्दै भागेछन् भन्दथे अनि ।३७६।
खेद्दै तिनतिरैबाट यसरी शत्रुलाइ, त
धावा गर्दै बढ्यौं हामो भन्थे फेरि छिटो सित ।३७७।
सासैफेर्न पनी राम्रो न दिँदै लंजुंगेकन
लगारेथ्यौं त्यहाँ भन्दै विन्ति गर्थे खुसीसँग ।३७८।
थाकेनौं त्यस धावामा हावा जस्तै छिटो भई
थाह पायौं त्यहीं भन्थे प्रताप प्रभुको त्यही ।३७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झान्ला झान्ला कुदी भागे लंजुँगे त्यस बखत् भनी
प्रभुलाई हँसाएथे ती वीरहरूले त्यहाँ ।३८०।

फालहालेर भागेथे मर्स्याङ्दीमा तरेर ती
भन्ने विन्ति चढाएर भन्दैथे यसरी पछि ।३८१।

न हुनाले हुकुं त्यस्तो तरेनौं हामीले नदी
धपाई लंजुँगेलाई सिमानामै बस्यौं डटी ।३८२।

यस्तै साहसले हो की ? झंटेको गोरखातिर
भन्दै त्यहाँ कदाएथ्यौं सुनाएर ठूलो स्वर ।३८३।

निश्चुक्क पानिमा भिज्दै मुसा जस्तै ति लंजुँगें
के हेर्दथे यता फर्की भाग्दै बगरमा कुदे ।३८४।

गाउँ घरहरूबाट हाम्रा रैतीहरू त्यहाँ
खुसी भएर आएथे सिमानामा जहाँ-तहाँ ।३८५।

जय गोरख कालीको जय गोरखको भनी
प्रभुको जय गाएर ती निर्भय भए अनि ।३८६।

सुरक्षा बलियो गर्दै सिमानाको त्यहाँ पछि
फर्केर आयौं पाऊमा भन्दैथे ती झुकी झुकी ।३८७।

ती बीरहरूको त्यस्तो विन्तिले खुसी भै अनि
प्रभुले बाँडिबक्सेथ्यो पुरस्कार ठुलो त्यहीं ।३८८।

दिँदै योग्य पुरस्कार वीर जोद्धाहरूकन
बखत् पर्दा अघोसर्ने सेनाको राख्नु भो मन ।३८९।

देशका नितिमा आफैं होमिने यी प्रजा भनी
प्रजाको पनि उस्वेला मान राख्नू भयो अनि ।३९०।

ध्वजा पताका गाडेर ठूलो उत्सव साथमा
पूजा गोरखकालीको गर्नू भन्नु भयो त्यहाँ ।३९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरू गोरख मानेर मनाऊ मनकामना
भन्नू भएर राजाले खुसी मान्नू भयो त्यहाँ ।३९२।
त्यस्तो सन्मान पाएर प्रभुबाट अनि पछि
जोद्धा र दुनियाँ फर्के जय फन्दै झुको झुकी ।३९३।
भित्रिया मात्र बाँकी भै प्रभुका नजिकै अनी
सेनापतिहरू बोले विन्ति गर्दै यसै त्यहीँ ।३९४।
महारानी मुमा हाम्रो साक्षात् भगवती भनी
हामीले थाहा पाएको लषन्‌जीबाट हो पनि ।३९५।
मौकामा पक्रुँला पाऊ हामी हूँ सेवकै भनी
आशा राखेर बस्तैथ्यौं, प्रभुका पाउमै यहीँ ।३९६।
तरबार नचाएर गुरू गोरख साथमा
पाल्नू भएको देखेथ्यौं प्रत्यक्षैं हामिले त्यहाँ ।३९७।
उहाँको त्यसवेलामा कन्यारूप भए पनि
मुहार उहि तेजिलो संझन्छौं एउटै छ, नी ! ।३९८।
के गर्नू ठगियौं हामी त्यस्‌बखत् मोहले गरी
महारानी मुमा, भन्दै झुकेनौं पाउमा परी ।३९९।
इच्छा उहाँको त्यस्तै भो, हाम्रो वश थिएन नी !
पायौं दर्शनसम्मन् ता खुसीछौं त्यत्तिले पनि ।४००।
हुनुहुन्छ महारानी प्रभुका साथमै भनी
त्यहाँ चित्त बुझाएथ्यौं, पाउमा परूँला भनी ।४०१।
त्यसैले विन्ति गर्दैछौं दया होस् प्रभु, हामिमा
हामिले पाउनू पर्छ मुमाको झुक्न पाउमा ।४०२।
भक्त सेवक हूँ हामी विन्ति गर्छौं झुकी झुकी
हाम्रो आशा र इच्छा यो पूरा गर्नुहवस् यति ।४०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवी अष्ट भुजा हाम्रो महारानी मुमा भनी
रूनेछौं पाउ पक्रेर दया गर्नु हवस् भनी ।४०४।
पाउका गण जस्तै हूँ हामी दासहरू भनी
महारानी मुमालाई सुनाऊँ विन्ति यो पनि ।४०५।
चिन्यौ, पाल्नु भएको हौं प्रत्यक्षै मनकामना
अब, यो पाउ छोड्दैनौं, भन्दै, रून्छौं सबैजना ।४०६।
हाम्रो जन्म न होस् फेरि यो शरीर छुटे पछि
बस्छौं सेवक भै हामी भन्नेछौं पाउमै झुकी ।४०७।
महादेवी महामाया जगन्माता भनी भनी
हुन्छौं कृतार्थ नै हामी भन्नेछौं यो कुरा पनि ।४०८।
यस्तै विन्ति चढाएर अडिएथे तिनीहरू
मुसुक्क हाँस्तै त्यस्वेला भन्नु हुन्थ्यो यसै प्रभु ।४०९।
बुझें तिमीहरूलाई भित्रको गुप्त यो कुरा
तिनै सिद्ध लषन्ले नै बताएछन् पुरा पुरा ।४१०।
सबै तिमीहरूलाई योग्य आफन्त छौ भनी
सिद्धजीले बताएछन् बुझें, यस्तो कुरा पनि ।४११।
न बताए, अरूलाई यो रहस्य तिमीहरू
भन्ने हुकुं दिँदै फेरि भन्नु हुन्थ्यो त्यहाँ प्रभु ।४१२।
सोझा सेवक भै मेरा प्यारा छौ है, तिमीहरू
भाग्यले नै जितेकाछौ जाऊ माथी सुरू सुरू ।४१३।
मेरो तिमीहरू माथी ठूलो प्यार भैकन
छथ भन्ने दिँदै दर्जा राखें मान गरीकन ।४१४।
मर्नैपनी अघी सछौं बखत्पर्दा तिमीहरू
तिमीहरूको त्यो मैले प्रशंसा के गरूँ अरू ।४१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीहरूका नितीमा यो मेरो दरबारमा
रोक-छोक कुनै छैन जान सक्छौं जहाँ-तहाँ ।४१६।
जाऊ रानी मुमा छेऊ रिझाऊ पाउमा परी
ईच्छा पुरा गरी आऊ भन्नु भो प्रेमले गरी ।४१७।
प्रभुको यो हुकुं पाई भित्रिम्रा ती छथ हरू
जय भन्दै रमाएर माथी उक्ले सुरू सुरू ।४१८।
महारानी मुमा भन्दै झुक्तै गै पाउमा परी
विन्ति गर्दै थिए फेरि तिनीहरू यसै गरी ।४१९।
खडाहुनू भएको हो देवी अष्ट भुजा भनी
मुमा लाई चिनेका छौं, प्रत्यक्षै हामोले पनि ।४२०।
लडायींमा अघीसर्दै हामोलाई बचाउन
कन्या भएर पाल्नू भो विन्ति गिर्छौं चिनीकन ।२४१।
मुमाको महिमाले नै विजयी भै फिऱ्यौं भनी
विन्ति गर्दै झुकेकाछौं, दयाहोस् हामिमा पनि ।४२२।
मुमाको शक्तिले नै यो चलेको हो जगत् सबै
हामी अजान के जानौं, हेर्नुहोस् है प्रसन्न भै ।४२३।
सबैका मनमा बस्ने ईश्वरी भै स्वयं मुमा
मुख खोलेर के बोलूँ पुकारा यो भनी यहाँ ।४२४।
हाम्रो इच्छा र आशाको कुरा बुझ्नुहुँदै स्वयम्
कल्याण गर्नुहोस् माता ! हामी हूँ मूर्ख के शरम् ।४२५।
जगन्माता हुनू हुन्छ महारानी मुमा भनी
हामीले यत्ति जानेको, पाउमै पर्दछौं, अनि ।४२६।
मेरा यो बासहुन् भन्ने संझनू भैं दयागरी
पाउमं राख्नु होस् माता ! हामोलाई सँधै भरी ।४२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ति गर्न त जानेनौं, सिकेनौं मन्त्र-साधना
आमा ! बचाउनोस् भन्दै, रून्छौं केवल पाउमा ।४२८।
जे भए पनि भाग्यले पायौं पाउ समाउन
अब, अन्त कता जाऊँ हामी रून कराउन ।४२९।
हेर्नु होस् है, दया राखी विन्ति गर्छौं झुको झुकी
पाउमै बस्न पाऊँ है, हाम्रो देह छुटे पछि ।४३०।
घुमेर जन्मँदै मर्दै यो संसार प्रवाहमा
हामीले यातना भोग्न न परोस् भन्दछौं, मुमा ।४३१।
विद्वान्हरू त भन्दैछन् मोक्षै पाउनु हो ठुलो
हामी मूर्ख हुनाले नै बुझेनौं, मोक्षको कुरो ।४३२।
सच्चित् आनन्द मात्रै जो यौटै भो परिपूर्ण भै
त्यस्तो मोक्ष लिनालाई हाम्रो चाह रहेन है ! ।४३३।
मुमाको पाउ पक्रेर बस्न पाइन्न मोक्ष भै
त्यसैले भन्दछौं माता ! हामी दास बनूँ सँधै ।४३४।
पुकारा यसरी गर्दै तिनीहरू झुके पछि
उहाँ मुमा महारानी प्रसन्न हुनु भो अति ।४३५।
मुसुक्क हास्यरेखाको कान्ति झल्काउँदै त्यहाँ
दयादृष्टि फिराएर बोल्नलाग्नू भयो मुमा ।४३६।
प्रभुको गर्दछौ सेवा सोझा तिमीहरू भनी
ज्यादै खुसी भएकीछू तिम्रा उपरमा अनि ।४३७।
मेरो इच्छा हुनाले नै मेरो यो महिमा पनि
सुन्न पायौ लषन्बाट सुन्नेथ्यौ नत्र के भनी ।४३८।
रक्षा गर्छू म आपत्मा भन्ने प्रष्ट बुझाउन
देखा पर्दै पुगेकी हूँ कन्याको वेषमा सुन ।४३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो दर्शन पाएरै त्यस् बखत्मा तिमीहरू
बढेका व्हौ लडायींमा अघी सदैं सुरु सुरु ।४४०।
मैले दया गरेकोछू चाहियो कुन साधना
तिमीहरूले चाहेको पुग्छ है जे पनी यहाँ ।४४१।
सोझो सेवा गरीराख, प्रभुका निंतिमा सँधै
तिम्रो त्यही तपस्या हो हेर्नेछू म खुसीहूँदै ।४४२।
जोगी भएर हिँड्दैमा गेरूवा कपडा भिरी
सिद्धि पाइन्न है, ठूलो विघ्न पर्छन् थरी थरी ।४४३।
मेरै नाम जपी राख भक्ति गर्दै तिमीहरू
आउने छौ, म छेउमा चाहियो के कुरा अरू ।४४४।
घरले केही गर्दैन भासिन्नौ घरमा बसी
लिई स्त्री पुत्र साथैमा राख्नू चित्त सँधै खुसो ।४४५।
मेरै शरण संझेर जिम्बा मेरै बुझीकन
सँधै खुसी हुँदै बस्छौं, भित्र गर्दै कडा मन ।४४६।
मलाई संझने बानी गर्दा गर्दै अनी पछि
ध्यानमै देखिनेछू म, भन्छू साँचो कुरा यति ।४४७।
मेरै पछी पछीलागी मेरा गणहरू सबै
जन्मेकाछौ यहाँ आई अब धन्दा नमान है, ! ।४४८।
त्यसैले यो कुरा खोल्दै बोलें मैले यहाँ यति
यो देह छोड्दै हिड्नेछौ, फेरि मेरै पछी पछी ।४४९।
चिन्यौ की, अब ता पक्कै प्रभु को हुनु हुन्छ है !
उहाँकै गर है, सेवा धन्य हुन्छौ अनी सबै ।४५०।
तिमीहरूले चाहेको इच्छा यस्तै बुझीकन
खुसी भै त्यो दिएकोछू अर्को इच्छा भए भन ! ।४५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात् महेश्वरीबाट यस्तो वर मिले पछि
खुसीले हातजोर्दै ती विन्ति गर्थे यसै पछि ।४५२।
कृत कृत्य भयौं माता ! हाम्रो इच्छा पुग्यो सबै
मुमाकै पाउमा हाम्रो भक्तिलागी रहोस् सँधै ।४५३।
पाऊक साथ आएका हामी सेवक हूँ भनी
यो रहस्य बुझेकोले हाम्रो मन खुसोछ, नी ! ।४५४।
पाऊमै बस्न पाएर सेवा गर्छौं सँधै मुमा
अभिलाषा पुग्यो हाम्रो गर्दैनौं अरू चाहना ।४५५।
दिव्य रूप मुमाको त, ध्यानमै देखिने भई
हाम्रो इच्छा पुग्यो जम्बैं, झुल्छौं अब खुसी भई ।४५६।
यस्तो विन्ति चढाएर भित्रियाहरू ती सबै
प्रणाम गर्दै पाऊमा घर फर्के प्रसन्न भै ।४५७।
युद्धमा हार खाएर लंजुँगेहरूले अनि
गोरखा तिर ताकेर सकेनन् हेर्न नै पनि ।४५८।
चर्को प्रतापको ज्वाला दन्कँदै प्रभु रामको
रजौटेहरूको छाती पोल्न थाल्दै प्रचण्ड भो ।४५९।
लंजुँगेको पछीलागी जानेनौं चल्न हामिले
भन्दै छोटा रजौटे ती आफैं सन्तापले जले ।४६०।
बलीया गोरखालीको साथमा पर्न गो इबी
भन्दै, डराउँदै भन्थे यो कुरा ती दबी दबी ।४६१।
नयाँ थिति चलाएर सुबिस्ता रैतिको गरी
प्यारा भई सकेका छन् राम साह वरी परी ।४६२।
हामीले न सकेको त्यो मुद्दा र झगडा पनि
छिनेथे राम साहैले सच्चा न्याय दिने बनी ।४६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो पहाडी इलाकामा त्यसैले नै जता तते
राजा त राम साहैहुन् भन्छन् रैतीहरू सबै ।४६४।
त्यसैले अब यस्वेला गोरखाली बढे भने ?
को हो रोक्न अघीसर्ने रैती छन् जय गाउने ।४६५।
रामसाह कनै मान्छौं राजा हामीहरू भनी
रैती स्वागत गर्नेछन् हाम्रो के गति हो अनि ।४६६।
गोरखालीहरूको त्यो धावा हुन न पाउँदै
जुक्ति सोचौं, छिटो हामी ठूलो बुद्धि पुऱ्याउँदै ।४६७।
भिडेर हामिले पक्कै सक्तैनौ गोरखासित
निहूँ खोज्यौं भने फेरि मारिन्छौ सब निश्चित ।४६८।
हजारौं फौजमा पस्छन् पचासौटै ती गोरखे
त्यस्ता वीरहरूलाई जित्न सक्ने कुरा छ, के ? ।४६९।
उस्माथी रैति नै हाम्रा मिल्छन् गइ तिनैसित
त्यस्तासँग निहूँ खोज्नू काले खोज्नू छ निश्चित ।४७०।
लंजुंगेको कुरा फेरि सुन्नेछैनौं भनी भनी
माफी माँगी पठाऊँ है, रामसाह सँगै अनि ।४७१।
क्षमा मागे त, हामीले यशस्वी रामसाह ती
अवश्यै माफ गर्नेछन् राम्रो यहि कुरा छ की ? ।४७२।
आफुस्मा यो मतो गर्दै रजौटाहरूले पनि
माफी मागेर लेखेथे प्रभुका पाउमै अनि ।४७३।
रजौटाहरूको त्यस्तो विन्तिपत्र पुगे पछि
आफना मंत्रीहरूलाई प्रभुले भन्नु भो पछि ।४७४।
डरले माफि माग्दछन् यो रजौटाहरू सुन !
हाम्रा उपरमा यिन्को तर छैन सफा मन ।४७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तनहूँ माथि भंटेथे लंजुँगेहरूले आँघि
मद्दत् गर्नु भयो तिन्को बुवाले त्यस् बखत् कति ? ।४७६।
बिर्संदै त्यो कुरा आज, लँजुँगेको भनाइमा
तनहूँ नै अघोलाग्यो हाम्रासाथ लडायिँमा ।४७७।
गोरखालाहरूबाट मार खाएर पा अनि
डरले माग्दछन् माफी आफ्नो राज्य रहोस् भनी ।४७८।
गाभिन्छ गोरखाभित्रै यो इलाका सबै भनी
यो रजौटाहरूले त देखेकाछन् कुरा पनि ।४७९।
त्यसले मकमकाएर यी रजौटाहरू जति
हामीसँग जलेकाछन् बाटो खोज्छन् यता उति ।४८०।
लंजुंगेको पछीलागी गोरखा नै जितूँ भनी
बढेका हुन् त्यसैं नितो यो छ सोझै कुरा पनि ।४८१।
हामीसँग न सक्नाले लडायिँमा यिनीहरू
माफी मागी रहेकाछन् बाटो केहि न भै अरू ।४८२।
मारकाट मचाएर लड्ने मेरो न भै मन
सीमा बढ़ाउने पट्टो ऐल्हे इच्छा म गर्दिन ।४८३।
गुरू गोरखको इच्छा त्यस्तो पछि भए पछि
मेरा सन्तान बढ्नेछन् चारै तिर यता उति ।४८४।
यस्बखत्मा त्यसैनितो भै गो माफी भयो भनी
यी रजौटेहरूलाई लेखीदेऊ चिठी पनि ।४८५।
लंजुंगेका सँगै फेरि मिल्न आयौ भने, ? पछि
हामो त्यो सहनेछैनौं भन्नै लेखिदिनू चिठो ।४८६।
प्रभुको यो हुकुं पाई लेखो त्यस्तैकिसिँसँग
प्रत्युत्तर गएकोथ्यो तो रजौटेहरूकन ।४८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखाको चिठी पाई ती रजौटेहरू पनि
अब बाँच्ने भयौं हामी भन्थे निर्भय भै अनि ।४८८।
गोरखासँगको फेरि मित्रता कायमैगरी
चढाएर पठाएथे सौगातहरू बेसरी ।४८९।
लंजुंगेसँगको नाता तोड्नथालेर ती सब
गोरखाकै भरोसाले बस्न थाले प्रसन्न भै ।४९०।
अरूको साथ छुट्नाले एकलो हुनगै अनि
लंजुंगे ती, जुँघाटोक्तै घरिए के गरूँ भनी ।४९१।
गोरखेलाई झुक्ने भै यी रजौटेहरू पनि
हाम्रा शत्रु भए भन्दै झोंकिन्थे लंजुंगे अनि ।४९२।
मद्दत्लिदैं रजौटेको झंटन्छन् गोरखे यता
हामीले अब के गर्ने भन्दैथे लंजुंगे, त्यता ।४९३।
आफैंजस्तो भनी ठानी नीच पापी तिनीहरू
अब मर्नैं भयौं भन्दै रूनथाले धुरू धुरू ।४९४।
आफ्नै त्यो पापले पोली छट्पटाएर लंजुंगे
के गरूँ के गरूँ भन्दै त्यसबखत्मा यसै रिंगे ।४९५।
विचार त, न बुझ्नाले पवित्र प्रभुरामको
पापी ती झुक्न आएनन् ठान्थे आफैंसरी अहो ।४९६।
गोरखेको ठुलो धाक्रा हुन्छ हाम्रा उप भनी
त्यसको बचाउका लागी लागे षड्यन्त्रमै अनि ।४९७।
रजौटाहरूले तिन्को न सुन्नाले कुरा पनि
ती लंजुंगेहरू लागे भोटे भड्काउनै अनि ।४९८।
वारपाक र स्यार्तान भोटमा गै ति दुष्टले
गोरखाका विरोधी भै नाना भाँति कुरा गरे ।४९९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलॅया भै सके धेरै तिम्रा दुश्मन गोरखे
तिम्रा मुलुक राख्तैनन् के हेर्छौं भनि भन्दथे ।५००।
सक्छौ भने, अघि सर्दै तुरुन्तै जित, गोरखा
नसके रामसाहैको ज्यान्लेऊ लुकेर ता ।५०१।
हाम्रो पनो अघोमर्छौं उत्ताबाट मद्दत् गरी
जितेर गोरखालाई बाँडी लिन्छौं दुवैथरी ।५०२।
बस्यौ भने, चुप लागी यो मोकामा तिमोहरू
तिमी हाम्रो दुवैलाई मार्नेछन् गोरखेहरू ।५०३।
यस्तै कुराहरूबाट लंजुंगेहरूले त्यहाँ
भोटे तयार पारेथे गोरखाका विरुद्धमा ५०४।
चारपाक र स्यार्तुन्का चाँगे- सुर्तानले अनि
लंजुंगेको कुरामाने जितौंला गोरखा भनी ।५०५।
एक्कै धावा गरी बढ्न न सक्ने भै अघोसरी
छोटो षड्यन्त्रमा लागे भोटे ती लोभमा परी ।५०६।
रामसाह रहेसम्म हार्दैनन् गोरखे भनी
मान खोज्दै उहाँलाई चल्थे दुष्टहरू अनि ।५०७।
सर्वनाश हुनेवेला आएकोले ति दुष्टको
धर्म छोड़ेर चलनामा श्रेय ठान्दै थिए, अहो ! ।५०८।
यस्तो यस्तो गरे भन्दै सिकाई छलको कुरा
चाँगेले त पठाएथ्यो आफ्ना मानिस गोरखा ।५०९।
ती भोटेहरू आएर प्रभुका सामुमागई
सिकाएको कुरा बोल्दै बोल्दैथे साँचिलो भई ।५१०।
हाम्रो सर्वस्व खोसेर चाँगेले बेकसूरमा
निकालेको भई आयौं, बस्छौं राख्नुहवस् यहाँ ।५११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहान बच्चा छोड़ेर ज्यान जोगाउँदै अनि
प्रभुका पाउमा आयौं नोकरी गर्दछौं भनी ।५१२।
सिपाही हूँ सबै हामी लड्ने भिड्ने पुरा पुरा
हामीलाइ त, राख्नूहोस् भन्दैथे ती यही कुरा ।५१३।
तिनाहरूको त्यो विन्ती सुन्नु भै प्रभुले पनि
विचारगरूँला भन्दै बिदा बक्सनु भो अनि ।५१४।
भाटेहरूको त्यो बोली साँचो होइन है भनी
आफना मन्त्रीहरूलाई भन्नु भो प्रभुले त्यहीं ।५१५।
भागेर आयौं भन्छन् यी ज्यान जोगाउँदै यता
विवर्ण हुनुपर्ने हो त्यरताको अनुहार ता ।५१६।
यिनीहरू त देखिन्छन् हँसिला हृष्टपुष्ट नै
त्यसले भन्दछू पक्का यी हुन् मानिस दुष्ट नै ।५१७।
लंजुँगेको भनाईमा घाँगे लागेर हो कि, त
चर छोड्दै पठाएको त्यसकै मानिस हुन्, यि, त ।५१८।
हाम्रा नजीकमा बस्तै दिन्छन् धोका यिनीहरू
यिनको चेवा गरीराख, गर्छन् के के कुरा अरू ।५१९।
आए शरणमा पर्न यसै पक्रनु हुन्न नी !
हाल चाल बुझी सारा यथा योग्य गरौं अनि ।५२०।
प्रभुको यो हुकुं सुन्दा खुसी भै ती छुथ सँबै
हात जोड़ेर उसवेला बिन्ति गर्दै थिए यसै ।५२१।
भोटे हुन् ती अविश्वासी बुझ्नैं पर्दैन यो कुरा
प्रभुको चित्तमा झल्क्यो साँचो हाल पुरा पुरा ।५२२।
दयाले राखिवक्सेला त्यस्तालाई सँगै भनी
हामी झस्कीसकेकाथ्यौं त्यसबखत् के गरौं भनी ।५२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञ होइबक्सिन्छ बुझिबक्स्यो कुरा सबै
प्रभुलाई, त, संझाई कस्ले के भन्नुपर्छ है ।५२४।
चरहरु शत्रुका पक्कै ती भोटे, छैन संशयै
हाम्रो जासूसकै द्वारा बुझ्छौं तिन्को कुरा सबै ।५२५।
यस्तै विन्ति चढाएर ती मन्त्रीहरूले अनि
कयौं जासूस छाड्थे ती भोटेका उप र्पान ।५२६।
डेरा खोजेर बस्तैं ती दुष्ट भोटेहरू अनि
आफ्नो इच्छा न पुग्नाले साच्तथे के गरौं भनी ।५२७।
चर्का रबाफ देखनाले गोरखा दरबारको
मनमा त्रास आनेर तिन्को होश-हवास गो ।५२८।
पापै चिताई आएका ती भोटे त्यस्बखत् त्यहाँ
आफ्नै त्यो पापले जल्दै शंका देख्थे जहाँ तहाँ ।५२९।
हामीलाई चिने पक्कै गोरखेले भनेर ती
भित्र भित्रै डराएर छट्पटाए त्यहाँ पछि ।५३०।
हामीलाई त पक्रन्छन् गोरखेहरूले अब
भन्नथालेर भोटे ती भाग्न खोज्दै थिए सब ।५३१।
यहाँ बसेर हाम्रो ता दाऊ चल्ने भएन है
भन्ने खबर्पठाएथे चाँगेका छेउमा सबै ।५३२।
चाँगेले त्यो खबर्पाई त्यताबाट हटाउँदै
राख्यो तिनीहरूलाई जंगलैमा छिपाउँदै ।५३३।
अरूपनो पठाएर मद्दत् भोटेहरू त्यहाँ
लुकाइ राख्यो पापीले वनभित्र जहाँ-तहाँ ।५३४।
जम्मा एकसय जत्ती भोटे भेला भएर ती
प्रभुको गाथ ताकेर बसे लुक्तै यता उति ।५३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ तरूल खोजे झैं नहूँ गर्दै ढुकी ढुकी
मौका खोजी रहेथे दुष्ट भोटेहरूजति ।५३६।
तिनमध्ये कुन फोर बेपारा सरहै बना
हालचाल बुझ्दो हिंडथे गोरखामा घुमी घुमी ।५३७।
सिकार खेल्ने इच्छाले प्रभु आफैं कुनै दिन
पाल्नु भो बालुवाबेंसी डुल्न थाली वनैवन ।५३८।
प्रभु पाल्नु भएको त्यो थाह पाएर दुष्ट ता
पछाडि लाग्दै आएथे छारएर यता उति ।५३९।
अंग रक्षक आएका प्रभुका साथमा सबै
बालुवा बेंसिमा आई छरिए जन्तु खेद्न गैं ।५४०।
मौका पाई त्यसैबेला ती भोटेहरूले मिली
प्रभुलाई, त घरेथे एकैपल्ट वरी परा ।५४१।
अंग रक्षक हाम्रा त थिए दशजना जति
पूरा एकसय भोटे झंटी आए बढेर ता ।५४२।
त्यसैबेला महाकाली अदृश्य हुनु भै त्यहीं
प्रभुलाई, त छातीमा च्याप्तै राख्नु भएछ ना ! ।५४३।
कालीको महिमा त्यस्तो के देख्थे ती नराधम
छोप्तै प्रभु उप थाले हतियार चलाउन ।५४४।
आर्य क्षत्रियराजा नैं म हट्थें किन युद्धमा
भन्दै अगाडी सर्नू भो हाम्रा राजा पनी त्यहाँ ।५४५।
तर बार नचाएर ढालथाप्तै वरी परी
राजा रिँग्नु भएकोथ्यो त्यस्बेला सिंह झैं गरी ।५४६।
राजाको गाथका निंती आपना ज्यान दिने भई
अंग रक्षक ती शूरा भिडिए झंटँदै गई ।५४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटेहरू त धेरै भए मारिए चार पाँच तो
आफना साथीहरू डाक्न दौडे बाँकी यता उती ।५४८।
न हड्बडाई प्रभुले एकला न भए पनि
त्यहाँ भोटेहरूलाई काट्नु हुन्थ्या घुमा घुमो ।५४९।
काला काला र अग्ला भै भोटे ता राक्षसैसरो
हतियार चलाएर झटॅदथे वरा - परो ।५५०।
तिनीहरूका हुलमा हाम्रा प्रभु त एकला
वीर अर्जुन जस्तो भै त्यस्बेला हुनु भो खडा ।५५१।
भाला, कॉंड घुँयेत्रा र खुडाँ र खुकुरी पनि
भोटे चलाउँदैथे ती हाम्रा राजा उप त्यहीं ।५५२।
प्रहार भोटेहरूको थाप्तै ढाल उप प्रभु
काट्तै तिनीहरूलाइ रिंगनुहन्थ्यो सुरूसुरू ।५५३।
प्रभुको ढालमा लाग्दै ती भोटेको प्रहार, त
भयो घंटाबजे जस्तै शब्द अत्यन्त अद्भुत ।५५४।
चिच्याएको पनी फेरि ती भोटेको अवाज, त
यमदुत कराएझैं सुनिंदैथ्यो यता–उता ।५५५।
त्यो चिच्याहट भोटेको छोप्तै अति भयंकर
सिंहै गर्जे सरी चर्को सुनिन्थ्यो प्रभुको स्वर ।५५६।
एकला वीरको त्यस्तो शर्यौं शत्रुहरूसँग
घनघोर भएकोथ्यो त्यो त, अद्भुतको रण ।५५७।
दण्डकारण्यमा साक्षात् प्रभु राम भिडेसरी
शोभा लिनु भएकोथ्यो हाम्रा राम अघी सरी ।५५८।
प्रत्यक्ष राक्षसैजस्ता काला भोटे तिनीहरू
रामका तरबारैले ढल्नलागे सुरू सुरू ।५५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिजुली झैं छरीतो भै प्रभुराम त, उस्बखत्
नाचनु भा काल नाचे झैं, बग्दैथ्यो शत्रुका रगत् ।५६०।
तो भोटेले चलाएको प्रहार त कुनै पनि
लाग्दैनथ्यो उहाँलाई यो कुरा अद्भुतै छ, नी ! ।५६१।
प्रभुका नजिकै आई ढल्दै भोटेहरू जति
कराई चोट खाएर छट्पटिन्थे यता उति ।५६२।
गर्धनै छिनिँदा कोही दुई टुक्रा हुँदै ढले
पाखुरा नै झरेकोले कोही अधमरा परे ।५६३।
हतियार समातेको हातै पनि त काटिई
लहरै ढल्न थाले ती काटेका रूख झैं भाई ।५६४।
तिघ्रा छिन्यो कसैको त, हथेली कतिको झरे
भाटेको त, बिचल्ली भै भुयिमा सातरै परे ।५६५।
आधा घंटाजती त्यस्तो घन घोर लडायिँ भै
भोटे ती मारिए धरै बाँकी बीस पचीस भे ।५६६।
अंग रक्षक जम्बा भें प्रभुका पाउमा आन
बाँको भोटेहरूलाई घेरा हालि दिए त्यहाँ ।५६७।
न लेऊ ज्यान भो, यिन्को पक्रँद ल्याउ साथमा
भन्नु भै प्रभुले फेरि दया गर्नु भाय। त्यहाँ ।५६८।
प्रभुलाई, त भोटेले घेरेको त्यो खब सुनी
गोरखा सहरै फेरि पुगेथ्यो उल्टिँदै त्यहाँ ।५६९।
घोडा कुदाउँदै छीटो सेनापतिहरू सँगै
मंत्रीसबै पुगेकाथे रिसल्ला साथमा लिँदै ।५७०।
जोधा सिपाहीहरू ती दुगुदैँ एक-सासमा
घोडा सँग सँगै आए हावा जस्तै छिटो त्यहाँ ।५७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोरखाका प्रजा फेरि प्रभुका नितिमा सनी
सासौ न फेरि आएथे बेहोश सरहै बनी ।५७२।
छिन भर्मै भई जम्बा हजारौं गोरखेहरू
खुसी भै देख्न पाएथे आपना साबुत नै प्रभु ।५७३।
प्यारा प्रभु त बाँचनूभो हाम्रा सौभाग्यले भनी
ती पाऊमै परे आई जय गोरखको भनी ।५७४।
भोटे ती राक्षसै जस्ता तेर्सिएका चरी परी
देखेर धन्य हो भन्थे प्रभुको त्यो बहादुरी ।५७५।
देखनपाई अनौठाको प्रभुको त्यो पराक्रम
खुसीले गोरखालीको ज्यादै गद्गद भो मन
एकला राम भिड्नू भो शयौटा राक्षसैसँग
धन्य धन्य अहो भन्दैं नाचेथे ती खुसीसँग ।५७७।
प्रभुको गाथमा छांदै संसुमाएर गोरखे
हाम्रो सोभाग्य हो भन्दै दंग पर्दै अडीरहे ।५७८।
प्रभुलाई, त, घेरेर जयकार गरी गरी
गोरखाली रमाए ती ज्यादै आनन्दले गरी ।५७९।
जस्तातस्तै हुंनूहुन्छ प्रभु हाम्रा भन्नीकन
रिसल्ला दुगुरे फेरि गोरखामा खब दिन ।५८०।
शुभ सन्देश भन्दैं त्यो रिसल्ला दुगुरे पछि
गोरखा पुरमा फेरि लहरायो ठुलो खुसी ।५८१।
हाम्रा राजा हुनूहुन्छ, भएनौं टुहुरा भनी
महोत्सव चल्यो फेरि गोरखामा जहाँ तहीं ।५८२।
ठूलो स्वागतका लागी विजयो प्रभुरामको
सहरै नाच्न थाले झैं अत्यन्तै धूम-धाम भो ।५८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसीले रंरमाएर नर नारी हरू सबैं
मार्गमा उभिए आई छेऊ लागेर टम्म भै ।५८४।

फूलसाथ सजाएर दधि सिन्दूर अक्षता
पौर नारीहरू फेरि झ्यालमै उभिए यता ।५८५।

हाम्रा प्रभु त फिर्नू भो कालक मुखमा पसी
अहो भाग्य भनी हाम्रो प्रजा सारा थिए खुसी ।५८६।

थिए रे, तो शयौ भोटे हाम्रा राजा त एकलै
कसरी भिडिनू भो हैं ! भन्दैथे तो प्रसन्न भै ।५८७।

राजा रानी बुझ्यौ ! हाम्रा होइनन् मानिसै भनी
लक्ष्मी नारायणै हुन् यी, भन्थे आफुसमा अनि ।५८८।

प्रत्यक्षै सिंहमा चढ्ने रानीहुन् मनकामना
त्यस्तीको पति को होला भन्दै थे ती प्रजा त्यहाँ ।५८९।

श्रद्धा र भक्तिका साथै यस्तो मीठोकुरा गरी
ती प्रजा उभिएकाथे टम्म सारा सह भरी ५९०।

घोडा माथी चढाएर प्रभुलाई उतातिर
जय घोष गरी आए गोरखे गोरखातिर ।५९१

सिँदूर जात्रागर्दै तो शंख फुक्तै अधिल्तिर
भन्दै जय महाकाली फर्कथे खुसि भै घर ।५९२।

प्रेमले जय गाएर गुरू गोरखनाथको
जय भन्दै थिए फेरि विनयी प्रभुरामको ।५९३।

आर्य वीर, महाराज, प्रभुराम भनी भनी
त्यो लस्कर चलेकोथ्यो मस्त भै प्रेमले अनि ।५९४।

बाँधेर पाता फर्काई ती भोटेहरूलाइ त
ल्याएथे साथमै फेरि घिसारेर छिटोसित ।५९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तो लस्करहरूको त, जयघोष सुनेपछि
गोरखा सहरै फेरि सन्सनायो त्यहाँपछि ।५९६।

यतातिर पनी उस्तै जयघोष गरी गर्दै
बढे सारा प्रजा फेरि स्वागतैमा अघीसरी ।५९७।

प्रभुलाई, त, घोडामा टाढाबाटै अघिल्तिर
देख्नासाथै रमाएर सुनाए जयको स्वर ।४९८।

बाटो छोड़ेर घोडाको हातजोर्दै दुवैतिर
उभिएथे प्रजा सारा झुकाई भक्तिले शिर ।५९९।

आफ्ना प्यारा प्रजालाई देख्नु भै प्रभुले पनि
लगाम खिँच्तै घोडाको विस्तारै पाल्नु भो अनि ।६००।

हाम्रै भाग्य बलीयो भै पायौँ दर्शन पाउको
भन्दै प्रजाहरू रून्थे खुसीले नै त्यहाँ, अहो ! ।६०१।

बगाई प्रेमकै आँसू हेर्दै प्यारा प्रजातिर
राजा पनी त्यसैवेला हुनुभो प्रेम-विह्वल ।६०२।

राजा र रैतिको त्यस्तो बग्नगै प्रेमको झरी
इतिहासै उज्यालो भो गोरखाको जगत् भरी ।६०३।

राजारैती रहेकाछन् अनेकौं, देश-देशमा
यो परस्परको प्रेम पाइने हुन्छ है, कहाँ ? ।६०४।

गोरखालीहरूकोछ यस्तै प्यारो परम्परा
यस्मा साक्षी बसेकीछन् हाम्रो नेपालकी धरा ।६०५।

प्रेमले रूँधिँदै बोली त्यस्वेलामा परस्पर
त्यहाँ राजा र रैतीको बग्दैथ्यो आँसुको भल ।६०६।

आँसू थामेर विस्तारै प्रभु संल्हनु भै अनि
आफ्ना प्यारा प्रजालाई भन्नु भो यो कुरा पनि ।६०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीहरूकै यो प्यारो प्रेमले खिँचिँदै म ता
छिनाल्दै कालको फन्दा हेर ! आईपुगें, यता ।६०८।
हामी राजा र रैतीको यस्तै प्यारो परम्परा
सँधै कायं रहोस् भन्छिन् गोरखाकी वसुन्धरा ।६०९।
मेरो शरीरमा छैन चोटसम्म कतै पनि
धन्दा न मान, लौ जाऊ, खुसीछु भन्नु भो अनि ।६१०।
प्रभुको यो हुकुं सुन्दै भन्दै जय जय प्रभु !
पुष्प-सिन्दूरको वर्षा छर्नलागे प्रजाहरू ।६११।
प्रजाले त्यो चढाएको पुष्पाञ्जलि लिनू हुँदै
विस्तारै पाल्नु भो राजा पुरभित्र खुसो हुँदै ।६१२।
खुसीको शंख बज्दैथ्यो बाजाहरू संगै त्यहाँ
प्रभुकै जय गाएको सुनिँदैथ्यो जहाँ-तहाँ ।६१३।
सारा झ्यालहरू माथी शोभिँदै अप्सरासरी
छर्दैथे पौरनारीले पुष्प-सिंदूरकै झरी ।६१४।
खुसोले छन्छनाएर नचाई हातको चुरा
पुष्प सिन्दूर छर्दै तो, भन्दैथे फेरि यो कुरा ।६१५।
मुहार हाम्रा राजाको हेर ! कस्तोछ तेजिलो
साक्षात् नारायणजस्तो देखिनूहुन्छ है, भलो ।६१६।
हास्य-रेखा उदाएर प्रसन्न मुखमा पनि
शान्ति फैलाउँदै, प्यारो-कान्ति, झल्कीरहेछ, नो ! ।६१७।
चर्को रवाफ यो फेरि हेर्नै न सकिने भई
सारा भीड अडेकोछ हात जोर्दै खडा रही ।६१८।
इशारा बाट आँखाको, पृथ्वी मण्डल यो सबै
चाहेदेखी उहाँले त, कायं गर्नु हुनेछ है ! ।६१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता प्रतापी राजाको पाई आधार पाउको
जगत्मा गोरखालीको हेर ! उच्चाछ टाउको ।६२०।

यस्तै मीठो कुरा गर्दै पौर नारीहरू जति
त्यस्वेला मुग्ध हुन्थे है ! हात जोर्दै झुकेर ती ।६२१।

तिनीहरूले त्यस्वेला छरेको कुसुमाञ्जलि
आकाशैबाट वर्से झैँ देखियो गोरखै भरी ।६२२।

त्यो फूलहरूकै मीठो गन्धले मस्त भै त्यहाँ
यस्तै सिन्दूरकै लाली हावा बग्थ्यो जहाँ-तहाँ ।६२३।

चूरा बजेर छन् छन् भैं, घन् घन् भै जयघोषको
गोरखा रम्रमाएर त्यो खुसीले बिहोस् भो ।६२४।

भर्खर सूर्य उदाएझैं माथी चढ्दै सुरू सुरू
त्यो खुसीले रँगाएर रातो हुनु भयो प्रभु ।६२५।

घोडा बढाई विस्तारैं पुग्नुभै दरबारमा
हँसिलो चन्द्रमा जस्तै राजा शोभिनु भो त्यहाँ ।६२६।

सारा ती प्रभुका प्यारा गोरखाका प्रजा पनि
जय गाएर आएथे प्रभुका साथमै त्यहीँ ।६२७।

फौजी ढंग सँगै रास्रो काइदाले लर्हमिली
वीर सैनिक ती फेरि घेरिएथे वरीपरि ।६२८।

सुनकै थालिमा बाली बत्ती घिऊ कपूरको
त्यस्वेला खुसि भै रानी आरती लिन पाल्नु भो ।६२९।

घुँनुभैं प्रभुको घोडा बत्ती त्यो जग्मगाउँदैं
आरती गर्न लाग्नूभो महारानी खुसी हुँदै ।६३०।

त्यसंबेला त्यहाँ फेरि फौजी बाजा बजाउँदै
फौजले दिन थालेथ्यो सलामी जय गाउँदै ।६३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खुसीले रम्रमाएर त्यो महोत्सवमा अनि
जयशब्द सुनाएर प्रजा झुक्थें थिए त्यहीं ।६३२।
यसै धप् धप् बलेजस्तै प्रभुको त्यो मुहारमा
आरती जग्मगाएको शोभा अर्कै फिऱ्यो त्यहाँ ।६३३।
महारानी पनी उस्तै तेजिली हुनुभै त्यहाँ
शोभाले देखिनू हुन्थ्यो प्रत्यक्षै मनकामना ।६३४।
देख्न सक्ने भए देख्थे साक्षात् अष्ट भुजा त्यहीं
अरूहरुले के देख्थे, देख्थे सिद्धलषन् तिनी ।६३५।
त्यहाँ राजा र रानीको शोभा हेर्दै वरी परि
गोरखाली अडेकाथे खुसीले तस्बिरै सरी ।६३६।
शर्मीलो र हँसिलो त्यो रानीकै अनुहारमा
हेर्नू हुनुहुँदै राजा प्रसन्न हुनु भो त्यहाँ ।६३७।
घोडाको पीठ छोडेर राजा उत्रनु भै त्यहीं
रानीका नजिकै आई खडा हुनु भयो अनि ।६३८।
प्यारा राजा र रानीको पाउमा भक्तिले झुकी
गोरखेले मनाएथे त्यस् बखत्मा ठुलो खुसी ।६३९।
त्यो प्रजाले चढाएको प्रेमको अभिवादन
लिनू हुंदैथ्यो त्यस्वेला राजारानी खुसीसँग ।६४०।
यन्त्र तस्बीर खिँच्ने त्यो, उस्वेला न भएर पो
त्यो चित्र गोरखालीले खिँचेको मनमै थियो ।६४१।
सबैकन बिदादिँदै अब त, जाउ भन्दै त्यहाँ
पराक्रम ठुलो गरी यसरि कीर्ति राख्तै नयाँ
पसेर दरबारमै, प्रभु, त रानीसाथै अनि
फिरे जय मनाउँदै सकल गोरखाली पनि ६४२

साह वंश महाकाव्य— सातौं सर्ग सम्पाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साहवंश महाकाव्य

आठौं-सर्ग-प्रारम्भ

ठूलो भएर अनि उत्सव गोरखामा
रैती समेत रहि राजसभा हुँदामा ।
मंत्रीहरू अघिसरी प्रभुका अगाडी
बोल्दै थिए त्यस्बखत् यहि विन्ति पारी ।१।
कारूण्यदृष्टिरहि गोरखकालिकाको
सौभाग्य हाम्रिहरूको हुन आई साँचो ।
यो पाउमा यसरि विन्ति गरेर आज
पायौं खुसी प्रकट गर्न नराधिराज ! ।२।
हाम्रा उपर्खुसि भइन् जगदम्बकाली–
भन्दै, महोत्सव गरीकन गोरखाली ।
पूजा पठाइकन मन्दिरमा अनेकन्
आनन्दले सकल मस्त झुलीरहेछन् ।३।
प्रत्यक्ष नै भई दया मनकामनाको
पूरा हुँदै सब कुरा मन-कामनाको ।
यो रामराज्य सुख वैभव भोग्नपाई
झुक्छन् प्रजाहरू सबै जयगान गाई ।४।
आशीष पाइ गुरु गोरखनाथबाट
यो पाउको शरणमा इरहेर, नाथ ! ।
पृथ्वी भरी ठहरिँदै अति भाग्यशाली
निर्धक्क छन् यस बखत् सब गोरखाली ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष राम सरहै प्रभुको तमाम
को गर्न सक्छ महिमाहरूको बयान ।
राजा भएर पनि अद्भुत भै तपस्वी
यौटै उदाउनु भयो प्रभु जो यशस्वी ।६।

पञ्छाउँदै असजिलो स्थिति एक एक
राम्रो नयाँ स्थिति चलाउनु भै अनेक ।
सारा प्रजाकन ठुलो सुविधा दिलाई
राजा उदाउनु भयो प्रभु जग्मगाई ।७।

राजाकहाइ रहने अरू छन् रजौटा
राजाधिराज हुनु भो प्रभु मात्र यौटा ।
यो पाउमा तिनीहरू सब झुक्न आई
निर्धक्क छन् मुलुक बक्सिस भोग्नपाई ।८।

भोटे भयङ्कर निशाचार झैँ शयौटा
घेर्दै बढे पनि त अड्नुहुँदै अनौठा ।
निष्कम्प भै भिडिनु भो रणधीर खास
यस्तो पराक्रम अहो ! अरूको कहाँ छ ? ।९।

नाच्तै प्रचण्ड रणताण्डव गर्नथाली
काट्तै घुमेर रिपुको शिर झारि-झारी ।
छल्दैं प्रहार पनि दुश्मनको अनेक
त्यो दिव्यशक्ति कुन हो, प्रभुकै रहेछ ।१०।

यौटै भिडेर गइ राक्षस तो शयौटा
जित्नू पराक्रम यही प्रभुको अनौठा ।
यो शक्ति थाह हुनगै प्रभुको तमाम
जान्यौं, स्वयं प्रभु अहो ! हुनुहुन्छ राम ।११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो अलौकिक ठुलो प्रभुको प्रताप
देखेर नै चकित भैकन भक्तिसाथ ।
नारायणै ठहरिने प्रभु भन्न थाली
पाऊ परेर खुसिछन् सब गोरखाली ।१२।

प्यारा नरेश्वर भनीकन मानि मानी
नारायणांश भनि आज चिनेर जानी ।
त्यो हर्षले हृदय सन्सनिँदै प्रजाको
नाचीरहेछ मुलुकै सब गोरखाको ।१३।

आनन्दले घरघरै खुसियालि मानी
ठूलो महोत्सव मनाइरहेर हामी ।
यो पाउको शरणमा निहुरेर आज
झुल्छौँ कृतार्थ हुनपाइ नराधिराज ।१४।

यस्तो भएर पनि उत्सव आज राम्रो
यौटा पुगेन मनको अभिलाष हाम्रो ।
पापी कुनै पनि न भै प्रभुकी प्रजा, त
कैदी कुनै नरहि छोड्न मिलेन, नाथ ! ।१५।

यो विन्ति मंत्रिहरूबाट सुनेर फेरी
हाँस्तै मुसुक्क रसिलोसित हेरि-हेरि ।
धन्दा न मान, अभिलाष तिमीहरूको
पुग्नेछ है, भनिकनै प्रभुले हुकुं भो ।१६।

भोटेहरू यिनिहरू बिचरा अजान
सोझा सिपाहि अरूका यि त, दास ठान ! ।
के कैद गर्नु यिनिलाई त छोडीदेऊ !
आफ्नो पवित्र अभिलाष पुऱ्याइ लेऊ ! ।१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धोका दिँदै यसरि हामि उपर्न जाती
चाँगे र सार्तुन दुवै बुझ्न हुन् ति, पापी ।
तिन्कै अऱ्होट अनुसार गरेर काम
यी दासको त अपराध कुनै न ठाम ! ।१८।
राखेर कायम उही अघिको मितेरी
धोका दिँदै किन गरिस् अपराध फेरि ।
हुन्छस् तँ, शत्रु, कि त मित्र बता ! भनेर
चाँगेकनै अब कडासित लेखि हेर ! ।१९।
काटेर बन्धन यिनीहरूको तसर्थ
त्यो दुष्टकै मदघमण्ड त, झार्नुपर्छ ।
निर्दोष भै तिमिहरू जशकीर्ति लेऊ
यी मूढ नोकरहरूकन छोडि देऊ ! ।२०।
लागेछ पत्थर भने, चिढिएर कुत्तो
त्यो पत्थरैकन त, टोक्न उठेर चुत्थो ।
गोली गडेपनि त घायल सिंह सोझै
धोक्रै समात्छ गइ गोलिचलाउनेकै ।२१।
छोडेर हेर ! थुनुवा यिनि कैदिलाई
पूरागराउ शुभ उत्सव यो रमाई ।
यो प्राणदान दिनु भैँ अरू छैन धर्म
हो आर्यवीरहरूको यहि राजधर्म ।२२।
यस्ता हुकुं दिनुहुँदै प्रभुले सभामा
ज्यादै प्रसन्न भइ अड्नु भएछँदामा ।
मंत्रीहरू खुसिहुँदै प्रभुलाइ हेरी
भन्दै थिए यसरि विन्ति गरेर फेरि ।२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना उप र्य्सार भेटन आउने लो
पापिष्ठको पनि त दोष कुनै न देखी ।
यो प्राणदान दिन सक्नुहुने उदार
दोस्रो छ को प्रभुसरी करूणावतार ।२४।
यस्तो दया सहज दुश्मनमाथिसम्म
गर्नुहुने प्रभु अहो ! कति धन्य धन्य ।
यो कीर्ति उज्वल हुँदै प्रभुको पवित्र
लेखिन्छ है ! सब कुरा इतिहास भित्र ।२५।
खोलेर बन्धन थिनीहरूको तसर्थ
गर्छौं शिरोपर हुकुं प्रभुको सहर्ष ।
चाँगेकनै अब कडा चिठिपत्र लेखी
झार्छौं त्यही अधमको सब दम्भ-शेखी ।२६।
विन्ती गरेर यसरी प्रभुका अगाडी
चाँगेकनै पनि त, चिठ्ठि तयार पारी ।
भोटे हरू पनि सबै थुनुवारहेका
ल्याएर मंत्रिहरू दंग थिए झुकेका ।२७।
घिच्याइँदै पशुसरी कसिएर डोरी
उभ्याइँदा तिनिहरू सब आश छोडी ।
झुण्ड्याउँछन् अब यहाँ सब हामिलाई
भन्दै थिए मनमनै बिचरा डराई ।२८।
श्री गोरखेश्वर महाप्रभुका सभाको
देख्तै र बाफ पनि भित्र उड़ेर सातो ।
मर्नै भयौं अब त, हामि भनेर सारा
भोटे भए अभ विवर्ण भएर काला ।२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो ज्यान बक्सिस मिलोस् भनि भन्न खोजी
तालू सुकेर मुखको न फुटेर बोली ।
मुण्टो झुकाइकन केवल आँसु झारी
काँप्तै थिए तिनिहरू प्रभुका अगाडी ।३०।

तिन्का विवर्णमुखको दयनीय हाल
देखेर पग्लनुहुँदै करुणावतार ।
यिन्को कुरा बुझ, सबै न गरेर देरी
भन्ने हुकुं हुन गयो प्रभुबाट फेरि ।३१।

मर्छौं भनेर मनमा न लिएर धन्दै
सोझो कुरागर छिटो नडराउ भन्दै ।
भोटेहरूकन भनेपछि, मंत्रिले, त
भन्दै रूँदै तिनिहरू यहि सत्य जे छ ।३२।

चाँगे र सार्तुन मिलेर दुवैजनाले
जस्तो अऱ्हाइकन हामिकनै पठाए ।
उस्तै गरेर वन भित्र लुकेर हामो
झट्यौं त्यहाँ प्रभुउप र्हतियार तानी ।३३।

हामी थियौं शयजना बलिया तमाम
पौंटे त्यहाँ रहनुभै असहाय राम ।
घेर्‍यौं सबैतिर तिखो र्हतियार ताको
बाँचनू भयो तर पनी प्रभु भै प्रतापी ।३४।

हाम्रो प्रहार जति ढालउप तमाम
थाप्नूहुँदै अति छिटो बिजुलीसमान ।
गिन्ती गरेसरि गरी शिर एक एक
टुक्र्याउँदै प्रभु त नाच्नुहुँदोरहेछ ।३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्थ्यौं त्यहाँ त्यसबखत् सबतर्फ खाली
कालैसरी प्रभुखडा तरबार धारी ।
तावनै नपाइ हतियार समेत राम्रो
झर्दथियो शिर र हात खसेर हाम्रो ।३६।

यौटै भए पनि अहो ! प्रभुराम कस्तो ?
सर्वत्र देखिनुहुने "प्रभुराम" जस्तो ।
हाम्रो मति भ्रम भएसरहै त्यहाँ, त
जानी नसक्नुहुन्नगो प्रभुको प्रताप ।३७।

हाम्रा जबानहरूको त्यहि लाश माथी
टेकेर भैरवसरी प्रभु नाचि नाची ।
हुंकारको विकट गर्जन गर्नु हुन्थ्यो
त्यो शब्दले गगन मण्डल रन्थनिन्थ्यो ।३८।

साथी मरीकन सबै यति मात्र फेरि
हामी बचे पछि; त फौज पुगेर घेरी ।
बाँधेर हामिहरूलाइ कसेर पाता
ल्यायौं घिसारिइकनै यहि हो कुरा, ता ।३९।

हाम्रो भए पनि ठुलो अपराध यो, त
रुन्छौं कराइकन विन्ति गरेर पो, त ।
हामीहरू अघिसर्‍यौं अरुका कुराले
हाम्रा उप प्रभु त, हेर्नुहवस् दयाले ।४०।

सोभा सिपाहिहरू हामि त नून खाई
मानीरह्यौं सकल मालिककै भनाई ।
आफ्नै प्रतापबलले प्रभु बाँच्नु भो, नो !
मारेर हामिकन के, अब लाभ भो, नो ! ।४१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माफीदिँदै कसुर हाम्रि अजानको, त
लुट्नुहवस् प्रभु ठुलो जश-कीर्ति, पो, त ।
यो पाउकै सहज दास भएर हामी
चाँगेकनै चरणछेउ भुकाउँला, नी ! ।४२।
मर्ने भएर थुनियौं सब हाम्रि पक्कै
माफि मिलेपछि त, जन्म हुनेछ अर्कै ।
त्यो जन्ममा प्रभु, त, मालिक एक जानी
सोझो चिताइ रहुँला पछि सम्म हामी ।४३।
हामी अजानहरू हूँ न, त, बेइमान
हाम्रो पनी सहज हेर्नु हुँदै इमान ।
यो ज्यान बक्सदिनु होस् प्रभु विन्ति भन्दै
भोटेहरू अडिरहे निहुरेर जम्बै ।४४।
सुन्नू भएर यति विन्ति तिनीहरूको
तिन्को मनै पनि त गर्नहुँदै हलूको ।
ज्यादै खुसी हुनुहुँदै प्रभु रामबाट
आज्ञा भयो यसरि मंत्रिकनै त्यहाँ, त ।४५।
सोझो छ है, सब यिनीहरूको भलाई
ठान्छू यिनीहरू त, लायक हुन् सिपाही ।
चाँगे उही ठहरियो अपराध गर्ने
सोझो गरेर उसकै बिचरा यि, मर्ने ।४६।
माफी दिएर यिनिलाइ बुझ्यौ, तसर्थ
खोलेर बन्धन म भन्दछु छोड्नु पर्छ ।
के भन्दछौ तिम्रिहरू अब यो कुरामा
गर्दै विचार ठहराउ छिटो सभामा ।४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो हुकुँ दिनु हुँदै प्रभु राम फेरि
गम्भीर भैकन सभातिर हेरि हेरी ।
अड्नूहुँदा, अदवले दुई हात जोडी
मन्त्री उठे यसरि विन्ति गरेर बोली ।४८।

भोटे भएर यि, त दुश्मनका सिपाही
सिध्याउँथे त्यस्वखत् सब हामिलाई ।
सौभाग्य हामिहरूको बलियो हुँदा, पो ?
यो आज उत्सव हुँदै खुसिको सभा भो ।४९।

टुक्र्याउँदै यिनीहरूकन काटि काटी
मारे पनी अझहुने भइ रीस बाँकी ।
झुण्ड्याइ मार्न भनि हामि थियौं तयार
माफी दिने हुनगयो प्रभुको विचार ।५०।

हाम्रो भएर रिसकै अति पुष्ट पोका
के देख्तथ्यौं पछि हुने अपकीर्ति धोका ।
धर्मानुसार हुनगै प्रभुको विचार
विन्ती चढाइरहने अब के कुरा, र ।५१।

हामी न पर्खिरहने भनि, भोलिपर्सी
देख्ने सबै अघिपछी प्रभु दूरदर्शी ।
सर्वज्ञ भै प्रभु अहो ! करूणावतार
को काट्नसक्छ गहिरो प्रभुको विचार ।५२।

हूँ राज भक्त सब हामि त, गोरखालो
काली मनाइ रहने मन दंगपारी ।
गर्छौं शिरोपर हुकुं प्रभुकै सहर्ष
हाम्रो विचार यहि हो किन बुझ्नु पर्छ ।५३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काटेर बन्धन यिनीहरूको तुरुन्त
पूराहुनेछ अहिल्यै प्रभुको हुकुं, त ।
भोटेहरू यि, त सबै भइ भाग्यमानी
बाँच्ने भए प्रभु ! दया गरिबक्सँदा, नो ! ।५४।
विन्ती चढाइकन यो, प्रभुलाइ फेरि
भोटेहरुतिर बडो खुसिसाथ हेरी ।
बाँच्ने भयौ सब तिमीहरू भन्नथाली
बोले ति मंत्रिहरूले यसरी पछाडी ।५५।
सुन्नु हुँदै सब तिमीहरूको पुकार
ज्यादै प्रसन्न हुनु भै करुणावतार ।
निर्दोष साबित गरेर निगाहसाथ
बक्स्यो तुरुन्त यसरो प्रभुबाट माफ ।५६।
तिम्रो जनं पनि बुझ्यौ ! अघिको खतं भै
पायौ पवित्र अब फेरि नयाँ जनं, है ।
सेवागरेर अब यो प्रभुरामको, त
मैला पखाल अघिको मनभित्र जो छ ।५७।
धोकादिँदै प्रभुकनै पनि घेर्न आई
प्रष्टै भए पनि तिमीहरू आततायी ।
पायौ क्षमा सहजमै प्रभुरामबाट
कस्तोरहेछ भन, लौ ! प्रभुको दया, त ।५८।
आफन्त यो र, अनि दुश्मन यो त पापी
भन्ने समेत पनि भाव कुनै न राखी ।
पाऊ परी प्रभु भनी निहुरे छँदा, त
सोझै क्षमा दिनु हुने प्रभुको प्रथा छ ।५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्ता दयालु पुरुषोत्तमरामलाई
सौभाग्यले यसरि मालिक मात्र पाई ।
फेरी चुक्यौ यदि भने, छल गर्न खोजी
खस्छौ अवश्य तल खाडल रोजि रोजी ।६०।

त्यो राख्नुपर्दछ ठुलो मनमा इमान–
भन्दै, गर्यौं तिमिहरूकन साव धान ।
सम्झेर हेर, भड मानिस अन्नखाने
आनन्द भोग्नुछ भने, प्रभुराम माने ! ।६१।

नीतिज्ञ मंत्रिहरू तो सब होशियार
भोटेहरूसित भनेर यसैप्रकार ।
तिन्को फुकालिकन बन्धन, मुक्तपारी
उभ्याउँथे प्रभु नजीक लगी अगाडी ।६२।

आफ्नो कसूरहरूको सब माफपाई
भोटेहरू खुसिहुँदै प्रभुछेउ आई ।
जोडेर हात जयघोष गरी अपार
ढोग्दै थिए जमिन मै परि लम्पसार ।६३।

बाँच्छौं भनेर मनमा न रहेर आशै
ज्यूँदै मरेसरह जो कि थिए हताशै ।
बाँच्ने भएर सहसा प्रभुका दयाले
त्यो स्वप्नतुल्य ति, त, अद्भुत मात्र थाले ।६४।

आनन्दले अनि त बन्द भएर बोली
मूर्च्छौं परेसरह भैकन होश छोडी ।
हर्षाश्रुले भुयिँ भिजाइ सहस्त्रधार
पर्सीरहे तिनीहरू परि लम्पसार ।६५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाँच्यौँ भनेर खुसिले गरि ढुक्कमानी
निद्रैं परेसरि जगत् सब बिर्संदा, नो ।
मुण्टो उठाउन पनी न सकेर हाई !
त्यो पाउकै शरणमा ति झुके निदाई ।६६।
उम्लेर भित्र हृदयस्थलबाट सारा
हर्षाश्रुकै बगिरहेर पवित्र धारा ।
त्यस्ले पखालि मुख, शुद्ध भएर भोटे
निष्पाप भैं त्यसरि पाउ परेर लोटे ।६७।
पाऊबरी तिन्हिरू त्यसरी त्यहाँ, त
पस्रेछँदा, नजर फेरि निगाह साथ ।
यिन्को भनाइ बुझिहेर, भनेर सारा
मंत्रीहरूकन भयो प्रभुको इशारा ।६८।
मंत्रीहरू अनि उठेर नजीक आई
भोटेहरूकन बडो खुसिले उठाई ।
भन्थे, पुकार अरू केहि भए, तुरून्त-
निर्धक्क विन्तिगर लौ, प्रभु सुन्नुहुन्छ ।७९।
त्यो प्रेमको वचनले मन दंग पारी
ती हात जोडिकन बर्बरि आँसुझारी ।
भोटेहरू प्रभुतिरै निहुरेर हेरी
भन्दै थिए यसरि विन्ति गरेर फेरि ।७०।
हेनाथ ! हामिहरू छक्क पऱ्यौँ तमाम
प्रत्यक्ष नै प्रभु अहो ! हुनुहुन्छ "राम" ।
त्यस्तो पराक्रम भएर दया समेत
यो पाउमा सकल बिश्व झुकी रहेछ ।७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटे भए पनि यता उति हामीले, की
राजाहरू अरू पनी दुइचार भेटी ।
ठान्दै थियौँ प्रभु समेत उही लहकैं
देख्यौं, बुझ्यौं, प्रभु अहो ! हुनुहुन्छ अर्कैं ।७२।
खेलेसरी गरि गुडाउनु झैं भकुण्डो
झारेर शत्रुहरूको लहरै मुकुण्डो ।
नाच्नूहुँदा त्यसबखत् प्रभु युद्ध भित्र
देख्यौं प्रचण्ड महिमा प्रभुको बिचित्र ।७३।
त्यस्तो कुनै पनि त मानिसले न सक्ने
सामर्थ्यले प्रभु त, अद्भुत गर्न सक्ने ।
मान्छौं तसर्थ मनले ठहऱ्याई हामी
साक्षात् अहो, प्रभु त, राम भनेर जानी ।७४।
इच्छा बढाइकन चाहनु भो भने, त
भूमण्डलै सकल यो प्रभुको हुनेछ ।
के हो कुरा तर पनी प्रभु गोरखाकै
राजा बनेर किन लुक्नु भएछ आफैं ।७५।
जान्यौं चिनेर अब ता प्रभुलाइ खास
यो पाउकै भइ सक्यौं सब हामि, दास ।
देखाउँदै सहज शुद्ध इमान हाम्रो
बिश्वास पार्नु छ छिटै प्रभुलाइ राम्रो ।७६।
दागी भएर सब हामि त आततायी
माफी मिलेर अब भर्खर बाँच्नपाई ।
यो पाउकै नजिक बस्न मिलोस् भनेर
बिन्ती चढाउँ कसरी धमिलो बनेर ।७७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जान्छौं बिदा भइ तसर्थ तुरुन्त हामी
पत्थार पारिकन काम बनाउँला, नी ! ।
यो दाग धोइकन शुद्ध भएर दास
पाऊ समाइ रहुँला यहि हो कि, आश ।७८।
भोटेहरू यसरि विन्तिगरी तमाम
गर्दै थिए जब सबै निहुरी प्रणाम ।
हेर्दै तिनीहरूतिरै प्रभुरामले, त
फेरी त्यहाँ यहि हुकुं दिइ बक्सिएछ । ७९।
मैले बुझें सब तिमीहरूको भनाई
जाऊ घरै तिर छिटो खुसिले रमाई ।
सोझो गऱ्यौ अब भने, पछि हेरुँला, म
देखाउ है, वचनकै अनुसार काम । ८०।
भोटेहरूकन हुकुं यहि नै सुनाई
हेरेर मंत्रितिर फेरि नज घुमाई ।
चाँगेकनै दिनु भनेर चिठी समेत
खाने सिधा दिनु भनेर हुकुं भएछ । ८१।
त्यस्तो हुकुं हुन गए पछि उत्तिखेरी
चिठ्ठी र साँवल बुझाइ दिएर फेरि ।
बाँकी भए, अझ पनी भन, भन्नु जे छ ?
भन्दै थिए तिनिहरू सित मंत्रिले, त । ८२।
देखाउँछौं, अब तुरुन्त, गएर काम
हाम्रो प्रसन्न भइ हेर्नुहवस् इमान ।
जान्छौं भनी तिनिहरू जयघोष गर्दै
भोटे विदा भइ हिँडे, घरतर्फ बढ्दै । ८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटेहरू त्यसरि मुक्त भएर बाँची
फुत्के पछी प्रभु त, फेरि मुसुक्क हाँसी
ढल्काउँदै अलिकती हँसिलो मुहार
बोल्नू भएछ खुसिले अनि यस्प्रकार । ८४।

कैदीहरूकन त छोड्न न पाउँदाको
त्यो कामना पनि त पूर्ण भएर साँचो ।
भन्छू प्रसन्न भइछन् मनकामना, ती
आनन्दले अब त, मस्त फुलाउ छाती । ८५।

यत्रो महोत्सव तिमीहरूको तमाम
पूरा भयो भनि बडो खुसि छू यहाँ, म ।
बाँकी अझै पनि त केहि भए बताऊ !
इच्छा भए जति सबै मनको पुऱ्याऊ ।८६।

यस्तो हुकुं दिनुहुँदै प्रभु गोरखेश
ज्यादै प्रसन्न हुनु भै अडि बक्सिएछ ।
मंत्री र रैतिहरूले मिलि साथसाथ
गर्दै थिए अनि त, विन्ति झुकाइ माथ ।८७।

यो पद्मतुल्य हँसिलो प्रभुको मुहार
देख्ने भएर सहजैसित वार वार ।
आशागरे जति सबै परिपूर्ण ठानी
आनन्दले भइसक्यौं कृतकृत्य हामी ।८८।

त्यस्ता अजान वन मानिसतुल्य भोटे
चिन्ने भए प्रभुकनै अरूको कुरो, के ? ।
यो पाउकै सरस आश्रय पाइपाई
सौभाग्य हामिहरूको स्थिर भो उदाई ।८९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीहरूकन सँधैंभरि चाहिने, त
निर्विघ्न-नित्य-करूणा प्रभुकै रहेछ ।
त्यो हामिमाथि न टुटोस् प्रभु ! विन्ति भन्दै
पर्छौं यही चरणमा निहुरेर जम्बै ।६०।
ती गोरखालिहरूले यहि विन्तपारी
श्री गोरखाधिपतिको जय भन्नथाली ।
जोडेर, हात लहरै उभिंदा तमाम
ज्यादै प्रसन्न भइ बोल्नु भएछ राम ।६१।
पाई प्रजा तिमिहरू सरि राज भक्त
राजा भएर म त धन्य भएँ प्रशस्त ।
यस्तै प्रथा रहिरहोस् पछिसम्म हाम्रो
राजा र रैति बिच भाव रहेर राम्रो ।६२।
इच्छा पुगेर सबतर्फ रमाइलो भै
यो आजको शुभ महोत्सव पूर्ण भो, है ! ।
फर्केर लौ, अब सबैं घरतर्फ जाऊ
प्यारा जहानहरूसाथ खुसी मनाऊ ।६३।
आज्ञा दिएर यसरी प्रभु गोरखेश
छोड्दै सभा खुसिहुँदै उठि बक्सिएछ ।
झुक्तै बिदा भइ भई, नियमानुसार
फर्के प्रजा सहित मंत्रि र भारदार ।६४।
आनन्दपूर्ण मनले अनि गोरखाली
फर्के सबै घरघरै तिर जानथाली ।
आफन्त साथिहरू साथ मिली तमाम
गर्थे परस्पर यसै प्रभुकै बयान ।६५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तो नरं हृदयको करूणास्वभाव
कस्तो पराक्रम र अद्भुतको प्रभाव ।
गाम्भीर्यपूर्ण हँसिलो मुखपद्म उस्तै
प्रत्यक्ष नै प्रभु अहो ! "प्रभुराम" जस्तै ।९६।

प्यारो नरं र मसिनो मधुरो छ बोली
वैरो समेत पनि झुक्तछ हातजोडी ।
उस्तै छ फेरि करूणामयदृष्टि पात
को गर्न सक्तछ अहो ! प्रभुको कुरा, त ।९७।

ताकेर गाथ पनि झंटन आउने, ती
त्यस्ता कुकर्मिहरूको पनि दोष मेटी ।
माफी दिँदै प्रभु त छोड्नुहुने बिचित्र
जानी नसक्नु गहिरो प्रभुकै चरित्र ।९८।

पुत्रै समान गरि ठान्नुहुँदै प्रजा, त
साक्षात् पिता सरहकै हुनुहुन्छ नाथ ।
यस्ता महापुरूषकै भइ रैति हामी
निर्धक्क भैकन भयौँ सब भाग्य मानी ।९९।

यस्तै कुरा गरिगरी रसिलो तमाम
रैतीहरू फिँजिनगै सब ठाम ठाम ।
भोटेहरू सब छुटे भनि माफ पाई
त्यो गोरखासहर छक्क पऱ्यो रमाई ।१००।

भोटेहरू पनि उतातिर बारपाक
आएर चिठ्ठि दिइ हाल वताउँदा, त ।
चाँगे र सार्तुन दुवै मनभित्रकाँपी
गर्थे कुरा यसरि आफुसमा त्यहाँ, ती ।१०१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घेर्दै तिमीहरू गएर शए जबाँन
भंटेपनी हुन सकेनछ हेर, काम ।
उल्टै तिमीहरू भयौ बरबाद सारा
त्यो रामसाहसित को, अब भिड्नजाला ? ।१०२।
वढ्ने भए अब ठुला भइ गोरखे, त
हाम्रो तसर्थ परिणाम भलो न देख ! ।
यो दुश्मनी अझ नयाँ थपिएर फेरि
ती बढ्दछन् सब यतातिर घेरि घेरी ।१०३।
धावा भयो यदि भने अब गोरखेको
रोकेर युद्ध बिच भिड्न खड़ा हुने को ? ।
पारीदिए यसरि कचमच लंजुँगेले
खोज्छन् अवश्य बदला लिन गोरखेले ।१०४।
धंकीदिँदै यसरि चिठ्ठि समेत लेखी
देखाउँछन् तिनिहरू कति उग्र शेखी ।
छन् है, प्रचण्ड बलिया पनि गोरखे, ती
त्यस्तासँगै भिडिनु हुन्न भलो हुने, की ।१०५।
ती गोरखेहरू पसेर पचासले नै
मार्छन् सखाप गरि दुश्मनको, त, सेनै ।
ती लंजुँगेहरू हटे कति मार खाई
प्रत्यक्ष याद छ कि, यो सब हामिलाई ।१०६।
माफीदिए तिमिहरूकन जो न मारी
तिन्को त्यही बुझ, घमण्ड भनेर भारी ।
हामीहरूकन न पुंसक झैँ गराई
छोडे न मारिकन चारकुरा सुनाई ।१०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माफीदियौँ भनि भनी त्यसरी अनी ता
हेपेर हामिहरूलाइ गराइ नीचा ।
हामी ठुला तिमीहरू झुक, आउ, भन्दैं
देखाउँछन् तिनिहरू बलको घमण्डै ।१०८।
सोझै भिड़ेर सकिने नभएर जित्न
गर्नँ पऱ्यो अब ठुलो छलकै प्रयत्न ।
पत्यार पारिकन जाउँ झुकेर हामी
ती बस्तछन् अनि ठुला भइ ढुक्क मानी ।१०९।
माछो परेपछि बुझ्यौ ! अनि जालतानी
टुक्र्याऊँदै त्यस्बखत् त्यसलाइ हामी ।
कब्जा गरेर सहजैसित गोरखा त्यो
आफ्नौं तमाम अभिलाष पुऱ्याउँला, त्यो ।११०।
क्षत्रीहरूसँग अघी बलले न सक्ता
गोरे मुहम्मद त, भारत भित्र पस्ता ।
हारेर सत्रपटकैतक माफ पाई
माऱ्यो पछाडि अनि गाइ अघी लगाई ।१११।
क्षत्रीहरू ति, त, भएर घमण्डवाला
माफीदिँदै त्यसरि नष्ट भएर सारा ।
आए पहाडतिर नै दुइचार बाँकी
गर्छन् घमण्ड अझ फेरि दिएर माफी ।११२।
शिक्षा लिँदै यहि ठुलो इतिहासबाट
पत्यारपारिकन, गै छलजालसाथ ।
त्यो रामसाहकन मार्न सकिन्छ सोझै
राजामरे पछि त काम खतं भयो है ! ।११३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती माहुरी सरहहुन् सव राजभक्त
राजा न भैकन त, चलनपनी अशक्त ।
त्यो रामसाह न रहे पछि गोरखाली–
ज्यू दैमरें, अनि त को भिडिने अगाडी ।११४।
यस्तोगरेर सहजैसित गोरखा, त्यो
कब्जाहुने भनि बुझेर सवैकुरा, यो ।
लेखूँ झुकेर अब नम्र भएर हाम्री
ती गोरखें बसिरहुन् सव ढुक्कमानी ।११५।
चाँगे र सार्तुन मिलेर दुवै जना, ती
यस्तै मतो गरि गरी छल गर्न आँटी ।
आफ्ना ति मानिसहरूकन यस्प्रकार
संझाउँथे त्यस्बखत् गरि होशियार ।११६।
ती गोरखालिहरूले तिमिहाम्रोलाई
हेपेर जो कि, अपमान गरे गिराई ।
त्यस्तो तुरून्त बदला लिउँला तमाम
जाऊ अलीकति पुरा गरि आउ काम ।११७।
निस्केर लायक तिमीहरूमध्यबाट
जाऊ, त्यतै दुइजना अब चिठ्ठिसाथ ।
त्यस्को जबाफ लिइ झट्ट फिरेर आऊ
इच्छा बमोजिम अनी बदला चुकाऊ ! ।११८।
यस्तै कुराहरू गरी सवका अगाडी
चिठ्ठी लिने दुइजनाकन झट्ट, सारी ।
चाँगे र सार्तुनसमेत दुवैजनाले
संझाउँदै त्यसपछी यहि भन्न थाले ।११९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो गोरखा सहर भित्र पसेर फेरि
बुझ्दै त्यहाँ वरिपरी सब हेरि हेरी ।
राजाकनै अनि त चिठ्ठि दिँदै अगाडी
बोल्नू यसैगरि कुरा सब ठिक्क पारी ।१२०।
त्यस्तो विचित्र बल-वीर्य हजूरको, त
हामीहरूसित सुनी न रहेर होश ।
चाँगे र सार्तुन दुवै प्रभुका हजुर्मा
पुग्छन् झुकेर अब माफलिनैं कसुर्मा ।१२१।
हाजीर भैकन यहाँ निहुरेर आई
माग्छन् क्षमा पनि त पाउ दुवै समाई ।
राखेर कायम उही अघिकै मितेरी
जान्छन् प्रसन्न मनले घरतर्फ फेरि ।१२२।
तोडेर लस्पस सवै अब लंजुँगेको
बस्छौं क्षमादिनुहवस् अपराध जे भो ।
भन्ने कुराहरू पनी यहि चिठ्ठिबाट
जाहेर हुन्छ भनि भन्नु थिनै कुरा,त ।१२३।
त्यस्तो सुनी सव तिमीहरूले भनेको
देखेर चिठ्ठि पनि, सोहि कुरा मिलेको ।
हामीहरू अबजित्यौं भनि भन्न थाली
हुन्छन् प्रसन्न सहजै अनि गोरखाली ।१२४।
हाम्रो भनाइ अनुसार गरेर फेरि
राम्रो गराउन भनेर नयाँ मितेरी ।
तोकेर ठाउँ र मिती पनि भेट्नलाई
लेख्छन् तिनोहरू खुसी भइ हामिलाई ।१२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो गोरखालिहरूबाट लिएर निता
आऊ तिमीहरू यता सब छुट्छ चिन्ता ।
जान्छौं झुकेर अनि हामिपनी तुरून्त
त्यों प्रेम पूर्वक परस्पर भेट हुन्छ ।१२६।
त्यो राम साहकन मित्र भनेर मानो
माग्दैं क्षमा प्रणयसाथ झुकेर हामी ।
कार्यं गरीकन उहीं अधिको मितेरी
गर्छौं प्रसन्न सहजैसित उतिनखेरी ।१२७।
हामीहरू अनि त, मित्रहुँदै दुरूस्त
विश्वास पारि उसलाइ, त, सुस्तसुस्त ।
हाम्रो पनी घर पवित्र हवस् भनेर
नित्याउँछौं, निहुरि पाउपरेर हेर ! ।१२८।
त्यस्तो नरं प्रणयको अनुरोध हाम्रो
मान्दैं नमान्नु पनि हुन्छ भनी न राम्रो ।
बोल्नेछ आउँछु भनीकन रामसाह
हो यत्ति हामिहरूको अभिलाष चाह ।१२९।
त्यो आउने दिन र ठाउँ समेत खोली
तोकाउँदैं अनि गिराइ सकेर बोली ।
जान्छौं भनि भइ बिदा निहुरेर हामी
फर्केर फेरि खुसि भै घर आउँला, नो ! ।१३०।
त्यो आउने दिन ठूलो खुसियालि मानी
बाजाबजाइकन उत्सवसाथ हामी ।
लावा अबीरहरू वृष्टि गरेर छर्दैं
जान्छौं त्यहाँ लिन भनेर अगाडिसर्दैं ।१३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो अनी मुलुक भित्र लिएर आई
सत्कारको विधि सबै त्यसको पुऱ्याई ।
कब्जा जमाइ सहजै सित गोरखाको
उद्योग हामि हरूको अनि पो पुरा भो ।१३२।
यस्तो मिलाइकन मतलब ठिक्क पारी
सान्यौं तिमीहरूकनै अहिले अगाडी ।
चिठ्ठी लिएर गइ, कामबनाइ आऊ
ती गोरखेसित अनी बदला चुकाऊ ।१३३।
चाँगे र सार्तुन बसीकन साथसाथ
चिठ्ठी दिँदै यसरि काम अऱ्हाउँदा, त ।
भोटे दुवै अनि त दूत भएर फेरि
ती गोरखातिर हिँडे न गरेर देरी ।१३४।
आएर दूत दुइटै ति, त, गोरखामा
हाजीर विन्ति गरिदेउ भनी सभामा ।
ढोकेहरूकन त, चिठ्ठी दिँदै बुझाई
ढोका अघिल्तिर बसे निहुरेर आई ।१३५।
ती, वारपाकतिरका दुइ दूत भोटे
आए भनेर गरि हाजिर विन्ति, ढोके ।
चिठ्ठी समेत लगिदी प्रभुका अगाडी
पर्खी हुकुं अडिरहे, त्यहिँ झुक्नथाली ।१३६।
ती बाहिरै बसीरहुन् अलिबेर भोटे
भन्ने हुकुं भइ फिरेपछि झट्ट ढोके ।
चिठ्ठी पढेर भन, के छ त, लेखिएको
भन्ने हुकुं पनि त, मंत्रिकनै भएथ्यो ।१३७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंत्री उठेर अनि चिठ्ठि लिएर खोली
विस्तारसाथ सब विन्ति गरेर बोली ।
चाँगे र सार्तुन दुवैजनको भनाई
विन्ती गरीकन भने प्रभुरामलाई ।१३८।
त्यो चिठ्ठिको सकल नम्र सुनेर लेख
हाँस्नूहुँदै त्यसबखत् प्रभुरामले, त ।
हो यो प्रपंच छलको भनि एक एक
भन्नूहुँदै यसरि फेरि हुकुं भएछ ।१३९।
यो दोष हो सब भनीकन लंजुँगेको
पञ्छाउँदै सब कुकर्म अघीगरेको ।
निर्दोष साबित गरीकन आफुलाई
ती लेख्तछन् कसरि हेर ! कुरा मिलाई ।१४०।
निर्दोष नै यदि भए, किन माग्नु माफी
के निंति आउनु झुकेर यसै यहाँ, ती ।
कार्य ठहर्दछ भने, अघिकै मितेरो
के को नयाँ मित लगाउनुपर्छ फेरि ।१४१।
ज्यानैलिने त्यति गरीकन दुष्प्रयास
झुक्नू तुरून्त यसरी गहिरो कुरा छ ।
लेखाइको पनि त, हेर ! विनम्रशैली
झुक्तैन है, यसरि झट्पट कोहि वैरी ।१४२।
ठाऊँ मिती दिनु भनी न गरेर देरी
भेट्नैछ आग्रह ठुलो त्यस साथि फेरि ।
आएर हात हतियार न राखि साथ
भेट्ने भनेर कति निश्छल झैं, कुरा छ ।१४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेर हामि हरूको करूणास्वभाव
निर्धक्क भै तिनिहरू लिइ दुष्ट भाव ।
पत्यार पारि हुन खोजि दुरुस्त सोझैं
हास्रै प्रदेश बिच आउँछु भन्नु हो, हैं ! ।१४४।

छोडेर हात हतियार झुकेर आई
भेटेर हामिहरूसाथ गला मिलाई ।
माफी लिएर अघिको अपराध सारा
देखाउँछन् तिनिहरू अति शुद्ध चाला ।१४५।

निःशंक पारि यसरी सब हामिलाई
झुक्याउँदै अनि त फेरि कुरा मिलाई ।
त्यो बारयाकतिर पाल्नुहवस् भनेर
नित्याउँछन् तिनिहरू पछिबाट, हेर ! ।१४६।

ती निच दुष्टहरूलाइ त मित्रमानी
निता मनाउन गए, पछिबाट हामी ।
फेरी यतातिर त फर्कनु नैं न पर्नें
हुन्छौं अवश्य सब खाडल भित्र पर्नें ।१४७।

ती दुष्टको यहि सबै मनको कुरा, त
झल्क्यो मलाइ अहिले यहि, लेखबाट ।
के निति हो यसरि नत्र त, झुक्नु पर्नें
यो झुक्नु नै बुझ न ! संशय मान्नु पर्नें ।१४८।

पत्यार गर्नु नहुने भइ दुष्ट पापी
मेरो भनाइ यहि हो यस चिठ्ठि माथी ।
ती दूतको पनि सुनौं मुखबाट बोली
रास्रो जवाफ दिउँला अनि पो त, भोली ।१४९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंत्रीहरूकन त विस्मित छक्क पारी
यस्तो हुकुं दिनु हुँदै प्रभुले पछाडी ।
बोलाउ दूतहरूलाइ भनेर फेरि
गम्भीर भै अडिनु भो अनि उत्ति खेरी ।१५०।
आज्ञानुसार अनि दूत दुवै अगाडी
हाजीर भै झुकि झुकीकन ढोग्न थाली ।
चिठ्ठी पढ्यौं, अब, अरू भन, भन्नु जे छ
भन्दै थिए तिनिहरू सित मंत्रिले, त ।१५१।
त्यो, मंत्रिको त्यसरि झट्ट सुनेर बोली
झस्केर भित्र मनले पनि ठाउँ छोडी ।
धप् धप् बले सरहकै प्रभुको प्रताप
देखेर कायल भए, ति दुवै त्यहाँ, त ।१५२।
जोडेर हात दुइटै प्रभुका अगाडी
षड्यन्त्रको सब रहश्य उकेल्न थाली ।
भोटे दुवै ति, त निसासिइ एकसाथ
बोल्दैं थिए यसरि नै निहुराई माथ ।१५३।
भोटे भए पनि त दुश्मनका सिपाही
माफीदिँदै गरि दया प्रभुले बचाई ।
यो पाउमै बिकि सक्यौं भइ दास हामी
निर्धक्क हाजिर भयौं अनि, ढुक्कमानी ।१५४।
चाँगे र सार्तुन मिलेर गरून् मतो, जे
त्यस्मा त, हामिहरूको अपराध भो, के ? ।
जाने बुझे जतिकुरा सब विन्ति गर्छौं
माफी मिलोस् प्रभु भनीकन पाउ पर्छौं ।१५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विन्तीगरेर यसरी प्रभुका अगाडी
संझे सुने जति कुराहरू बक्न थाली ।
षड्यन्त्रको गरि दिएर सबै बयान
भन्थे, अनी, हुनुहवस् प्रभु ! सावधान ।१५६।

ती दूतको सकल विन्ति सुनेर फेरि
गाम्भीर्यसाथ दुइनेत्र पुलुक्क हेरी ।
आराम गर्न दिनु लौ, यिनीलाइ आज
भन्दै, त्यहाँ अडिनु भो मनुजाधिराज ।१५७।

भोली जबाफ दिउँला दिइपत्र लेख-
भन्दै, अनो तिनीहरूकन मंत्रिले, त ।
खानेसिधा सहित . वास पनी मिलाई
आराम गर्नु भनि झट्ट दिए बिदाई ।१५८।

ती भित्रिया छ्थर मंत्रि मिलेर फेरि
श्रद्धा र आदर सँगै प्रभुलाइ घेरी ।
त्यो चिट्ठिको अनि जबाफ दिने कुरामा
अत्यन्त गुप्तिसित विन्तिगरे सभामा ।१५९।

सर्वज्ञ नैं प्रभु अहो ! हुनुहुन्छ आफैँ
झल्कन्छ सत्य घटना प्रभुलाइ साफै ।
जे जे हुकुं दिनु भयो त्यहि भन्छ भोटे
आज्ञा मिलोस् अब जबाफ दिने कुरो, के ? ।१६०।

बिन्ती गरो प्रभुसँगै यतिसम्म बोली
मंत्रीहरू सब झुकेपछि हातजोड़ी ।
आज्ञादिँदै त्यस्बखत् प्रभुरामले, त
धर्मानुसार यसरी भनिबक्सिएछ ।१६१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दुष्टको बुझिसकेर सबैकुरा, ता
फेरी तिनीहरूसँगै किन राख्नु नाता ।
फट्कारिदेउ अब मतलबछैन भन्दै
धावा गरेर लिउँला बदला, त, जम्बै ।१६२।
यो क्षत्रियोचित जबाफदिने भनेर
राजा त्यहाँ अडिनुभो जब झोंकिएर ।
नीतिज्ञ मंत्रिहरू ती प्रभुका अगाडी
बोल्दैथिए समयमाफिक विन्तिपारी ।१६३।
जान्दैनथे कपटगर्न त, गोरखाली
भोटे भए गुरु तिनैं यसमा अगाडी ।
तिन्कै लिईकन सिको भइ सावधान
गर्छौं दुरुस्तसित काम सफा तमाम ।१६४।
हाम्रानिमित्त भनि खाडल ठिक्क पारी
ती आउँछन् खुसि भएर यहाँ अगाडी ।
हेर्नूहवस् प्रभु, तिनैकन तानि तानी
हाल्छौं लगेर उहि खाडल भित्र हामी ।१६५।
भोटेहरूसंग त, भिड्नु छँदैछ हाम्रो
सन्देह भित्रपछि पर्नुहुँदैन राम्रो ।
आए, तिनीहरू त, खाडल भित्र जान
मौका बमोजिम गरौं खुसिसाथ काम ।१६६।
यो राजनीति गहिरो छ बडो विचित्र
यस्मा न धर्म, न त पाप, न शत्रुमित्र ।
मौका समाउनसके, छ कि धर्म यस्मा
मौकाचुके, त, भइ पाप, पर्‍यो सकस्मा ।१६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री कृष्णको यहि त अर्ति लिँदै अगाडी
बोल्ने भए तिनि युधिष्ठिर सत्यवादी ।
ती द्रोणकर्ण धसिए छलजालबाट
यो नीति हो, प्रभु ! यहाँ गनिँदैन पाप ।१६८।
त्यो पापको पनि त बोक्न उठाइ बोझा
हामी खडा भइसक्यौँ प्रभुभक्त सोझा ।
त्यो पापको डर हुने प्रभुलाइ भो, के ?
जान्छन् सबै दबिइ दुश्मन-दुष्ट-भोटे ।१६९।
प्यारो स्वदेश र नरेश भजेर मानी
त्यो राजनीति अनुसार चलेछौँदा, नी ! ।
त्यो पाप भोग्न किन पर्दछ हामिले त,
सोझो गर्‍यौँ मुलुकको अपराध के छ ? ।१७०।
यो विन्ति हामिहरूको प्रभुले तसर्थ
स्वीकार गर्नु भइ राजहवस् तटस्थ ।
गर्दै विचार पछिको सब लाभ-हानि
यो चिठ्ठिको अब जबाफ दिने त, हामी ।१७१।
आज्ञा मिलोस् प्रभु ! भनीकन हात जोडी
ती मंत्रिले यसरिविन्ति गरेर बोली ।
जे गर्नुपर्छ गर योग्य भनी त्यहाँ, त
बक्स्यो हुकुं त्यसपछी प्रभुरामबाट ।१७२।
आज्ञालिएर यसरी प्रभुको सहर्ष
मंत्री तिनोहरू बसेर सबै छथ, तं ।
भेट्ने भनेर मिति ठाउँ समेत हाली
लेखे जबाफ पनि झट्ट तयार पारी ।१७३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोडेर हातहतियार, भएर भेला
राम्रो भनी मित लगाउन सोहिबेला ।
फुर्माउँदै अरूकुरापनि एक एक
पारे तयार खुसिसाथ जबाफलेख ।१७४।
त्यो भोलिपल्ट अनि दूत दुवैं समेत
ल्याएर हाजिर गरीकन मंत्रिले, त ।
संझाउँदै तिनीहरू सित बोल्नथाली
भन्दैथिए यहि कुरा प्रभुका अगाडी ।१७५।
तिम्रो कुराहरू बुझ्यौं सब एक एक
हेर्‍यौं विचार गरि बेसरि पत्र लेख ।
हाम्रो पनी ठहर भै त्यसमा जवाफ
लेख्यौं यही तिमिहरू लिइ जाउ साथ ।१७६।
हाम्रो कुरा कुन भने, सुन, संझि संझी
राम्रो हुने दुइथरी मिलि बस्नु संल्ही ।
गर्छौं मितेरि भनि शत्रु झुके पछी, त
विद्वेषको किन लिनू अनि दुश्मनी, त ।१७७।
भेटी परस्पर बसेर कुरा मिलाई
त्यो प्रेमले पनि सहर्ष गला मिलाई ।
प्यारो गरी मित लगाउनु हुन्छ वेश
आफस्त भैकन बसौं, झगडा त, के छ ? ।१७८।
निःशस्त्र भैकन सबै हतियार छाडी
हाम्रो परस्पर त, भेट हुँदा अहाडी ।
केही रहन्न खतरा दुइतर्फलाई
फेरी विचार गरूँला पछिको भलाई ।१७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेटे पछी भइ परस्पर चित्त साफ
दीगो हुने दृढ भई पछिको मिलाप ।
कार्य हुँदैं अनि त आउनु जानु फेरि
होला निरन्तर रही रहने मितेरी ।१८०।
हाम्रो हुने भइ मिलाप त, भेटबाट
थ्यो रोक्नु हुन्न अहिले शुभ भेटघाट ।
भेटे पछी दुइ थरी मन शुद्ध पारी
गर्छौं परस्पर कुरा पछिको पछाडी ।१८१।
जाऊ तसर्थ यहि चिठ्ठि लिएर हाम्रो
ल्याऊ अनी तिनीहरूकन हुन्छ राम्रो ।
निर्धक्क भैरहनु है, पछिको कुरामा
कल्याण हुन्छ सब भेट भए ~~भए~~ छँदामा ।१८२।
सम्झाउँदै यहिकुरा दुइ दूतलाई
चिठ्ठी र सांवल दिएर खुसी गराई ।
ती मंत्रिले दिइ बिदा, जयशब्दसाथ
भोटे हिँडे प्रभुकनै निहुराइ माथ ।१८३।
मंजूर छन् मित लगाउन गोरखाली
भन्ने कुराहरू सुनेर अनी पछाडी ।
चाँगे र सार्तुन दुवै भइ दंग आफैं
ठान्दै थिए विजय भो भनि गोरखाकै ।१८५।
हाम्रै भनाइ अनुसार गरेर काम
आयौ भनेर दिइ दूतकनै इनाम ।
ती दंग भै दिन गनीकन ठिक्क पारो
मैत्री लगाउन भनेर हिँडे अगाडी ।१८५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंत्रीहरू अनि यता तिर गोरखाका
आफ्नो लगेर हतियार बडो चनाखा ।
त्यो बालुवा ब्यँसि नजीक दुरूस्त पारी
राखे दबाइ जमिनै बिच गाडि गाडी ।१८६।

त्यी भेटघाट गरिने दिनमा दुरूस्तै
राजा बनाइकन नक्कलि एक उस्तै ।
पाल्की चढाइ उसलाइ अगाडिसारी
निःशस्त्र भैकन हिँडे सब गोरखाली ।१८७।

ती बालुवाब्यँस पुगेर बडो रमाई
भोटेहरूसित बसेर गला मिलाई ।
गर्दैथिए मितलगाउनको तयारी
बिग्रचो कुरा कलहको बिउ बढ्नथाली ।१८८।

आफनो झिकेर हतियार तुरून्त फेरि
ती गोरखालीहरूले सबतर्फ घेरी ।
भोटेहरूकन, त काटि दिए तमाम
मौकानुसार परिपूर्ण गरेर काम ।१८९।

चाँगे मऱ्यो त्यसबखत् तरबार खाई
भागेछ सार्तुन कुदेर बडो छकाई ।
आएजती फउज लस्कर काटिँदा, ती
पाऊपरे अनिपछी दशबाऱ्ह बाँकी ।१९०।

भोटे तिनीहरू त बाँकिबचे जतीका
जोडेरहात निहुरेर रूँदै अनी, ता ।
हामीहरूकन नमार, नमार भन्दै
भन्दै थिए यसरि विन्ति गरेर जम्बै ।१९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो कुरा रतिभरै न सुनेर पापी
चाँगे मऱ्यो छल र जाल चिताउँदा, को ।
त्यस्ले गरेसरहकै फल पाउँदा, त
भो, गोरखाधिपतिकै अब बारपाक ।१९२।

चाँगेमरे त पनि सार्तुन उंकँदा, को
कच्चा भयो मुलुक कायम गर्न बाँकी ।
पाल्नूहवस् अब सँगैलिइ हामिलाई
कब्जागराइ दिउँला सहजै मिलाई ।१९३।

हूँ भारदार सब हामिहरू त्यहाँका
रैती भयौँ अब सरासर गोरखाका ।
श्री रामसाहकन नै प्रभु मानिमानी
सक्छौँ छिटै मुलुक कायम गर्न हामी ।१९४।

स्यार्तान्सँगै सर भएपनि बारपाक
बाँकी प्रदेशहरूछन् अरू नै त्यहाँ, त ।
हामीरहचौँ यदि भने, सब साथसाथ
कब्जा जमाइ लिउँला सब एकसाथ ।१९५।

चाँगे मरेर मुलुकै भइ गोरखाको
हामी प्रजा भइसक्यौँ सब गोरखाको ।
लिन्छौँ दुहाइपनि ता प्रभुरामको, त
लौ, हामिलाइ अब सक्छ मार्न को त? ।१९६।

यस्तै पुकार गरि जीवनदान मागी
भोटे तिनीहरू भएजति भुक्नलागी ।
भै गो, न मार, यिनीलाइ त घेरिराख
भन्दै थिए यसरि मंत्रिहरू त्यहाँ त ।१९७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गोरखेश्वर महाप्रभुको दुहाई
भन्दैंरहे पछि त आतसमा कराई ।
जान्छन् न झंटिकन बाघ र भालुसम्म
यो मन्त्र हामिहरूकों छ बुझ्यौ ! अचम्म ।१९८।

हाम्रो पवित्र उहि मंत्र, त थाहापाई
लिन्छन् रूँदै यिनीहरू प्रभुकै दुहाई ।
भन्छौं, तसर्थ यिनीलाइ त मार्नुहुन्न
यिन्को गुहार दिनु पर्दछ छोड्नु हुन्न ।१९९।

प्रत्यक्ष हामिहरूको बुझ देवता, त
राजा र रानि दुइटै हुनुहुन्छ साथ ।
पाएर आशिष उहाँहरूबाट हामी
सर्वत्र नै सफल छौं भइ भाग्यमानी ।२००।

कब्जाजमाइकन आउनु बारपाक
भन्ने हुकुं हुन गएर बिदाहुँदा, त ।
त्यो काम पूर्ण न गरीकन हाम्रिले, त
फर्की उहाँसँग त, गर्नु भएन भेट ।२०१।

तस्मात्, भएजति कुराहरू लेखि लेखी
अर्जी चढाउनु पऱ्यो सब हामिले, को ।
त्यसमाथि जो हुकुमबक्सनुहुन्छ फेरि
सोही बमोजिम गरौं, सब हेरि हेरी ।२०२।

यस्तै विचार गरि मंत्रि र भारदार
लेखेर झट्पट भएजति हालचाल ।
अर्जी चढाउनु भनी प्रभुरामलाई
बिश्वासि मानिस पठाइ दिए कुदाई ।२०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो पत्र वाहक ठिटो दुगुरेर आई
अर्जी चढाउन पुगी प्रभुरामलाई ।
त्यस्को जवाफ पनि झट्ट लिएर फेरि
आई पुग्यो नजिकमैं न गरेर देरी ।२०४।

एकान्तमै अनि त मंत्री बसेर सारा
बुझ्नानिमित्त गहिरो प्रभुको इसारा ।
त्यो पत्र खोलिकन झट्पट् सुस्तसुस्त
पढ्दैथिए यहिकुरा त्यसको दुरूस्त ।२०५।

इच्छानुसार सब काम भएछ राम्रो
त्यो बार पाक हुनगो जितिएर हाम्रो ।
स्यार्तान् सँगै अब छिटो गरि बारपाक
कब्जा गरीकन सबैतिर शान्ति राख ! ।२०६।

चाँगे मरे पनि त, सार्तुन उंकनाले
गर्ला बिगार, उसलाइ त खोजनथाले ।
भोटे घलेहरू त रैति भएर सोझै
राजी गराउनु छिटो अनि शान्ति भो, है ! ।२०७।

भोटेहरू पनि त जो दश बाऱ्ह छन्, ती
ठान्छू अवश्य पनि कायल नैं हुनन्, तो ।
देखाउ लौ, अब इमान भनो तुरून्त
सार्नू तिनैकन अघिल्तिर काम हुन्छ ।२०८।

दिन्छू तिनीहरूकनै म पनी इनाम
भन्ने कुराहरू सुनाइ दिँदै तमाम ।
संझाउँदै तिनीहरूकन शान्ति देऊ,
सार्दै अघिल्तिर तिनैसित काम लेऊ ! ।२०९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती भारदार अघिका हुनगैं त्यहाँका
सक्छन् प्रसन्न गरि राख्न सबै इलाका ।
आशा दिँदैं थरो थरी पछिको तसर्थ
आफ्नो बनाइ तिनिलाइ त, राख्नुपर्छ ।२१०।
उद्दण्ड दुष्टहरू माथि गरो कडाई
सोझा र साधुहरूलाइ सँधै रसाई ।
हाम्रो पवित्र ऊहि गौरव राखि राखी
कब्जा जमाउनु सबैतिर शान्ति राखी ।२११।
पढ्दै हुकुं यति सबै त्यसपत्रबाट
मंत्रीहरू खुसिहुँदैं अनि एकसाथ ।
पायौं प्रकाश, हटिगो अब अन्धकार—
भन्दै, तुरून्त अघिसर्न भए तयार ।२१२।
भोटे हरू अनि तिनैं दशवान्ह बाँकी
ल्याऊ भनी त्यहिँ अघिल्तिर राखि राखी ।
आक्रन्त झैं गरि नरंसित बोल्न थाली
संझाउँथे यसरि मंत्रिहरू पछाड़ी ।२१३।
तिम्रो कुराहरू बुझ्यौं ! सब एक एक
श्री गोरखाधिपतिले सुनि बक्सिएछ ।
छोडी दिनू तिमिहरूकन झट्ट, भन्दै
बक्स्यो हुकुं पनि यहाँ, खुसि होउ जम्बै ।२१४।
रैती भयौं अब त हामिहरू उहाँके
भन्ने विचार मनभित्र लिएर आफैं ।
बस्छौ कि, सेवक भएर यहीं उहाँको
लिन्छौ कि, आफुखुसिले अरूतर्फ बाटो ।२१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिम्रा उपर्नै रहँदा करकाप हाम्रो
जे गर्दछौ गर विचार गरेर राम्रो ।
जान्छौ भने पनि सबैं खुसिसाथ जाऊ !
आफन्त भैकन बसे पनि बस्न आऊ ! ।२१६।

मंत्रीहरू अडिनगै यतिसम्म बोल्दो
भोटेहरू अनि त हत्पत हात जोडी ।
श्री गोरखाधिपतिको जय भन्नथाल्दो
भन्दै थिए यसरि विन्तिगरी पछाडी ।२१७।

राजा भनेर अब ता प्रभुरामलाई
मानीसक्यौं शरणमा पनि पर्न आई ।
त्यो पाउको अभय आश्रयमा न लागी
रोएर हामिहरू जाउँ कता अभागी ।२१८।

विश्वास हामिहरूमा न भएर हो, कि ?
जाऊ भनीकन बिदादिई बक्सियो, कि ।
हो यो कुरा यदि भने, अहिल्यै तुरुन्त
यो ज्यान हामिहरूको लिनु बेस हुन्छ ।२१९।

राजा भनेर विजयी प्रभुरामलाई
भाग्यै खुलेर निहुरीकन मान्न पाई ।
रैती भएर सब सेवक भै उहाँको
पाऊ न पक्रिकन हामि हिँडू कहाँ, पो ? ।२२०।

राजा रिझाउन सके, सहजै तुरुन्त
इच्छा पुगेर मनको, सुख शान्तिहुन्छ ।
मन्ने, यही दृढ विचार लिएर साँचो
हाजीर छौं चरणसेवक भै उहाँको ।२२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो सहाय न लिएपनि ता तुरून्त
कब्जा जमाउन सरासर सक्नुहुन्छ ।
हाम्रो इनामपनि हेर्नु भए तथापि
कब्जा भयो भनि दिनोस् अहिल्यै त्यहाँ, की ।२२२।
होला कि, हामीहरूबाट बिगार भन्दै
सन्देहको न लिनुहोस् अब कत्ति धन्दै ।
राजा भनेर निहुरी प्रभुराम मानी
फेरी दगागरि कतातिर जाउँला, नो ! ।२२३।
राजा नमानि न हुने भइ हामिलाई
मानीसक्यौं झुकि झुकी प्रभुरामलाई ।
हाम्रो बताउनुहवस् अरू को छ राजा
के निंतिमा गरिरहूँ अब विघ्नबाधा ।२२४।
सोझो छ हामिहरूको सब यो भनाई
पत्याउनोस् अब सरासर हामिलाई ।
हामी पनी भइसक्यौं सब गोरखाली
सेवा लिनोस् अब त, हामि सँगै अगाडी ।२२५।
भोटेहरू त्यसबखत् यहि विन्ति गर्दै
रोए कि मंत्रिहरूको जब पाउपर्दै ।
हाम्रै भयौ तिमिहरू अबदेखि भन्दै
बोल्दै थिए यसरि मंत्रि मिलेर जम्बै ।२२६।
रैति भयौ अब सबै प्रभुरामको, त-
भन्ने कुराहरू बुझाइ दिएर पो, त ।
खाने कि, जागिर यतै, घर फर्कनेहो
भन्ने यही तिमीहरूसँग सोधिएको ।२२७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्यार हामिहरूले न गरेर सोझै–
जाऊ भन्यौँ, भन, कहाँ, किन आतियौ हैं !।
देखाउँछौं अब, भने सरहै इमान
राजा रिझाउ खुसिसाथ गरेर काम ।२२८।
भो गोरखा सरह नैं अब बारपाक
सारा बरावर भए प्रभुका प्रजा, त ।
हामी तिमी सव भयौँ अब, गोरखाली
राजा रिझाउ अब आउ, बढी अगाडी ।२२९।
त्यो बारपाक मिसिएर त, गोरखामा
यौटै भएर सव भेद हटे छँदामा ।
तिम्रो र हामिहरूको हुन आइ साझा
यौटै उदाउनु भयो प्रभु रामराजा ,२३०।
हामी तिमी अब त एक भएर साथी
पूरा गरीकन भएजति काम बाँकी ।
पाऊ समाउन पुगौँ प्रभुको तुरून्त
आउ, अगाडिसर लौ, यहि बेस हुन्छ ।२३१।
स्यार्तान् समेत गरि कायम बारपाक
फर्केर हामिहरूकै रहि साथसाथ ।
पाएर दर्शन पनी प्रभुको सहर्ष
तिम्रो हुनेछ अनि जागिरको ठह, र्त ।२३२।
तिम्रो भएजती बुझी सव काजकाम
सोहीवखत् दिनुहुँदै प्रभुले इनाम ।
बक्सिन्छ इज्जत र जागिर एकसाथ
हाम्रा भयौ तिमीहरू उठ, आउ साथ ।२३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो गोरखालिहरूको रसिलो भनाई
पाएर सुन्न खुसिले मन रंरमाई ।
हामी पर्‍यौं शरणमा प्रभुकै भनेर
भोटेहरू अनि त ढुक्क भए झुकेर ।२३४।
जाउँ तुरून्त अब लौ भनी बारपाक
भोटे तिनीहरूकनै लिइ साथसाथ ।
सेना बढाइ विजयी भइ गोरखाली
बढ्दै हिँडे मुलुक कायम गर्न थाली ।२३५।
भोटे तिनैकन अघिल्तिर सारिसारी
बढ्दै गएर सहजैसित गोरखाली ।
राजी गरीकन सबै जनता त्यताका
कब्जागरे सब जिते जतिको इलाका ।२३६।
आफ्नो चलाइकन शासन शान्तिसाथ
भोटे हरूकन लिएर तुरून्त हात ।
कब्जा गरूँ अब अरूतिर भन्नथाली
हेर्दैथिए अनिवरीपरि गोरखाली ।२३७।
राजा न मानिकन आफु खुसी हुने, ती
खोला अठारैशयका बटुलेर रैती ।
संझाउँदै सब तिनीहरूलाइ फेरि
कब्जागरे अनि उता पनि उत्ति खेरि ।२३८।
आयौं भनी शरणमा प्रभुरामकै, ती
निर्धक्क भैकन रहो सघिएर रैती ।
कब्जा भएजति तिनैतिर एकसाथ
त्यो शान्तिपूर्ण फिँजियो प्रभुकै प्रताप ।२३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रैती सताइकन ठालुठुला हुनेको
सातो उडेपछि त रैति पिन्हाउने, को ? ।
श्री गोरखाधिपतिकै गुणगान गाई
रैती बडो खुसि भए सुख शान्ति पाई ।२४०।
निद्रा न पाइकन छट्पटिने बिरामो
निद्रापरे पछि सुते सरि ढुक्क मानो ।
निर्धक्क भैकन भजो प्रभुरामराजा
सोझा प्रजाहरू भए खुसिसाथ ताजा ।२४१।
रैती रसाइकन हातलिँदै तमाम
आफ्नो प्रबन्ध बलियो गरि ठाम ठाम ।
पूरा गरी मुलुकको सब काजकाम
आँटे, ति मंत्रिहरूले प्रभुछेउ जान ।२४२।
फर्केर मंत्रिहरू हिंड्न तयार छन्, है–
भन्ने सुनेपछि त सन्सनिएर जम्बै ।
आएर मुख्य जति रैतिहरू तमाम
विन्तिगरीकन अडे सब साथ जान ।२४३।
कस्तूरी चामरसमेत अनेक भाँति
जम्बा गरी बिजहरू उपहारका, ती ।
राजा चिनेर गइ पाउ दुवै समाऊँ
भन्दै थिए तिनिहरूसँग जान पाउँ ।२४४।
रैंती भएपछि त हामिहरू उहाँको
हाम्रो पुगेर हक पाउ समाउना को ।
जान्छौं झुकेर सब दर्शन गर्नलाई
ली जानुहोस् सँगसँगै अब, हामीलाई ।२४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै पुकार यति विन्ति चढ़ाउँदै, ती
जान्छौं भनी सब तयार भएर रैती ।
साथै लिईकन तिनै जनता तमाम
मंत्री हिँड़े, खुसिहुंदै प्रभु छेउ जान ।२४६।
भोटे घलेहरू समेत लिएर रैती
मंत्रीहरू खुसि हुँदै घर फर्कँदै, ती ।
आई पुगेर जशिला भइ गोरखामा
भुक्तै सरासर पसे प्रभुको सभामा ।२४७।
पाएर दर्शन पनी प्रभुको सहर्ष
विन्ति गरीकन भएजतिको खब, तं ।
भोटेहरूकन लगेर भुकाउँदै, ती
देखाउँथे प्रभु, यिनै भनि भक्त रैती ।२४८।
हामी भयौं अब भनी प्रभुकै प्रजा, पो
ती लम्पसार भइ पाउ परी उहाँकों ।
यो पाउ छोड्न न परोस् भनि वारवार
गर्दै थिए सरल भक्ति सँगै पुकार ।२४९।
ल्याए जती थरी थरी उपहार फेरि
राखेर पाउ नजिकै बसि घेरि घेरी ।
यो पत्र पुष्प सरहै उपहार-भेटी
स्वीकार होस् प्रभु भनेर कराउँथे, ती ।२५०।
सोझा ति रैतीहरूबाट भए जतीको
मद्दत् समेत सब हाल सुने पछी पो ।
मेरा भयौ तिमिहरू भनि हर्ष साथ
सौगात स्वीकृत भयो प्रभुरामबाट ।२५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मद्दत् गऱ्यौ समयमा अघि हामलाई
आयौ यहाँ पनि त मैसित भेट्नलाई ।
तिम्रा उप खुसि भएँ म पनी तसर्थ
भन्ने हुकुं दिनु भयो, प्रभुले सहर्ष ।२५२।

गर्दै सभा अब ठुलो खुसियालिसाथ
तिम्रो कद मं, गरूँला भनि बक्सँदा, त ।
भोटे बिदा भइ उठे जय गानगाई
आरामि साथ अनि मेट्न हिँडे थकाई ।२५३।

ती भित्रिया छथर मंत्रि रहेर, बाँकी
रानी मुमा नजिक भुक्न पुगेर माथी ।
ल्याए जती चिजहरू सबभोटबाट
सौगात अपण गरे लगि भक्तिसाथ ।२५४।

खोला अठारसय सम्म बढाइ हात
स्यार्तान् समेत जितियो भनि बारपाक ।
रानीमुमा सँग त बिन्तिगरी बयान
आशीष पाइकन मंत्रि फिरे तमाम ।२५५।

त्यो बारपाकजयको खुसियालिसाथ
रैती समेत बसि फेरि सभा हुँदा, त ।
मंत्री र सैनिक र रैति समेतलाई
बक्स्यो यथोचित इनाम, खुसीगराई ।२५६।

जागीर साथ दिनु भैकन मान फेरि
भोटे हरूकन पनी सब काम हेरी ।
गर्नू भयो सबकनै प्रभुले प्रसन्न
भन्थे सबै खुसिहुँदै प्रभु धन्य धन्य ।२५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मंत्रीहरू लिइ सँगै प्रभु रामबाट
यस्तै इनाम दिइ बक्सिई हर्षसाथ ।
भोटे तिनीहरू समेत नजीक राखी
बक्स्यो हुकं त्यस पछी यसरी थहाँ, की ।२५८।
आफ्नो रिति स्थिति सबै न चलाई पक्का
जित्तें हिंडे पनि त कीम रहन्छ कच्चा ।
कब्जा गरे जति सबतिर नैं तसर्थ
आफ्नै रिति स्थिति र कानुन राख्नुपर्छ ।२५९।
डाँका र चोरहरूको भय तापबाट
आफ्नो प्रजाकन बचाउँ गरेर राख ।
जाली र दुष्ट फटहाहरूबाट फेरि
सोझा र सज्जन बचाउनुपर्छ हेरी ।२६०।
निष्पक्ष भएर दिएर नियाँ निसाप
अन्याय गर्न न दिनु गरि पक्षपात ।
रैती हरूकन दबाइ निचोरि थालो
लुछ्नें न होस् अधमहाकिम-कर्मचारी ।२६१।
रैती रूदै हरबखत पिरिए भने, त
त्यो राज्यको कसरि फेरि भलो हुने, त? ।
यो देश नैं बुझ, सब फुलबारि हाम्रो
रैती फुलेर बिरूवा अनि हुन्छ राम्रो ।२६२।
रक्षा गरीकन बुझ्यो, पहिले, प्रजाको
सर्वत्र न सुख र शान्ति फिंजाउँदा पो ।
राजा भनीकन अनी निहुराइ माथ
मान्छन् प्रजा पनि त, आदर भक्तिसाथ ।२६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो जित्यौं, तुलपरे अति बारपाके
रैतीहरूसँग त, शत्रुपना न राखे ।
ती रैती छन् अब त आश्रित हेर मेरा
हाँसो खुसी रहि रहुन् हरदं उज्याला ।२६४।

हाम्रो रिति स्थिति चलाउन रोकि रोकी
रैती भँडाइकन ठालु हुनेछ जो, को ।
यो भँडलाइ न समाउनुपर्छ थर्दै
हेर्नू यताउति विचार गरेर घुंदै ।२६५।

चिन्छन् घलेहरू थिए फटहा त्यताका
घुंन यिनैकन लिएर सबै इलाका ।
थुन्नू समाइ फटहाँजति छानि छानी
सोझा प्रजा खुसि रहुन सब ढक्क मानी ।२६६।

निर्धक्क पारिकन रीति सबै रसाई
आफ्नो रिति स्थिति र कानुनमा चलाई ।
बाटो बताइकन हिँडन समेत बेस
पक्का गरे, सब जिले जतिको प्रदेश ।२६७।

यस्तो हुकुं दिनु हुँदै प्रभले सभामा
सर्दारिको पगरि इज्जत बक्सिँदामा ।
रानु ति पिहरू समेत भवानि पाँडे
सेना लिएर खटिए भई भोट जाने ।२६८।

ती बारपाकि हरूलाइ लिएर साथ
सर्दार तो दुइजनै पुगि बारपाक ।
स्याउर्लेन् सँगै घुमिघुमी सब रूट-भोट
सातो लिए वरि परी खल दुष्टको, त ।२६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जालो र दुष्ट फटहा जति घेरि घेरी
पक्रेर कायलगराइ थुनेर फेरि ।
सर्दार ती दुइ भएर बडो चनाखा
राखे रसाइकन रीति सबै त्यहाँका ।२७०।
आफ्नै रिति स्थिति र आर्य परम्पराको
चाला चलाइकन काम सको त्यहाँको ।
खोस्छौं भनेर अब तिब्बतकै प्रदेश
सर्दार तो अघिबढे अति फूर्तिले, त ।२७१।
आज्ञा र आशिष ठुलो प्रभुवाट पाई
बढ्नू थियो उचित, तिब्बत पस्न लाई ।
सोध्दै न सोधि सहसा, प्रभुलाइसम्म
सर्दार ती अघिसरे किनहो ? अचम्म ।२७२।
देखाउँछौं असलकाम भनेर हो वा ?
तिन्को त्यसै किसिमको भवितव्य हो, वा ? ।
सेना लिईकन गरी विजयाभियान
लम्के तिनीहरू त, तिब्बत भित्र जान ।२७३।
सेना बढाइकन गै रसुवा किनार
अत्यन्त वेग सित भंडन भै तयार ।
ती केरूँगेहरूकनै अति हेपि हेपी
चिठ्ठी दिए, निहुर आउ भनेर लेखी ।२७४।
त्यो गोरखालीहरूको चिठी पत्रपाई
मौका मिलेर सहजै छलगर्न पाई ।
सत्कार गर्न भनि आइ पुगेर फेरि
ती केरूँगेहरू झुके सब उत्ति खेरि ।२७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो अडेर भिडिने बल शक्ति के छ
मान्छौं तसर्थ खुसिभै प्रभु गोरखेश ।
लौ पाल्नुहोस् मुलुक गर्नुवहस् वहाल–
भन्दै, झुके तिनिहरू परि लम्पसार ।२७६।

रैती भयौं सकल हामि त गोरखाका
आफ्नो सबै अब संहाल्नुहवस् इलाका ।
ताला र कुंजि लिनु होस् सब हामिबाट–
भन्दै, झुके तिनिहरू निहुराइ माथ ।२७७।

यस्तै कुराहरू सुनीकन केरूँगेको
विश्वास मानिकन हो भनि जे भनेको ।
वैरी तिनैकन गरी अगुवा त्यहाँको
पारीतर्‍यो अनि त लस्कर गोरखाको ।२७८।

ती गोरखेहरू सबै रसुवा तरेर
आएर केरूँग अनो विजयी भएर ।
हाम्रै भयो मुलुक यो भनि ढुक्कमानो
सत्कार खाइकन मस्त परे त्यहाँ, नो ! ।२७९।

जो जो थिए प्रमुख ठालु ठुला त्यहाँ, त
थामो तिनैकन उही अधिकारसाथ ।
आफ्नो प्रबन्ध बलियो न गरेर कस्ता
सर्दार ती भुलिरहे अलमस्तजस्ता ।२८०।

हाम्रो भयो सकल केरूँग यो त भन्दै
आफ्नो बचाउतिरको नलिएर धन्दै ।
ती केरूँगेकन यसै अलपत्र छाडी
जित्छौं अरूतिर भनेर बढे अगाडी ।२८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढ्दै। पछि जब कुकुरघाटमा, ती
सुत्तै थिए सकल मस्त भएर राती ।
सोही। बखत छल गरीकन केरूँगेले
घेराहालेर हतियार चलाई पेले ।२८२।

साथै भएर अगुवा सब केरूँगे ती
सर्दार ती हइकनै निसठेर रेटी ।
काट्दै। सुते जति सुरुसुरु फौज फेरि
ध्वस्त गरे त्यसबखत सब तर्फ घेरी ।२८३।

जो बाँकि फौज बिउँभेर त गोरखाली
ती केरूँगेहरूसँग जुधि भिडनथाली ।
मार्दै। तिनीहरूकनै पनि एक एक
के हट्तथे समरका बिच गोरखे त ।२८४।

ती। गोरखालिहरूको अति मार खाई
भाग्दै हटेर दबिएपछि आततायी ।
सर्दार। ती दुइ मरेर हुँदा अनाथ
बाँकी फिर्‍यो सकल लश्कर शोकसाथ ।२८५।

भेटे नतो वरिपरी सब केरूँगेको
मुण्ट उडाइकन उत्कट रीसले, पो ।
फर्केर। लश्कर अनीपछि गोरखेको
खोलो तरेर रसुवा त्यहिँ नै अडेथ्यो ।२८६।

आफ्नो गरेर चलिथ्यो रसुवा सिमाना
ती गोरखेहरू हटेर अडे छँदामा ।
हेर्दै पनी अघि सर्न नसकेर पाछी
ती केरूँगे लुकि रहे सब काँपि काँपी ।२८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोभान्तमै बसिरहोकन गोरखे तो
धोका परे जति बयान दुरुस्त लेखी
बिन्ती चढाउन भनो प्रभु छैउमा, तो
घोडा चढेर दुगुरे दुइ चार बाँकी ।२८८।

सर्दार तो दुइजना त्यसरो मरेको
त्यस्तो सुनेर अपराध त, के गेको
लिन्छू तुरुन्त बदला यसको भनेर
आफू तयार हुनुभो प्रभु ऊनखेर ।२८९।

छोडेर सैनिक अलौकिक गोरखामा
सेनासँग प्रभु त पाल्नुहुने हुँदामा ।
खानेकुरा र हतियार लिदं तमाम
आए प्रजाहरू पनी प्रभुसाथ जान ।२९०।

चाहन्न दुःखदिन, हे म, त, रतिलाई
भन्न हुँदा पनि यस प्रभुले बुझाई ।
छोड्न सकिन्न, प्रभुको दुइ पाउ भन्दै
जाने भए खुसिहुँदै प्रभुसाथ जम्बै ।२९१।

तो राजभक्त सबै रैति समेत आई
सेनासँगै अघिसरीकन जानलाई ।
प्रस्थानको अनि त साइतका निमित्त
राजा तयार भइ जानु भएछ भित्र ।२९२।

एकान्तमा त्यसबखत प्रभुका अगाडी
गर्नहुँदै सकल साइतको तयारी ।
बिन्ती गरी प्रभुकन पट रानिले, त
संझाउदै यहिकुरा भनि बक्सिएछ ।२९३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात् भएर तिमि नै रणचण्ड़िका, त
सर्दार ता दुइ मरे कसरो त्यहाँ, त ।
के हेर्दछ्यौ तिमि भनी म सँगै रिसाई
आफैँ तयार हुनुभों प्रभुजानलाई ।२९४।
पाल्नूहवस् प्रभु, म रोक्तिन जानलाई
फिर्नू हुनेछ सहजै बदला चुकाई ।
यो विन्ति गर्छु तर, तिब्बतको प्रदेश
दीगो भएर न रही पछि खोसिने छ ।२९५।
हो आर्यको मुलुक यो त हिमालसम्म
भन्छू तसर्थ म त, तिब्बत पस्नु हुन्न ।
ती केरूँगेहरूकनै तहलाई खाली
छोटैं यतातिर फिरोस् प्रभुको सवारी ।२९६।
दखिखन् र उत्तर दुवैतिर हेर्नछाडो
पूर्वँ र पश्चिम बढुन् भनि गोरखाली ।
बिन्ती गरें अघिपनी प्रभु, याद होला
सीमान्त हामिहरूको रसुवंछ खोला ।२९७।
ती केरूँगेहरूको तहलाउने भै
यो रोस पोखिकन वैर सघाउने भै ।
पस्न हुँदै प्रभु त केरूँग एकपल्ट
फेरी प्रसन्न हुनु भै घर फिर्नुपर्छ ।२९८।
दासी छँदैछ सँगमा भनि यो त यौटी
चिन्नु भएर पनि अद्भुतकी अनौठी ।
आफैं स्वयं प्रभु अहो ! किन जानु पर्ने
भन्नू हवस् भिडिइ को सित युद्ध गर्ने ।२९९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेना लिँदै प्रभु त बढ्नु भयो भने, त
यो मर्त्य मंडल सवै प्रभुको हुनेछ ।
प्रस्थान दिल्लि तिरको न गरेर यो त
के जित्न खोजिकन पाल्नु हुने त, भोट ३००।

भै गो, म रोक्तिन चलोस् प्रभुको सवारी
सेना समेत दुनियाँ पनिछन् तयारी ।
आफ्नो जितेजति त हेर्नुहुँदै प्रदेश
डुल्नू हवस् लहड्ले यहि हुन्छ बेस ।३०१।

सर्दार ती दुईजनै किन मारिए त
भन्नूहुँदै रिस अझै म उप भेए त ? ।
सुस्पेर नै त्यसरि दुश्मनलाइ घाँटी
नालायकै भइ मरे दुइटै त्यहाँ, ती, ।३०२।

कब्जा गरेर लिइ दुश्मनको प्रदेश
फेरी तिनैकन बहाल गरी दिए, त ।
धोका हुनेछ पछिको भनि देख्नु पर्ने
यस्तो विचार न भएर भए ति, मर्ने ।३०३।

आफ्ना पछिल्तिर त दुश्मनलाइ छाडी
बढ्दैन मूर्ख पनि झट्ट यसै अगाडी ।
ती मूर्ख भैकन बढे त्यसरि भने, त
यस्मा बताउनु हवस् अब दोष के त ? ।३०४।

आफ्नो जिते जति तिनैतिरको इलाका
कायं गराउन भनी खटिँदै त्यहाँ, ता ।
केका निमित्त अनि केरुंगमा पसेको
बढ्ताहुँदैं तिनोहरू त्यसरी मरेको ।३०५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तो मारिएर न लिनोस् प्रभु, रीस-शोक
जन्मेपछी न मरि बाँचि रहन्छ को, त ? ।
संग्राम मैं जुधि मरो प्रभुका निमित्त
संसार सागर तरेर भए ति, मुक्त ।३०६।
त्यस्तै भएर भवितव्य विधानबाट
सर्दार तीदुइ मरे त्यसरो त्यहाँ, त ।
यो रीसमा प्रभु त पर्नु हुँदैन राम्रो
जित्नू भए पनि, त केरूँग हुन्न हाम्रो ।३०७।
तो बारपाकिहरूको कि त भाग्यजागी
पाल्नू हुने प्रभु त उत्तरतर्फ लागी ।
पाएर दर्शन उता प्रभुको सहर्ष
ती रैतिको पनि त संकट दु:ख टर्छ ।३०८।
विन्ती गरेर यसरो प्रभुलाइ फेरि
बस्नै म सक्तिन अड़ेर भनो अकेली ।
पाऊ सँगै लुकिलुको म, त, आउँला, ना !
भन्दै, त्यहाँ अनि त हाँस्नु भएछ रानी ।३०९।
त्यो विन्तिले अलि अलो अनि हाँस्न थाली
लौ, हेरूँला, म पनि आउ भनेर काली ।
जिद्दी म गर्दिन नि, तिब्बत जित्नलाई
भन्दै जवाफ दिनुभो प्रभुले बुझाई ।३१०।
सर्दार तो दुइजनै त्यस रीतबाट
मर्दा पनो वसिरहे म त चूपचाप ।
तो केरूँगे अघिसरी अभ्र हेर्न थाली
त्यो बारपाक पनि खोसिलिनन् पछाडी ।३११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोटे भएर ति पनी सब वारपाके
भोटेहरूसँग नमिल्नु रह्यो कुरा, के ? ।
हेपेर हामिहरूलाई बुझ्यौ ! पछाडी
चल्छन् ति दुश्मन उपद्रब गर्न थाली ।३१२।

ती केरूँगेसँग न लै बदला समेत
नामर्द झैं बसिरहें म, यसै भने, त ? ।
हाम्रा जबाँनहरूको पनि हामि माथी
श्रद्धा रहन्न पछि हुन्छ बडो न जाती ।३१३।

यस्तै समस्त परिबन्ध परेछँदा, नी !
आफैं तयार भइ भिड्न हिंडे, म, रानी ! ।
तो केरूँगे सँग सबै बदला चुकाई
फर्कन्छु हेर ! पछिको झगडा मिटाई ।३१४।

जित्छू भनेर गइ तिब्बत भित्रपस्तै
बंढ्ने म होइन वुझ्यौ ! भइ मूर्ख जस्तै ।
ती शत्रुको लिइ सबै बदला र सातो
फिर्नेछु मस्तक उँचागरि गोरखाको ।३५१।

यस्तै हुकुं दिनुहुँदै पछिबाट फर्कि
हाँस्तै मुसुक्क रसिलोसित हेरिहेरी ।
त्यो प्रेमका वचनले अति हर्ष मानी
भन्नू भयो, अब त, चित्त बुज्यों कि रानी, ! ।३१६।

प्रस्थानको शुभ भयो अब हेर वेला
भन्दै खडा हुनुहुँदै प्रभु सोहि वेला ।
देऊ बिदा अब छिटो भनिबक्सँदा, नो !
पाऊ समाइकन झुक्नु भएछ रानी ।३१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संग्राममा जय दिने वहुतै अनौठा
यो, कालिको लिनुहवस् प्रभु खड्ग यौटा ।
भन्दै तुरुन्त कसि कम्मरमा समेत
मालालगाइ दिनु भो अनि रानिले, त ।३१८।
सोहीबखत् अनि पुरोहित आउनू भै
पूजागरी सब विधान पुऱ्याउनू भै ।
टीकाप्रसाद दधि अक्षत कालिकाको
पैऱ्हाउँदा अनि त साइत भो उहाँको ।३१९।
आफैं हिँडिन् अब अगाडि सरेर काली–
फन्दै, मुसुक्क मसिनो सित हाँस्न थाली ।
टक्र्याउँदै प्रभुकनै फलफूल भुक्तै
रानी खडा हुनु भयीं निहुरेर रूक्तै ।३२०।
ती केरूँगेसँग सवैं बदला चुकाई
फर्कन्छु है, बस भनीकन रानिलाई ।
निस्को पुरोहित सँगै दरबार बाट
राजा तयार हुनुभो अनि फूर्तिसाथ ।३२१।
घोडा उप र्पनि त राज गरेर फेरि
कारूण्यसाथ दुनियाँहरू तर्फ हेरो ।
प्रस्थानको लिनुहुँदै खुसिले सलामी
घोडा बढ़ाउनु भयो अनि हर्ष मानी ।३२२।
श्री गोरखाधिपतिको जय घोष गर्दै
काली ! सहायगर है भनि विन्ति गर्दै ।
लाग्दै अगाडि र पछाडि पनो उहाँको
बढ्दै हिड्यो अनि त लश्कर गोरखाको ।३२३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजा स्वयं त्यसरि पाल्नु भई रहेको
सुन्दैं खब र्वरि परी फिँजिँदै पुगेको ।
निस्केर गाउँघरका सब भक्त रैती
झुक्थे सबै सडक छुउ खडा हुँदै, तो ।३२४।

आफ्ना ति रैतिहरूको खुसिको प्रणाम
स्वीकार साथ लिनु भै कन ठाम ठाम ।
विश्राम साथ बिचमा बसि तीन रात
पुग्नू भयो खुसि हुँदै प्रभु बारपाक ।३२५।

पाल्नू भयो प्रभु अहो ! भनि हर्षले, त
रैंती र मुख्य अधिकारिहरू समेत ।
सत्कार गर्न दुगुरेर पुगे अगाडी
पाऊ परीकन लगे प्रभुको सवारी ।३२६।

आफ्नो भएर्जति तिनैंतिरको इलाका
सर्वत्र शान्ति छ भनी बुझिए छँदा, ता ।
त्यो बारपाक बिचमैं अनि शान्तिसाथ
विश्राम गर्नु भइ बस्नु भएछ नाथ ।३२७।

सीमान्त रक्षकहरूकन एक एक
बोलाउँदै अनि त गर्नु भएर भेट ।
शिक्षादिँदै तिनिहरूकन योग्य नाना
पुग्नू भयो प्रभु अनी रसुवा सिमाना ।३२८।

सर्दार ती दुइ मरे भनि रीसले त
पाल्नू भएछ भिडिनै भनि गोरखेश ।
सातो उडेर डरले गरि केरूंगोको
काँपेर थर्थरि, भए सब तो रूने, पो ।३२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पापीहरू जति थिए पहिला लहर्का
भागेर मद्दत लिनै ति पुगे दिगर्चा ।
कोही तुरून्त दबिए घरबार छाडी
को आउँथ्यो भिड़िन युद्ध गरी अगाडी ।३३०।

भोटेहरू ति पनि निर्बल भै दिगर्चे
श्री रामसाहसित के भनि युद्ध गर्थे ।
यिन्को हवस् प्रभु भनी अपराध माफी
आए झुकी शरण पर्न सबै त्यहाँ, ती ।३३१।

त्यो गोरखालिहरूको लिइ वीरसेना
श्री रामसाह रिस साथ अघीसरेमा ।
को सक्छ केरूँग बचाउन फेरि भन्दै
भोटेहरू अनि त छट्पटिए ति जम्बै ।३३२।

तर्नै नदीकन नदी रसुवा तसर्थ
ती वीरलाइ त उतैतिर रोक्नुपर्छ ।
त्यसका निमित्त हुनगो भनि झुक्नु पर्नें
भोटे भए तिनिहरू सब पाउ पर्ने ।३३३।

यी गोरूहुन् भनि भनीकन घाँस ख्वाई
ल्याई अगाडि अघिका अपराधिलाई ।
गो-वंशका उपरमा हुनुपर्छ माफ
भन्दै, झुके तिनिहरू प्रभुछेउमा, त ।३३४।

आँट्नू भयो यदि भने प्रभुले तुरून्त
सम्पूर्ण तिब्बत सरासर जित्नु हुन्छ ।
त्यो जंगली मुलुकको अधिकारबाट
भन्नू हवस् लिनुहुने कुन फाइदा, त ? ।३३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषा, रितिस्थिति र देश र वेष भूषा
हाम्रो छ है, नजरहोस् फरक समूचा ।
हामी असभ्य सब छौं वनजन्तु जस्तै
के जित्नु हुन्छ र ? जिते पनि हुन्छ कष्टै ।३३६।

गर्छौं तसर्थ निहुरी प्रभुलाइ विन्ती
यिन्को कसूर सहनोस् न गरेर गिन्ती ।
हाम्रो परस्पर रही रसुवा सिमाना
सौहार्दको असल कायम होस् निशाना ।३३७।

हाम्रो कसूरहरूमा प्रभुले क्षमा भै
सीमान्त कायम रह्यो यसरी यहाँ, है ! ।
भन्ने कुरा पनि त पत्थर खोपि खोपी
लेखौं यहाँ रहिरहोस् पछिसम्म जो, कि ।३३८।

भोटे तिनीहरू सबै यसरी दिगर्चे
यस्तै प्रकारसित निश्छल विन्तिगर्थे ।
ढक्क्याउने . प्रभुकनै उपहार–भेट
भारीहरू अनि त आइ पुगे अनेक ।३३९।

कस्तूरि भो, चमर भो, अनि पश्मिना, र
पाखी र कम्बलहरू र बिछ्याउना, र ।
फेरी जरीबुटि समेत अनेक भाँती
गर्थे समर्पण सबै प्रभुछेउमा, ती ।३४०।

यो संझँदै प्रणयको उपहार हाम्रो
स्वीकारहोस् प्रभु, भनी गरि विन्ति राम्रो ।
भोटे तिनीहरू त दंग हुँदै तमाम
गर्दै थिए प्रभुकनै निहुरी प्रणाम ।३४१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिन्को सुनेर उपरोक्त पुकार फेरि
त्यो प्रेमको पनि सबै उपहार हेरी ।
ठान्नूहुँदै सकल निश्छल नै कुरा त्यो
बोल्नू भएछ यसरी प्रभु गोरखाको ।३४२।
यी केरूँगेहरू मिलेर दिएर धोका
मेरा ति वीरहरू मारि दिएर पो, ता ।
पार्छू खरानि भनि केरूँग नै जलाई
ज्यादैं असह्य भइ रीस उठ्यो मलाई ।३४३।
त्यो रोसले यसरि हेर ! बढें अगाडी
फिर्नें थिएँ सकल केरूँग भस्मपारी ।
बिन्ती गर्‍यौ तर तिमीहरू झुक्न आई
भै गो, क्षमा गरि दिएँ अपराधिलाई ।३४४।
राम्रो पवित्र गरि कायम मित्रता, त
बस्छौ भने, मिलि जुलीकन हामिसाथ ।
खोलो तरी, किन उतातिर आउँला र ?
सीमान्त मान्छु म पनी रसुवा किनार ।३४५।
आफ्नो यही वचनको सब सत्य थामी
बस्छौं यतातिर खुसीसित हेर ! हामी ।
चल्छौ भने, तर तिमीहरू धर्मछाडी
बढ्छौं तुरून्त अनि हामि त, भस्म पारी ।३४६।
सोझो कुरा यहि परस्परको ठह भैं
लेखाउँछू त्यहि ठुलो पहरो उपमैं ।
गर्नू छ है, यदि भने, अझ हेरफेर
संझाउ लौ, पछि त फेरि कुरा न फेर ! ।३४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो सन्धिपत्र सरहै भइ हेर ! हाम्रो
पत्थ खंडा रहि परस्पर हुन्छ राम्रो।
वृतान्त लेखिकन यो सब एक एक
खोपेर गर्नु उसमाथ सही समेत ।३४८

यस्तो हुकुं दिनुहुँदा प्रभुले त्यहाँ, त
भोटेहरू खुसिहुँदै निहुराइ माथ ।
मंजूर छौं प्रभु भनी सब भुक्नथाली
खोप्तै थिए अनि त पत्थर गोरखाली ।३४९।

सर्दार ती दुइजनै त्यसरी मरेको
वृतान्त देखि पछिसम्म त जो भएको ।
लेखेर फेरि उसमा प्रभुको क्षमा भैं
सीमा यही स्थिर भयो भनि लेखियो है !।३५०।

त्यो लेख-पत्थर अभै रसुवा पछाडी
प्रष्टै रहेर पहरो बीचमा तयारी ।
झल्काउँदैछ महिमा प्रभुरामको,, त
यस्तै छ बर्णन ठुलो यसवंशको, त ।३५१।

ती केरूंगेहरू उप प्रभुले क्षमा दी
जाऊ भनेर खुसिसाथ अनी बिदा दी ।
आफ्ना जवानहरूको मन दंगपारी
फेरी घरै तिर फिऱ्यो प्रभुको सवारी ।३५२।

टेक्तै न टेकिकन केरूँगको इलाका
छोड्दे न छोडि हतियार कुनै त्यहाँ ता ।
आफ्ना अघिल्तिर यसै सब शत्रु तानी
घोप्टचाउने यहि उहाँ प्रभुको कहानी ।३५३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तो केरूँगेकन यसै तह्लाउनू भैं
श्री गोरखेश्वर अनी घर आउनू भैं ।
त्यस्तो प्रताप महिमा फिँजिँदै उहाँको
ठाडोरह्यो शिर सबै तिर गोरखाको ।३५४।
आफैं घुमेर सब तर्फ बुझे जतीको
मंत्रीहरूकन बताउनु भैं अनी, पो ।
बाँकी त्यतातिर लिने जतीको प्रदेश
संझाउँदै हुकुम यो दिई बक्सिएछ ।३५५।
सुर्तान् लुक्यो गइ बसेर बस्यारिमा, त
सल्यान हुन्छ नजिकै त्यस ठाउँबाट ।
सल्यान लेउ पहिले गरी युद्ध फेरि
सुर्तान्कनै अनि त पक्रनु के छ देरी ।३५६।
त्यस्लाई पक्रिकन लेउ छिटो बस्यारी
जित्नू तुरून्त खरि मैंध अनि पछाडी ।
बढ्दै सरासर गएर लिनू चरङ्गो
घेरेर मार्नु अनि धादिंग, लाग्छ टुंगो ।३५७।
ठूला लिएर बल मद्दत फौजसाथ
जाऊ तिमीहरू छिटो यसकाममा, त ।
काली स्वयं तिमीहरूसित साथमा भै,
जित्तै लडायिँ जशिला भइ आउला है !।३५८।
जित्नू भनेर यति उक्त सबै प्रदेश
आज्ञा र आशिष दिँदै प्रभु गोरखेश ।
आड्नू भएपछि त दंग परेर फेरि
विन्तीगरे छथरले यहि उत्तिखेरि ।३५९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएर आशिष ठूलो प्रभुबाट हामी
जित्ने भयौं सकल दुश्मन ढुक्कमानी ।
बाँकी रहचो अब, उतातिर पुग्न खाली
हाम्रो मदत् दिनु हुने हुनुहुन्छ काली ।३६०।
संग्राममा जय हुने गरि हामिलाई
वेला मुहूर्तहरू ठिक्कदिने मिलाई ।
साथैं लिएर तिनि दुर्लभ जोसिबाजे
जान्छौं भनी तिनिहरू अनि हिँड्नलागे ।३६१।
जो चाहिने फउज साथ लिँदै खजाना
निस्केर वीरहरू फेरि हुँदै रमाना ।
सल्यान हान्न भनि गण्डकि तीर आई
तर्नें कसोगरि भनेर अडे त्यहाँ, यी ।२६२।
धावा भयो भनि बुझीकन गोरखाको
जम्बै छिपाइकन डुँगिहरू त्यहांको ।
सल्यानको नृप घले भइ होशियार
बुझ्दै थियो लुकि लुकी सब कारबार ।३६३।
डुँगी न पाइकन तर्न मिलेन पारी–
भन्दै, उपाय अरू झट्पट सोच्न थाली ।
पौडेर नैं सब्ब तरौं भनि गण्डकी यो
ती गोरखालिहरूको अनि सन्सनो भो ।३५४।
आफ्ना जबाँनहरूको वहुतै प्रचण्ड
त्यो देख्न पाइकन साहसको घमण्ड ।
हाँस्तै अगाडि सरि दुर्लभ जोसिबाजे
संझाउँदै फउजलाइ त, भन्नथाले ।३६५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे वीरहो, नगर साहस जानिजानी
पौडेर तर्न सकिँदैन बुझ्यौ ! यहाँ नो ! ।
गर्छू उपाय सहजै, म त, हेर, सारा
दिन्छिन् उनै भगवती अहिले सहारा ।३६६।

मेरो कटार यहि हेरिरहू तमाम
धस्नेछु पत्थर उप सहजै यहाँ, म ।
यो गाडिएपछि, त, साइत हुन्छ भारी
निर्धक्क हेलिनु सबै तरिनेछ पारी ।३६७।

लैजान्छ हामिहरूलाई वगाइ भन्दै
शंका गरेर न लिनू मनभित्र, धन्दै ।
यो पानिमा जमिनमै सरि हिंड्न थाली
भन्छू तुरून्त दुगुरेर पुगिन्छ पारी ।३६८।

भन्नेछु है, जब म, ता जय कालिकाको
सोहीवखत् जय भनोकन कालिकाको ।
निर्धक्क हेलिनु सबै जल भित्र पस्तैं
पारी पुगिन्छ महिमा प्रभुको छ यस्तै ।३६९।

संझाउँदै यतिकुरा तिनिजोसिवाजे
आफ्नो कटार लिइ साइत हेर्न लागे ।
हेर्दै थिए भउज, भैकन सावधान
गाडे कटार तिनिले धसियो तमाम ।३७०।

तीखो कटार धसिएर फलामको, त्यो
ढुङ्गाउप जब सरासर गाडिएथ्यो ।
सोही बखत् खुसिहुँदै तिनि जोसिबाजे
काली सदा विजयते भनि भन्नथाले ।३७१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तो सुनेर जय घोष, त, कालिकाको
त्यो फौजले पनि भनी जयकालिकाको ।
निर्धक्क भैकन पसी सब पानि भित्र
पारी तरेर सहजै हुनगो विचित्र ।३७२।
पत्याउनै नसकिने बहुतै अचम्म
यस्तै प्रसिद्ध सब सत्य छ आजसम्म ।
भन्छन् भुटो भनि कुनै यदि यो, कुरा की ?
सक्छन् ती हेर्न गइ, पत्थर नै छ साक्षी ।३७३।
के जान्दथे तिनि त दुर्लभ जोसिबाजे
ढुंगाउप कसरि फेरि कटार गाड़े ।
बग्ने जलै अडिनगो कुन शक्ति पाई
यो बुझ्नु पर्दछभने ? भज कालिमाई ।३७४।
त्यो गर्जँदै जय भनीकन कालिकाको
पारी तरेर अनिलश्कर गोरखाको ।
सल्यानिका उपर भंटन थालिहाले
राजा घलेकन पनि भिडिएर मारे ।३७५।
श्री गोरखाधिपतिको विजयध्वजा ली
सल्यानका उपरमा खुसिले उचाली ।
निर्धक्क पारिकन हात लिएर रैती
गर्थे प्रवन्ध सवतर्फ खुसी हुँदै, ती ।३७६।
सल्यानमा विजय भो प्रभुको भनेर
लेखोट विन्ति गरि हाल खबर्दिएर ।
जम्वा गरी असल चीज पनी त्यहाँको
सौगात गो अनि सबै प्रभुछेउमा, त्यो ।३७७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देशली विजयको उपहारसाथ
तो आउँदा खुसिहुँदै प्रभुछेउमा, त ।
भित्र्याउने समय भै फुल पाति फेरि
राजा खुसी हुनु भयो उपहार हेरी ।३७८।
सल्यानको यहि सबै उपहार खाई
पूजा लिने मन रहेछ, र, कालिलाई ।
सौगात यो पनि पुग्यो फुलपातिसाथ
भन्नू भएछ खुसि भै प्रभुले त्यहाँ, त ।३७९।
भित्र्याउँदा अब सँधै फुलपाति हाम्रो
सल्यानको पनि पुगोस् उपहार राम्रो ।
राख्नू यही स्थिति सँधै भरि आजदेखी
भन्नू भयो त्यसपछी प्रभुरामले, की ।३८०।
आज्ञा भएर यसरी प्रभुरामबाट
प्रत्येकवर्ष अनि ता फुलपातिसाथ ।
सल्यानबाट उपहार पुगिरहेको
ऐल्हेपनी चलन यो छ चलीरहेको ।३८१।
सल्यानको अनि, त, शासन हातमा लो
बढ्दै हिंड़ेर विजयी भइ गोरखाली ।
संग्राममा भिडिइ सार्तुनलाइ मारी
कब्जा जमाउन पुगे सहजै बस्यारी ।३८२।
आफ्नो चलाइकन शासन फूर्तिसाथ
ती गोरखेहरू बढेर बस्यारिबाट ।
मारी घले नृपतिलाइ त उत्तिखेरि
धावा जितीकन बसे खरि मैधि फेरि ।३८३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्केर फेरि सहसा खरि मैंधिबाट
तो गोरखालिहरूले अनि फूर्तिसाथ ।
हुंला गरीकन ठुलो बलजफ्ति दंगा
हेप्तै सरासर बढेर पसे चरंगा ।३८४।

राजा त्यहाँ पनि घले भिडिएर आई
नोक्सान पारिकन केहि जवाँनलाई ।
गर्दै थियो बल ठुलो तर गोरखेको
चर्को प्रहार हुनगै रणमैं मेरेथ्यो ।३८५।

कब्जा गरीकन अनो यसरी चरंगा
ती फूर्तिला हुनगएर बिछट्ट चंगा ।
बढ्दै प्रचण्ड सित धादिंगतर्फ आई
घैदैं थिए गरि पराक्रम जित्नलाई ।३८६।

अल्को भएर गढि धादिंग, लेक माथी
धावा गरेर तलबाट बढेछैंदा, ती ।
ढुंगा मुढ़ा हरू खसालिदिँदै घलेले
हाम्रा जवाँनहरू मुस्किलमा परेथे ।३८७।

केही जवाँमहरू नाश भएर हाम्रो
त्यस्तो गरेर भिडिनू न भएर राम्रो ।
घेरा दिँदै अनि त धादिँगलेकलाई
ती गोरखेहरू डटे पहरा जगाई ।३८८।

ती गोरखालि हरूले तलबाट घेरी
थ्यूनै न पाइकेन पानि समेत फेरि ।
निस्केर ती विवश भै तल झर्नथाली
देखा परीकन घले भिडिए अगाडी ।३८९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तो वीरको त्यसरि सन्मुख पर्न आई
के टिक्तथे ति त घलेहरू मारखाई ।
राजा भन्यो अरू त, कैदपरे सिपाही
रैती परे शरणमैं सब झुक्न आई ।३९०।

सल्यानसाथ यति पाँच सबै प्रदेश
कब्जा गरेर सहजैसित एक एक ।
आफ्नै रितिस्थिति समेत चलाइ सारा
ती गोरखे घर फिरे भइ फूर्तिवाला ।३९१।

श्री गोरखाधिपतिको पुगि पाउमा ती
टक्र्याइ फेरि उपहार अनेक भाँती ।
आशीष पाइकन हामि भयौं जशीला
भन्दैं थिए तिनिहरू खुसिले हँसोला ।३९२।

मंत्रीहरू छथर ती खुसिले तमाम
रानी मुमाकन त गर्न पुगे प्रणाम ।
माता ! भनीकन सुनाइ मिठो पुकारा
आशीष पाइकन दंग भए ति, सारा ।३९३।

आफन्त तो छथर माथि खुसी हुनू भै
श्रीरामले अनि त, बक्सिसबक्सनू भै ।
द्वारे भनी तिनिहरूकन एक एक
त्यो बारपाक तिर जागिर बक्सिएछ ।३९४।

त्यो बारपाक तिरको पनि फेरि यौटा
विश्वासिलो ठहरिएर घले अनौठा ।
द्वारे भएछ उ पनी प्रभुको दया भैं
सारा बराबर थिए प्रभुका प्रजा है ! ।३९५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो रूद्र भोटतिरको कर– आयबाटैं
भेँडा र पाखि पनि बाँडिदिने कुरा भै ।
ती भित्रिया छ्थर आदि सबैजनाले
पाउन् भनी थिति बस्यो प्रभुकैं दयाले ।३९६।

भेँडा र पाखीहरू बाँडिदिने प्रथा त्यो
चल्दै रहेर अझसम्म त गोरखाको ।
झल्काउँदैछ महिमा प्रभुरामको, त
यो साहवंश अनि पो, जशिलो रह्यो, त ।३९७।

राजा भएर त, कद्र न गरे गुणीको
विद्वान् गुणी कसरि बस्छ भनी, अनी पो ।
विद्वान् भनी तिनि त दुर्लभ जोसिलाई
बक्स्यो इनाम यहि फेरि कुरा बुझाई ।३९८।

लेखीदिए जति सबैं प्रभुको चिनामा
प्रत्यक्ष सत्य हुनगो भनि यस् कुरामा ।
ती जोसिले दिन भरी हिँडिए जतीको
विर्ता दिनू भनि हुकुं प्रभुले दिनू भो ।३९९।

गाडेर पत्थर उप घँसिदी कटार
तारेर फौज पनि गंडकबाट पार ।
सल्यानको उहि लडायिँ जिताउँदाको
विर्ता भयो अनि त टार पनी चुन्याको ।४००।

ती जोसिलाइ यतिसम्म दिएर विर्ता
भन्नू हुँदै ऋण त, चुक्ति भएन फिर्ता ।
त्यो भोटको थमन गाउँ त नून खान
विर्ता दिँदै अझ थपी दिनुभो इनाम ।४०१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुर्तानलाई गइ पक्रनका निमित्त
मद्दत् दिने भनि खुसो हुनु भै विछट्ट ।
भोलू नदी नजिकको वन सार्किलाइ
विर्ता गरी दिनु भयो अनि खानलाई ।४०२।
त्यो युद्धमा परि मरे अघि जो सिपाही
ती वीरका पनि सबै परिवारलाई ।
विर्ता समेत दिइ योग्य ठूलो इनाम
राख्नू भयो धवल कीर्ति फिँजाई नाम ।४०३।
त्यो युद्धमा अघि सरेर भिडेर आई
बाँकी रहेजति समस्त सिपाहिलाई ।
हेरेर योग्य गरि बक्सिस बक्सनाले
सारा सिपाहि खुसि भै जय भन्न थाले ।४०४।
सानो ठुलो नभनि केवल योग्यताको
सन्मान राख्नु भइ इज्जत बक्सँदा त्यो ।
सारा प्रजा त्यस् बखत् प्रभुरामलाई
मान्दै थिए झुकि झुको गुणगानगाई ।४०५।
त्यो गोरखाधिपतिको विजया भिराम
फैलेर कीर्ति महिमा सह्र ठाम ठाम ।
राजा वरोपरि थिए अरू जो अनेकन्
संत्रस्त भै तिनिहरू निहुरो झुकेछन् ।४०६।
अर्जी चढाइकन ती प्रभु रामलाई
टक्र्याउँदै विजयका खुसिको बधाई ।
सौगातको असल चीजहरू समेत
भेज्दै थिए झुकि झुकी सब एक एक ।४०७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथी न पाइकन कोहि पनी अनी ता
सन्तापले जलि रहेर मनै पनी ता ।
माफी लिनाकन त भुवन पनी न सक्तै
ती लंजुंगे अडिरहे भइ मूढ़ जस्तै ।४०८।

ती लंजुँगे उपर झंटनका निमित्त
राजाहरू अरू भएर सबै दुरूस्त ।
मा?दै थिए प्रभु सँगै रणको इशारा
त्यो बक्सिएन, अनि शान्त भए ती, सारा ।४०९।

मदत्लिएर अरूको किन झंटुँला, म
भावी छँदैछ पछिबाट हुने विधान ।
ऐल्हे म शान्तिसित बस्तछु भो, भनेर
बस्नू भयो प्रभु त माफ दिनू भएर ।४१०।

श्री गोरखाधिपतिले न गरेर धावा
छोडे पनी ति, त डराइ भएर काला ।
बस्थे प्रछूत सरहै भइ लंजुँगे, ती
काँपेर कायल हुँदै सब चेति चेती ४११।

बाँकी न भैं अनि कतै झगडा र टण्टा
त्यो शान्तिकै मुलुक भित्र बजेर घण्टा ।
निर्धक्क आश्रय मिली प्रभुरामको, त
झुल्थे प्रजा सकल मस्त भएर पो त ।४१२।

आई परे जति विपत् सबको हटाई
पालेर पुत्र सरहै गरि रैतिलाई ।
राजा उहाँ रहनुभो प्रभुराम फेरि
रामै समान करूणामय दृष्टि फेरी ।४१३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिन्ती चढाउन पर्नो न परेर फेरि
आफैं बुझेर मुलुकं भरि हेरि हेरो ।
कोही परेछ असहाय भने, विपत्मा
त्यस्को मदत् दिनु हुने प्रभु उस्वखत्मा ।४१४।
निस्केन कोहि घर बाट धुवाँ भने, त ?
डाकेर मानिस बुझेर कुरा समेत ।
जो चाहिने दिनुहुँदं धन अन्न सारा
त्यो दुःखिको हुनुहुने प्रभु नैं सहारा ।४१५।
गाऱ्हो पऱ्यो यदि छिमेकी उपर्भने, त ?
त्यस्को सहाय दिनुपर्छ छिमेकिले, त ।
भन्ने कुराहरू बुझाइ दिलाइ याद
राख्नूहुने प्रभु पवित्र समाजवाद ।४१६।
पंचायतीचलनको बहुतै पवित्र
आदर्श कायम गरीकन देश भित्र ।
सच्चा चलाउनु भएछ समाजवाद
त्यो हामिलाइ हुनु पर्दछ आज याद ।४१७।
कोही परेछ असहाय भने, बिरामी
हेरून् छिमेकीहरूले गइ धर्म ठानी ।
यस्तै थियो हुकुम है, प्रभुरामको, त
भन्थे प्रजा अनि उहाँ "प्रभुराम" पो, त ।४१८।
भोको त कोहि नरहोस् न जिकै भनेर
आपना छिमेकतिर हेर्नु सँधै भनेर ।
यस्तै सिकाउनु भएर समाजवाद
दिन्थे प्रजाहरू उहाँकन धन्यवाद ।४१९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पालो मिलाइकन आफुसमा समेत
गर्दै गुहार सबले मिलि रोप्नु खेत ।।
शिक्षा थियो यहि ठुलो प्रभुको प्रजामा
दुःखी रहेन अनि कोहि त गोरखामा ।४२०।

बेकार कोहि न रहोस् भनि देश भित्र
यो भावना रहि सँधै प्रभुको पवित्र ।।
योग्यानुसार गरि वृत्ति त बक्सिनाले
रैती सुखी भइ सबै जय भन्न थाले ।४२१।

सानो ठुलो न भनि एक नज फिराई
सारा प्रजाकन त राख्नुहुँदा रसाई ।
प्यारो पिता सरह नै प्रभुलाइ मानी
बस्थे प्रजाहरू त निर्भय ढुक्कमानी ।४२२।

पंचायती चलनको व्यवहारबाट
झुट्टो कुरै न रहँदा व्यवहारमा, त ।
चल्दै थियो यसरि शुद्ध समाजवाद
यस्तो बताउ त, ? कता छ समाजवाद ।४२३।

धान्यादि अन्नहरूको महंगो गराई
राख्तै नराख्नु भनि भन्नुहुँदा लुकाई ।
सस्तो गराइकन अन्न भएजतीको
छोड्ने किसानहरू धन्य भए अनी, पो ।४२४।

आफ्नो अनाजजति जागिरको तमाम
सस्तो गराइ सबलाइ दिएर खान ।
खान्थे किनेर अनि जागिरदार फेरि
हुन्थ्यो त्यहाँ त महंगो किन अन्न फेरि ।४२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यापारमा पनि दशौँध लिनू मुनाफा
भन्ने यही हुकुम बक्स भएछँदा, ता ।
आवश्यकीय उपभोग हुने कुराको
खाँचो न भै सरल मूल्य हुने त्यहाँ भो ।४२६।

यस्तो किसिं सित सबै सुखशान्तिपाई
सारा प्रजाहरू त, मस्त हुँदा रमाई ।
त्यो रामराज्य महिमा फिँजियो त्यहाँ, त
देखिन्छ यो सब कुरा इतिहासबाट ।४२७।

आफ्नो गराइ मुलुकै परिपुष्ट ताजा
यस्तै प्रकारसित राज्य गरेर राजा ।
श्रीराम साह रहनू भइ धर्म थामी
झुक्थ्यों जगत् सब उहाँकन मानि मानी ।४२८।

सर्वत्र शान्ति सुखको हुनगै निवास
बित्तै गएर अनि ता दिन एकनास ।
श्री रामलाई दिनू भै सपना समेत
भन्नू भएछ गुरू गोरखनाथले, त ।४२९।

तिम्रो पुग्यो अब त, भोग सबै यहाँको
यो छोड्नु पर्दछ बुझ्यौ ! नरदेह-माटो ।
आफ्नो छिटोगरि परंपद लाभ गर्न
राजन् ! गरीरहु सकेजति धर्मकर्म ।४३०।

जन्म्यौ यहाँ बुझ ! तिमी जति कामगर्न
त्यो काम भैकन सबै तिमिबाट पूर्ण ।
प्रारब्धको पनि त बाँकि रहेन शेष
बाँचेर बस्नु तिमिले अब काम के छ ? ।४३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो रहेछु म भनीकन आफुलाई
जान्दैनजानिकन पो, तिमि अल्मलाई ।
हूँ रामसाह म भनेर बसीरहेछौ
संझेर हेर त, अहो ! तिमि को रहेछौ ।४३२।

ताजा रहोस् पृथिविमा भनि आर्य धर्म
राजा भयौ तिमि यहाँ यति काम गर्न ।
त्यो धर्मको जग बसालि सक्यौ दुरुस्त
साम्राज्य आर्यहरूको अब हुन्छ पुष्ट ।४३३।

प्रारब्धको पुगिसकेर सबैं विधान
गर्ने पनी अरू यहाँ न भएर काम ।
संझाउँछू तिमिकनै सव यो कुरा, म
यो देह छुट्छ भनि मोह कुनै नमान ! ।४३४।

मेरो भनेर म भनेर भनी म—मेरो
यो मोहकै फिँजिन आइ ठुलो अँधेरो ।
संसार चक्रबिचमा परि जोवजन्तु
घुंछन् भनेर तिमीलाइ बुझाइ भन्छू ।४३५।

मेरो भनेर म भनेर कराउने त्यो
को हो भनी जुन चिनेर समाउने भो ।
त्यस्तो मनुष्य भइ अद्भुत आत्म- दर्शी
ठान्दैन मर्दछु भनेर रूँदैन तर्सी ।४३६।

संझाउँछू तिमिकनै म पनी तसर्थ
मर्ने तिमी न भइ केवल देह मर्छ ।
मेरा भनेर परिवारहरू घनेरा
मर्ने भएँ भनि रूँदै न गरे झमेला ।४३७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोटचाउँदै यति कुरा तिमिलाई खाली
मैले भनें, बसिरहू यहि संझना, लौ ।
राजन् ! बुझ्यौ ! सकल सोच विचार छाडी
रानी भनेर तिमि पक्रनजाउ काली ।३४८।

प्रत्यक्ष नै तिमि उप पति भाव राखी
बस्छिन् स्वयं जब अहो ! मनकामना, तौ ।
तिन्कै स्वयं पति हुने तिमी को हुने त ?
यो ज्ञान सिक्नु तिमिले दरकार के छ ।४३९।

छोडेस् यो लहड मानिस भावको, त
यस्तो रहेछु म भनेर चिनेर पौ, त ।
आनन्दसाथ अब जाउ तिमी स्वधाम
राजन् ! प्रसन्नरहु हेर ! भएँ, बिदा म ।४४०।

यस्तो दिएर सपना प्रभुरामलाई
जानूहुँदा अनि त गोरखजी बिलाई ।
निद्रा छुटेर बिउँझी प्रभु उत्ति खेरी
त्यो स्वप्न संझिकन सोच्नु भएछ फेरि ।४४१।

मेरा उप गरि कृपा गुरू गोरखैले
संझाउँदै यसरि भन्नु भएछ ऐल्हे ।
मेरो बखत पुगिसकेछ बुझें, तसर्थ
मैले तुरून्त अब यो जिउ छोड्नुपर्छ ।४४२।

बेहोशमा म त यसै न मरूँ भनेर
भन्नू भएछ गुरूले करूणा गरेर ।
यो देह छुट्तछ भनी भइ सावधान
गर्छू छिटैं म पनि होम र पुण्यदान ।४४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रानी थिइन् प्रकट अष्ट भुजा ति, मेरो
राजा भएर म त, मस्त थिएँ कि, फेरि ।
संसारको सुख त पूर्ण थियो मलाई
छोड्नू परेछ तर, काल पुगेर आई ।४४४।

त्यस्तो ठुलो सुख र वैभव भोग्नपाई
त्यस्मै भुलेर म, त, लट्ठु थिएँ, रमाई ।
त्यो जानियो सुख रहेछ अनित्य पो त
बेहोश भै भइसकेछु म मूर्ख पो, त ।४४५।

त्यो मोहकै पिइ पिई मदिरा झुलेको
राजा बनेर म त, मत्तथिएँ, फुलेको ।
झुट्टो रहेछ सब यो विषय प्रपञ्च
वैराग्यकै शरण पर्दछु शान्तिहुन्छ ।४४६।

आँखा खुल्यो अब अहो ! गुरूका कृपाले
इच्छातरङ्ग मनका सब छुट्न थाले ।
यो देह ढल्दछ छिटै भनि जानि जानी
मै हूँ भनेर किन देह समाउँला, नी ! ।४४७।

यो देहकै हुनगई परिबन्ध – नाता
मेरा भएर परिवार रहे यहाँ, ता ।
अर्कै रहेछु म त होइन देह भन्दै
नाता टुट्यो अब त, को परिवार छन् है ।४४८।

सोचेर यो सब कुरा भइ एकलो, म
संझेर आफुकन अद्‌भुत ठान्छु, पो, म ।
नाता कुनै न रहने अरूसाथ यौटा
त्यस्तो न जानिसकिने, म, त को अनौठा? ।३४९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो देह होइन भनेपछि को म हूँ, त
त्यो जान्नलाइ कुन बुझ्नुपर्‍यो सबूत ।
त्यो आत्मरूप झलमल्ल न भै मलाई
चित्तै बुझेन अरूतर्फ त अल्मलाई ।४५०।

रानीबनेर म सँगै ति बसीरहेकी
काली भइन् कसरि दंगपरो रहेकी ।
सोध्छू तिनैसित सबै अब यो कुरा, म
भन्दै अनी प्रभु त उठ्नु भयो विहान ।४५१।

स्नानादिका सकल ती नियमानुसार
पूरा गराइकन कर्म हुँदै तयार ।
एकान्तमा अनि त रानिसँगै दुरुस्त
भन्नू भएछ सपना प्रभुले समस्त ।४५२।

त्यस्तो बताइ सपना प्रभुले पछाडी
के भन्दछौ अब तिमीअनि भन्न थाली ।
अह्नू भएपछि उहाँ, अलि दिक्क मानी
संझाउँदै यसरि बोल्नु भएछ रानी ।४५३।

यो गाथ छुट्तछ छिटै प्रभुको भनेर
देख्तै थिएँ म पनि हाल सबै बुझेर ।
त्यस् नितिमा प्रभुकनै गरि सावधान
संझाउँदै गरि दिए गुरूले बयान ।४५४।

छुट्ने भएछ अब गाथ भनेर जानी
प्यारा ! विवर्ण हुनु भो किन दिक्क मानी ।
मनैं भएँ म, त भनी अरू मूढ जस्तो
भन्छू प्रभो ! हजुरले हुनुहुन्न यस्तो ।४५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो संझनोस् गुरुजि गोरखको भनाई
माटो फुटेर पिर के छ हजूरलाई ।
प्रत्यक्ष नै पतिहुने मनकामनाको
लौ, सोच्नुहोस् प्रभु अहो ! हुनुभो यहाँ, को ? ।४५६।

संझाउँदै यहिकुराहरू वार—वार
मैले, अघीपनि त, विन्ति गरेँ हजार ।
मेरै स्वयं पतिहुने प्रभु को हुने हों
त्यो बिर्संदै यसरि खिन्न हुनू हुने हो ? ।४५७।

राजाहुँदै प्रभु त, जन्म लिनू हुँदा, नी !
सेवा चढाउन त, आइपुगे, म, रानी ।
फर्केर फेरि अब पाल्नु हुने स्वधाम
पुग्छू उता पनि सँगै किन छाडुँला, म ।४५८।

धर्मबचाउन भनी लिइ जन्म आयौं
राजा र रानि भइ हामि दुवै रमायौं ।
पूरा गराइकन काम सबै तमाम
जान्छौं दुवै लहडसाथ फिरी स्वधाम ।४५९।

मेरोकुरा यसरि संझनुहोस् दुरुस्त
यो खिन्नता अनि सबै मनबाट छुट्छ ।
यो देह माथि ममता न रहेर फेरि
पाल्नूहुने प्रभु परंपद खेलि खेली ।४६०।

प्यारा प्रभो भनि भनो यति विन्ति पारी
रानी जसै अडिनुभो प्रभुका अगाडी ।
गम्भीर भैकन अली अलि हाँस्न थाली
भन्नू भएछ यसरी प्रभुले पछाड़ी ।४६१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्ष देखिकन पो, तिमिलाइ कालो !
तिम्रो भनाइ बिच संशय गर्न छाडो ।
प्यारी भनेर तिमीलाइ त सुंसुमाई
बस्तै थिएँ म, त, यसै खुसिले रमाई ।४६२।

तिम्रोकुरा सकल सत्य भएपनी त्यो
संझेर सत्य भनि खालि सुनेजतीको ।
तिम्रै स्वयं पति हुने म, त, हूँ अचम्म
भन्थें म, आफुकन केवल यत्तिसम्म ।४६३।

त्यस्तो अचम्म कुन हूँ म भनेर जानी
आफ्नो स्वरूप रति भर्न बुझ्छुँदा, नी !
प्यारी भनीकन अहो ! तिमिलाइ काली !
तिम्रैं परेर भरमा अडिएँ, म, खालो ।४६४।

छुट्तैछ देह अब यो भनि थाहपाई
कालो भनी न भइ केवल सुंसुमाई ।
आत्मस्वरूप अब बुझ्नुपऱ्यो मलाई
त्यो आत्मरूप न बुझेर भएन, हाई ! ।४६५।

सुन्छू कुरा सकल यो तिमिबाट रानी !
बुझ्छू कुरा त्यति त शास्त्र पढेर जानी ।
संझाउँछन् गुरुहरू पनि तत्व सोही
त्यो यत्तिले गहन तत्व खुलेन, खोई ! ।४६६।

त्यो ब्रह्म मैं सकल कल्पित यो जगत् भै
आत्मस्वरूप सबको उहिमात्र सत् भै ।
झुट्टो जगत् सब असत् भनी भन्न जानी
ज्ञानी भए घरघरै सब हेर, रानी ! ।४६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो ज्ञान खालि मुखकैं हुनगै यहाँ, त
लाग्दैन काम रति म परिणाममा, त ।
प्रत्यक्ष बाहिर सबै सुखदुःख हुन्छ
मैं ब्रह्म, ' भनि अनी कुन काम हुन्छ ।४६८।

त्यस्तै म हूँ पति भनी मनकामनाकी
फुल्दै रहेहु मनको कुन कामना भो ? ।
लाटै भएछु म, त, आफुकनै न जानी
मर्ने बखत् भइसक्यो अब हेर, रानी ।४६९।

प्यारो स्वयं पतिहुने तिमि कालिकाको
यो रामसाह भनिने म, त, हूँ यहाँ, को ? ।
मेरो स्वरूप कुन हो, भन लौ, बुझाई
छिन्छू म, आफुकन अन्त, नम्रल्मलाई ।४७०।

मेरा पति प्रभु भनी तिमी वार-वार
गर्थ्यौं मलाइ पहिले पनि होशियार ।
त्यस्तै कुरा न गर है, अहिले मलाई
झल्काइदेऊ, निजरूप सबै खुलाई ।४७१।

सच्चित् सुखानुभव पाइरहेछँदा, पो
त्यो रूप सत्य हुनगो तिमि कालिकाको ।
त्यो भित्रको अनुभवै न मिलेर हाई !
जत्ती सुने पनि भएन पुरा मलाई ।४७२।

त्यो ब्रह्ममा प्रकट भै तिमि निस्कनाले
संसारको सृजन भै सब घुम्नथाले ।
तिम्रो स्वभाव यहि नै बुझिएर काली !
गर्दैछु यो दुइ कुरा न, त संझ, गालो ।४७३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यारा प्रभो, भनिरहेर मलाइसम्म
लोभ्याउँदै तिमि त हेर, अहो ! अचम्म ।
राख्छ्यौ भने, यसरि अलमल पारि पारी
माया तिमी भगवती ठहऱ्यौ निराली ४७४।
वैराग्यले अमिलिँदै भइ चित्त खट्टा
पक्रेर भन्छु तिमिलाई न संझ, ठट्टा ।
काली ! दया गरन है ! न बनाउ लाटो
देखाइदेउ झलमल्ल मलाइ बाटो ।४७५।
त्यो ज्ञानजोति झलमल्ल हुँदै उजेलो
अज्ञानको जसरि हट्छ सबै अँधेरो ।
त्यस्तो कुरा अब मलाइ सिकाउ रानी !
भन्दै, त्यहाँ अडिनु भो प्रभु आशमानी ।४७६।
सुन्दै कुरा यति सबै प्रभुको त्यहाँ, त
हाँस्तै मुसुक्क, गहिरो अनुरागसाथ ।
जोडेर हात दुइटै प्रभुलाइ हेरी
काली उहाँ यसरि बोल्नु भएछ फेरि ।४७७।
प्यारा प्रभो भनि भनीकन वार बार
गर्दछु है, हरबखत् म, त, होशियार ।
बिर्सेर आफुकन मेसित रंनथाली
काली भनेर अझ मैकन गर्नु गाली ।४७८।
मेरा स्वयं प्रभु मलाई समेत बिर्सी
भुल्नू हुनेछ भनि हर्दम तर्सितर्सी ।
देखाउँदै म, त सँधै नखरा हजार
गर्दै थिएँ प्रभुसँगै रसिलो विहार ।४७९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरैं विचित्र नखराबिच पर्न आई
बिर्सेर आफुकन मस्त हुँदै रमाई ।
भुल्नू ने प्रभु पनी हुनुभो कि बाठो
लाठो लिँदै मसित सोध्धु हुँदैछ बाटो ।४८०।
फुस्रे हरूसंग ठुलो डर मान्न थाली
गर्दै थिएँ, हरबखत म, त, होशियारी ।
फुस्रे पुगे सपना बिच गोरखे त्यो
मेरो अनी यसरि खेल खतं भएको ।४८१।
मेरो अघिल्तिर परीकन गोरखे, त
के सक्तथ्यो यसरि बोल्न कुरा अनेक ।
बोल्यौं तसर्थ सपनाबिच लुक्न आई
भैंगो, यहाँ, छलिदियो त्यसले मलाई ।४८२।
बुझ्नू भयो सब कुरा प्रभुले तसर्थ
मेरौं, स्वयं प्रभुसँगै कुन जोड चल्छ ।
बिन्तीगरें प्रभु, ममाथि न होस् रिसानो
लुकछू पसी हृदयमा प्रभुकी म, रानी ।४८३।
प्यारी मलाई हृदय स्थलमै लुकाई
बस्ने स्वयं प्रभु त, मस्तहुँदै रमाई ।
लाजै नमानिकन फेरि अहो, अचम्म !
सक्नू हुने यसरि ज्ञान सिकाउ मन्त्र ।४८४।
आफू म को हुँ भनि यत्ति त बुझ्नलाई
संसारमा गुरू कुनै प्रभुले न पाई ।
आपनो मुहार पनि दर्पणमा न हेरी
को हूँ भनी म सित सोध्नु हुँदैछ फेरि ।४८५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो पाउकैं टहल चाकरि गर्न पाई
काली भएँ म पनि भ्रष्ट भुजा कहाई ।
त्यस्तो स्वयं प्रभु पनी भइ शुद्ध लाटो
सोध्नू हुँदैछ मसँगै अभ्र फेरि बाटो ।४८६।

रानी भनेर न चिन्हेर मलाइ हो, की ?
त्यो ज्ञान सिक्छु मसँगै भनि भन्नु भो की ?
रानी म हूँ कसरि हूँ गुरुमा हजुर्को
केगर्नुहुन्छ गुरु खोज्नु परेछ अर्को ।४८७।

फुर्त्रे थियो गुरु त, गोरख योग्य यौटा
स्वप्नादिँदै उ पनि फुस्किसक्यो अनौठा ।
थापालषन् उपनि नोकर भो हजुर्कै
त्यो ज्ञान सिक्नु हुन गो प्रभुलाइ झर्कै ।४८८।

आशा भरोस अब छोडिदिनोस् अरूको
बस्नोस् प्रसन्न मनले हुनु भै हलूको ।
आफ्नो सफा हृदय दर्पण खोलि खोली
हेर्नोस् अमी, नजर बाहिरको त खोली ।४८९।

हेर्दैरही हृदय दर्पणभित्र खाली
बस्नूहुँदा, अनि त झल्ल हुँदै अगाडी ।
आफ्नै त्यहाँ प्रकट भै प्रतिबिम्ब झल्की
आफैं प्रसन्न भइ देख्नुहुनेछ, ढल्की ।४९०।

चिन्नु भएर अनि आफुकनै तुरुन्त
यस्तो रहेछु म भनी जब बोध हुन्छ ।
अज्ञानको अनि सबै सपना बिलाई
बस्नूहुने प्रभु त, केवल शान्तिछाई ।४९१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को हूँ भनेर अब संझनुहोस् तुरुन्त
आशा भरोस अरुको किन राख्नुहुन्छ ।
छैनन् कुनै हजुरलाइ सिकाउने, त
दोस्रो न भै किन कि, भै प्रभुमात्र एक ।४६२।
जन्मेर मानिस बनीकन खेलि खेली
फिर्ने वखत् नगए पछि मात्र फेरि ।
आफ्नो स्वरूप बुझुँला म भनेर खास
जन्मेर आइ यति गर्नु भयो विलाश ।४६३।
संझाउँदै त्यहि कुरा प्रभुलाइ ऐल्हे
जिस्क्याउँदै यसरि विन्ति गरेँ कि, मैले ।
वेला भयो अब त, संझनु हुन्छ साँचो
हाम्रो भयो सकल खेल खतं यहाँको ।४६४।
यो विन्तिले प्रभुकनै अति छक्क पारी
प्रत्यक्ष भै अनि त अष्ट भुजा अगाडी ।
हाँस्तै मुसुक्क रसिलो सित हेरि हेरी
रानी उहाँ यसरि बोल्नु भएछ फेरि ।४६५।
साथै रहेर पनि काख उप र्म काली
मेरो समेत मनबाट भरोस छाडी ।
मर्ने बखत् भइसक्यो भनि हार मानी
वैराग्यकै शरण पर्नु भएछ जानी ।४६६।
त्यस्तो अनादि र अनन्त प्रसंग सोही
ब्रह्मै रहेछु म भनी नचिन्हेर रोई ।
कस्तो म हूँ कुन म हूँ भनि आफुलाई
चिन्छू भनी पिरिनु भो कति छट्पटाई ।४६७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो हुने किन भयो त हजुरलाई
भन्ने कुरा पनि त भन्छु सबै खुलाई ।
वैराग्यको यसरि नै जब बल्छ आगो
त्यो आत्मरूप चिनिने अनि योग्यता भो ।४९८।

बिर्सेर आफुकन मानिस झैं दुरुस्त
बस्नू भए पछि कसोगरि मोह छुट्छ ।
वैराग्य आउनुपऱ्यो त्यस निति यत्ति
छुट्तैन मोह मनबाट, न झैं विरक्ति ।४९९।

काली भएर पनि रानि, मलाइ के भो
भन्दै जहाँ प्रभु विरक्त हुनू छुने भो ।
वैराग्यकै यसरि अग्नि जलेर भित्र
त्यो मोह भस्म हुनगै, हुनुभो पवित्र ।५००।

आफ्नो सफा हृदयमै अब आफुलाई
प्रत्यक्ष देख्न पनि योग्य भएर आई ।
ध्यानस्थ भैकन त, हेर्नुहवस् विचित्र
देख्नू हुनेछ अहिल्यै झलमल्ल भित्र ।५०१।

प्यारा प्रभो, अब त पाउ परें यहाँ, म
हाम्रो थियो सब यही अघिको विधान ।
जानेर आफुकन मस्त भएर फेरि
निर्लिप्त भै रहनुहोस् प्रभु, खेलि खेली ।५०२।

विन्ती गरी यसरि, पाउ परेर फेरि
त्यो दिव्यरूप अलपै गरि उत्तिखेरि ।
रानी झुकी रहनु भो प्रभुका अगाडी
लाग्नू भयो प्रभु त गर्न छिटो समाधि ।५०३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बस्तै कुशासनिउप हुँनु भै पवित्र
रोकेर चित्त पनि केहि न संझि भित्र ।
सिंहासन स्थिरगरी, गरि गाथ सोझो
राजा अडोरहनु भो "म" भनेर को हो ? ५०४।

विस्तार माथितिर खिँच्नु भएर आँखा
हेर्दै नहेरि अरूतर्फ कतै त्यहाँ, ता ।
रोकेर सास पनि कुम्भक साथ टम्म
एकाग्र भै अडिनु भो हूनु भैं प्रसन्न ।५०५।

संसारको अरूकुरा रति भर्न संझी
कस्तोरहेछु म, त, को ? भनि संझि संझो ।
आनन्द अद्भुत हुँदै रहि भित्र ताजा
बस्नू भयो स्थिर हुँदै अडिएर राजा ।५०६।

यो बिर्सिँदै अनि त बाह्यशरीर सम्म
सच्चित् सुखानुभवभित्र हुँदै अचम्म ।
त्यो स्वादमै प्रभु त, मस्त भएर उस्तै
टक्कै त्यहाँ अडिनु भो, भइ मूर्ति जस्तैं ।५०७।

आफ्नै सफा हृदयमा अनि आफुलाई
देख्तैं चिन्हेपछि मनैं न रही बिलाई ।
अव्यक्त तत्व उही पो, "म" रहेछु भन्दै
राजा प्रसन्न हुनु भो कृतकृत्य बन्दै ।५०८।

आपनो बुझेर यसरी प्रभुले महत्ता
प्रत्यक्ष नै गरि सबै परिपूर्ण सत्ता ।
दोस्रो न भै कन कुनै भइ आफु यौटा
त्यो ध्यानमै प्रभु उहाँ हुनुभो अनौठा ।५०९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो स्वरूप उहि चिन्नु भएर साँचो
इच्छा पुगेर अनि चित्त बुझी उहाँको ।
आनन्दकै मधुर सागर भित्र राजा
पौडी रहेर हुनुभो झलमल्ल ताजा ।५१०।

त्यो आफुभै सकल विश्व चलीरहेको
देख्नू भएर दिनरात घुमी रहेको ।
त्यो विश्वरूप पनि आफु हुँदै त्यहाँ, त
राजा बिलाउनु भएछ समाधिमा, त ।५११।

आनन्द मात्र उहि सद्घन चिद्विलास
आफ्नै अनी स-गुणमूर्ति समेत खास ।
प्रत्यक्ष देख्नु भइ धन्य भएर फेरि
राजा झुली रहनु भो नजरै न हेरी ।५१२।

नारायणै म, त रहेछु भनेर खास
रामै स्वयं हुनु भई प्रभुराम खास ।
बुझ्ने कुरा बुझि सकेर सबै दुरुस्त
खोल्नू भएछ अनि लोचन सुस्त सुस्त ।५१३।

मुस्काउँदै नजिक वस्नु भई रहेकी
रानीकनै अनि त होश खुलेर देखी ।
रानी भएर तिमि पो, मनकामना, त
पाऱ्यौ कृतार्थ भनि भन्नु भयो त्यहाँ, त ।५१४।

यस्तो रहेछु "म" भनेर चिनेर जानी !
बुझ्ने कुरा पनि सबै बुझिएर रानी ! ।
आनन्दले हृदय मस्त भएर ताजा
तिम्रो भएँछु अब पो म यथार्थ राजा ।५१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो देहमा अब कुनै न रहेर भान
देख्तैछु विश्व रटना सपनै समान ।
मेरो कुनै पनि त बाँकि रहेन काम
रामस्वरूप परिपूर्ण भएँ, यहाँ म ।५१६।

राजा र रानि भइ हामि दुवै जनाको
गर्नेकुरा हरू सबै सकिई यहाँको ।
वैकुण्ठ धामतिर नै अब जानलाई
वेला भएछ भनि हत्पत भो मलाई ।५१७।

छोडेर यो नर शरीर यहाँ तुरुन्त
ऐल्हे गए पनि त, हेर, मलाइ हुन्छ ।
बाँधे परन्तु गुरू गोरखले मलाई
त्यो धर्मकै स्थिति त, कायम राखनलाई ।५१८।

यो साहवंश पछिसम्म दिगोरहेर
थामोस् स्वधर्म पृथिवीतलमा भनेर ।
त्यो धर्म कार्यहरूको गरिदो व्यवस्था
वैकुण्ठ धाम तिर कै म लिनेछु रस्ता ।५१९।

रानीसँगै यसरि भन्नु भएर फेरि
राजा र रानि दुइ मस्त भएर हेरी ।
आनन्दमै अडिनु भो भइ एकरूप
बोल्ने कुरै न भइ फेरि भएर चूप ।५२०।

सच्चित् सुखानुभव पाइ रहेर ताजा
श्रीराम रूप हुनु भै प्रभु रामराजा ।
सारा स्वभाव पनि बद्लिन गै ऊहाँको
अर्कै सरी अनि त, देखिनु भो नयाँ, पो ।५२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तो ठुलो न भइ काम कुनैं सभामा
साधारणैं नियम साथ चले छँदा, मा ।
निस्की सभाभवनबाट सुरुवक फेरि
डुल्नू हुने सहरमा प्रभु हेरि हेरी ।५२२।
दुःखी कुनै पनि न होस् भनि गोरखामा
हेरेर रैतिहरूको व्यवहार नाना ।
जो चाहिने धन र अन्न दिएर सारा
राजा उहाँ हुनु भयो सवका सहारा ।५२३।
तो भारदारहरूको घरमा समेत
थाहै नदीकन पुगी प्रभुरामले, त ।
तिन्को मनै चकित गर्नु भएर फेरि
हुन्थ्यो इनाम पनि बक्सिस हेरि हेरी ।५२४।
शास्त्रज्ञ ब्राह्मणहरूकन छानि छानी
बोलाउँदै चरण धोइ पिएर पानी ।
विर्ता र दानदछिनाहरूदी प्रशस्तै
मान्नू हुने प्रभु महोत्सव नित्यजस्तै ।५२५।
गाई र भूमि, गज, अश्व तुलादिदान
गर्दै रहेर बिनहूँ प्रभुले तमाम ।
खर्चैं गरे पनि निरन्तर राज-कोष
घट्तै घटेन भनि भो कि, अचम्म पो, त ।५२६।
यस्तै प्रकार सित दान गरेर भारी ।
साना ठुला अनि त यज्ञ समेत थाली ।
प्रत्यक्ष नै अनि त सत्ययुगै स-हर्ष
पल्टयो त्यहाँ त्यसवखत् भनि भन्नुपर्छ ।५२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नूहुँदै थरिथरी अरू यज्ञ-होम
आखीरमा पछि गरीकन कोटिहोम ।
मंत्रीहरू र युवराज अगाडि राखी
भन्नू भएछ खुसि भै प्रभुले त्यहाँ की, ,५२८।
यो कोटिहोम त, बुझ्यौ ! भइ शुद्ध साधा
यस्मा कुनै पनि रहेनछ विघ्नबाधा ।
गायत्रिको हवन पूर्ण भएर कोटि
कल्याण गर्छ यसले नरलोकको, कि ।५२९।
राजा प्रजाहरू दुवै थरिको समेत
यो होमबाट सुखशान्ति हुने रहेछ ।
आतङ्क विल्पव कुनै हुंन नैं न पाई
यो कोटिहोम त, ठहर्दछ शान्तिदायी ।५३०।
त्यस्तो ठुलो न भइ मुस्किलको विधान
गायत्रिकै हवन भ सजिलो छ, काम ।
यस्मा त ब्राह्मणहरू हुनुपर्छ सच्चा
यो होमले सकल मंगल हुन्छ पक्का ।५३१।
भन्छू कुनै त्रुटि भए अरू यज्ञले, त
उल्टो भएर थपिदिन्छ विपत् अनेक ।
त्यस्तो कुनै ड़र न भै यस होममा त
कल्याण दिन्छ यसले सुखशान्तिसाथ ।५३२।
यो लोकमा गरि भलो यजमानको, त
यो होमबाट पछि मिल्दछ सत्यलोक ।
गायत्रिकै जप हुँदा भइ चित्तशुद्धि
अज्ञान नाश भइ निर्मल हुन्छ बुद्धि ।५३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्काम भावसित होमगरे त, खास
झल्केर बुद्धि बिच निर्मलचित् प्रकाश ।
तर्नै समेत भइ जन्म र मृत्यु–फेरो
यो कोटिहोम बहुतै मनपर्छ मेरो ।५३४।

संसारमा कलियुगै फिँजिएर कालो
पापै बढेर गइ हुन्छ जगत् अँध्यारो ।
हाम्रो स्वधर्म त बचाउन नै तसर्थ
यो कोटिहोम त सँधै भरि गर्नु पर्छ ।५३५।

यो वंशमा जति हुनन् पछिसम्म राजा
तिन्का निमित्त यहि अर्तिदिँदैछु ताजा ।
पालो गरीकन सँधै तिनवर्षको, त
यो कोटि होम गरिराख्नु भलोकुरो, छ ।५३६।

त्यो अश्वमेध सरहै कलिमा ठहर्ने
यो कोटिहोम गरि, हुन्छ विपत्तिटर्ने ।
सोही निमित्त गर है, ! भनि कोटिहोम
चाहन्छु यत्ति थिति राख्न पछाडिको, म ।५३७।

राजा न भै कन त, धर्म रहन्न राम्रो
बिग्र्यो समाज अनि धर्म डुबेर हाम्रो ।
त्यो धर्म पालन गरीकन राख्न ताजा
प्यारो उदाउनु पर्‍यो अनि आर्यराजा ।५३८।

राजा थिए अघि अघो कति शक्तिशाली
गर्थे तिनीहरू निरन्तर यज्ञ भारी ।
त्यो यज्ञयाग न भएर अगाडि जस्तो
राजाहरू खिइ सके अब हेर, ! कस्तो ? ।५३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाहुनेहरू जती यसवंशको, त
ताजा रहुन् सकल योग्य भनेर पो, त ।
यो होमको स्थिति चलाउनु है, भनेर
राखी दिएँ चलन यो पछिसम्म, हेर ! ।५४०।
धर्मै बचाउन भनीकन हामिलाई
यो गोरखा, त गुरू गोरखले दिलाई ।
यो आर्य राज्य पछि हुन्छ ठुलो भनेर
बोल्नु हुँदै वर पनी दिनु भो कि, हेर ! ।५४१।
प्यारो भएर गुरूलाइ त धर्मखाली
धर्मै बचाउन उहाँ उभिँदै अगाडी ।
यो साहवंश अघि सार्नु भयो जगत्मा
भन्ने कुरा बुझिदिउन् सबले बखत्मा ।५४२।
प्यारो भएर गुरू गोरखको तसर्थ
यो साहवंश पछिसम्म दिगो ठहर्छ ।
यो वंशका नृपतिले पनि वार वार ।
गर्दै रहुन् गुरूजिगोरखकै पुकार ।५४३।
योगी उहाँ अमरसिद्ध भएर साँचो
यो वंशमाथि करूणापनि भै उहाँको ।
यो साहवंशिहरूले न लिएर धन्दै
मानुन् उहाँकन झुकी गुरूदेव भन्दै ।५४४।
त्यस्ता प्रसिद्ध गुरू सिद्ध शिवावतार
श्री गोरखै भइ सहाय दिने तयार ।
यो वंशका नृपहरू हुन गै प्रतापी
रक्षा गरून् पृथिविको उही धर्मराखी ।५४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो वंशका गुरू त गोरखनाथजानी
फालो कनै हरबखत् निहुरेर मानी ।
रक्षा गरीकन त वैदिक धर्मलाई
यो वंशको भइ रहन्छ सँधैं भलाई ।५४६।

सन्तानकोग्रसल होस् पछि सम्म भन्दै
मैले भने जति कुरा सब सत्य छन्, है !
गर्नू तसर्थ उहि होम पछाडि सम्म
भन्दै त्यहाँ प्रभु ग्रनी हुनु भो प्रसन्न ।५४७।

हो योग्य यो भनि सबै प्रभुको भनाई
लेखाउँदै त्यहि हुकुं पछि सम्मलाई ।
मंत्रीहरू भइ बिदा घर फर्कँदै, तो
सोच्तै थिए ग्रनि यसै मनले रूँदै, ती ।५४८।

त्यो यज्ञ होम ग्रनि दान र दक्षिणा भो
त्यो ग्रति फेरि पछिलाइ पनी पुरा भो ।
इत्यादि लक्षण विचारगरे गजप्को
वैकुण्ठ मै प्रभु त पाल्नु हुने बखत् भो ।५४९।

त्यस्तो भएर पनि दान र पुण्य नाना
उत्पात हुन्छ दिनहूँ किन गोरखामा ।
प्रष्टै बुझिन्छ यसरी सबतर्फबाट
श्री गोरखाधिपतिको रहँदैन गाथ ।५५०।

देख्छौं खराब सपना पनि एक एक
हाम्रो मनैं पनि उदास भईरहेछ ।
देशैं उजार सरि भो न रमाइलो भै
राजा उहाँ रहनुहुन्न, बुझिन्छ सोझैं ।५५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्ता र मत्लब सबै तिर छोडि उस्तो
कर्तव्यमा अडिनु भै, भइ जोगिजस्तो ।
बद्ल्यो स्वभाव, किन हो प्रभुको समेत
हाम्रो उहाँसँग सँधै अब हुन्न भेट ।५५२।

मंत्री र रैतिहरू सम्म बुढा र पाका
यस्तै विचार गरी खिन्नहुँदै त्यहाँ ता ।
गाँठो परेर मनमा रून खोजि खोजी
खान्दैनथे रहन ती प्रभुलाइ छोडी ।५५३।

राजा र रानि दुइ बस्नु भएर साथ
छोरा बुहारिकन डाक्नुहुँदै त्यहाँ, त ।
शिक्षा दिँदै अनि त नीति र धर्म खोली
भन्नू भएछ इतिहास समेत बोली ।५५४।

आफ्नो बताउनु हुँदै तपसिद्धि सारा
यौटै छ धर्म भनि दुःखहुँदा सहारा ।
हाम्रो पवित्र कुलकोछ परम्परा त्यो
भन्ने सिकाउनु भएछ सबै कुरा, त्यो ।५५५।

पूरा गरेर यसरी पछिका व्यवस्था
बैकुण्ठकै अब त लिन्छु भनेर रस्ता ।
मर्स्यांग्दिमा गइ नुहाउँछु भन्न थाली
राजा बिदा हुनु भयो दरबार छाडी ।५५६।

मर्स्यांग्दिका सँग दरौँदि मिली रहेको
जो त्रेणि तीर्थ छ कि, पावन मानिएको ।
त्यो तीर्थमा प्रभु त पुग्नु भएर फेरि
पस्नू भएछ जलमा पनि उत्ति खेरो ।५५७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोता लगाइकन मस्त नुहाउनू भैं
वैकुण्ठको सहज मार्ग खुलाउनू भैं ।
त्यो टम्म कम्मर भरी जल भित्र बस्तै
अड्नू भयो प्रभु त आसन पद्मकस्तै ।५५८।
व्रह्माण्ड फोरिकन उड्न हुँदै तयार
मंत्रीहरू सँग हुनू भइ होशियार ।
सर्वांगमा अहह ! शूल भयो मलाई
भन्नू भएछ किन हो भनि अल्मलाई ।५५९।
पाइन्छ औषधि यहाँ कुन भन्न थाली
मंत्रीहरू जब सबै पिरिए अगाडी ।
मेरो बखत् भइसक्यो अब केहि हुन्न
भन्दै त्यहाँ प्रभु अझै हुनुभो प्रसन्न ।५६०।
त्यो नित्य पाठ गरिने क्रम ठिक्क पारी
श्रीरामको कवच पाठ गरेर छाडी ।
ॐकारको मधुरनाद गरेर घन्न
ध्यानस्थ भै प्रभु त अड्नु भएछ टम्म ।५६१।
त्यो प्राणवायु पनि खिँच्नु भएर फेरि
माथी चढाइकन मस्तक रन्ध्रछेडी ।
योगक्रिया सकल पूर्ण गरी तमाम
त्यो देह छोडिकन उड्नु भएछ राम ।५६२।
मंत्रीहरू वरिपरी सब घेरि घेरी
त्यस्तो विचित्र घटनासब हेरि हेरी ।
बेहोश भैं हुन गएर अडे समस्तै
के भो भनेर न बुझेर अचेतजस्तै ।५६३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती मंत्रिको अनि त होश खुलेर आई
हाहा गरेर पिरिँदै सब छट्पटाई ।
त्यो पानिबाट पनि गाथ झिकी उहाँको
रून्थे कराइकन रन्थनिँदै त्यहाँ, पो ।५६४।
जन्मेर मानिस समान बनेर आई
राजाहुँदै यसरि धर्म ठुलो जगाई ।
वैकुण्ठ धामतिर भो प्रभुको सबारी
भन्थे रूँदै तिनिहरू शिर पिट्न थाली ।५६५।
राजा भएर रहँदै प्रभुले सहर्ष
साम्राज्य भोग गरि वीस र सातवर्ष ।
छोड्नू भयो यसरि गाथ समाधिबाट
भन्थे रूँदै तिनिहरू सब पीर साथ ।५६६।
प्रत्यक्ष नै प्रभु उहाँ हुनुहुन्छ राम
भन्ने न जानिकन हामिहरू तमाम ।
लांटा भएर ठगियौं प्रभु पाल्नु भो है !
भन्ने यही पिर ठुलो सबलाइ भो है ।५६७।
रोई कराइकन मंत्रिहरू तमाम
फेरी अगाड़ि सरि गर्न त काजकाम ।
रानी मुमा र युवराज समेतलाई
विन्ती चढाउन पुगे दगुरेर आई ।५६८।
रानी मुमा अनि उहाँ स्वयमेव काली
त्यो ध्यानमै सकल हालत देख्न थाली ।
जान्छू सतीहुन भनीकन उत्ति खेरि
दर्बारबाट तल झर्नु भएछ फेरि ।५६९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो शोकको खबरलीकन मंत्री आई
त्यो विन्ति गर्न न सकेर शिरै झुकाई ।
मैले सबै बुझिसकें भन रानिले, त
आएँ सती हुन भनी भनि बक्सिएछ ।५७०।
तो भित्रिया छथर आदिक भारदार
सामेल भै सब पटांगिनिमा तयार ।
रानीमुमाकन त पाउ परेर आई
रून्थे कराइकन पाउ न छोड्नलाई ।५७१।
जन्मेपछी न मरि हुंन्न बुझ्यौ ! भनेर
संझाउँदै तिनिहरूकन केहिवेर ।
देखाउँदै अनि त गोरखको गुफा त्यो
पूजा न छोड्नु भनि भन्नु भयो उहाँको ।५७२।
प्यारा सँगै म त हिँडें सहगामिनी भै
भन्नूहुँदै त्यसबखत् पदचारिणी भै ।
त्यी बेनिघाट तिर हिँड्नु भएर रानी
कोलाहलै हुनगयो अनि पो त्यहाँ, नी ! ।५७३।
ब्रह्माण्ड छेडिकन योग समाधिबाट
वैकुण्ठमै प्रभु त पुग्नु भएछँदा, त ।
रानी मुमा पनि सती हुन जानु भो, नी !
भन्दै, रूँदै सहर खालि हुँदै थियो, नो ।५७४।
रानी मुमा सँगसँगै युवराजलाई
पच्छ्याउँदै पछि पछी निहुरेर आई ।
चल्दै थियो सकल लश्कर गोरखाको
तातो चुहाइकन आँसु भिजाइ बाटो ।५७५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो बेनिमा अनि त पुग्नु भएर रानी
त्यो गाथ साथ लिइ चढ्नुहुँदै चिता, नो ! ।
छोरा भनीकन त, डम्बरसाहलाई
रातो टिका सिंदुरको दिनु भो लगाई ।५७६।
राजा भनेर अब डम्बरसाहलाई
माने, भनेर सबलाइ हुकुं सुनाई ।
भन्नू भयो त्यसबखी सब मंत्रिलाई
छौ राजभक्त सबको छ हुने भलाई ।५७७।
शिक्षा मिलोस् भनि त मुश्किलसाथ बोली
रोएर मंत्रिहरूले अनि हात जोडी ।
भन्नू भयो कि, तिमि छौ सब राजभक्त
सोझो चिताइ रहनू सब आश पुग्छ ।५७८।
राखेर काख बिच डम्बर साहलाई
आँसू पुछेर मुखमा पनि सुंसुम्याई ।
बाबू ! न रोउ अब भन्नु भएर फेरि
भन्नू भयो यहि कुरा अनि उत्ति खेरी ।५७९।
शिक्षा र अर्तिहरू पाइ बुबाज्युबाट
सक्छौ चलाउन तिमी सब राज पाठ ।
संझाउँछू म पनि यो दुइचार बात
मेरो कुरा पनि तिमी मन भित्र राख ।५८०।
छोटाहरूकन चढाउनु हुन्न माथी
होच्याउनू अनि बडाकन हो न जाती ।
गिल्ला गरेर उपहास गरी अरूको
ठट्टा न गर्नु अरूसाथ हुँदै हलूको ।५८१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छेड़ेर मर्म अरूको न , मिठो न बोली
बोल्नू सँधै भरि नरंसित मिष्ट बोली ।
राजा भएर हुनुहुन्न नि, साधु जस्तो
क्रूर स्वभाव पनिता लिनुहुन्न उस्तो ।५८२।
जो गर्नु पर्दछ बुझ्यौ ! समयानुसार
त्यस्तै भएर हुनुपर्छ सँधै तयार ।
अन्याय पर्न न दिईकन रैति माथी
राजा भएर बस ! हर्दम धर्म राखी ।५८३।
हो यत्तिकै भनिचिन्हेपछि आफुलाई
हेप्छन् न टेरि अरूले सहजै गिज्याई ।
आफ्नो स्वभाव न चिन्हाउनु है, तसर्थ
जस्ले चिन्यो त्यसकनै त्यजि हाल्नुपर्छ ।५७४।
छोड्दै न छोडिकन सत्य र धर्मलाई
मानेर दैवकन हुन्छ सँधै भलाई ।
ठूलो छ दैव भनि भन्दछ है, जगत्मा
दैवै भजेर बचिनेछ सबै विपत्मा ।५८५।
प्राणी भएर जब जन्मनुमर्नु पर्छ
त्यो दुःखबाट अनि उंकन खोज्नुपर्छ ।
कस्तो गरेर अब जन्म र मृत्यु टर्ला
भन्ने उपाय पनि संझनु सोच्नु पर्ला ।५८६।
त्यस्का निमित्त त डराउनु पाप देखी
धर्मै बिताइकन चल्नु विचारले, की ।
पर्नू सँधै शरणमा हरिको तसर्थ
गर्छन् दया अनि त जन्म र मृत्युटर्छ ।५८७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संझाउँदै यतिकुरा पछिबाट फेरि
छोरा भनेर करुणामयदृष्टि फेरी
बाँध्नू भएर पछिका थितिको बँधान
भन्नूभयो यसरि नै गरि सावधान ।५८८।
यो साहवंश बिच जन्म लिँदैं उदाई
राजा हुने जति हूनन् अभिषेक पाई ।
तिन्ले न पैन्हनु बुझ्यौ ! पगरी बुनेको
पैन्हुन् सँधैं पगरि मलमल बाँधिएको ।५८९।
बेतै बुनीकन हुने खटिया र मेच
त्यो बेतकैं पलंग खाट समेत जे छ ।
त्यसमा न बस्नु कहिल्यैं न त सुत्नु फेरि
मेरो हुकुं यति न भुल्नु हुँदै अटेरी ।५९०।
दर्बारमा पनि न दल्नु कतै कमेरो
चूनै धसेर गरि राख्नु सँधै उजेलो ।
कैल्हन्यै न राख्नु अनि एक मुखे चुल्हो, त
मेरो बँधान यति मान्नु सँधै भलो छ ।५९१।
श्री इष्टदेव र अनी कुलदेवताको
पूजा कुलाम्नन बमोजिम गर्नु साँचो ।
आपनो प्रसिद्ध विधि पद्धति फेर्नु हुन्न
पूजा चलाउनु सँधै भरि छोड्नु हुन्न ।५९२।
यस्तो हुकुं दिनु हुदै प्रिय पुत्रलाई
सूँध्नूभएर अनि माथ दिँदै बिदाई ।
आगो लगाउ अब अन्त्य विधानसाथ
भन्नूहुँदै अडिनु भो मनकामना, त ।५९३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज्ञानुसार पनि डम्बरसाहबाट
अग्निक्रिया हुन गएर विधानसाथ ।
हेर्दै थिए वरीपरी सब रोइ रोई
आँधीचल्यो उभिन सम्म सकेन कोही ।५६४।
आँधो चलेर घनघोर हुँदै त्यहाँ ता
हेर्नै पनी नसकि बन्द भएर आँखा ।
आँधो हटेर छिन भर्यछि मात्र फेरि
देख्थेविचित्र घटना सब हेरि हेरी ।५६५।
राजा र रानि दुइको न भएर गाथ
बल्दै थियो उहि चिताबिच खालि काठ ।
केहो भनी त्यसबखत् सब अल्मलाए
थापालखन् पनि त सोहिवखत् बिलाए ।५६६।
पत्याउनै नसकिने बहुतै विचित्र
यस्तो फिँजाइकन राखनु हुँदै चरित्र ।
देवीस्वयं भगवती मनकामना, त
लुक्नू भएछ यसरी नरलोकबाट ।५६७।
आई जन्मलिएर मानिस सरी राजा र रानी भई
लीलागर्नु हुँदै विचित्र यसरी श्री गोरखामा रही ।
विस्तारै जग हाल्नु भैकन ठुलो यो आर्य साम्राज्यको
धर्मस्थापनगर्नु भै प्रभु अनी वैकुण्ठमै पाल्नु भो ।५६८।

साहवंश महाकाव्य
आठौं सर्ग सम्पूर्ण
श्री मनकामना भगवती प्रीयताम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

हाम्रो नेपाल[1]

हिमालको उन्नत मस्तकै त्यही
कतै न झुक्ने विजयध्वजा रही ।
छ, आर्य-साम्राज्य खडा अझै पनि
स्वतन्त्र नेपाल कहाउने बनी ।१।
विशेष लीलास्थल झैं महेशको
अजेय यौटै जुन धन्य देश भो ।
अडी रहेको त्यस देशमा अझैं
अनादिको आर्य-परम्परा छ है ! ।२।
पवित्र तीर्थस्थल झै यताउति
बलेर राम्रो उहि आर्य-संस्कृति ।
खुसी भएका गुरु गोरखै पनि
बसीरहेछन् यसदेशमै तिनी ।३।
हिमालका दुर्गम कन्दरा भरी
बसेर चर्को- तप- साधनागरी ।
रमाउने सिद्ध— महर्षि छन् यहीं
पवित्र यो राज्य त आर्यको भनी ।४।

---

१. अमोघ दर्शनमा २६ श्लोकसम्म छापिएकोमा हाल बाँकी अंश फेला परेकाले पूरै काव्य यहाँ प्रकाशित गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतिव्रतामा पहिला यशस्विनी
विदेहकन्या भइ लक्ष्मिजी पनि ।
पवित्रमाटो यसदेशकै चुनी
रमाउँदै जन्मलिनू भयो यहीं ।५।
त्यजेर वैकुण्ठ समेत नै पनि
झरेर नारायण नै स्वयं यहीं ।
खडा हुनूभो प्रभुबुद्धरूपमा
अचम्मकै त्यो महिमा छ है, यहाँ ।६।
यहीं उदाई जगदम्बिका पनि
हुन् भयो शुम्भनिशुम्भघातिनी ।
यही कुराको अझ साक्षि झैं भई
खडा छ हाम्रो हिमटाकुरा त्यही ।७।
जगत् भरीमा अब एउटै फगत्
यहीं छ है ! आर्य— नरेन्द्रको तखत् ।
मिलेर बुद्धिष्टसँगै सनातनी
परस्पर प्रेम जनाउँछन् यहीं ।८।
अचम्म मानेर अहो ! भनी भनी
बयान जसको सुनिने जहाँ-तहीं ।
प्रसिद्ध योद्धा यस देशका तिनै
स्वजातिको मान बढाउँछन् सँधै ।९।
हिमालले जगमग शोभिने यही
शिरैसरी भारतवर्षको भई ।
अनेक राम्रो रहि दृश्यको छटा
छ, देश हाम्रो रमणीय, एउटा ।१०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खडारहेका पहरा दिएसरी
रमाइला पर्वत शृंगले गरी ।
सजाइएको यस देशमैं यहीँ
रमाउँछन् भन्दछु देवता पनि ।११।

घुमेर टेढ़ोसित चट्ट सोझिँदै
पुगेर बङ्गाल, कुमाउदेखि नै ।
खिँदै सिमाना हिमशैलको त्यही
पवित्र हाम्रो प्रियदेश हो यही ।१२।

थुतेर नङ्गा खुकुरी उजाउँदै
पुगेर गंगा तटमा नुहाउँदै ।
उदाउने वीर खडा थिए यहीँ
प्रसिद्ध जस्को इतिहास नै छ, नो !।१३।

अचम्मका प्राकृत वस्तुले गरी
सिँगारिएको मन लोभिनेगरी
यथार्थ भू-स्वर्ग भनिन्छ देश यो
जहाँ जनं पाउनुसम्म बेस हो ।१४।

सुहाउँदो श्यामल वृक्षले गरी
पहाड छन् स्निग्ध यहाँ वरी परी ।
सुसाई झर्नाहरू नै जहाँ—तहाँ
कवित्वको भाव जगाउँछन् नयाँ ।१५।

मुजूर डाँफेहरूको रिमोझिमो
रमाइलो नाच सुहाउने यहीँ ।
नयाँ भनेको "दुनियाँ,, यही भनी
बताउनेछन् मुनियाँहरू यहीँ ।१६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमाल यो पर्वतराज हो भनी
रमाउँदैं चामर हंकने वनी
बसे दुधालू चमरीहरू यहीँ
छ के ?अनौठा चिजको यहाँ, कमी ।१७।

हिमालका कस्तुरिको बथानले
सुगन्ध मोठो यसदेशमै भरे ।
जगत् भरी सोही सुगन्ध गंकँदै
पवित्र यो देश त संझिने संधै ।१८।

पुगेर हाम्रो हिमशैलमा यहीँ
ऊठाइ दिव्यौषधि पर्वतै पनि ।
कुदी उडेथे हनुमान् स्वयं भनी
बताउने रामचरित्र नै छ नी ! ।१९।

प्रसिद्ध दिव्यौषधि अष्टवर्ग, ता
यहीँ छ है, मोरँगकै यताउता ।
यही कुरा वैद्यक शास्त्रले पनि
भनीरहेको प्रभ्क देखिँदैछ नी ! ।२०।

पराक्रमी बाघ-बनेलको यहाँ
भिडन्त हेर्दै लिइ जोशिलोपना ।
प्रजा यहाँका रणदक्षछन् सबै
कहाँ अनी दुश्मन घुस्न सक्छ है ! ।२१।

परस्पर प्रेम र मेलले गरी
कठोर उद्योग उठाउँदै बढी ।
चढाउनू प्राण त, राज-भक्तिमा
यही छ हैं माहुरिको सिको यहाँ ।२२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसेर गँडाहरूकै वरीवरी
रमाउँदै निर्भय भावले गरी ।
समाउँदै हात्ति सधाउने यहीँ
सिपालु छन् शूर बडा पराक्रमी ।२३।

शिरीष, कर्मा र सिसौ र सालका
भएर नै काठ त जात जातका ।
धनैछ हाम्रो हरियो वनै भनी
यथार्थ लोकोक्ति यहाँ छँदैछ, नो ! ।२४।

रसाउँदं पृथ्वी त उर्वरा बनी
प्रशस्त नै अन्न फलाउँछिन् यहीँ ।
बखत् बखत्मा पुगि मेघ बर्सँदै
यहाँ त कैल्हचै अनिकाल हुन्न है ।२५।

विभिन्न भाषा र विभिन्न जातका
भएपनी मानिस छाँट छाँटका ।
उदाउनाले प्रिय आर्य भूपति
प्रजा यहाँ छन् सब राजभक्त, तो ।२६।

पवित्र हाम्रो उहि राज-वंशमा
उदाउनू भैं प्रभु सूर्य झैँ यहाँ ।
सम्हाल्नसक्ने सुरराजकै तखत्
"महेन्द्र" राजा हुनुहुन्छ यस्बखत् ।२७।

प्रताप आफ्नो उहि सूर्यवंशको
फिँजाउँदै पृथ्वि भरी अचम्मको ।
स्वदेशको मान बढाउँदं प्रभु
सुहाउँदै उक्लनु भो सुरूसुरू ।२८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर सन्मान त आर्यराजको कहाउँदै हिन्दु-धराधिराज जो ।
अमेरिका रूस र चीन आदिका विदेशमै डुल्नु भयो जता तता ।२९।
सरासरै आदिवराह झैं म ता उठाउँछू पृथ्वि भनेर नै यता ,
लिएर संकल्प उठाउँदै बढी ठुलो उहाँलाई भएछ हड्बडी ।३०।
प्रजाहरूका घरमै घुमी घुमी जताततै भेट्न म आउँछू भनी ।
तुरून्त फेरी मुलुकै भरी अहो ! सहर्ष सन्देश पठाइ बक्सियो ।३१।
विचार आफ्ना सव रैतिको सुनी उसै गरी राज्य चलाउँछू भनी ।
अगाडिसारीकन राजनीतिमा सुयोग्य नेताहरू छान्नु भो यहाँ ।३२।
दिएर मंत्रीत्व तिनीहरूकनैं चलाउ लौ ! राज्य भनेर सुंपदैं ।
बनेर साक्षी सरहै स्वयं अनि नजर्हुदैंथ्यो कति गर्दछन् भनी ।३३।
मदेशकासाथ पहाडमै पनि पुगेर आफैं प्रभु पैदलै घुमी ।
उठाउँदै कष्ट परिश्रमी हुँदै स्वदेशको हालत बुझ्नु भो सबैं ।३४।
घुमेर यस्तैं रितले जता तता पुगेर आफ्नो पुरूखौली गोरखा ।
त्यहाँ पुरानो उहि गद्दिमा बसि फिँजाइबक्स्यो मुलुकै भरी खुसी।३५।
बडामहाराज सबारि भैं यता रूँदै थियो जो कि झुकेर गोरखा ।
त्यहाँ त, फेरी प्रभु गोरखेशकै सबारि भै देश खुसी भयो सबै ।३६।
खुसी गराई सब रैतिलाई ता यसैं गरी घुंनुहुंदै जता तता ।
अनेक विद्यालय औषधादिको शयौं निकासा प्रभुबाट बक्सियो ।३७।
फिरेर फेरी प्रभु राजधानिमा नयाँ प्रजातन्त्र चलाउँदैं यहाँ ।
विधानकासाथ चुनाउको पनी प्रबन्ध पूरा गरिबक्स्यो अनि ।३८।
चुनाउ लड्दै विजयी भएजती अगाडि आएर खडा भएपछि ।
दिएर मंत्रित्व तिनीहरूकनै तटस्थ भै राज भयी खुसी हुंदै ।३९।
भएर नेताजि त देशका तिनै चलाउनन् देश भनेर संझदै ।
नजर्हुंदैंथ्यो फरकैरही प्रभु चलाउँथे काम तिनै सुरू सुरू ।४०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक तिन्को दल–संप्रदाय भै दलै पिछे स्वार्थ समेत भिन्न भैं ।
रहेन हाम्रो अनि देशमा यता परस्पर प्रेम रहेर एकता ।४१।
न चाहिंदो वाद विवादमा परी गुमाउँदै देश बनाउने घडी ।
भुलेर बाटो अलमल्लिए तिनै अशान्ति भै देश कहालियो रूँदै ।४२।
हराउँदै शान्ति सुरक्षणै पनि अनर्थ भै उग्र बढेर सन्सनी ।
जताततै त्राहि र लूटमार भो अनी उहाँको मन अन्धकार भो ।४३।
लिएर आफ्नो भुजदण्डमै अनि स्वदेशको शासन फूर्तिलो बनी ।
हटाइ सारा दल संप्रदाय ती बचाइबक्स्यो प्रियदेशको स्थिति ।४४।
विभिन्न सिद्धान्त विभिन्न वादका विदेशको चाल बुझी जता तता ।
स्वदेशका लागि सुहाउने भनी चुनेर पंचायत बक्सियो अनि ।४५।
स्वतन्त्रतालाइ बचाउँदै अडी कतै न लागेर तटस्थता धरी ।
जगत् भरी राख्नु भएर मित्रता उदाउनू यो प्रभुकै छ योग्यता ।४६।
गरीब कोही नरहोस् प्रजा भनी सहस्र उद्योग खुलाउँदै अनि ।
छिटो व्यवस्था गरिबक्सिदैछ जो दया उहाँको यही धन्य धन्य हो ।४७।
जुटेर अध्यक्ष अनेक राष्ट्रका पुगेर बेलग्रेड सभा भयो त्यता ।
त्यहीं उहाँको प्रतिभा अचम्मको प्रकाश भै विश्व झुकेर दंग भो।४८।
समस्त नेपाल बनाइ एउटै बढाउने उन्नती मार्गमा छिटै ।
विचार बक्स्यो जुन, राजमार्गको त्यही कुराले मुलुकै कृतार्थ भो ।४९।
प्रजा सबै कानुनमा बराबरी भनेर राजोचित घोषणा गरी ।
युगानुकूलै पहिलाउंदै गति अडाउँदै राख्नु भयो रितिस्थिति ।५०।
तुरून्त इन्साफ हुने हवस् भनी सुधार भै न्याय विधानमा पनि ।
अनेक कानून बनाउँदै नयाँ चलाई बक्स्यो मुलुकै भरी यहाँ ।५१।
निसाप माग्नू गइ गोरखा भनी चलिरहेको यहि उक्तिको पनि ।
कद गरेको प्रभुले छ उत्तिकै बुझी प्रजालाई त पुत्र जत्तिकै ।५२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निसापका निति छ कानुनै यहाँ, न कानुनी जाल बमोजिमै नियाँ ।
तसर्थ साँचो व्यवहार नै बुझी सुहाउँदो न्याय त बक्सिने उही ।५३।
कृषिप्रधानै बुझि देशको स्थिति चलाउँदैं योग्य नयाँ परिस्थिति ।
किसानको फेरि सुधार भो यहाँ, बडो खुसी छन् दुनियाँ जहाँ तहाँ।५४।

पवित्र यस्तो महिमा अचम्मकै
सुनेर देखेर बुझेर संझँदै ।
स्वयं, म, नेपाली भएर नै पनि
रमाउँदै गाउँछु धन्य हो भनी ।५५।

इति शम्वत् २०२० मार्ग ६ गते ६ मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu